# पहिलो परिच्छेद

## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक "समालोचक बुद्धि घिमिरेको समालोचकीय व्यक्तित्व र समालोचना कुसुमको अध्ययन"

### १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग म.र.ब. क्याम्पस इलाम स्नातकोत्तर तह दोस्रो वर्ष, नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

### १.३ शोधार्थी

पदमप्रसाद बाँस्तोला स्नातकोत्तर तह दोस्रो वर्ष म.र.व. क्याम्पस इलाम रो.न.१७/०६२

### १.४ समस्याकथन

नेपाली सहित्यको फाँटमा कलम चलाउने साहित्यकार वुद्धि घिमिरेको जन्म वि.स. २००६ पौष २० गते इलाम जिल्लाको सुम्बेक गा.बि.स वडा नं. ५ मा भएको हो, संस्कृत तथा नेपाली साहित्यको गहिरो अध्ययन गर्दै वि.स.२०२६ साल देखि नेपाली साहित्यमा सिर्जना र समालोचनामा उत्तिकै कलम चलाउने सात्यिकार हुन । वि.स. २०३३ साल दखिने समालोचना क्षेत्रमा पनि महत्वपूर्ण योगदान दिँदै आएका साहित्यकार घिमिरेको जीवनी व्यक्तित्व समालोचनात्मक कृतित्वको गहन अध्ययन हुनुपर्नेमा सो हालसम्म भएको देखिदैन । त्यसैले समालोचक घिमिरेको जीवनी र उनको व्यक्तिवत्व भित्र रहेको समालोचनात्मक खोजी गरी उनको प्रकाशित भएका व्यक्तित्वको समालोचना सँग सम्बन्धित लेख रचना र कृतिको अध्ययन गर्दै समालोचनाको क्षेत्रमा उनले पुऱ्याएको योगदानको समीक्षा गर्दै समालोचना र अन्य क्षत्रमा वुद्धि घिमिरेको मूलभूत प्राप्ति के हो ? यिनै समस्यामा केन्द्रित रहेर प्रस्तुत शोधपधत्रमा त्यसको स्पष्ट र सुव्यवस्थित विवरण विवेचना तथा विश्लेषणका

लागि "समालोचक वृद्धि घिमिरेको समालोचक व्यक्तित्व र समालोचना कुसुमको अध्ययन" नामक शोध शीर्षक छनौट गरिएको हो । यिनै समालोचककै केन्द्रीयतामा रही यस शोध पत्रमा वृद्धि घिमिरेको समालोचनात्मक व्यक्तित्व र समालोचना कुसुमको समग्रं अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको उद्देश्य

नेपाली समालोचना क्षेत्रको विकासमा आफ्नो आन्तरिक समस्या अनि राष्ट्रको शैक्षिक कमजोरीलाइएं बनारसमा गई पूरा गरी त्यहीबाट समालोचनाको उठान गर्ने समालोचक व्यक्तित्व साथै अन्य विधाका बारेमा र जीवनीका विविध पक्षमा केन्द्रित रही विशेष गरेर हालसम्म समालोचक बुद्धि घिमिरेको सन्र्दभमा कुनै अध्ययन नभएको सो विषयमा घिमिरेको व्यक्तित्वले ओगेटेको सिर्जना र समालोचना मध्ये समालोचना पक्षको र समालोचक व्यक्तित्वको अध्ययन गरी समालोचना कुसुमको शेधपत्रमा चर्चा गरिएको छ । नेपाली समालोचना क्षेत्रमा घिमिरेको योगदानका बारेमा उल्लेख गरिएको छ ।

## १.६ पूर्वकार्यको विवरण र समीक्षा

(क) गंगा अधिकारी नत्र प्रकाशन "म बाँचेको छु"

'यथार्थ कुरा' पाक्षिक (२०५४) पृष्ठ १६ यसमा 'म बाँचेको छु' कविता सङ्ग्रहको सामान्य परिचय मात्र भएको छ । यसै कविता सङ्ग्रहको भूमिकामा रामलाल अधिकारी, युद्ध वैद्य र माधव भँडारीले लेखिदिएका छन् ।

(ख) डिल्ली दुवाडी "समय चक्र" काव्यप्रति चक्षु-स्पर्श

'अभ्यास' द्वैमासिक (२०६५) पृष्ठ-४

यसमा समयचक्र खण्ड काव्यले दिन खोजेको सन्देश एवं भाषा शैलीको विषयमा चर्चा गरिएको भए पनि कालक्रमिक रुपमा कृतिको स्पष्ट मूल्याङ्कन नभएको देखिन्छ ।

(ग) माधाव भँडारी आमुख "किसान" र 'मान्छे' खण्डकाव्य २०६१

यसमा किसान र मान्छेको सामान्य परिचय गराइएको छ ।

(घ) समय चक्रको भूमिका चूडामणि रेग्मी-

यसमा समय चक्र खण्डकाव्यका बारेमा अति सामान्य चर्चा गरिएको छ ।

(ङ) सागरप्रसाद खतिवडा शोध पत्र-

साहित्यकार बुद्धि घिमिरेको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन (२०६५) यस शोधपत्रमा साहित्यकार घिमिरेको सिर्जना तर्फ विशेष अध्ययन भएको देखिन्छ ।

## १.७ शोधकार्यको औचित्य र महत्व र उपयोगिता

यस शोधकार्यमा समालोचक वुद्धि घिमिरेको समालोचना क्षेत्रमा लगभग तीन दशक लामो यात्रामा समालोचानाको उत्प्रेरणा प्राप्त श्रोत, घिमिरेको समालोचना पद्धतिका बारेमा यथेष्ट जानाकारी गराउने प्रयास गरिएको छ । यसका साथै यस शोधकार्यले नेपाली समालोचना विधाको अनुसन्धान परम्परामा सहयोग पुऱ्याएको छ । साथै समालोचक घिमिरेको उक्त कृति जिज्ञासु पाठकका लागि सहयोगी सामग्रीका रुपमा रहेको छ । त्यसैले समालोचक वुद्धि घिमिरेको  जानकारी राख्ने जिज्ञासु पाठक र साहित्य चिन्तकका लागि प्रस्तुत शोधकार्य महत्वपूर्ण रहेको तथा औचित्यपूर्ण एंव उपयोगी रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यमा समालोचक बुद्धि घिमिरेको जीवनी र उनको समालोचक व्यक्तित्वका विविध पक्षका बारेमा जानकारीका साथै प्रकाशित समालोचना कुसुमका बारेमा परिचयात्मक अध्ययन गरी प्रकाश पारिएको छ  ।

## १.९ सामग्री सङ्कलन तथा अध्ययन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न सामग्री सङ्कलन सम्वन्धित शोधनायक, पुस्तकालय, प्रश्नावली, विज्ञहरू, विभिन्न पत्र पत्रिका  र समकालीन व्यक्तित्वहरू सँगको मौखिक अन्तर्वार्ता विधि अपनाइएको छ । विवरणात्मक पद्वति अपनाई शोध पत्र तयार पारिएको छ ।

## १.१० शोधपत्रको रुपरेखा

शोधकार्यलाई स्पष्ट, सुव्यवस्थित पार्न विषयवस्तु अनुसार परिच्छेद र शीर्षहरू दिइएका छन् । जस अनुसार शोध पत्रको संरचना निम्नानुसार रहेको छ -

### पहिलो परिच्छेद

शोध परिचय अन्तर्गत शोध शीर्षक, शोधर्थी परिचय समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा शोधकार्यको औचित्य, महत्व र उपयोगिता, शोध सीमाङ्कन, सामग्री सङ्कलन तथा अध्ययन विधि र शोध कार्यको रुपरेखा राखिएको छ ।

## दोस्रो परिच्छेद

बुद्धि घिमिरेको जीवनीका बारेमा विभिन्न उपशीर्षक राखी तथा समालोचक बुद्धि घिमिरेको जानकारी गराउने उद्देश्य राखिएको छ । यसको मूल शीर्षक ‘बुद्धि घिमिरेको जीवनी’ राखिएको छ । यस अन्तर्गत जन्म र जन्मस्थान बाल्यकाल शिक्षा दीक्षा जागिरे जीवन र पारिवारिक जीवन उपशीर्षक राखिएका छन् ।

## तेस्रो परिच्छेद

यसमा बुद्धि घिमिरेको व्यक्तित्वको विविध पक्षमा जानकारी गराउने उद्देश्य राखिएको छ । यस परिच्छेदमा बुद्धि घिमिरेको व्यक्तित्वको विविध पक्षहरू अन्तर्गत आमुख शारीरिक व्यक्तित्व , स्वभाव र रूचि उपशीर्षकमा चर्चा गरिएको छ । यसै गरी व्यक्तित्वका प्रमुख पक्षहरू उपशीर्षक अन्तर्गत कवि , व्यक्तित्च , खण्डकाव्यकार व्यक्तित्व , सम्पादक व्यक्तित्व , समालोचक व्यक्तित्व प्राध्यापक व्यक्तित्व र राजनैतिक व्यक्तित्व शीर्षकमा चर्चा गरिएको छ ।

## चौथो परिच्छेद

यस परिच्छेदमा बुद्धि घिमिरेको समालोचना यात्रा मूल शीर्षक अन्तर्गत आमुख , समालोचना लेखन कार्यका निम्ति प्रेरणा र प्रभाव, समालोचनाको पृष्ठभूमि, पूर्वीय र पाश्चात्य प्रणालीको समालोचनाको विकासक्रम साथै नेपाली समालोचना क्षेत्रमा बुद्धि घिमिरेको समालोचना यात्राको चरण, सम्मान र पुरस्कार जस्ता शीर्षकमा चर्चा गरिएको छ ।

## पाँचौ परिच्छेद

बुद्धि घिमिरेका समालोचनात्मक कृतिहरूको अध्ययन र विश्लेषण मूल शीर्षक राखिएको यस परिच्छेदमा समालोचक बुद्धि घिमिरे र समालोचना

कुसुममा देखिएका विभिन्न वाद र प्रणाली अन्तर्गत समालोचना कुसुममा भएका विषयको परिचयात्मक अध्ययन र विश्लेषण गरी समालोचनाका क्षेत्रमा घिमिरेको मूलभूत प्राप्तिको चर्चा गरिएको छ ।

## छैटौं परिच्छेद

उपसंहार अन्तर्गत बुद्धि घिमिरेको जीवनी , व्यक्तित्व र कृतित्वको समग्र मूल्याङ्कन उपशीर्षक राखी चर्चा गरिएको छ ।

# दोस्रो परिच्छेद
# बुद्धि घिमिरेको जीवनी

## २.१ जन्म र जन्म स्थान

नेपालको सुन्दर र पर्यटकीय स्थल इलाम जिल्लाको सुम्बेक गा.वि.स.को वडा नं ५ चित्रे भन्ने गाँउमा पिता श्री नारायण घिमिरे र माता मधु माया घिमिरेका साझा सन्ततीका रुपमा वि.स.२००६ साल पौष २० गते बुद्धि घिमिरेको जन्म भएको हो । यो विवरण उनका प्रमाण पत्रहरूमा उल्लेख भएको पाइन्छ ।

## २.२ बाल्यकाल

एउटा सामान्य बालकका झै बुद्धि घिमिरेको वाल्यकाल पनि आफ्ना दुई जना दाजु र तीनजना दिदीका कान्छा भाइकारुपमा गाउँले सामाजिक वातावरणमा सामान्य शैक्षिक वातावरणमै बितेको पाइन्छ । ब्राम्हण कूलमा जन्मिएका घिमिरेका पिता संस्कृत साहित्यका सामान्य ज्ञाता र ज्योतिष शास्त्रका ज्ञाता भएकाले उनको अक्षरारम्भ आफ्नै पिताबाटै भएको साथ-साथै घरमै घिमिरेले सामान्य रुपमा 'रूद्री' 'चण्डी' पढ्ने ज्योतिषको पञ्चाङ्ग गणना गर्ने जस्ता कार्य गर्ने अवसर प्राप्त गरेको पाइन्छ । समग्रमा परिवारको कान्छो भाइ भएकाले सबैको न्यानो माया पाएर वा माता पिता एवं दाजु दिदीको उचित भरणपोषणका कारण घिमिरेको बाल्यकाल सुखद नै रहेको पाइन्छ । यो अवधि वा बाल्यकाल औपचारिक शिक्षारम्भ गर्नु भन्दा अगाडिको समयलाई मात्रै समेटिएको छ ।

## २.३ शिक्षा दिक्षा

सामान्य शिक्षारम्भ घरमै लिइसकेको जस्तै रूद्री चण्डी ज्योतिष जस्ता विषयको सामान्य अध्ययन गरिसकेको घिमिरेको औपचारिक शिक्षारम्भ भने ६ बर्षको उमेरदेखि सुरूभएको कुरा थाहा हुन्छ । ६ वर्षको उमेरमा उनले सुम्बेक मिडिल स्कुलबाट आफ्नो औपचारिक शिक्षाको पहिलो खुटकिलो टेकेका थिए । घिमिरेले अध्ययन गरेको सो स्कुल

भारतीय भूतपूर्व सैनिक संस्था सोल्जर वोर्डको सहयोगमा निर्मित सुम्बेक मिडिल स्कूललाई हाल सुम्बेक मा. वि. भनिन्छ ।

तत्कालीन समयमा घरमै अध्ययन गरेकाहरूलाई उनीहरूको क्षमता बिचार गरेर कक्षा निर्धारण गरी भर्ना लिने गरिन्थ्यो सोही अनुरुप घिमिरेले पनि कक्षा नपढी कक्षा दुईबाट अध्ययन आराम्भ गरेका थिए । उनले घरमै अक्षारम्भ गरिसकेकाले उनलाई विद्यालयले कक्षा दुईमा भर्ना लिन स्वीकृति प्रदान गरेको थियो । घिमिरेले यस विद्यालयमा दुई वर्ष अध्ययन गरे ।

हिन्दु संस्कार अनुसार ब्राम्हण कूल परम्परा अनुसार आठ वर्षको उमेरमा ब्रतबन्ध गरेपछि बुद्धि घिमिरेले गुरू टीकाराम भण्डारीसँग संस्कृतको अनौपचारिक अध्ययन सुरू गरे यस क्रममा घिमिरेले लघु सिद्वान्त कौमुदी हितोपदेश मित्रलाभ अमरकोष , रघुवंश आदि कृतिहरू अध्ययन गरेका थिए ।

नेपालमा तत्कालीन अवस्थामा आफूले चाहे बमोजिमको शिक्षा दीक्षा प्राप्त गर्ने अवसर नभएरका कारणले घिमिरेले निकै हण्डर र ठक्कर खाएर शिक्षा आर्जन गरेका थिए । संस्कृतको विद्वान बन्ने लालसाले घिमिरेलाई विदेशिनु पर्‍यो । विदेशिनु पर्दा पाएका उल्लेख्य दुःख कष्ट एंव शिक्षा आर्जन प्रक्रियाको यहाँ संक्षिप्त उल्लेख गर्ने जमर्को गरिएको. छ । गुरू माधव भण्डारीको विद्वत व्यक्तित्व देखेर आफूलाई पनि त्यस्तै बन्ने लालसा बुद्धि घिमिरेको मनमा सानै उमेरदेखि पलाएको पाइन्छ । यो उनको आन्तरिक र मनोवैज्ञानिक प्रेरणाले उनलाई वृन्दावनतिर प्रस्थान गरायो । यसै क्रममा वि. स. २०१९ सालको आषाढ महिनामा घरमा कसैलाई थाहा नदिइकनै घिमिरे शान्तिराम भट्टराई , नेत्र कट्टेल (जितपुर) र मातृका प्रोखेल (सुम्बेक) को साथमा वृन्दावनतिर प्रस्थान गरे । यात्राका कष्ट र पीडालाई सम्हाल्दै तीन दिन लगााएर तीनै जना भारतको उत्तर प्रदेशको मथुरा जिल्लामा पर्ने वृन्दावन पुगे । यसरी त्यहाँ पुगेपछि ‘दावानलकुण्ड’ भन्ने आश्रममा केही दिन तीनै जनासँगै बसे । परदेशको ठाँउ स्वभाविकरुपमा केही असजिलो र अप्ठ्यारो हुन्छनै । ब्राहम्ण कूलमा जन्मिएका घिमिरे आफूले रुद्री चण्डी पढेर र स्थानीय बजार जमुनामा कृषि उत्पादन ( आँप, आरू, कोदो, ) बेच्न लाँदा सञ्चित गरेको पैसाले वृन्दावनको ‘दावानल कुण्डमा’ केही समयसम्म गुजारा गर्न सम्भव भयो ।

त्यसपछि तीनै जना मिलेर अध्ययन गर्ने विद्यालयको खोजीमा जुटे । अन्ततः शान्तिराम भागवतको अध्ययनमा लागे ,मातृका रङ्गलक्ष्मी संस्कृत महाविद्यालयमा प्रथमाको परीक्षा दिने तयारीमा लागे भने घिमिरे पनि सोही विद्यालयमा संस्कृतको अध्ययन गर्न थाले । घिमिरे अध्ययनमा तीक्ष्ण भएका कारण उक्त विद्यालयले मासिक रू२०।- का दरले छात्रबृत्ति पनि प्रदान गर्ने  भयो । यसपछि घिमिरे आफ्ना सहकर्मीहरूसंग छुटेर कलाधारी बगैँचाका छेउमा रहेको  श्री कृष्ण आश्रममा गएर बस्न थाले । वि.स. २०१९ सालको भदौ सम्म यही आश्रममा बसेर घिमिरेले आफ्नो अध्ययन कार्यलाई अगाडि बढाए । असौजमा दशै परेकाले घिमिरेलाई घरको सम्झनाले पिरोल्न थाल्यौ । घर आउन  साथीको खोज गर्दै जाँदा इलामकै साथीहरू मातृका पोखेल र कोमल प्रोखेल (बरबोटे) संग घिमिरेको भेट भयो । तीनै जनाको घर आउने सल्लाहमा सहमती जुट्यो तर घर आउनका लागि चाहिने पैसा कोहीसँग पूरा थिएन । केही उपाय नलागेपछि सबैसंग भएको रुपैया जम्मा गरेर कोमल प्रोखेलका नाममा रेलको एउटा टिकट काट्ने सबै सामान उनैलाई जिम्मा लगाएर पानी खाने लोटा र केही सुख्खा खाना आफ्ना साथमा लिएर टिकट बिनानै दुई जना (मातृका प्रोखल र घिमिरे ) सिलिगुडी आउने रेलमा चडे । टिकट नभएको कारण बुद्धि घिमिरेलाई औडिहार भन्ने जक्सनमा टी.टी ले रेलबाट उतारेर जेल लाने तयारी गऱ्यो । लगभग ७८ घण्टा त्यही राख्यो पनि । अन्त्यमा धेरै विन्तिभाउ रोई कराई गरेपछि उनलाई रेल प्रशासनले छोडिदियो । त्यसपछि फेरि अर्को रेल पकेर घिमिरे सिलिगुडी आइपुगे पूर्व सल्लाह बमोजिम सिलिगुडीको फौजी होटलमा तीनै जनाको भेट भयो ।

एक रात फौजी होटलमा व्यतीत गरेपछि भोक, प्यास, र थकाइसँग सङ्घर्ष  गर्दै भोलिपल्ट तीनै जना घरतिर प्रस्थान गरे । बाटामा काँक्रा माग्दै र चोर्दै खाएका घटना पनि घिमिरेका जीवनमा शिक्षा आर्जनका शिलशिलाको अविस्मरणीय घटनाका रुपमा रहेका छन् । फिक्कल हुँदै तीन दिनको कष्टमय एंव स्परणीय यात्रा पूरा गर्दै घिमिरे घर आइपुगे । परिवारसँगको आकस्मिक भेटले खुसियाली छाएको स्मरण घिमिरेको  मस्तिष्कमा अझै ताजै रहेको उहाँको भनाइबाट पुष्टि हुन्छ ।

अध्ययनकै सिलसिलामा घिमिरे आफ्नो अध्ययन गर्ने उच्च अभिलाषालाई पूरागर्ने क्रममा वि.स.२०१९ को माघ महिनामा झापाको घैलाडुब्बा गा.वि.स को गायत्री मन्दिरको छेउमा रहेको संस्कृत पाठशालामा गएरे संस्कृत अध्ययन गर्न थाले ।

गुरूकुल पद्धतिमा पठनपाठन हुने उक्त स्कूलको पढाइबाट असन्तुष्ट भएका घिमिरे परीक्षा प्रणाली अन्तर्गतको पढाइ हुने स्कूलको खोजीमा लागे । यसकालागि खर्साङलाई उपयुक्त ठानी वि.स. २०२० सालमा घिमिरे त्यसतर्फ लागे । खर्साङको  गुरूकुल आश्रम जो 'वङ्गीय संस्कृत शिक्षा परिषद'सँग सम्बन्धित थियो । यसमा घिमिरेले दुईवर्षसम्म लगातार अध्ययन गरेर प्रथमा र मध्यमाको परीक्षा उत्तीर्ण गर्न सफल भए ।

आफ्नो अध्ययनलाई निरन्तरता दिने उद्देश्यले वि.स. २०२२ सालको अन्तिमतिर अन्य साथीहरूका साथ घिमिरे वनारसतर्फ प्रस्थान गरे । बनारसमा गएर घिमिरेले संस्कृत साहित्य विषयमा "वाराणसेय संस्कृत विश्व विद्यालय" बाट पूर्वमध्यमा प्रथम श्रेणीमा उत्तीर्ण गरे । यस पछि वि.स. २०२४ सालमा सोही विश्व विद्यालयमा 'शास्त्री' तहको अध्ययन सुरु गरे । वि.स. २०२६ सालमा घिमिरेले कुशलताका साथ शास्त्री तहपनि उत्तीर्ण गरे । यही अध्ययनकै क्रमलाई निरन्तरता दिदैं वि.स. २०२९ सालमा आचार्य तह पनि प्रथम श्रेणीमा उत्तीर्ण हुन सफल भए । वि.स. २०२९ मा आचार्य पढ्दा 'वाराणसेय संस्कृत विश्व विद्यालय' सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय भैसकेको थियो । अध्ययनलाई क्रमिक रुपमा निरन्तरता दिने क्रममा घिमिरेले वि.स. २०३१ सालमा त्रि.वि.वि. बाट द्वितीय श्रेणीमा 'नेपाली' विषयमा स्नातकोत्तर तह पनि उत्तीर्ण गरे । यसै अवधिमा प्रयाग विश्व विद्यालयबाट साहित्य रत्न परीक्षा पनि द्वितीय श्रेणीमा उत्तीर्ण गरेको र यसै बीचमा "वङ्गीय शिक्षा परिषद" कलकत्ताको "काव्यतीर्थ" काव्योपाधि परीक्षामा पनि द्वितीय श्रेणीमा उत्तीर्ण गरेको पाइन्छ । यसै गरी वि.स. २०३२ सालमा 'कुलचन्द्र गौतमका कृतिहरूको समीक्षात्मक अध्ययन' शीर्षकमा सम्पूर्णानन्द विश्व विद्यालयबाट विद्यावारिधि आरम्भ गरे पनि त्यो चाहिँ पूर्ण हुन सकेन । यसरी घिमिरेको औपचारिक अध्ययन प्रक्रियाले विश्राम लिए पनि स्वाध्ययन र पठनपाठनतर्फ भने प्रवृत्त भएको देखिन्छ ।

## २.४ जागिरे जीवन

आफ्नो औपचारिक शिक्षा पूरा गरेपछि बुद्धि घिमिरेले जागिरे जीवनतिर प्रवेश गरे । सर्वप्रथम उनको जागिरे जीवनको प्रारम्भ 'चिदानन्द संस्कृत महाविद्यालय वाराणासीमा सहायक साहित्याध्यापक भएर गरे । उक्त महाविद्यालयमा वि.स. २०३१ देखि २ वर्षसम्म उनले अध्यापन गरे । त्यसपछि 'हरिहर संस्कृत महाविद्यालय' मङ्गलागौरी वाराणसीमा पनि

२ वर्षसम्म प्रधानाध्यापक भई अध्यापन गरेका थिए । यसरी हेर्दा चार वर्षसम्म घिमिरेले वाराणासी मै अध्यापन गर्दै आफ्नो अध्यापन पेशालाई तिर्खाने काम गरेको पाइन्छ । वि.सं. २०३५ सालमा घिमिरे नेपाल आए । नेपाल आएपछि महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाममा नेपाली विषयको सहायक प्राध्यापकको रुपमा नियुक्त भई अध्यापन कार्य गर्न थाले । म.र.ब. क्याम्पसमा उनी हालसम्म पनि निरन्तर रुपले प्राध्यापन गरी नै रहेका छन् । तर बीचमा वि.सं. २०४८/०४९ मा १५ महिनासम्म मेची बहुमुखी क्याम्पस, भद्रपुरमा प्रध्यापन गरेको कुरा उनेले बताए ।

## २.५ पारिवारिक जीवन

कुनै पनि व्यक्ति परिवारमा जन्मन्छ र पारिवारिक संस्कारमा हुर्कन्छ । जीवन भोग्ने भोगाइ  यस्तै हो । यस भोगाइमा विभिन्न मोडहरू आउने गर्दछन् जसलाई पारगर्दै जाँदा व्यक्ति विभिन्न अनुभूतिहरू सङ्गाल्दै जान्छ । उसको परिवार समाज र राष्ट्रले व्यक्तिको जीवन- सँग प्रत्यक्ष वा परोक्ष रुपमा अन्तरसम्बन्ध कायम गरेकै हुन्छ । समाज राष्ट्र र विश्वका विविध गतिविधिले व्यक्तिको मस्तिष्कमा पारेका प्रभावलाई साहित्य वा कलाका माध्यमबाट प्रस्फुटन गर्न पारिवारिक सहयोग र हौसला पनि निकै महत्वपूर्ण रहेको पाइन्छ ।

यसरी हेर्दा समालोलक बुद्धि घिमिरेले सङ्घर्षमय अध्ययन यात्रा व्यतीत गर्नुपर्दा सानैदेखि परिवारसँग वियोगिनु पऱ्यो । आमाबाबुको लाड-प्यारसँग रमाउदै अध्ययन गर्ने अवसर उनले छोटो समय मात्र पाए । तथापि दोस्रो वैवाहिक जीवनमा प्रवेश गरेपछि घिमिरेले निरन्तर पारिवारिक जीवनको अनुभव व्यतीत गरिरहेका छन् ।

तत्कालीन सामाजिक परम्परा अनुसार घिमिरेका माता पिताले १२/१३ वर्षको कलिलो उमेरमै इलाम बरबोटेका लक्ष्मीकान्त बरालकी माइली छोरी पवित्रासँग विवाह गरिदिएका थिए । यो नै उनको प्रथम विवाह हो । तर घिमिरेको जीवनमा पवित्रासँगको सम्बन्ध औपचारिक प्रथम विवाह मै सीमित रहेका कारण दशैं तिहारमा घर आएको समयमा मात्र पवित्रासँग भेट हुने गर्थ्यो ।  पवित्रा शारीरिक र मानसिक रुपले परिपक्क भैसक्ता पनि आमा बन्न नसकेकी र डाक्टरले पनि उनीबाट सन्तान हुन नसक्ने प्रमाणित गरिदिएपछि घिमिरेले दोस्रो विवाह गर्न बाध्य हुनु पऱ्यो । पवित्रा हाल घिमिरेको मूल-घर सुम्बेकमा माइला दाजु शेषप्रसाद घिमिरेसँग बस्तै आएकी छिन् ।

बुद्धि घिमिरेको दोस्रो विवाह वि.सं. २०३३ सालमा झापा जिल्ला बुधबारे गाविस वडा नं. ५ निवासी रङ्गलाल पोखेल तथा डम्बर कुमारी पोखेलकी जेठी छोरी टीका पोखेलसँग भएको हो । वि.सं. २०३९ देखि इ.न.पा. वडा नं. ८ पिपलबोटेमा स्थायी बसोबास गर्दै आएका घिमिरे दम्पत्तीका दुई छोरी र दुई छोरा रहेकाछन् । छोरीहरू वैवाहिक जीवनमा प्रवेश गरिसकेका छन् भने छोराहरू अध्ययनको सिलसिलामा घर बाहिरै रहेकाले आफ्नो निजी निवासमा हाल घिमिरे दम्पत्ति मात्र रहेकाछन् । वास्तवमा कुनै पनि मानिसको सफलताको पछाडि पारिवारिक पृष्ठभूमिले र हौसलाले प्रभाव पारेको हुन्छ । त्यसरी नै घिमिरेको जीवनमा टीका घिमिरेको प्रवेशले बुद्धि घिमिरेलाई साहित्य यात्रामा लाग्न प्रेरणा मात्र पाएनन् कि सहयोग र सहयात्रा समेत पाएकाले घिमिरेलाई लेखन कार्यमा ठूलो सहयोग पुगेको अनुभव हुन्छ । घिमिरेका हालसम्म जति साहित्यिक कृतिहरू प्रकाशन भएका छन् ती सबै टीका घिमिरे आफै अघि सरेर प्रकाशन गरिदिने अभिभारा लिएकी छन ।

# तेस्रो परिच्छेद

# बुद्धि घिमिरेको व्यक्तित्वका विविध पक्षहरू

## ३.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिलाई समाजमा राष्ट्रिय स्तरमा चिनाउन उसको व्यक्तित्वको निकै ठूलो भूमिका रहेको हुन्छ । व्यक्तित्व भन्नाले सामान्यतः उसको शारीरिक बनावट, लवाइ, भेषभूषा बानी व्यवहार, रुचि, स्वभाव, सामाजिक  कार्य, पेशा, आदि कुरा भन्ने बुझिन्छ । यही कुशल व्यक्तित्वकै कारण समाज र राष्ट्रमा व्यक्ति अनुकरणीय बनिरहन सक्छ । यसरी हेर्दा विभिन्न क्षेत्रमा सक्रिय रहेका समालोचक बुद्धि घिमिरेका पनि व्यक्तित्वमा विभिन्न पाटा छन् जसमा समालोचक व्यक्तित्व, साहित्यिक व्यक्तित्व, राजनैतिक व्यक्तित्व, सम्पादक व्यक्तित्व, प्राध्यापक व्यक्तित्व आदि यहाँ उनका प्रमुख व्यक्तित्वका विविध पक्षलाई चर्चा गर्ने कोसिस गरिएको छ ।

## ३.२ शारीरिक व्यक्तित्व

५ फिट २ इन्चको उचाई भएका मजौला कदका बुद्धि घिमिरे स्वस्थ्य एवं मोटो शरीर हँसिलो चेहरा कसैसँग बोल्दा पहिले हाँसेर मात्र बोल्ने, साधा जीवनमा सामान्य पोसाकमा घरमा बस्ने व्यक्ति हुन् । आडम्बरी पोसाकमा होइन । उनको घर बाहिरको पोशाकमा ढाका टोपी, सर्ट-पेन्ट, मौसम अनुसारको कोट, बाकटे स्वीटरमा सजिएर अनि कम्बरमा छालाको पेटी, छालाकै कालो जुत्ताले उनको बाहिर व्यक्तित्वलाई आकर्षक बनाइरहेको हुन्छ । त्यसैले घिमिरेको शारीरिक व्यक्तित्व आकर्षक देखिन्छ ।

### ३.२.१. स्वभाव

विशेषतः भद्र र इमानदार मानिसहरूको स्वभावलाई केलाउँदा उनीको विगत र वर्तमान झण्डै उस्तै-उस्तै हुन्छ । यहाँ पनि बुद्धि घिमिरे सानैदेखि सत्य कुराको पक्षपाती थिए न कि उनी अरुसँग कुरा गर्दा सत्य कुरा मात्र राख्ने गर्दथे । छलकपट नगर्ने, इर्ष्या र

कुविचार मनमा नलिने, आफ्ना सहकर्मीहरूको साथै आफन्तको उन्नति र प्रगतिमा कहिल्यै इर्ष्या नगर्ने स्वभाव भएका व्यक्तित्वका रुपमा  उनी आफन्त र सहकर्मी माझ परिचित छन् । आफूलाई चित्त नबुझेको कुरा हाँसी-हाँसी तर कटु व्यङ्ग्यका माध्यमले अभिव्यक्ति गर्ने शैलीका कारण उनका सहकर्मीहरू निकै सर्तक रहन्छन् । त्यसो त विद्यार्थीहरू पनि बुद्धि सरको व्यङ्ग्य वाणदेखि निकै सतर्क रहन्छन् ।

संस्कृत भाषामा निकै दख्खल भएकाले कक्षा शिक्षणका क्रममा प्रसङ्ग अनुसार आउने संस्कृतका श्लोकहरूको प्रस्तुतिले कतिपय साधारण विद्यार्थीहरूलाई अन्योल सिर्जना गर्ने गरेको पनि पाइन्छ, तर त्यसको साधारणीकरण गरेर बुझाइदिने भएकाले त्यस्तो अवस्था स्थायी रुपमा रहँदैन ।

समाजका गरीब दुःखीहरूप्रति निकै माया भाव व्यक्त गर्ने घिमिरे सम्पन्नले विपन्नलाई गरेको अन्यायप्रति निकै रोस प्रकट गर्दछन् । ब्राम्हण कुलामा जन्मिएका भएपनि समाजमा देखिएको जात-पात, छुवाछुत प्रथाको अन्त्य गरेर नयाँ सामाजिक संरचनाको सुरुवात हुनुपर्छ भन्ने बिचारप्रति घिमिरे सधैं दृढ रहेका छन् ।

कसैसँग भेट हुँदा ठट्यौली पाराले बोल्ने वा अत्यन्त निकट सम्झिएर ठट्टा गर्ने स्वभावका कारण जो कोही व्यक्ति पनि उनीप्रति तुरुन्तै आकर्षित बन्दछन् । आफ्नो विषयमा निपूण भएका कारण कसैसँग नदब्ने, निडर एवं स्वाभिमानी स्वभाव उनमा रहेको छ ।

## ३.२.२ रुचि

मान्छेलाई आफ्नो कर्ममा प्रवृत्त गराउने मूल आधार भनेको उसको मन मस्तिष्कमा रहेको रुचि नै हो । उसलाई सफलतामा उचाल्ने काम उसको रुचिले दृढ बनाउँछ र कर्ममा लाग्न बाध्य बनाउँछ । त्यसैले व्यक्तिको सम्पूर्णता बुझ्नका लागि उसको रुचि क्षेत्रको अध्ययन गर्नु जरुरी देखिन्छ ।

बाल्य अवस्थादेखिका रुचिकै कारणले वुद्धि घिमिरे साहित्यकार समालोचक र कुशल बौद्धिक व्यक्तित्व बन्न पुगेका छन् भन्ने कुरा बाल्यावस्थाका  रुचिको अध्ययन गर्दा पुष्टि हुन्छ ।

बुद्धि घिमिरेमा सानैदेखि संस्कृत साहित्यको अध्ययनमा रुचि राख्ने र संस्कृत साहित्यको अध्ययन गरी विद्वान बन्ने उनको चाहनालाई मूर्त रुप दिन विविध ढंगबाट आएका समस्या (आर्थिक, भौतिक, मानसिक)लाई सङ्घर्षद्वारा पराजित गर्दै आफ्नो चाहना पूरा गरेरै छाडे ।

यसै गरी कविता रचना गर्ने, रचनाको समीक्षा गर्ने राजनीति गर्ने विभिन्न सभा गोष्ठीहरूमा भागलिने, नयाँ ठाउँको भ्रमण गर्ने, नेतृत्व गर्ने, सम्पादन गर्ने, नयाँ-नयाँ खोज अनुसन्धान गर्ने, पत्रपत्रिका पढ्ने, संस्कृत, हिन्दी र नेपालीका विविध दर्शनहरूको गहिरो अध्ययन गर्ने, समालोचना गर्ने आदि रुचि घिमिरेमा जीवित छन् ।
किसान परिवारमा जन्मे हुर्केकाले फुर्सदको समयमा गाईको स्याहार गर्ने, खेतीपाती गर्ने आदि रुचि उनमा रहेका छन् । समग्रमा अध्ययन, अध्यापन र साहित्य सिर्जना नै घिमिरेका प्रमुख रुचिका विषय हुन् ।[१]

## ३.३ व्यक्तित्वका प्रमुख पक्षहरू

जीवनका साठी  वसन्तका उकाली ओराली पार गरिसकेका बुद्धि घिमिरेले प्रारम्भिक अवस्थादेखि नै निकै दुःख कष्ट भोग्न वाध्य हुनुपऱ्यो । उनको जीवन कष्टकर बन्नुमा उनको आफ्नै रहर र बाध्यता दुवै समान रुपमा उपस्थित भएको देखिन्छ । रहर विद्वान बन्ने चाहानाले उनलाई भारतका विभिन्न भागमा बेखर्ची बनी हिड्नु पऱ्यो भने त्यो बेलाको नेपालको शैक्षिक गतिविधि चाहेजस्तो नभएकाले बाध्यताले उनले कष्ट भोग्नु परेको  हो ।  विभिन्न ठाउँको घुमाइले विविध स्वभावका व्यक्ति र समाजको सम्पर्कले घिमिरेलाई परिपक्क र अनुभवी बन्न भने सहयोग गऱ्यो । यी कष्ट, पीडा र अप्ठ्यारोले घिमिरेलाई कवि, समालोचक, आदि व्यक्तित्वको विकास गराउन सफल भयो । समालोचक घिमिरेका व्यक्तित्वका प्रमुख पाटाहरूको क्रमिक रुपमा चर्चा गरिएको छ ।

### ३.३.१ समालोचक व्यक्तित्व

साहित्यका दुई पाटा हुन्छन्, जसमा सिर्जना र समालोचना । जब साहित्यको सिर्जना हुन्छ तबमात्र समालोचना हुने गर्छ । यसै गरी साहित्यका यी दुबै क्षेत्रमा आफ्नो कलमलाई राम्रैसँग चलाउन घिमिरे  सक्षम  बनेका छन् । साहित्यका यी दुबै क्षेत्रमा आफ्नो कलमलाई राम्रैसँग चलाउन सक्षम साहित्य समालोचक बुद्धि घिमिरे जसले सिर्जनात्मक साहित्यमा कलम चलाएर स्थापित भइसकेका छन् भने समालोचना साहित्यमा पनि आफ्नो कलम बिसाएको पाइदैन । यसरी सिर्जनात्मक साहित्यबाट समालोचनात्मक

---

[१]. शोधनायबाट शोधार्थीलाई प्राप्त जानकारी ।

साहित्यमा उनको प्रवेश “देवाशुर सङ्ग्राम परिचयात्मक चिन्तन” शीर्षकको समालोचना नै पहिलो हो । यो समालोचना घिमिरेको वनारस बसाइमा बनारसबाटै प्रकाशित भएको मिर्मिरे नाम साहित्यिक पत्रिकामा वि.सं. २०३३ को पहिलो अङ्कमा प्रकाशित भएको थियो । समालोचनाको पहिलो खुट्किलो टेकिसकेपछि घिमिरेले विभिन्न पत्र-पत्रिकाहरूमा समालोचनाहरू प्रकाशित गर्दै 'समालोचना कुसुम' सम्म आइपुगेको देखिन्छ ।

'समालोचना कुसुम' समालोचना सङ्ग्रह हो । यसमा १६ वटा समालोचना रहेका छन् । जसका शीर्षक निम्नानुसार छन्-

(क) महाकाव्यको विकास र नेपाली महाकाव्य

(ख) खण्डकाव्य सिद्धान्त एवं नेपाली खण्डकाव्यको विकासक्रम र वर्गीकरण ।

(ग) आगो र पानी खण्डकाव्यको समीक्षात्मक अध्ययन ।

(घ) संस्कृत काव्यशास्त्र- छोटो चिनारी ।

(ङ) पूर्वीय साहित्यका सन्दर्भमा- ध्वनिवाद ।

(च) लेखनाथ र उनको नव्यकाव्य तरुण-तपसी छोटो चर्चा ।

(छ) सोमनाथ सिग्देल र उनको महाकाव्य आदर्श राघवको परिचय र विश्लेषण ।

(ज) विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा नारी अस्मिताको सन्दर्भ ।

(झ) देवासुर सङ्ग्राम-परिचयात्मक चिन्तन ।

(ञ) कथाकार विष्णुनवीन र लोग्ने स्वास्नी कथाको छोटो विवेचना ।

(ट) पौराणिक कथासङग्रह- पार्वती परिणाय एक समीक्षा ।

(ठ) 'क्यालेण्डरका घुम्तीहरू' कथा सङ्ग्रहको छोटो समीक्षा ।

(ड) नेपाली साहित्यको सन्दर्भमा आधुनिकता, प्रगतिशीलता र यथार्थवादको विवेचना ।

(ढ) हिन्दू संस्कृतिमा प्राचीन गुरुकुल परम्परा समीक्षात्मक अध्ययन ।

(ण) पोखरेली प्रतिनिधि हास्यव्यङ्ग्यकारः विश्व शाक्य छोटो चर्चा ।

(त) कवि श्यामकृष्ण श्रेष्ठका कवितामा छन्द प्रयोग र सौन्दर्य चेतना एक समीक्षा ।

माथिका समालोचनासँग सम्बन्धित रचनाका अतिरिक्त विभिन्न पत्रपत्रिकामा समालोचनात्मक लेखहरू प्रकाशित भएका छन् । विष्णु नवीनको अप्रकाशित कृति 'इलाम

एक परिचय'[२] शीर्षकको लेखबाट के पुष्टि हुन्छ भने वृद्धि घिमिरे सफल सिर्जनात्मक साहित्यकार मात्र नभएर समालोचनात्मक साहित्यकार पनि हुन् । त्यसैले उनी एक विशिष्ट समालोचक व्यक्तित्व हुन् ।

## ३.३.२ कवि व्यक्तित्व

नेपाली साहित्यको जल्दोबल्दो विधा नै कविता हो । कविका रुपमा वृद्धि घिमिरे 'मुटु जल्न लागेको छ' गद्य कविता लिएर नेपाली साहित्यमा प्रवेश गर्छन् । आफ्नो कविता यात्राको प्रारम्भ आफू अध्ययन गर्दै गर्दा गरेको यो कविता बनारसमा रहेका नेपाली छात्र मण्डल वाराणसीको मुख पत्रको रुपमा प्रकाशित 'सामूहिक मूखपत्र' (वि.सं. २०२६) मा प्रकाशित भएको थियो ।

वि.सं. २०२६ बाट औपचारिक कवि जीवनमा प्रवेश गरेका घिमिरेले हालसम्म धेरै गद्या-पद्य कविताहरू लेखिसकेका छन् । घिमिरेद्वारा रचित कविता विभिन्न पत्र पत्रिकामा प्रकाशित भइरहेका छन् । उनका फुटकर कविताहरूको सङ्ग्रहका रुपमा वि.सं. २०५४ सालमा 'म बाँचेको छु' कविता सङ्ग्रह प्रकाशित भएको छ । कवि घिमिरेले संस्कृतको अध्ययन गरेकै कारणले पनि उनले आफ्ना कवितामा संस्कृत वर्णमात्रिक छन्दको प्रयोग गरेको पाइन्छ । साथै केही कविता उनका गद्य पनि छन् । 'म बाँचेको छु' कविता सङ्ग्रहमा कवि घिमिरे बाँचेको अनुभूति दिन आफ्नै भूमिकामा लेख्छन् । "कुनै अवस्था वा बिचार लिएर चाकरी र चाप्लुसीमा नलागी ठूलो रुखको छायाँ र दह्रो चोकेमा झोला झुण्ड्याउने वा कुर्सीवालाको कोटको धूलो झार्ने सीप नभएका मानिसहरूलाई यस प्रकारको समाजमा बाँच्न नै निकै सङ्घर्ष गर्नु पर्दोरहेछ । सीमित राष्ट्रिय ढिकुटीका मुसाहरूले ९० प्रतिशत गाँस, बास, कपासलाई पजेरोमा लादेर बाहिऱ्याउँदैछन् । नेपालको भूमि नदी नाला जडी बुटी युवा युवती यसैको शिकार बनेका छन् ।"[३] यस कविता सङग्रहमा हालको प्रजातान्त्रिक नेपालको विडम्बनापूर्ण स्थितिको केही झलक दिँदै जागरण सम्बन्धी आव्हान गरेका छन् । आफ्नो अस्मितालाई दबाई राख्न पनि नेपालीलाई धौ-धौ छ । बाँचेको आभास दिनुपर्ने आवश्यकता छ ।

---

[२].नवीन स्मारिका पृष्ठ ७ ।

[३].म बाँचेको छु कविता संग्रहको भूमिकाबाट ।

समग्रमा अहिलसम्म रचिएका घिमिरेका प्राय: सबै कविताहरूमा समसामयिक युगबोधको भावना प्रवल भएर आएको पाइन्छ । समाजका अन्याय अत्याचार गरीबहरूका पीडा, देशमा घट्ेका राजनैतिक परिवर्तनका घटनाहरू र ती घटनाले जनतामा परिवर्तनको आभास दिन नसकेका प्रसङ्ग्रहरू नै घिमिरेका कविताका प्रमुख विषय बन्ने गरेको पाइन्छ । यसरी फुटकर कविताका दृष्टिले घिमिरेलाई परिष्कारवादी-प्रगतिवादी शैलीका कवि भन्न सकिन्छ । यसरी हेर्दा घिमिरे एक कवि व्यक्तित्वका रुपमा स्थापित भएको पाइन्छ ।

### ३.३.३ खण्डकाव्यकार व्यक्तित्व

जब बुद्धि घिमिरे कविका रुपमा स्थापित भए त्यसपछि पाएको हौसला र उत्साहले उनलाई खण्डकाव्यतर्फ आकर्षित गऱ्यो । कवि व्यक्तित्वलाई परिभाषित गर्दै कविता लेखनलाई निरन्तरता दिदै खण्डकाव्य लेख्न पुगे । वि.सं. २०६१ सालमा किसान खण्डकाव्य प्रकाशित भयो । यस खण्डकाव्यमा 'मान्छे' नामक खण्डकाव्य पनि समावेश छ । 'समय चक्र' (२०६२) उनको तेश्रो खण्डकाव्य हो । यसरी खण्डकाव्यगत सिर्जनालाई हेर्दा घिमिरेभित्र एक खण्डकाव्यकार व्यक्तित्व रहेको पुष्टि हुन्छ । समाजमा समसामयिक विषयवस्तुलाई टिपेर विविध शास्त्रीय वर्णमात्रिक छन्दमा रचना गरिएका खण्डकाव्यहरूले उनको खण्डकाव्यकार व्यक्तित्वको परिचय दिइरहेका छन् ।

### ३.३.४ सम्पादक व्यक्तित्व

पत्रपत्रिकाको मोहबाट कुनै पनि साहित्यकार पृथक रहन सक्दैन, त्यसैले बुद्धि घिमिरेको सम्पादक व्यक्तित्वको विकास बनारसमा रहँदा नै विभिन्न साहित्यिक पत्रिकाहरूको सम्पादन गरेर भैसकेको पाइन्छ । घिमिरेको सम्पादनको पहिलो प्रयासका रुपमा 'मञ्जरी' पत्रिका आएको हो । सम्पूर्णान्द विश्वविद्यालयबाट वार्षिक मुखपत्रका रुपमा प्रकाशित हुने उक्त पत्रिकाको वि.सं. २०२५/२६ का लगातार दुई अङ्कको उनले सम्पादन गरेका थिए ।

त्यस्तै मेची अञ्चल छात्र समुदायद्वारा वार्षिक मुखपत्रकै रुपमा प्रकाशित 'समर्पण' ( २०२८/२९) का लगातार दुई अङ्क पनि घिमिरेको सम्पादनमा प्रकाशित भएका थिए । यो उनको सम्पादनको दोस्रो पत्रिका हो । "नेपाली प्रगतिशील अध्ययन मण्डल वाराणसीद्वारा वार्षिक मुखपत्रकै रुपमा प्रकाशित 'मिर्मिरे' नामक साहित्यिक पत्रिकाको २०३३/३४ का अङ्कहरू पनि घिमिरेकै सम्पादकत्वमा निस्किएका देखिन्छन् ।

साहित्यकार घिमिरेले विद्यार्थीकालदेखि नै साहित्यिक पत्रपत्रिकाको सम्पादन गरेर निकै अनुभव कमाई सकेकाले हालसम्म पनि सम्पादन कार्यलाई जारी राखेको पाइन्छ । नेपाल प्राध्यापक संघ इलामको वार्षिक मुखपत्रको रुपमा प्रकाशित भइरहेको 'अन्वेषण' नामक पत्रिकाको घिमिरेले वि.स. २०४६ देखि हालसम्म सम्पादन गरिरहेका छन् । यस्तै म.र.व. क्याम्पस इलामको नेपाली विभागद्वारा प्रकाशित 'समस्यापूर्ति' कविता सङ्ग्रह वि.सं. २०६२ को पनि सम्पादन गरेका थिए । आफ्नो अध्ययनकै क्रममा घिमिरेले 'छात्र प्रभा' (वि.सं. २०२८/२९) को सम्पादन गरेका थिए । यो साहित्यिक पत्रिका नेपाली छात्र परिषद वाराणसीको वार्षिक मुखपत्रको रुपमा प्रकाशित भएको थियो । इलामबाट नै निस्केको साहित्यिक पत्रिका "समता लहर" २०५३/०५४ को दुई अङ्कको उनले सम्पादन गरेको देखिन्छ ।

यसरी हेर्दा साहित्यिक पत्रकारिताको क्षेत्रमा घिमिरेको सम्पादक व्यक्तित्व निकै प्रभावशाली भएको पुष्टि हुन्छ ।

## ३.३.५ प्राध्यापक व्यक्तित्व

मनिसले समग्र जीवनको मूल हिस्सा आफ्नो निश्चित क्षेलाई समर्पित गर्छ सोही अनुसार साहित्यकार बुद्धि घिमिरेका व्यक्तित्वका पाटालाई पल्टाउँदै जाँदा उनको मूल आधार चाहि प्राध्यापन नै देखिन्छ । जीवन निर्वाहदेखि साहित्यका विभिन्न विधामा कलम चलाउन आर्थिकदायित्व बेहोर्ने तथा उनका प्रतिभालाई उजागर हुने मौका दिने चाहिँ प्राध्यापन नै हो । तसर्थ घिमिरेको लामो प्राध्यापनले उनलाई एक सफल प्राध्यापकका रुपमा स्थापित गरेको पाइन्छ ।

बनारस बसाइकै क्रममा "चिदानन्द संस्कृत महाविद्यालय" र "हरिहर संस्कृत विद्यालयमा दुई-दुई वर्ष प्राध्यापन गरेर यस पेशामा प्रवेश गरेका घिमिरे यसपछि महेन्द्र रत्न बहुमुखी क्याम्पस इलाममा वि.सं. २०३५ देखि हालसम्म प्रााध्यापन गरिहरकै छन् । प्राध्यपनकै क्रममा वि.सं. २०४८/४९ मा मेची बहुमुखी क्याम्पस भद्रपुरमा १५ महिना प्राध्यापन गरेका थिए ।

म.र.व. क्याम्पस इलामको नेपाली विभागको विभागीय प्रमुखका रुपमा समेत रहेका घिमिरे नेपाली विषयका एक कुशल प्राध्यापक मानिन्छन् । संस्कृत र नेपाली विषयको बृहद् ज्ञान भएकाले घिमिरेको अध्यापन कलाबाट तल्लो तहका विद्यार्थी भन्दा माथिल्लो तहका विद्यार्थीहरू बढी लाभान्वित हुने गरेको पाइन्छ । स्नातक तथा स्नातकोत्तर

तहका विद्यार्थीहरूलाई धेरै भन्दा धेरै जानकारी आवश्यक हुने भएकाले सो को परिपूर्ति घिमिरेको प्राध्यापनले हुने गरेको पाइन्छ, यसरी प्राध्यापन क्षेत्रमा समग्र जीवनलाई यसको उत्थानका लागि समर्पित गर्ने व्यक्तित्व बुद्धि घिमिरेको सफल प्राध्यापक व्यक्तित्व रहेको छ भन्ने कुरा देखिन्छ ।

## ३.३.६ राजनैतिक व्यक्तित्व

हाल बुद्धि घिमिरेका व्यक्तित्वका पाटाहरू प्रखर रुपमा देखापर्दै आइरहेका छन् जति व्यक्तित्वका क्षेत्रहरू छन् । ती सम्पूर्णको पृष्ठभूमि वनारसलाई नै दिन सकिन्छ । उनको अध्ययनक्रमसँगै विभिन्न व्यक्तित्वका पाटाहरू बनारससँग नाता जोडिन्छन् । यसरी नै घिमिरेको राजनैतिक व्यक्तित्वको शुरुवात पनि बनारसबाटै भएको पाइन्छ ।

वनारसका प्रगतिशील विद्यार्थीहरूको निकटता र उनीहरूको व्यबहारले उनलाई आकर्षित गर्दै लग्यो । उनीहरूको सङ्गतले घिमिरेले विस्तारै कम्युनिष्ट बिचार धाराको विषयमा बुझ्ने अवसर पाए । प्रगतिशील पक्षबाट सन १९७८ मा नेपाली छात्र परिषद वाराणसीको अध्यक्षमा भारी बहुमतले चुनिएर विद्यार्थी हितमा काम गरेको पाइन्छ । त्यस्तै वाराणसीको १३ वर्षको अध्ययनकालमा विद्या धर्म प्रचारिणी नेपाली समिति वाराणसीको सदस्य, नेपाली पुस्तकालयको उपाध्यक्ष र नेपाली संस्कृत महाविद्यालय वाराणसीको नेपाली विषयको प्राध्यापक भई केही समय स्वयंसेवकको काम समेत गरेको थाहा पाइन्छ । फलस्वरुप उनी वि.सं. २०२४/२५ देखि नै कम्युनिष्ट राजनीतितर्फ होमिए ।नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलालसँगको सम्पर्क एवं सहवासबाट उनले प्रगतिशील आन्दोलन एवं मार्क्सवादी विचारधाराका बारेमा निकै जानकारी प्राप्त गर्ने अवसर पाए । तत्कालीन वाराणसेय संस्कृत विद्यालयमा स्नातक तहमा अध्ययन गर्दा नै स्नातक दोस्रो वर्षको कक्षा प्रतिनिधिको रुपमा विश्वविद्यालय छात्र संघमा समेत निर्वाचित भएका थिए । वराणसीको हिन्दुस्तानी बहुलता भएको ठाउँमा चुनावद्धारा निर्वाचित हुनुभएको नेतृत्व क्षमता कै कारण हो । यसबाट के प्रष्ट हुन्छ भने घिमिरेमा विद्यार्थीकाल देखिनै राजनैतिक कुशलता रहेको प्रष्ट हुन्छ ।

# चौथो परिच्छेद

# बुद्धि घिमिरेको समालोचना यात्रा

## ४.१ आमुख

कुनै पनि सर्जकलाई अमर बनाउने विषय वा तत्व भनेको उसले सिर्जना गरेको सिर्जनात्मक कृति हो । मानव सभ्यातालाई हेर्ने हो भने सभ्यताको सुरुदेखि नै मानव मस्तिष्कले नयाँ नयाँ विषयको जानकारी लिने गर्दछ, त्यसैको परिणामस्वरुप आजको युगमा प्रवेश गर्न सफल मानव अस्तित्व कायम राख्न र आफ्नो पहिचान कायम राख्न सङ्घर्ष गरि नै रहेको छ ।

सृष्टिको आरम्भदेखि नै मानवजाति आफ्नो जीवनलाई सहज र सरल बनाउन विभिन्न प्रयत्न गरिहेको हुन्छ । त्यसका लागि जीवनका हरेक मोडलाई अनुभूत गर्दै जसको सहयोगले आगामी जीवनलाई नयाँ मोड दिन तयार रहन्छ । कुनै कार्यको एक वा बहुपक्षीय ढङ्गबाट समीक्षा गरिन्छ । जसले जस्तो काम गरे पनि त्यो कामलाई हेर्ने फरक फरक दृष्टिकोण हुन्छ । दृश्य शक्ति अलग-अलग हुने भएकाले त्यसभित्र प्राप्त हुने विभिन्न स्वरुपको व्याख्या र चर्चा हुने गर्छ । जस्तै उदाहरणका लागि एउटा किसानले कुनै बारीमा विरुवा रोप्यो । रोपिसकेपछि ऊ आफै पनि त्यस प्रति पूर्ण सन्तुष्ट हुँदैन किन भने उसलाई त्यो विरुवा रोप्ने तरिका, ठाउँ आदिमध्ये एक न एक कुराले अल्झाइरहेको हुन्छ भने अब बाँकी अरुले आफनो दृष्टिकोण अनुसार आफ्ना-आफ्ना तरिकाले त्यसको समीक्षा गर्छन् । कसैले ठाउँलाई अनुपयुक्त ठान्छन् भने कसैले समयलाई उचित ठहऱ्याउँदैनन् । यसरी मानव सभ्यताको सुरुदेखि नै समालोचानात्मक प्रवृत्ति रहेको देखिन्छ । जब मानिस घुमन्ते कृषि युगमा प्रवेश गऱ्यो । सो युगको समीक्षा वा आफ्ले हिड्दै, गरेको खेतीपातीको समीक्षा गरेर नै स्थायी कृषि युगको आरम्म्भ भयो । वास्तवमा मानिस सानोभन्दा सानो कुरामा पनि त्यस विषय वस्तुप्रति समालोचना गरिरहेको हुन्छ । तर त्यो उसले थाहा पाइरहेको हुँदैन । एउटा सामान्य उदाहरण एउटा किसानले बजारबाट हँसिया किनेर ल्याएपछि त्यो हँसियालाई राम्ररी हेरेर त्यसका सवल र दुर्बल पक्ष केलाउँछ र प्रसङ्गवस कतै प्रस्तुत गर्दछ । जस्तै हँसियाको आकार अलि कुप्रो हुनु या अलि कम कुप्रो हुनु पर्थ्यो ।

हँसियाका दाँत लामा छोटा मिलेका नमिलेका आदिका बारेमा अध्ययन गरी निष्कर्ष दिन सकिन्छ । यसैलाई समालोचना भनिन्छ ।

मानिसका ज्ञानेन्द्रीयले वस्तुप्रतिको धारणा बनाउँछ । त्यो धारणा नै दर्शन हो भने वस्तुको विवेचना गरी त्यसको सबल र दुर्वल पक्ष केलाउने काम पनि तिनै ज्ञानेन्द्रीयले गर्छन् । सकारात्मक वा नकारात्मक निष्कर्षमा ज्ञानेन्द्रीयले पुऱ्याउँछन् र आफ्नो निजी अभिमत जाहेर गराउँछन् । त्यसैले चेतनायुक्त मानव प्राणीहरूमा सर्वश्रेष्ठ मानिन्छ । ऊ ठीक बेठीक सही र गलत छुट्टयाउन सक्छ । एउटा निश्चित मापदण्ड बनाउन सक्छ । सोही मापदण्डानुसार भएका क्रियाकलाप नै समालोचनासँग सम्बन्धित छन् । वास्तवमा मानिससँग ज्ञान बुद्धि र विवेक हुन्छ । कतिपय परिस्थितिमा यी शब्दहरूलाई पर्यायवाची शब्दका रुपमा लिने गरिन्छ । तर यी शब्दका अर्थका हिसाबले यी तीनै शब्दको अर्थलाई सुक्ष्मरुपले केलाउँदा यस्तो देखिन्छ । ज्ञान जसले ज्ञान प्रदान गर्दछ । जस्तो उदाहरणका लागि बारी बाँझो राख्न हुन्न भन्ने विषय ज्ञानसँग सम्बन्धित छ । त्यस्तै त्यो बारीलाई खेती योग्य बनाउने जोतखन गर्न कुन विधि अपनाउने जस्ता विषय बुद्धिसँग सम्बन्धित हुन्छन । त्यहाँको हावापानी कस्तो छ ? कुन बाली लगाउने पछि गएर के हुन्छ के गर्दा राम्रो उत्पादन गर्न सकिन्छ ? भन्ने विषय वा सकारात्मक नकारात्मक पक्ष केलाउने काम विवेकले गर्छ । त्यसैले समालोचना भनेको त्यही विवेकको उपज हो । जसमा व्यक्ति, कृति वा अन्य विषयको विवेकपूर्ण ढङ्गले सकारात्मक नकारात्मक पक्ष केलाउनु नै समालोचना हो ।

## ४.२ समालोचना शब्दको व्युत्पत्ति तथा अर्थ

समालोचनाच शब्दको अर्थ र व्युत्पत्तिलाई केलाउँदा 'अवलोकन' अर्थ बोकेको 'लुच्' संस्कृत धातुमा 'णिच्' लागेर लोच् बनेपछि लोच् शब्दमा यु प्रत्यय थपिएर 'अन' आदेश हुँदा लोचन शब्दको व्युत्पादन भएको देखिन्छ । लोचन शब्दमा समग्रबोधी 'आ'उपसर्ग र स्त्रीत्व बोधी आ प्रत्यय लागेपछि आलोचना शब्द व्युत्पादन प्रक्रियाको अन्त्यमा सम्यक सन्तुलित र समीचीन अर्थ सम्मिश्रण भएको आकांक्षा राखेर आउने द्वितीय उपसर्ग 'सम्' पनि थपिएपछि समालोचना शब्दको निर्माण हुने एउटा यात्रा पार भएर बनेको प्रस्तुत शब्दको अर्थ विभिन्न शब्दकोशहरूमा दिइएको पाइन्छ ।

"कलात्मक कार्यको गुणस्तर निर्धारण गर्दै त्यस कृतिमा प्रयुक्त पात्र, चरित्रको महत्व र प्राप्तिलालाई निर्णय दिने कार्य आलोचना (Criticism) हो ।"[४] "कुनै साहित्यकारका विशेषता वा साहित्यिक कृतिका गुणदोषको वस्तुगत विवेचना गर्ने काम र कुनै ग्रन्थ, रचना, स्रष्टा आदिको सम्यकरुपमा विवेचना गरिएको रचना पनि समालोचना हो ।"[५] आधुनिक कालमा आएर प्रविधिकरुपमा स्थापित भएको समालोचना (Criticism) शब्द कला, साहित्य आदिको विश्लेषणात्मक कार्य र मूल्याङ्कन कार्यका निम्ति सत्रौं शताब्दी देखि पछि युरोपमा चर्चित भएर आएको हो । रचनाका सत्यमा स्थापित गराउने क्रममा लोकप्रिय बनेको प्रस्तुत शब्द बीसौं शताब्दीमा इङल्याण्डमा व्यावहारिक समालोचना र अमेरिकामा नयाँ समालोचनाका नाममा चिनियो । यस शब्दले मनोवैज्ञानिक मार्क्सवादी, शैलीवैज्ञानिक आदि विशेषण थपिएर पनि परिचित हुने मौका पाउँदै गयो । इ.स. १९५० पछि यो उत्तर आधुनिकताका विभिन्न परम्परा र प्रयोगहरूको अनुकरण गर्दै नयाँ लेखन धारको चिन्तन पनि बनेर स्थापित भयो । यसरी समालोचना ज्ञानका विभिन्न क्षेत्रलाई सम्बोधन गरिने संज्ञाको रुपमा देखियो । समयमा समालोचना शब्दको अर्थ हुन्छ कुनैपनि विषयमा सृजना गरिएको सौन्दर्ययुक्त रचना वा कला विशेषको समीक्षण कार्य अर्थात विवेचना विश्लेषण र मूल्याङ्कन कार्यलाई समग्ररुपमा सम्यक समीक्षण गरिने कार्यको अर्थ बहन गराउन समालोचना शब्दको प्रयोग गरिंदै आइएको छ । कुनै कति वा कृतिकारको व्यक्तित्वलाई सम्यक दृष्टिबाट विश्लेषण गर्नु वा दोष रहित ढङ्गले उचित आलोचना गर्नु नै समालोचना हो । कृति र व्यक्तिको विषय वा अनुराग प्रति सवल र दुर्वल पक्ष अनि कृतिमा रहेका पात्र वा विषयको सम्यक दृष्टि राखेर गरिएको विश्लेषणलाई नै समालोचना भनिन्छ ।

नेपाली साहित्यको समीक्षा परम्परामा समालोचनाको प्रारम्भिक चरणमा केही विवादस्पद विचारहरू पनि आए । समालोचनाको अर्थ आलोचना मात्र हो भन्ने विचारले निकै लामो समय रडाको मच्याइरह्यो । त्यस्तै आलोचना भनेको टीका टिप्पणी मात्र हो । समालोचना भनेको गुण दोषको छानबिन पनि हो भन्ने विभेदक अर्थ लगाउने काम भयो । यद्यापि अङग्रेजीमा Criticism र हिन्दीमा आलोचना शब्दले नै

---

[४].अक्सफोर्ड इङ्लिस डिक्सनरी १९३३ ।

[५]. नेपाली बृहत शब्दकोश २०४० ।

समालोचनाको अर्थ बहन गरेको पाइन्छ । यसरी हेर्दा समालोचना र आलोचना पर्यायवाची शब्द हुन भन्न सकिन्छ । कुनै कृति वा कृतिकारको गुणदोष, स्तुति निन्दा जस्ता कुराहरू सम्यक समीचीन दृष्टिबाट नै सिद्ध भएका भए त्यो नै समालोचना हो ।

## ४.३ समालोचनाको परिभाषा

सस्कृत साहित्य परम्परामा काव्य शब्दले सम्पूर्ण साहित्यलाई प्राचीनकालमा बुझाउँथ्यो भने आधुनिककालमा आइपुग्दा काव्य शब्दको अर्थमा साहित्य शब्दले वपकता प्राप्त गऱ्यो । पूर्वीय र पाश्चात्य मान्यतामा साहित्यको जस्तो मान्यता प्राप्त गरेपनि यसको चरित्र एउटै हो । पूर्वीय संस्कृत साहित्यको प्राचीनकालतिर साहित्यलाई काव्य शब्दले परिचित गराइयो । हिजो कै काव्य शब्दको अर्थलाई सङ्कुचित बनाएर साहित्य शब्दलाई व्यापकता प्रदान गरियो । सिर्जनात्मक साहित्यलाई पूर्वीय साहित्य चिन्तकहरूले आ-आफ्नै ढङ्गले परिभाषित गरेका छन् । जसमा भामहका.'काव्यालङ्कार'मा "शब्दर्थ सहितौ काव्य" (शब्द अर्थ बीचको सहभाव नै साहित्य हो ।) भन्ने अर्थ पाइन्छ । त्यस्तै रसले युक्त भएको वाक्य नै काव्य हो भन्ने आचार्य विश्वनाथ हुन् । यसरी साहित्यको परिभाषा दिनेहरूमा नेपाली साहित्यका चिन्तकहरू मध्ये महाकवि लक्ष्मीप्रसाद देवकोटाः-सजीव अनुभवहरूको कलात्मक प्रकाशन नै साहित्य हो भनेर परिभाषा दिन्छन् । नेपाली बृहत् शब्दकोशमा यस्तो परिभाषा दिइएको छः-"इतिहास पुराण पूरा कथा वा समाज आदिबाट उपजीत्य वस्तु लिएर रस छन्द अलङ्कार आदिले यथासम्मब सजाई रचिएको गद्य वा पद्यकृति काल्पनिक र भाबुकतापूर्ण पद्यमय वा गद्यमय रचना नै साहित्य हो ।" पाश्चात्य विद्वान अरस्तु भन्छन् "भाषाका माध्यमद्वारा प्रकृतिको कलात्मक अनुकरण काव्य हो ।"
"छन्दोमय रचना काव्य हो ।" डा. जोन्सन
"प्रवल भावको सहज उच्छलन काव्य हो ।" वर्डस्वथ

यसरी साहित्यको विभिन्न विद्वान्हरूका परिभाषालाई केलाउँदा के निष्कर्षमा पुगिन्छ भने चमत्कारपूर्ण भाव तथा सौन्दर्यमय विशिष्ट शब्द विन्यास सहृदय अलौकिक आनन्द प्रदान गर्ने रसात्मक ध्वन्यात्मक रम्य भाषिक अभिव्यक्ति नै साहित्य हो ।

नेपाली साहित्य सिर्जनालाई समेत सामेल गराउँदा पाश्चात्य साहित्य समालोचनालाई समिश्रण गरेर हेर्दा जीवन र जगत प्रतिको मानवीय अनुभव-अनुभूति एवम् धारणा वा दृष्टिकोणको सौन्दर्यमय तथा चमत्कारपूर्ण भाषाका माध्यमबाट गरिने

त्यस्तो सिर्जनात्मक अभिव्यक्ति नै साहित्य हो । जसमा बौद्धकता, हार्दिकता रञ्जकता तथा कल्पनाको प्रचुरता पाइन्छ ।

साहित्यको दुई भेद रहन्छन् सिर्जनात्मक साहित्य र सिर्जित साहित्यको समालोचना । जसको फरक यसरी छुट्याउन सकिन्छ । सिर्जना हरेक कोणबाट उन्मुक्त रहन्छ । यसले कुनै त्यस्तो बन्धनमा रहन जरुरी छैन स्वच्छन्द स्वतन्त्र हुन्छ, भने समालोचना समीक्षा कृतिको सीमाबाट नियन्त्रित र निर्देशित हुन्छ । यसरी ठूलो विभेद देखिएपनि यी दुवै आपसी प्रतिद्वन्द्वी चाहिं होइनन् बरू सहयोगी वर्ग हुन भन्न सकिन्छ । लक्ष्मीप्रसाद देवकोटाले भने झैं समालोचकको आँखाले हेरेपछि कृतिलाई कतै चिलाएको ठाउँमा कन्याइ दिन्छ, कतै ठुङ मारिदिन्छ  सिर्जना र समालोचना एक अर्काका परिपूरक हुन् भन्न अत्युक्ति नहोला । समालोचनाको परिभाषा दिने क्रममा पूर्वीय र पाश्चात्य समालोचकहरूले सृर्जित वस्तु वा कृतिको समीक्षण कार्य संस्कृत अङ्ग्रेजी, हिन्दी र नेपाली विद्वानहरूले आफ्नो युग र परिवेश अनुकुल समालोचनालाई परिभाषित गरेका छन् । त्यस्ता परिभाषा दिने चिन्तकहरूमध्ये केहीका अभिमत यहाँ प्रस्तत गर्न उपयुक्त हुन्छ ।

“समालोचक ब्रहमाजीले नदेखेको, नजानेको पनि देख्न र जान्न सक्छ र ब्रहमाजी भन्दा पनि सूक्ष्मदर्शी हुन्छ ।” -राजशेखर

“संसारमा आजसम्म जे जति जानियो र विचार गरियो तिनमा सबभन्दा राम्रा कुरालाई ग्रहण गरेर त्यसको प्रचारको प्रयास गर्नु नै समालोचना हो ।” -मैथ्यु अर्नोल्डो

“पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो । नदीका बारेमा अरु विशेष कुरा जान्नु त्यसको मूल खोज्नु समालोचना हो ।” यदुनाथ खनाल । “आलोचकको कार्य शिक्षा दिनु होइन; अपितु स्रष्टालाई प्रेरित या उत्साहित गर्नु हो ।” -इमर्सन । “सुख दुःख राम्रो-नराम्रो, मनपर्दो-नपर्दो इत्यादि कुराको मस्तिष्कमा जब विवेचना हुन्छ । त्यसको परिणाम स्वरुप समालोचनाको जन्म हुन्छ ।” -रामकृष्ण बर्मा । “तँ (समालोचना) घाउ लगाउने भएपनि डाक्टरको छुरा छस ।” -लक्ष्मीप्रसाद देवकोटा । “लेखकहरू आलोचकले राम्रा कुरा मात्र लेखिदेओस भन्ठान्छन, उनीहरू यो कुराको विचारै राख्दैनन; आलोचक लेखकको कमारो होइन ।” -रत्नध्वज जोशी ।

यसरी माथिका परिभाषाबाट के निचोड निस्कन्छ भने कुनै वस्तुको असल-खराब, गुण-अवगुण, सबल-दुर्बल, सकारात्मक-नकरात्मक, लाभप्रद र हानिकारक पक्षहरूको

समाजका निम्ति ग्राहय शिष्ट र मार्गदर्शक आदिका दृष्टिले छानविन गरेर निष्कर्षसम्म पुग्ने कार्य नै समालोचना हो । समग्र साहित्यलाई जीवन र जगतको व्याख्या मान्ने हो भने समालोचना व्याख्याको पनि व्याख्या हो । यसरी व्यापक निष्कर्षमा पुगेर गरिएको व्याख्या समालोचना हो ।

## ४.४ समालोचकका विशेषता

समालोचकका निमित्त नभइनहुने केही विशेषता छन् । त्यस्ता गुणहरूलाई समालोचकले समालोचना कार्य गर्दा प्रयोगमा ल्याउनुपर्छ । समालोचकमा निहित हुनुपर्ने विशेषता-

- रचनाका विषयवस्तुको विश्लेषण गर्ने कलम
- कृतिमा निहित स्रष्टाको निजी भाषा र विचारहरूको अन्वेषण गर्ने कला ।
- कृतिमा निहित सन्देशको उद्घाटन गर्ने कला ।
- रचनाको रुपपक्षका सङ्गठन र भाषिक शिल्पलाई लेखाजोखा गर्ने शास्त्रीय ज्ञान ।
- कृतिमा निदिष्ट मूल्यलाई छानबिन गरी मूल्याङ्कन गर्न सक्ने निर्णायत्मक क्षमता ।[६]

यी माथिका विषयलाई उठान गरेर जब एउटा समालोचकले समालोचना गर्छ यो समालोचनाले विशिष्टता हासिल गर्दछ । समालोचक र स्रष्टा वीच अध्ययन चिन्तन र मननका कारणले निरपेक्ष भाव सम्बन्धको अर्थ निकै प्रबल र निकै खतरनाक पनि बन्न सक्छ । कतिपय स्रष्टाका रचनामा पाइने दुर्वलतालाई समालोचकले केलाइदिंदा स्रष्टालाई साँच्चै बेस्वादिलो निमको पात जस्तै बन्न सक्छ । रचनाले सत्य तथ्य र दृष्टि्को समाज सामु उपस्थित गराउने कार्य समालोचकको हो । जसमा सत्यलाई परिभाषित गराउने कार्य समालोचकको हो । जसमा सत्यलाई परिभाषित गर्दा कतै-कतै समालोचक र स्रष्टा बीचको सम्बन्धमा चिसोपना पनि आउन सक्छ । यसरी समालोचकले रचनालाई सुदृढ र सबल बनाउने आफ्ना तर्फबाट केलाइदिंदा स्रष्टाले स्वकारेर भावी रचनालाई अझ उचाइमा पुऱ्याउन सक्ने अवस्थामा सिर्जना छुन सक्छ ।

---

[६].राजेन्द्र सुवेदी नेपाली समालोचना परम्परा र प्रवृति (२०६१) ।

समालोचक धीर, विवेकी, अध्ययनशील हुनुपर्छ । जता लाभ उतै लाग्ने वा कसैको भक्त भएर त्यसको दोष नदेख्ने अर्थात् एउटा आँखो बन्द गरेर गरिने समालोचना समालोचना क्षेत्रको कलङ्क बन्न पुग्दछ ।

समालोचक र स्रष्टा बीचमा संधै प्रतिद्वन्द्विताको भाव रहेको पाइन्छ । जब इतिहासलाई पल्टाएर हेर्दा पूर्वीय समालोचक आचार्य भरत आनन्दवर्द्धन र विश्वनाथका चौतारीमा कालिदास, भवभूति, भारवि टिकेका छन् भने; प्लेटो र अरस्तुका चौतारीमा होभर, भर्जिल, एस्किलस टिकेका छन् । मोतीरामको र बासुदेव त्रिपाठीका चौतारीमा भानुभक्त र लेखनाथ मौलाएका छन् । यसरी हेर्दा समालोचकले तयार पारिदिएको चौतारीमा स्रष्टाहरू भविष्यसम्म टिकेका हुन्छन् भन्ने कुरा प्रष्ट हुन्छ । समालोचकको समालोचनामा नै स्रष्टा व्यक्तित्व र कृतित्व मौलाउने चिज हो ।

## ४.४. पूर्वीय साहित्य समालोचनाका केही सिद्धान्त

पूर्वीय साहित्यमा समालोचनासँग सम्बन्धित केही सम्प्रदायहरूको उल्लेख गर्न योग्य हुन्छ । पूर्वीय साहित्यको पृष्ठभूमि हेर्दा ऋकवेदसम्म पुग्नु पर्ने हुन्छ । तत्पश्चात् क्रमिक रुपमा साहित्यको सिर्जना हुँदै आए जसमा विभिन्न साहित्यिक कृतिहरूको जन्म भयो । ती कृतिह्रूकाबारेमा समालोचना प्रक्रिया शुरू भयो र आफ्ना आफ्नै मापदण्डहरू तयार भए । सोही मापदण्ड अनुसार कृति लेख्ने परमपरा शुरू भयो । कुनै पनि ग्रन्थमा कुन विषय नभई नहुने हो भन्ने समूह निर्माण भए जसलाई हामी विभिन्न सम्प्रदायमा बाँडेर अध्ययन गर्दछों । ती सम्प्रदायको चिनारी र प्रवर्तकको नाम निम्नानुसार छन्-

(१) अलङ्कार सम्प्रदाय- यस सम्प्रदायका प्रवर्तक भामह हुन् । उनको काव्यलङ्कार नामक ग्रन्थमा उल्लेख पाइन्छ ।

(२) रीति सम्प्रदाय- यस सम्प्रदायका प्रवर्तक वामन हुन् । यो सम्प्रदाय क्षेत्रसँग सम्बन्धित छ ।

(३) वक्रोक्ति सम्प्रदाय- यस सम्प्रदायका प्रवर्तक कुन्तक हुन् ।

(४) ध्वनि सम्प्रदाय- यस सम्प्रदायमा प्रवर्तक आनन्दवर्द्धन हुन् ।

(५) रस सम्प्रदाय- यस सम्प्रदायका प्रवर्तक आचार्य भरत हुन् । उनको पहिलो

परिभाषा रहेको छ । त्यसपछि भट्टलोल्लट रस सिद्धान्तका व्याख्याता हुन् ।[७]

यसरी पूर्वीय साहित्यका यी पाँच सम्प्रदाय छन् । जसमा आ-आफ्नै चिन्तन र मनन छन्, जसरी एउटा कृतिभित्र अनेक दृष्टिकोण राखिन्छ, त्यसरी नै समालोचकका आँखाबाट कृतिको अनेक रुप देख्न सकिन्छ ।

## ४.५ पाश्चात्य समालोचनाको स्थापित सम्प्रदाय

पाश्चात्य जगतमा साहित्यसँग सम्बन्धित चिन्तन मनन प्राचीन ग्रीसेली, ल्याटिन र नवयुरोपेली हुँदै आज विश्वभर छरिन पुगेको छ । पाश्चात्य क्षेत्रका साहित्यिक मूल्य र मान्यता प्रतिपादित हुन पुगेका छन् । प्राचीन ग्रीसेली शब्द 'पोएट्स'बाट साहित्यको बीजारोपण भएको र प्लेटोले आरम्भ गरेको र अरस्तुले सैद्धान्तिक रुप प्रदान गरेको अनि साहित्य सिद्धान्त प्रतिस्थापित भएको देखिन्छ, पाश्चात्य साहित्यमा समालोचनालाई पाँच तह निर्धारण गरी अध्ययन गर्न सकिन्छ । जसमा १ मूल्य निर्णय- मूल्य निर्धारण गर्ने परम्परा इशापूर्व देखिनै चलिआएको देखिन्छ ।

(१) मूल्य निर्णय रचनाको मुल्य निर्धारण गरी निष्कर्ष दिने गरिन्छ ।

(२) व्याख्या विश्लेषण- कृतिको सारभूत अर्थका बारे पाठकका मनमा नमिल्ने जिज्ञासा रचनाको गुण-अपगुणको व्याख्या र तात्पर्थको निरुपण हुने गर्छ ।

(३) सैद्धान्तिकरण- कृति वा रचना विधाको अध्ययन मापदण्ड कायम गर्न सैद्धान्तिक आधार तयार गरिनु पर्ने देखिन्छ । यसरी निश्चित मापदण्डभित्र राखेर कतिको विश्लेषण गरिन्छ ।

(४) शोधरकता-अरस्तुका समय देखि नै यो विधिलाई विश्वसनीय ढङ्गले ल्याइ सकिएको छ । जसमा सृजनात्मक वस्तुको सत्यापन सिद्ध गर्न शोधकार्यको अपेक्षा आवश्यक पर्दछ ।

(५) समालोचना पद्दतिको स्वीकृति- पाश्चात्य साहित्यमा प्लेटो र अरस्तुका समयदेखि नै आरम्भ भएको समालोचनाको परम्परा कुनै कुनै रुपमा आजसम्म पनि समालोचनाले सैद्धान्तिक स्थान ग्रहण गरिरहेको छ ।[८]

[७].विष्णुप्रसाद पौड्याल संस्कृत काव्य शास्त्र ।

यसरी विकास भएको पाश्चात्य साहित्य समालोचना क्षेत्रमा केही त्यस्ता सम्प्रदाय छन् जो यस प्रकार छन्:-

## ४.५.१ केही सिद्धान्त र वादहरू

### (१) नीतिवाद:-

अरस्तु पश्चिमी साहित्यका प्रथम समीक्षक हुन् उलने नितिवादलाई प्रष्ट पारेका छन्  उनका अनुसार  नीतिपरक, आदर्शपरक शास्त्रीय आधारको मापदण्डलाई नीतिपरक सिद्धान्त भनिन्छ ।

### (२) नवशास्त्रीयतावाद:-

चौधौं शताब्दीदेखि प्राचीन शास्त्रीयता र पूरा मूल्यहरूको पुनर्व्याख्या हुने परम्पराको सूत्रपात भयो । विगतले स्थापना गरेका गरिमाहरू ध्वस्त हुँदै जानाले वर्तमानको धरातल ध्वस्त बनिसकेको बोध गरेर नयाँ व्याख्या र नयाँ परिष्कारको चिन्तन आरम्भ गरिएको यस परम्परालाई परिमार्जन गर्दै नवशास्त्रीयताको संज्ञा दिइएको स्थिति अभिव्यक्त भएको छ । यस वादका व्याख्या गर्ने विद्वानहरूमा मार्को गिर्लामो, विदा र वेन जोन्सन हुन् ।

### (३) स्वच्छन्दतावाद:-

यसवादको प्रवेश १९ औं शताब्दीमा भएको हो । लेसिङ्गको आगमनले भाव तत्वलाई र सौन्दर्यलाई मूल मर्म भन्ने प्रमुख विशेषता स्वच्छन्दतावादको स्थापीत लेसिङले गरेका हुन । कवितालाई आत्माको सङ्गति ठान्ने चिन्तक हेर्डर पनि यसवादका प्रवर्तक छन् । यो भावना र कल्पनालाई महत्वदिने वाद हो ।

### (४) कल्पना सिद्धान्त:-

कल्पना मनोविज्ञानको धरातलमा स्थापित हुने तत्व हो । कल्पना मानवीय आत्माको विशिष्ट एवं अन्तितिकारी तत्व हो । कल्पना संश्लेषणकारी तत्व पनि हो । यो सिद्धान्त स्वच्छन्दतावाद कै उर्वर कालमा श्यामुयल टेलर कलरिजले कल्पनाको भूमिका कवितामा कसरी रहन सक्छ भन्ने कुरा व्यापक रुपमा छलफलको विषय बनाए । कल्पना

---

[८].राजेन्द्र सुवेदी नेपाली समालोचना परम्परा र प्रवृत्ति (२०६१) ।

सिद्धान्तले सादृश्य र भिन्नता, सामान्य र विशिष्टता अनुशासन र भावना वृद्धि र सम्वेग, कृतिमता र नैसर्गिकताका बीचमा समन्वय कायम गर्छ ।

**(५) नव नीतिवादः-**

आदर्शवाद र नीतिवाद १८ औं शताब्दीको अन्त्य र १९ औं शताब्दीको सुरुमा सामयिक चेतना स्थापित गर्ने समालोचकहरूमा पर्सिबल, बिस, सेली, विलिमय ह्याजलिट, सेन्टव्युभ, टेन, मथ्यु, अर्नोल्ड लगायतका समालोचक आफ्ना समालोचनामा नैतिकता र आदर्शको व्याख्या हुनु पर्दछ भन्दछन् उनी । ज्ञान र सभ्यताको निर्झर रुप प्रतिपादन भएको ठान्दछन् । सेलीको नीतिवाद नीतिज्ञान र आनन्दबाट निर्देशित हुनुपर्छ भन्ने पक्षमा उपस्थित देखिन्छ ।

**(६) अभिव्यजनावादः-**

यसवादका अग्रणी व्यक्तित्व बेनेडेट्टो क्रोचे हुन् । मानिसमा दुई किसिमका ज्ञान हुन्छन् । पहिलो सहज ज्ञान र दोश्रो तार्किक ज्ञान । यसरी तार्किक ज्ञानमा सूक्ष्म ढङ्गले लुकेको अर्थलाई वा व्यङ्ग्यलाई प्रतिपादन गर्ने वादका रुपमा अभिव्यञ्नावादलाई लिइन्छ ।

**(७) कलाः-**

कला स्वच्छन्दतावादी श्रष्टाहरूका फाँटमा मौलाएको देखिन्छ । कला अनुभूतिको अभिव्यञ्जना गर्ने कुनै साधन होइन । कलामा अनूभूति त स्वयं साध्य भएर बस्तछ । वास्तवमा कला स्वयं कलाकै लागि हो । यस वादका प्रतिभाहरूमा लोन्जाइन्स, टाल्सटाय रस्किन आदि हुन् । फ्रान्स र जर्मनीमा ‘कला कलाको लागि’ जस्ता मत तयार भएका थिए ।

**(८) नवपरिष्कारवादः-**

कलाका मूल्यलाई युग सापेक्षा परिष्कृत चिन्तनमा प्रस्तुत गर्नु नवपरिष्कारवादको मूल मर्म हो । यसवादका व्याख्याता टमर्सन इलियट हुन् । उनी निर्वैयिक्तिक कलाका व्याख्याताका रुपमा स्थापित समीक्षक पनि हुन् ।

**(९) परिष्कारवादः-**

शास्त्र प्रधान भएको वादलाई शास्त्रीयवाद भनिन्छ । यसैलाई नेपालीमा परिष्कारवाद भनिन्छ ।

**(१०) यथार्थवादः-**

वस्तु वा समाजका विषयलाई यथार्थमा पस्किनेवादलाई यथार्थवाद भनिन्छ।

**(११) प्रकृतवादः-**

ईश्वरीय सत्ताबिना प्रकृतिलाई बुझ्न सकिन्छ र मान्छे प्रकृतिको अङ्ग हो भन्ने दर्शन र मान्यताबाट प्रकृतिवादले प्रतिष्ठा पाएको हो ।

**(१२) अतियथार्थवादः-**

यो बाह्य यथार्थलाई अतिक्रमण गरी आन्तरिक यथार्थप्रति साहित्यलाई डोऱ्याउनु पर्छ भनेर जोड दिने वाद हो ।

**(१३) विम्बवादः-**

विम्बवादीहरू नयाँ चेतनाको अभिव्यक्ति खोज्छन् ।

**(१४) घनत्ववाद :-**

साहित्यको लम्बाइ चौडाइ र मोटाइ विषयवस्तु बनाउने वाद हो ।

**(१५) विसङ्गतिवाद :-**

परम्परागत दर्शन साहित्यिक मान्यता भन्दा विपरित  विसङ्तिवाद हो ।

**(१६) अस्तित्ववाद :-**

अस्तित्व दर्शनमा आधारित सिद्धान्तलाई अस्तित्ववाद भनिन्छ ।

**(१७) प्रतीकवाद :-**

साहित्य तथा भाषामा सादृश्य वा साहचर्यद्वारा कुनै चिजको प्रतिनिधित्व गर्ने वस्तु प्रतीक हो, यसैसँग सम्बन्धित वादलाई प्रतीकवाद भनिन्छ ।

**(१८) उत्तर आधुनिकतावाद :-**

आधुनिकताको विरोधमा आधुनिकताकै जगमा हुर्किएको वाद हो ।

**(१९) विनिर्माणवाद :-**

सामान्यतः साहित्यिक कृतिको वा पाठको समालोचनाको नयाँ सिद्धान्त हो ।

## ४.६ पाश्चात्य साहित्यका केही समालोचना प्रणालीहरू

समालोचना प्रणालीको ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा पाश्चात्य साहित्यमा विभिन्न वाद र प्रणालीको प्रतिपादन भएका छन् जसमा निम्नानुसार प्रणालीहरू रहेका छन् ।

(१) **नीतिपरक समालोचना प्रणाली**

नीतिवादी मान्यतालाई आधार बनाई आफ्नो 'रिपब्लिक' नामक ग्रन्थमा प्लेटोले उल्लेख गरेको पाइन्छ ।

(२) **आदिमतापरक समालोचना प्रणाली**

आदिमतापरक समालोचना आदिम प्रकार सम्बन्धी विचार चिन्तनको उठान गर्ने समालोचना प्रणाली हो । यो आदिम मनो विम्बलाई केन्द्रबिन्दु बनाई गरिने समालोचना प्रणाली हो ।

**(३) जीवनीपरक समालोचना प्रणाली**

रचनाकारले रचना गरेको रचना र रचनाकारको जीवनसँग नजिकको सम्बन्ध रहेको हुन्छ भन्ने मान्यताका आधारमा गरिने समालोचना जीवनीपरक समालोचना हो ।

(४) **समाजपरक समालोचना प्रणाली**

कृतिले समाजको यथार्थ चित्रण गरेको हुन्छ । साथै रचनाकार समाजकै उपज हो, त्यसैले रचनाकारको सामाजिक सन्दर्भसँग सम्बन्धित समालोचना समाजपरक समालोचना हो ।

**(५) रुपपरक समालोचना प्रणाली**

रुप साहित्यको केन्द्रीय तत्व हो । रुप भनेको बनौट पनि हो यसै आधारमा गरिने समालोचना रुपपरक समालोचना हो ।

### (६) संरचनावादी समालोचना प्रणाली

यस प्रणालीले लेखकीय दृष्टि बिन्दुका सट्टा पाठकीय दृष्टिबिन्दु अँगाल्छ । कृतिको बाह्य मूल्यतर्फ नगई कृतिपरकतामा जोड दिन्छ ।

### (७) मनोविज्ञान समालोचना प्रणाली

साहित्य र मानव मनका बीच रहेको घनिष्ट सम्बन्ध आधारमा गरिने समालोचना प्रणालीलाई मनोविज्ञानपरक समालोचना प्रणाली भनिन्छ ।

### (८) शैलीवैज्ञानिक समालोचना प्रणाली

शैलीविज्ञान साहित्यिक भाषाका विविध प्रयोगहरूको अध्ययन र विश्लेषण केन्द्रित रहन्छ । यिनै आधारमा गरिने समालोचना प्रणालीलाई शैलीवैज्ञानिक समालोचना प्रणाली भनिन्छ ।

# समालोचनाका अन्य विशेषता

**समालोचनाका विशेषता दुईप्रकारका हुन्छन्-**

tL x'g\ ;}4flGts ;dfnf]rgf / Jojxfl/s ;dfnf]rgf

**शैद्धान्तिक समालोचना प्रणाली**

सामान्य रुपमा साहित्यका विभिन्न भेद, अङ्ग त्यसमा प्रयुक्त वस्तु, भाषाशैली एवम् रचना प्रक्रिया आदिको विशेषताको विवेचना सैद्धान्तिक रुपमा गर्ने समालोचनालाई सैद्धान्तिक समालोचना भनिन्छ ।

**व्यवहारिक समालोचना**

साहित्यकारको साहित्यिक रचना वा साहित्यकारको विशेषताको विवेचना तिनको गुणदोष, मूल्य वा स्थान निर्धारण एवम् दुई साहित्यकार वा दुई साहित्यिक कृतिको तुलनात्मक समालोचना गर्नुलाई व्यवहारिक समालोचना भनिन्छ ।

## ४.७ केही प्रमुख समालोचना पद्धतिहरू

(१) **कृतिपरक** कृतिलाई समालोचनाको मूल आधार मानेर गरिने समालोचना नै कृतिपरक समालोचना पद्धति हो । यस पद्धतिमा रोलाँवार्थको "लेखकको मृत्यु" भन्ने मान्यतालाई आधार बनाउन सकिन्छ ।

(२) **स्रष्टापरक** स्रष्टालाई मूल आधार बनाएर गरिने समालोचना पद्धतिलाई स्रष्टापरक समालोचना भनिन्छ ।

(३) **विधापरक** साहित्यिक विधाको आधारभूत मान्यताका आधारमा गरिने समालोचनालाई विधापरक समालोचना भनिन्छ ।

(४) **साहित्येतिहासपरक-** कुनै पनि साहित्यकार र उसको कृतिको मूल्याङ्कन इतिहासको सापेक्षतामा गर्ने समालोचना पद्धतिलाई साहित्येतिहासपरक समालोचना पद्धति भनिन्छ ।

(५) **प्रभावपरक-**यस पद्धतिमा समालोचकको प्रतिक्रियामा निर्भर रहेर गरिने समालोचनालाई प्रभाववादी समालोचना पद्धति भनिन्छ । स्वच्छन्दतावादी र आत्मचेतनामा आधारित हुन्छ । कृति वा कृतिकारको प्रभावमा गरिने समालोचना हो ।

(६) **सिद्धान्तोन्मुख-**कुनैपनि विधाको कृतिका आफ्नै आधारभूत सिद्धान्त रहेको वा मानिएको हुन्छ । त्यस सिद्धान्तका आधारमा गरिने समालोचना पद्धति नै सिद्धान्तोृन्मुख समालोचना पद्धति हो ।

(७) **वर्णनात्मक-** यस समालोचना पद्धतिको उद्देश्य कृतिको परिचय दिई सो कृति आदि देखि अन्त्यसम्म आन्तरिक र वाहय पक्षको वर्णनात्मक शैलीमा समालोचना यस पद्धतिमा गरिन्छ ।

(८) **व्याख्यात्मक-** समालोचनाको नियमको बन्धनबाट मुक्त तथा साहित्यिक कृतिको बन्धनमा रहेर व्याख्या गर्ने समालोचना पद्धति हो ।

(९) **निर्णयात्मक समालोचना पद्धति-** यस पद्धतिमा समालोचकले जुन कृति पढिसकेपछि आफ्नो निर्णय प्रतिपादन गर्नु हो ।

(१०) **तुलनात्मक समालोचना पद्धति-** यो कुनै कृतिसँग वा मिल्दा कृतिका बीच तुलना गरेर गरिने समालोचना पद्धति हो ।

(११) **अन्तविषयक समालोचना पद्धति-**साहित्यका आफ्नै अवयव र आयामका विषय भित्र नै रहेर गरिने समालोचनालाई अन्तविषयक समालोचना पद्धति भनिन्छ ।

(१२) **साहित्यिक शोध पद्धति-** साहित्यका विषयमा गरिने शोधपद्धतिलाई साहित्यिक शोधपद्धति भनिन्छ ।

(१३) **समालोचना पद्धति-** कृतिका सबल-दुर्बल, राम्रा-नराम्रा, सकारात्मक-नकारात्मक पक्षका बारेमा गरिने समालोचनालाई समालोचना पद्धति भनिन्छ ।

## ४.८ नेपाली समालोचना

### ४.८.१ पृष्ठभूमि

नेपाली समालोचनाको इतिहास त्यति लामो छैन । यसको उठानको पृष्ठभूमि हेर्दा वि.स. १९४३ पूर्व जानुपर्ने हुन्छ । तत्कालीन साहित्यिक परिवेश भनेको संस्कृत साहित्यसँग सम्बन्धित नेपाली साहित्य रहेको पाइन्छ । संस्कृतमा उठान भएका वा निदिष्ट गरिएका काव्य सिद्धान्त र चिन्तनकै दायरामा रहेर नेपाली सिङ्गो साहित्य विकास भएको पाइन्छ ।

त्यसलाई केलाउन पनि पूर्वीय आँखाले नै हेनुपर्ने हुन्छ । त्यसैले नेपाली साहित्यको विश्लेषण पूर्वीय परम्पराकै आधारमा गरिएको पाइन्छ ।

नेपाली सामालोचनाको आधार खडा गरिदिने पूर्वीय समालोचनाका सैद्धान्तिक सूत्र नै हुन् । ज्ञान र गरिमा र  व्यवहारमय दैनिक जीवनका विभिन्न पक्षलाई उद्‌घाटन गर्ने सामग्री टीका, व्याख्या र भाषाको माध्यमबाट व्याख्यात्मक कलाका माध्यमबाट नेपाली समालोचनाको पृष्ठभूमि बनेको छ । यस समयका विद्वानहरूमा हीन व्याकरणी विधापति उल्लेख्य छन् ।  उनले संस्कृत शास्त्रमा अघि सारेको नाटकीय पात्र मध्ये नायिकाको आचरण कस्तो हुनुपर्छ भन्ने व्याख्या गरेका छन् । त्यस्तो राय राजीवलोचन जोशी, भानुभक्त आचार्य, वसन्त शर्मा, सन्त ज्ञान दिलदास आदि स्रष्टाबाट स्थितिको समीक्षण र कृतिको टिप्पणी गर्ने कार्य गरी नेपाली समालोचनाको पृष्ठभूमि तयार भएको पाइन्छ ।

नेपाली साहित्य समालोचनालाई प्रष्टरुपमा हेर्दा चरण विभाजन गर्नुपर्ने हुन्छ । विभिन्न विद्वानहरूले आ-आफ्नो ढङ्गबाट नेपाली समालोचनाको चरण विभाजन गरेको पाइन्छ । यहाँ चाहिं विद्वान राजेन्द्र सुवेदीका अनुसार निम्न चरणहरूमा विभाजन गरी अध्ययन गर्ने चेष्टा भएको छ ।

### ४.८.२ पृष्ठभूमिकाल

यस समयमा नेपाली समालोचना संस्कृत काव्यशास्त्रका नियम र परिधिबाट नै परिचालित थिए । यसकालका समालोचकहरू हीनव्याकरणी विधापति राजीवलोचन जोशी, भानुभक्त आचार्य, सन्त ज्ञानदिलदास, वसन्त शर्मा हुन् ।

### ४.८.३ प्रचेष्ठा

यस कालका समालोचकहरूमा वीरेन्द्र केशरी अर्याल, काशीनाथ, मोतीराम भट्ट, कुलचन्द्र गौतम, जयपृथ्वीवहादुर सिंह, पहलमान सिं स्वाँर, हेमराज शर्मा आदि यस चरणमा व्यक्तित्व हुन् । जसले विभिन्न साहित्यका सन्दर्भमा समीक्षा लेख प्रकाशन गरी नेपाली समालोचनालाई आधार तयार गरिदिएका थिए ।

### ४.८.४ आ. नेपाली समालोचनाको पहिलो उठान

आधुनिक नेपाली समालोचनाको आरम्भ नीतिपरक समालोचनाबाट भएको पाइन्छ। यस चरणको आरम्भ १९७९ देखि २००३ सम्म रहेको पाइन्छ । यस चरणमा समालोचकहरूमा बाबुराम आचार्य, सूर्यविक्रम ज्ञावली, पारसमणि प्रधान, रामकृष्ण शर्मा, लक्ष्मीप्रसाद देवकोटा, यदुनाथ खनाल, रत्नध्वज जोशी जस्ता व्यक्तित्वहरूले साहित्यका विभिन्न विधामा रहेका साहित्यिक रचनाको समालोचना गरेका छन् । यस चरणमा विशेष गरी समालोचनाका तीन धारमा समालोचनाको विकास भएको पाइन्छ । शोधखोजपरक समालोचना लेखन, सौन्दर्यशास्त्रको सैद्धान्तिक लेखन र कृति मूल्याङ्कनपरक समालोचना धारको प्रतिष्ठा स्पष्ट रुपमा भएको कुरा सिद्ध हुन आउँछ ।

### ४.८.५ (२००३ देखि ०२०) आधुनिक नेपाली समालोचनाको दोस्रो उठान

यस चरणमा बहुविध आधुनिक नेपाली समालोचनाको दोस्रो उठान । समालोचनात्मक प्रवृत्तिको सुत्रपात भयो । यस चरणमा समालोचकहरूले विभिन्न धारहरूको विकास गरे जसमाः-

**पहिलो धारमा-** भाषा साहित्य, साँस्कृतिक विषयवस्तुको शोध खोज, अन्वेषण र तिनको उद्घाटन गर्ने धार ।

**दोस्रो धार-** समालोचनामा सौन्दर्यशास्त्र प्रतिपादन गर्ने धार ।

**तेस्रो धार -** चिन्तनपरक समालोचनाको धार ।

वालचन्द्र शर्मा (१९७६-२०३३), ईश्वर वराल (१९८०-२०५४), डिल्लीराम तिमसिना (१९८०-२०४९), जनकलाल शर्मा (१९८२-२०५६), कमलमणि दीक्षित (१९८६- ), यज्ञराज सत्याल (१९८८), महानन्द सापकोटा (१९५३-२०३५), चक्रपाणि चालिसे (१९४०-२०१५), पारपणि प्रधान (१९५५-२०४३),पुष्कर समसेर जवरा (१९५८-२०१८), नरेन्द्रमणि आदि (१९५९-२०४३), इमानसिंह चेम्जोङ (१९६०-२०३३), शेषराज रेग्मी (१९६८-२०४५), गोपाल पाण्डे असीम (१९७०-२०३५), सत्यमोहन जोशी (१९७०), धर्मराज थापा (१९८१) आदि समालोचकहरूको विशेष भूमिका यस उठानमा रहेको पाइन्छ ।

### ४.८.६ नेपाली समालोचनाको तेस्रो उठान २०२१ देखि हालसम्म

यो चरणलाई साहित्यिक समालोचनाका हिसाबले लामो समयावधि राखिएको छ । यस चरणमा विभिन्न पद्धतिको विकास भएको देखिन्छ । साथै यस चरणमा विभिन्न

साहित्यिक व्यक्तित्वका बारेमा विवेचना समालोचना गर्ने परम्पराको ठोस कार्य गर्न थालियो । पाश्चात्य र पूर्वीय सिद्धान्तको पुनर्व्याख्या गर्दै आधुनिक समालोचनाको पृष्ठभूमि तयार भयो । यस आधारभूमिमा यस चरणका समालोचनाको विकास भएको देखिन्छ । यस चरणको प्रमुख समालोचककहरूमा नयराज पन्त, इन्द्र ब. राई, गणेश भण्डारी, केशप्रसाद उपाध्याय, तारानाथ शर्मा, ठाकुर पराजुली आदि हुन् भने यस चरणमा ६ वटा धारहरूको विकास भएको देखिन्छ जस्तैः-

(१) साहित्यिक सामग्रीको शोधखोजपरक समालोचना धार

(२) भाषाको अन्वेषणपरक समालोचना धार

(३) लोक साहित्य वाल साहित्य, समाज तथा संकृतिमूलक समालोचना धार

(४) पूर्वीय साहित्यको सौन्दर्यपरक समालोचना धार

(५) आधुनिक तथा उत्तर आधुनिक सौन्दर्यपरक समालोचना धार ।

(६) प्रगतिवादी समालोचना धारको विकास भएको पाइन्छ ।

आधुनिक नेपाली समालोचनाको परिदृश्य भित्र थुप्रै साहित्यिक योद्धाहरू देखिदै आएका छन् । जब कृतिको सिर्जना भन्दा समालोचना उमेरले कान्छो नै हुन्छ । त्यसैले सर्जकले साहित्य सिर्जना गर्छ । त्यसपछि मात्र त्यस कृतिको विभिन्न कोणबाट अर्थात सर्जकको नपुऱ्याएको दृष्टिकोण पनि समालोचकले उघारी दिन्छ । यसरी समालोचना सर्जकको दृष्टि हो भन्दा अत्युक्ति नहोला ।

नेपाली समालोचना लेखाइमा हामी विभिन्न ढङ्गले अध्ययन गर्न सक्छौं । समालोचनाको सामग्री भनेकै सिर्जना हो । त्यो सिर्जनालाई प्रभाव पार्ने हरेक तत्वले समालोचनामा प्रभाव पार्दछ । समालोचनालाई परिभाषित गर्दा यसरी गर्न सकिन्छ :- साहित्य जीवनको समालोचना हो भने समालोचनामा साहित्यको भावात्मक, रागात्मक र हार्दिकता रहन्छ । समालोचनामा बौद्धिकता र वस्तुपरकताको मात्रा बढी हुन्छ । यसकारण अरिस्टोटलले समालोचनालाई अनुकरणको पनि अनुकरण हो भनी परिभाषित गरेका छन् । समालोचनामा सन्दर्भमा नेपाली साहित्यको पृष्ठ भूमिलाई केलाउँदा तेस्रो उठानसम्म आइपुग्दा विभिन्न उपचरणमा र विभिन्न वाद, सिद्धान्त प्रणालीसँग जोडेर हेर्न सकिन्छ । यस चरणमा माथि उल्लेखित ६ वटा धारहरू देखिन्छन् ।

यसरी आधुनिक नेपाली समालोचनाको अन्तिम चरणमा विभिन्न ढङ्गले अध्ययन भएको र सर्जकहरूका सिर्जनालाई समालोचकको दृष्टिबाट हेरिदिने परम्पराको विकास भएको देखिन्छ ।

### ४.८.७ तेस्रो चरणमा समालोचक बुद्धि घिमिरेको योगदान

समालोचना त्यस्तो विधा हो जसले कस्तै महान सर्जकलाई वा व्यक्तिलाई पनि आलोचना गर्नबाट अछुतो राख्दैन । यो कार्य ज्यादै कठीन र बौद्धिक कार्य पनि हो । यस कार्यले स्रष्टाको एकाग्र ध्यानलाई विकेन्द्रित गरेर कृति वा रचनामा भएका कमिकमजोरीलाई देखाइदिन्छ । यसका आधारमा समालोचनालाई मूल्याङ्कन गर्दै विभिन्न कोणबाट उल्लेख गर्न सकिन्छ । जसमा कुनैपनि विधाको परापूर्वकालका समालोचकले स्थापना गरेको मानक सिद्धान्तका आधारमा त्यस्तै नयाँ मानक सिद्धान्तलाई प्रतिपादन गरेर समालोचना गर्ने परम्परा छ भने यसदेखि बाहेक कुनैपनि लेखकको प्रभावमा परेर वा कृतिले आफूलाई पारेको प्रभावका आधारमा समालोचना गरिन्छ । हाम्रो समाजमा भक्त परम्परा बढी देखिएको छ । यो सिद्धान्त भित्र परोस वा कसैकका दोस  वा कसैलाई खुशीपार्न पनि समालोचना गरिन्छ । नेपाली समालोचना फाँटमा निर्भिकतपूर्वक कलम चलाउने समालोचक कमै थिए । केही समालोचकले मात्र निर्भिकता पूर्वक कलम चलाएको प्रतित हुन्छ । यो परम्पराको विकास हुन ततकालीन शासन व्यवस्थाको कारण पनि हुन सक्छ । सामान्यतया लेखक राणा वा माथिल्लो वर्गकै हुने गर्थे अझ पञ्चायतकालमा त विभिन्न नामबाट पञ्चहरू नै हुन्थे अनि उनीहरू रिसाएमा चौपट हुने गर्थ्यो । यसैले समालोचक हच्किनु पर्ने अवस्था थियो । सामान्यतया सर्जक रिसाउँछ कि भन्ने आशङ्कामा रहेर समालोचकले कलम चलाउने परम्परा जीवितै रहेको छ । सम्+अलोचनाको मूल भावलाई अङ्गिकार गर्नुपर्छ । त्यस्तै अन्य समालोचना पद्धतिहरू छन् जहाँ समालोचकहरूको भिडभाड नै देखिन्छ । सबै समालोचकले समालोचना गर्दा कृतिको सामाजिक, मानसिक, साँस्कृतिक, ऐतिहासिक, बौद्धिक आदि पक्षहरूको अध्ययन गरी गर्नुपर्ने देखिन्छ ।

नेपाली समालोचना फाँटमा थुप्रै समालोचकहरू उपस्थित भइसकेका छन् । वास्तवमा समालोचना वा कुनै महत्वपूर्ण कार्य गर्न वा साहित्य सिर्जना गर्न देशको केन्द्र नै चाहिने परम्पराको विकास भएको छ । साहित्य पहाड पर्वत गाउँबेंसीमा सिर्जना हुन्छ भने

समालोचना तिनै कन्दरा भीर पाखाबाट लगाइएको कृतिप्रतिको नजर हो । त्यसैले केन्द्रमा रहेर काल्पनिक संसारबाट समालोचना गर्नु भन्दा माटो छोएर प्रत्यक्ष अनुभवबाट समालोचना गर्नु बढी उपयुक्त हुन्छ । यसरी गाउँलाई माया गरेर तिनै गाउँले सर्जकहरूका सिर्जना खोजेर प्रकास पारिदिने सर्जक तथा समालोचक पनि प्रसस्तै छन् । यसै सन्दर्भमा नेपालको सुदूरपूर्व इलाममा जन्मी इलाममानै रहेर विशेषत इलामे सर्जकका सिर्जना र व्यक्तित्व केलाइदिने समालोचक बुद्धिघिमिरे समालोचना क्षेत्रमा प्रवेशदेखि समालोचनाको उत्थानसम्मका परिदृश्यहरू यहाँ प्रस्तुत गरिएको छ । समयको माग अनुसार सहर केन्द्रित लेखक हुनुपर्ने विषयलाई चुनोति दिदै म.र.ब. क्याम्पसका विद्यार्थीलाई शिक्षा प्रदान गर्दै आफ्नो लेखन कार्यलाई निरन्तरता दिने बुद्धि घिमिरे साहित्यका इलाम जिल्लाका स्थापित साहित्यकार हुन् भन्ने उनका खण्डकाव्य र कविता सङ्ग्रहको र समालोचनात्मक कृति प्रकाशनले यसको प्रमाण दिन्छ ।

समालोचना क्षेत्रमा वि.सं. २०३३ मा “देवासुर सङ्ग्राम परिचयात्मक चिन्तन” बाट नेपाली साहित्य समालोचनामा पाइलो राखेका समालोचक बुद्धि घिमिरेले वि.स. २०६५ सम्ममा समालोचना कुसुम नाम गरेको समालोचनात्मक कृति प्रकाशन गर्न पुग्छन् । यस कृतिमा जम्मा १६ शीर्षकमा १६ नै विषयमा समालोचना गरिएको छ । यस कृतिसम्म आइपुग्न घिमिरेलाई निकै सङ्घर्ष गर्नु परेको यथार्थ पनि प्रष्टिन्छ ।

जीवनका थुप्रै ओराली उकाली पार गर्दै घिमिरे जीवनको मूल खण्डमा आइपुग्दा २०३५ सालमा म.र.ब. क्याम्पस इलाममा अध्यापन कार्य सुरू गरेका हालसम्म पनि सोही क्याम्पसमा प्राध्यापनरत छन् । साहित्य सर्जक तथा समालोचक घिमिरेको उर्वर काल पनि यही समय हो । यसै समयमा सिर्जना र समालोचनालाई आफ्नो मार्ग बनाएको साहित्यकार घिमिरेको व्यक्तित्वबाट प्रष्ट हुन्छ । नेपाली समालोचनाको तेस्रो उठानको महत्वपूर्ण समालोचकका रुपमा समालोचना कुसुमले उनलाई स्थापित गरेको छ । यसरी बुद्धि घिमिरेको समालोचनात्मक व्यक्तित्व यहाँसम्म आइपुग्न के कस्तो परिस्थिति वा घटनाक्रमले प्रेरणा दियो  भन्ने विषयमा अध्ययन गर्न जरुरी देखिन्छ ।

### ४.८.८ लेखन तथा समालोचनाका निम्ति प्रेरणा र प्रभाव

कुनैपनि व्यक्तिको इच्छाले कुनैपनि व्यक्ति कवि तथा साहित्यकार वा समालोचक बन्न सक्दैन तर कुनैपनि व्यक्तिका भित्र भएको आन्तरिक क्षमतालाई प्रष्फुटन गराउन एउटा न एउटा कारक तत्व वा प्रेरणा आवश्यक पर्छ । पूर्वीय साहित्यमा चिन्तकहरूले कवि बन्नलाई प्रतिभा व्युत्पत्ति र अभ्यासको सम्योजन हुनुपर्छ भनेका छन् । त्यसैले व्यक्तिमा कवि बन्ने प्रतिभा छ भने त्यसलाई उजागर गर्ने श्रोतको आवश्यकता पर्दछ । त्यसैले प्रतिभाको व्युत्पत्ति गराउनलाई प्रेरणा र प्रभावले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी हेर्दा बुद्धि घिमिरेमा भएको सहज प्रतिभा समकालीन साहित्यकार र पूववर्ती साहित्यकारका रचनाले प्रेरणाको काम गरेको पाइन्छ ।

अध्ययनका क्रममा घिमिरे २०२२ तिर बनारस पुगेपछि उनले संस्कृत साहित्यका विभिन्न रचनाका साथै हिन्दी साहित्यका सुमित्रा नन्दन पन्थ, जयशङ्कर प्रसाद, सूर्यकान्त त्रिपाठी (निराला) आदिका रचनाहरू पढ्ने अवसर पाए अङ्ग्रेजी साहित्यका टी-एस, इलियट, आइ.ए, रिचर्डस, कामु, काफ्का, सार्त्र, मार्क्स जस्ता लेखकका रचनाको अध्ययन गरेकाले आफूलाई पनि लेख्न प्रेरणा मिलेको कुरा उनी व्यक्त गर्छन् । प्रगतिशील अध्ययन मण्डल वाराणसी नामक संस्थाको संस्थापक सदस्य भई उनले मिर्मिरे नामक पत्रिका निकाल्दै सम्पादन र समीक्षा नामक पत्रिका निकाल्ने क्रमबाट सम्पादन र समीक्षा क्षेत्रमा निकै प्रेरणा प्राप्त गर्न सफल भए ।

यसका अतिरिक्त उनले साहित्य सिर्जना र समालोचनाका लागि पाएको प्रेरणा र प्रभावलाई बुँदागत रुपमा यहाँ व्यक्त गरिएको छ :-

(क) वनारसी नेपालीहरूले नेपाली साहित्यप्रति देखाएको मोह । पुस्तकालयको स्थापना विविध पुस्तकहरू प्रकाशनबाट प्राप्त प्रेरणा ।

(ख) स्वयम् साहित्यको विद्यार्थी भएकाले स्वस्फूर्त रुपमा आएको आन्तरिक जागरण ।

(ग) लेखनाथको 'ऋतुविचार'मा निहित प्रकृति चित्रणको प्रभाव ।

(घ) संस्कृत साहित्यका महाकवि कालिदासको काव्यकला ।

(ङ) कवि युद्धप्रसाद मिश्रको छन्दकला तथा उनीसँगको सहवास ।

(च) प्रगतिशील साहित्यकारहरू युद्धप्रसाद मिश्र, डि.बि. अधिकारी, मोदनाथ प्रश्रित आदिको प्रभाव ।

(छ) संस्कृत विद्वान तथा प्राध्यापक द्विजेन्द्रनाथ मिश्र 'निर्गुण' को प्रेरणा र प्रभाव ।

(ज) डा. गोविन्द कविराज (सुवेदी) संस्कृत विश्वविद्यालयका नेपाली विभाग प्रमुखको निर्देशन र प्रेरणा टीका घिमिरे लिखित कृति प्रकाशनका लागि प्रेरित गर्ने प्रयास र लेखन कार्यमा हौसला प्रदान गर्ने प्रवृत्ति ।

यसै गरी सम्पूर्ण कृतिहरूको प्रकाशकीय भूमिका निर्वाह समेत गरिदिने श्रीमती टीका घिमिरेको प्रेरणा पनि निकै उल्लेखनीय रहेको छ ।यसरी विभिन्न क्षेत्र र व्यक्तिबाट प्रेरणा र प्रभाव ग्रहण गरी आफ्नो लेखन कार्यलाई निरन्तरता दिने समालोचक तथा सर्जक बुद्धि घिमिरे हालसम्म पनि लेखिरहेका छन् ।

### ४.८.९ समालोचक बुद्धि घिमिरेको समालोचनाको चरण विभाजन

वि.सं. २०३०।३१ बाटै समालोचना क्षेत्रमा कलम समाएका समालोचक बुद्धि घिमिरेका समालोचानात्मक लेखलाई केलाउँदा र समालोचना कुसुममा प्रविष्ट गरिएका समालोचनात्मक लेखहरूलाई मध्यनजर गर्दा समालोचना क्षेत्रमा बुद्धि घिमिरेको प्रवेश र यसको उर्वरकाल गरी दुईचरणमा राख्न सकिन्छ । समयावधिका हिसाबले हेर्दा पृष्ठभूमिकाल र विकासकाल भन्न सकिन्छ भने समालोचना सिद्धान्का दृष्टिले समालोचक बुद्धि घिमिरेका समालोचनालाई तीन भागमा बाँड्न सकिन्छ । ती चरणहरू स्रष्टापरक कृतिपरक, सिद्धान्तपरक (विधापरक) भन्न सकिन्छ । यहाँ पहिलोचाहिँ समालोचक बुद्धि घिमिरेले आधुनिक समालोचना पद्धति र नेपाली समालोचनाको तेस्रो उठानमा जुन योगदान दिएका छन् , त्यसले क्याम्पस स्तरका पाठकहरूलाई अन्त्यन्तै ठूलो सहयोग पुगेको छ । हालसम्म देखापरेका घिमिरेका समालोचनात्मक लेख समालोचना कुसुममा समावेश भएका छन् भने तत्पश्चात् पनि निरन्तर रुपमा समालोचनात्मक लेखहरू प्रकाशन भएका देखिन्छन् ।

समालोचना कुसुमका अतिरिक्त धुसेनी गा.वि.स.बाट प्रकाशन हुने अभ्यास द्वैमासिक पत्रिका अङ्क नौं २०६५ मार्ग-पौष अङ्कमा प्रकाशित "स्वर्गमा कवि गोष्ठी कविता सङ्ग्रहको विवेचना" शीर्षकमा कवि श्यामकृष्ण श्रेष्ठको कृतिपरक समालोचना गरेको पाइन्छ ।[९] यसरी नै अभ्यासकै दशौं अङ्कमा यसै कविता सङ्ग्रहका बाँकी कविताहरूको विवेचना गरिएको छ । पूर्वीय मान्यताका आधारमा कवितालाई केलाउँदा

[९]. अभ्गास अभ्यास द्वैमासिक पत्रिका मंसिर - पौष अंक ९, २०६५ पृष्ठ ४ ।

छन्दविधान ध्वनि, रस, रीति आदिका आधारमा समीक्षा गरिएको छ । यसरी वि.स. २०३३ सालको बनारसबाट प्रकाशन हुने मिर्मिरे अङ्क १ मा प्रकाशित “देवासुर सङ्ग्राम परिचयात्मक चिन्तन”बाट २०६५ को “स्वर्गमा कवि गोष्ठी कविता सङ्ग्रहको विवेचनात्मक समालोचना” सम्मको अध्ययन गर्दा समालोचक बुद्धि घिमिरेको समालोचनात्मक व्यक्तित्वलाई दुई चरणमा विभाजन गरी अध्ययन गर्नु उपयुक्त देखिन्छ । जसमा कालक्रमिक अधारमा समालोचनाको पूर्वार्ध वा प्रथम चरण २०३१।३२ देखि २०३७ सम्म दोस्रो चरण २०३७ देखि हालसम्म निर्धारण गर्न सकिन्छ ।

### ४.८.९.१ प्रथम चरण

२०२५।२६ तिरबाटै साहित्यमा कलम चलाउन थालेका साहित्यकार बुद्धि घिमिरेले आफ्ना लेख रचनाहरूलाई दुई भागमा विभाजन गरेर समालोचना र सिर्जना दुवै भागमा कलम चलाउन थाले । समालोचक घिमिरेले पत्रपत्रिकामा लेख रचना र पत्रिका सम्पादन गरेर समीक्षात्मक सीपलाई विकास गरेको पाइन्छ । यस चरणमा विशेष गरी समीक्षात्मक सीपको विकास गरी एक सफल समालोचक बन्न प्रेरित भएको पाइन्छ । प्रवृत्तिगत रुपले हेर्दा यस चरण्मा घिमिरेका समालोचनात्मक लेख मात्र प्रकाशित छन् । वि.स. २०३३ मा औपचारिक रुपमा समालोचना क्षेत्रमा लेख प्रकाशन गराएर घिमिरेले यस क्षेत्रको विकासमा निकै सहयोग गरेको पाइन्छ ।

यो चरण समालोचक बुद्धि घिमिरेका समालोचना लेख प्रकाशनको अवधि हो जसमा ‘देवासुर सङ्ग्राम परिचयात्मक चिन्तन’ २०३३।१।७ गते वाराणसीबाट प्रकाशन हुने मिर्मिरे अङ्क १ मा प्रकाशित लेख हो । त्यस्तै “नेपाली साहित्यको सन्दर्भमा आधुनिकता गतिशीलता र यथार्थबाद एक विवेचना” (२०३४) वैशाख मिर्मिरे अङ्क २ मा “सोमनाथ सिग्देल र उनको महाकाव्य आदर्श राघवको परिचय र विश्लेषण” (२०३५) समर्पण-सामयिक सङ्कलन अङ्क ३ वाराणसीबाट प्रकाशित लेखहरू हुन् । “लेखनाथ र उनको नत्यकाव्य-तरुण तपसी, मीमांसा” (२०३५) कोशीको लहर अङ्क १ वाराणसीबाट त्यस्तै “आगो र पानी खण्डकाव्यको समीक्षात्मक अध्ययन” कदर सामयिक सङ्कलन (२०३७) हुन् । पहिलो चरणका समालोचनात्मक लेखलाई हेर्दा उनले स्थापित साहित्यकारहरूका कृतिको र कृतिकारको समीक्षा गरेको पाइन्छ ।

### ४.८.९.२ दोस्रो चरण

समालोचक बुद्धि घिमिरेको समालोचनात्मक लेखहरूको प्रकाशन मितिलाई ध्यान दिंदा यस चरणलाई दुई भागमा विभाजन गर्नु उपयुक्त देखिन्छ । यसमा समालोचक बुद्धि घिमिरेको वि.स. २०३७ देखि वि.स. २०५७ सम्ममा एउटा मात्र समालोचनात्मक लेख प्रकाशित भएको छ । त्यसैले २०३७ पछिका दिनमा घिमिरे साहित्य सिर्जनामा व्यस्त रहेकाले समालोचनात्मक लेख कमै मात्र प्रकाशन हुन पुगे भने यस समयमा प्रकाशन भएको हिन्दू संस्कृतिमा "प्राचीन गुरुकूल परम्परा समीक्षात्मक अध्ययन" अवेषण अङ्क १ २०४६ मा प्रकाशित भएको थियो । यसरी हेर्दा दोस्रो चरणको पूर्वार्द्धमा उनको समालोचना फष्टाएको देखिदैन भने यस चरणको उत्तरार्द्धमा क्रमिक रुपमा समालोचचनात्मक लेख रचनाहरू प्रकाशित भएका देखिन्छन् । यसरी २०५८ पछिका दिनमा समालोचक घिमिरे निकै क्रियाशील देखिन्छन् । यस अवधिमा प्रकाशन भएका लेखहरूमा-

(१) पौराणिक कथा सङ्ग्रह- पार्वती परिणय एक समीक्षा -२०५८

(२) 'क्यालेण्डरका घुम्तीहरू' कथा सङग्रहको छोटो समीक्षा -२०६१

(३) पूर्वीय साहित्यका सन्दर्भमा- ध्वनिवाद

(४) महाकाव्यको विकास र नेपाली महाकाव्य -२०६१

(५) खण्डकाव्य सिद्धान्त एवं नेपाली खण्डकाव्यको विकासक्रम र वर्गीकरण -२०६१

(६) संस्कृत काव्यशास्त्र- छोटो परिचय -२०६४

(७) विश्वेश्वरप्रसाद कोइरालका उपन्यासमा नारी अस्मिताको सन्दर्भ -२०६४

(८) पोखरेली प्रतिनिधि हास्य व्यङ्गकार: विश्व शाक्य छोटो चर्चा -२०६२

(९) कवि श्यामकृष्ण श्रेष्ठका कवितामा छन्दप्रयोग र सौन्दर्य चेतना एक समीक्षा

(१०) संस्कृत काव्यशास्त्र: छोटो परिचय- २०६५

(११) स्वर्गमा कवि गोष्ठी कविता सङ्ग्रहको विवेचना -२०६५

यसरी हेर्दा समालोचक वृद्धि घिमिरेको समालोचना पहिलो चरणमाभन्दा दोस्रो चरणमा तिखारिएको पाइन्छ ।

### ४.८.१० सम्मान तथा पुरस्कार

नेपाली साहित्यको सम्मान तथा पुरस्कार श्री बृद्दिमा लागेका जो कोही साहित्यकार दुःखी नै हुन्छन् । तर उनीहरूको लेख रचनाले समाजलाई स्पष्ट मार्गदर्शन गरिरहेको हुन्छ । साहित्यकारहरू  धनका धनी नभए पनि मनका भने धनी हुन्छन् । सम्पत्तिको पोकाले सम्मान गर्न नसके पनि शब्द सम्मान साहित्यकारले प्राप्त गरिहेको हुन्छ । साहित्यकार आफ्नो साहित्य सिर्जनालाई पुरस्कार होइन पाठकले सम्मानका साथ अध्ययन गरिदिए त्यो नै पुरस्कार सम्झन्छन् ।

यसरी हेर्दा साहित्यकार तथा समालोचक बुद्धि घिमिरले जीवनमा केही महत्वपूर्ण सम्मान पाएका छन् । घिमिरेको साहित्ययात्राको कदर गर्दै उनलाई कवि शिरोमणि लेखनाथ पौडेलको १२२ औं जन्मजयन्ती समारोहका उपलक्ष्यमा सार्वजनिक अभिनन्दन गरिएको पाइन्छ । लेखनाथ पुस्तकालय चन्द्रगडी झापाले प्रत्येक वर्ष छन्दोवद्ध कविता सर्जकहरू मध्येबाट एकजनालाई दिइने उक्त सम्मान तथा पुरस्कार वि.सं. २०६२ पौष २६ गते मङ्गलबारका दिन घिमिरेलाई प्रदान गरिएको थियो । यसै गरी उनको साहित्यिक योगदानको कदर गर्दै इलाम महोत्सव, वि.सं. २०६० र माइपोखरी महोत्सव, वि.सं. २०६२ मा समेत सम्मान पत्र र पुरस्कार प्रदान गरिएको पाइन्छ । यसका अतिरिक्त घिमिरेले विभिन्न अवसरमा विभिन्न रचनामार्फत साथै साहित्यिक कार्यक्रममा सहभागिता जनाएर त्यस्ता कार्यक्रममा सम्मानित हुने मौका प्रसस्तै पाएका छन् । तिथिमिति उपलब्ध नभएकाले  सवै उल्लेख गरी समावेश गर्न सम्भव भएन ।

यसरी बुद्धि घिमिरे नेपाली साहित्य सर्जक र समालोचकका रुपमा उपस्थित भएर महत्वपूर्ण योगदान दिदै आएका छन् ।

# पाँचौं परिच्छेद

## समालोचक वुद्धि घिमिरेको समालोचनात्मक व्यक्तित्व र समालोचना कुसुमको अध्ययन र विश्लेषण

### ५.१ आमुख

नेपाली समालोचनाको इतिहास त्यति लामो देखिदैन । यसको उठानलाई हेर्दा समालोचनाको अर्थलाई पूर्ण पालना गरेर आफ्ना लेख रचना प्रकाशन गरेको त्यति लामो इतिहास छैन । त्यसैले समालोचनालाई पूर्वीय धारबाट कलम चलाउने समालोचकहरू प्रसस्त रहेका छन् । यसै हुलभित्र आफ्नो परिचिय गराउन इलामको माटोबाट बनारसको पृष्ठभूमि बोकेर नेपाली समालोचनामा उदाएका घिमिरे विभिन्न शैलीलाई आत्मसाथ गर्दै समालोचना विधामा वि.सं. २०६५ मा आफ्नो समालोचनात्मक सङ्ग्रह प्रकाशन गराउन पुग्छन् । यो प्रकाशनले दुईवटा प्रमुख कार्य गरेको देखिन्छ । पहिलो, समालोचनाले विभिन्न धारको प्रयोग गरेर नेपाली समालोचनालाई केही हदसम्म चिनाउने काम गरेको छ, भने दोस्रो समालोचनाले स्नातकोत्तर तह नेपाली विषयको अध्ययनलाई सहज र सरल तुल्याई दिएको छ । समालोचना कुसुम नेपाली समालोचना क्षेत्रभित्र फष्टाएका विभिन्न वाद र प्रणालीमा आधारित देखिन्छ । इलामे साहित्यकारका रुपमा स्थापित साहित्यकार घिमिरे अब यो समालोचना कुसुम प्रकाशन गरेपछि साहित्यको दोश्रो पाटो समालोचनामा पनि पोख्त छन् भन्ने कुरा पुष्टि हुन्छ । समालोचक घिमिरेका समालोचना कुसुममा रहेका १६ वटा लेख साथै अन्य प्रकाशित समालोचनाका बारेमा विस्तृत खोज अध्ययन गर्ने जमर्को यस परिच्छेदमा गरिएको छ ।

### ५.२ समालोचना कुसुम

वि.सं. २०६५ सालको वसन्त पञ्चमीमा प्रकाशित यो समालोचना कुसुममा जम्मा सोह्रवटा समालोचनात्मक लेखहरू रहेकाछन् । जुन विभिन्नवाद प्रणाली सिद्धान्तसँग सम्बन्धित छन् । समालोचना कुसुम के हो ? यसभित्र भएका लेखहरूको उपादेयता के हो ? यिनैका विषयमा विस्तृत अध्ययन गर्नु यस परिच्छेदको उद्देश्य बन्न पुगेको छ ।

यस कृतिभित्र रहेका लेखहरूलाई फरक-फरक सिद्धान्तसँग तुलना गरिएको छ।

(१) खण्डकाव्य सिद्धान्त एवं नेपाली खण्डकाव्यको विकासक्रम

(२) महाकाव्यको विकास र नेपाली महाकाव्य ।

(३) पूर्वीय साहित्यका सन्दर्भमा ध्वनिवाद

(४) नेपाली साहित्यको सन्दर्भमा आधुनिकता प्रगतिशीलता र यथार्थवाद जस्ता लेखहरूमा समालोचनाका सिद्धान्त र विधागत इतिहास चियाउने जमर्को गरिएको छ । त्यस्तै संस्कृतका केही काव्य शास्त्रीय र शास्त्रीय चिन्तनहरू चिनाउन-

निम्न शिर्षकमा समालोचना गरिएको छ ।

(१) संस्कृत काव्यशास्त्र छोटो चिनारी

(२) हिन्दू संस्कृतिमा प्राचीन गुरुकुल परम्परा समीक्षात्मक अध्ययन

**कृतिकारको परिचयात्मक विश्लेषणात्मक लेखहरूमा-**

(१) बालकृष्ण सम र आगो र पानी खण्डकाव्यको समीक्षात्मक अध्ययन

(२) लेखनाथ र उनको नव्य काव्य तरुण तपसी मीमांसा

(३) सोमनाथ सिग्देल र उनको महाकाव्य आदर्श राघवको परिचय र विश्लेषण

(४) देवासुर सङ्ग्राम परिचयात्मक चिन्तन

(५) विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा नारी अस्मिताको सन्दर्भ

(६) माधव भँडारीको पौराणिक कथा सङ्ग्रह पार्वती परिणय एक समीक्षा

(७) क्यालेण्डरका घुम्तीहरू कथा सङ्ग्रहको छोटो समीक्षा

(८) कथाकार विष्णु नवीन र लोग्ने स्वास्नी कथा सङ्ग्रहको छोटो विवेचना

(९) कवि श्याम कृष्ण श्रेष्ठका कवितामा छन्द प्रयोग र सौन्दर्य चेतना एक समीक्षा

(१०) पोखरेली प्रतिनिधि हास्यव्यङ्ग्यकार विश्वसाक्य छोटो चर्चा ।[१०]यी लेखहरूले नेपाली साहित्यमा योगदान दिने साहित्यकारको परिचय र साहित्यिक कृतिको विवेचना गरेका छन् ।

समालोचक घिमिरेको समालोचना पद्धतिलाई यिनै लेखका आधारमा केलाउनु उपयुक्त हुन्छ । नेपाली समालोचनाको आधुनिककालमा कलम चलाउने थुप्रै समालोचकहरूको भिडभाडमा घिमिरे इलामे कलम चलाउने समालोचक हुन् । हुन त

---

[१०]. चूडामणि रेग्मी समालोचना कुसुमको भूमिकाबाट ।

इलामे माटोले थुप्रै साहित्य स्रष्टा र समालोचक जन्माएको छ । यहाँ नाम लिनै पर्ने व्यक्तिका रुपमा डा. तारानाथ शर्मालाई लिइन्छ । उनले पनि नेपाली समालोचनाको क्षेत्रमा निकै अघिदेखि नै कलम चलाएका हुन् त्यसैले आधुनिककालका समालोचक घिमिरे समालोचनाको तेश्रो उठानका समालोचक हुन् । उनका समालोचना कुसुममा सङ्ग्रहित लेखहरूलाई समालोचनाको मूल्य मान्यता र सिद्धान्तका आधारमा विश्लेषण गर्नुपर्ने देखिन्छ । यहाँ अलग-अलग शीर्षकलाई छुट्टाछुट्टै अध्ययन गर्ने जमर्को गरिएको छ । यस कृतिमा वि.सं. २०३३ देखि वि.सं. २०६५ सम्मका लेखहरू समेटिएका छन् ।

## ५.३ महाकाव्यको विकास र नेपाली महाकाव्य-

यो शीर्षकको समीक्षा यस समालोचना कुसुममा राखिएको लेखहरूमध्ये सबैभन्दा अग्रभाग वा पहिलो शीर्षकमा पेज १ बाट शुरु गरिएको छ । वि.सं. २०६१ को इलामबाट प्रकाशन हुने अन्वेषण अङ्क ३, २०६१ मा लेखिएको लेखलाई यस कृतिमा समालेश गरिएको हो ।

पूर्वीय र पाश्चात्य मान्यताका आधारमा महाकाव्यको विशेषतालाई मुख्य रुपमा उजागर गर्न सक्षम यो लेखमा समालोचनाका सिद्धान्तभित्र रहेर घिमिरेले समालोचना गरेकाछन् । यस लेखमा महाकाव्यमा पूर्वीय र पाश्चात्य मान्यताका आधारमा के कस्ता सिद्धान्त स्थापित भएका छन् । ती सिद्धान्त अनुसार महाकाव्य लेखिएका छन् छैनन् भन्ने विश्लेषण यस लेखमा गरिएको छ । सिद्धान्तपरक समालोचना प्रणालीलाई घिमिरेले आत्मसात गरेका छन् । महाकाव्य सम्बन्धी चिन्तन गर्ने पूर्वीय तथा पाश्चात्य विद्वानहरूले स्थापित गरेको सिद्धान्त र मान्यतालाई आधार बनाई विश्लेषण गर्ने गरिन्छ । यसरी यस लेखलाई उपयोगी र सिद्धान्त उन्मुख बनाउन पूर्वीय विभिन्न चिन्तकहरूले आ-आफ्नै चिन्तन प्रस्तुत गरेका छन् । महाकाव्यको परिभाषा दिने क्रममा घिमिरेले पहिले महाकाव्यको विश्लेषण वा काव्यको परिचयबाट सुरु गरी यसको आधारभूत तत्वको व्याख्या गरेका छन् ।

महाकाव्य शब्दकै आधारमा पनि नेपाली शब्द व्युत्पत्तिलाई हेर्दा महान काव्य=महाकाव्य हो । जुन काव्य हरेक दृष्टिले महान् रहन्छ त्यो काव्य नै महाकाव्य हो भन्ने कुरामा पूर्व र पश्चिमाहरूको मत रहेको छ । यस शीर्षकमा समालोचक घिमिरेले पूर्वीय विद्वानहरूका मतमा महाकाव्यको परिभाषा यस प्रकार दिइएका छन्:

पूर्वीय साहित्यका चिन्तकहरूले काव्यलाई दुई भागमा बाँड्रेर हेर्ने गरेको कुरा उल्लेख छ। पूर्वीय आचार्यहरूले काव्यका श्रव्य र दृश्य गरी दुई भेद भएको उल्लेख गरेका छन्। आचार्य विश्वनाथले आफ्नो कृति साहित्य दर्पणमा "दृश्यश्रव्यत्व भेदेन पुनःकाव्यंद्विधामतम्" भनेर विश्वनाथले सर्वप्रथम काव्यका दुई भेदका बारेमा परिभाषा दिए।[११] पूर्वीय आचार्यहरूले आ-आफ्ना तर्कहरूलाई मजबुत बनाउने गरी काव्यका भेद उल्लेख गरेका छन्। यहाँ समालोचक घिमिरेले छोटो रुपमा काव्य चिन्तकका चिन्तनलाई राख्ने जमर्को गरेका छन्।

जुन अत्यन्तै सूक्ष्म देखिन्छ। जसको अध्ययन गर्दा लामो समय र धेरै सामग्रीको सयोग गर्नुपर्ने हुन्छ, जसलाई संक्षिप्त रुपमा राखेर नेपाली पाठकहरूलाई संक्षिप्त रुपमा जानकारी दिने जमर्को गरिएको छ। पूर्वीय आचार्यहरूका काव्य सम्बन्धी चिन्तनका सामग्री पूर्ण रुपले प्रस्तुत गर्न नसकिने भएकाले नै अति सूक्ष्म रुपले घिमिरेले यस शीर्षकमा राखेको प्रतीत हुन्छ। काव्यका बारेमा पूर्वीय विद्वानहरूमा एक मत छैन। हुन त कुनै पनि सिद्धान्तमा एक मत भयो भने नयाँ कुराको विकास हुने थिएन। यहाँ घिमिरेले कविता वा काव्यलाई चिनाउने क्रममा प्रस्तुत गरिएका जे जति विशेषता बताइएको छ , त्यो पर्याप्त छैन। त्यहाँ काव्यका गुण वा काव्य बन्नका लागि चाहिने विशेषताको छनक मात्र पाइन्छ। त्यसैले पूर्वीय सिद्धान्तमा काव्यका संरचनागत भेदमा यस कृतिमा विश्वनाथको चर्चा गरिएको छ। जसमा गद्य, पद्य, चम्पू तीन भेद देखाइएको पाइन्छ। यसरी पद्य कवितालाई विशेष गरी पूर्वीय आचार्यहरूले नाम फरक भएता पनि भेद चाहिं धेरैजसोले पाँच बताएका छन्। त्यस्तै आचार्य विश्वनाथले कविता काव्यको वर्गीकरण चार किसिमले गरेका छन् :

(१) काव्य (२ कोष काव्य (३) खण्ड काव्य (४) महाकाव्य

त्यस्तै रूद्रटले काव्यका महान् र लघु गरी दुई भेद गरेका छन्। त्यस्तै रूद्रटको लघु र महान् काव्य भेदलाई आनन्दवर्धनले- लघुकाव्यलाई- (१) मुक्तक (२) युग्मक/सन्दानितक (३) विशेषक (४) कलापक (५) कुलक गरी पाँच श्रेणीमा विभाजन गरे भने महान् काव्यलाई- (१) पर्यायवन्ध (२) परिकथा (३) खण्डकाव्य (४) सकल कथा (५) सर्गबन्ध गरी पाँच श्रेणीमा समेट्ने कार्य गरेका छन्।

यसरी विभाजन गरिएका काव्यका भेदलाई निम्नानुसार हेर्न सकिन्छ।

---

११. समालोचना कुसुम पृष्ठ १।

(१) मुक्तक- संस्कृत, प्राकृत स्वयम्‌मा पूर्ण स्फुट पद्य हो ।

(२) युग्मक/सन्दानितक-समापिका क्रिया दुई श्लोकमा अन्त्य भएको श्लोक युग्मक हो ।

(३) विशेषक- समापिका क्रिया तीन श्लोकमा अन्त्य भएको श्लोकलाई विशेषक भनिन्छ ।

(४) कलापक- समापिका क्रिया चार श्लोकमा अन्त्य भएको कलापक हो ।

(५) कुलक- समापिका क्रिया पाँच वा सो भन्दा बढी श्लोकमा अन्त्य भएको श्लोक कुलक हो ।

यसै गरी महान् काव्यलाई पनि यसरी विभाजन गरेको देखिन्छ ।

(१) पर्यायबन्ध- बसन्त आदिको एक विषयको वर्णन भएको प्रकरणलाई पर्यायबन्ध भनिन्छ ।

(२) परिकथा- चतुर्वर्गमध्ये कुनै एक विषयमा धेरै कथाहरूको सङ्ग्रह वा सङ्योजन गरिनुलाई परिकथा भनिन्छ ।

(३) खण्ड कथा- ठूलो कथाको एक भागको वर्णन गरिएको प्रसिद्ध रचनालाई खण्ड कथा भनिन्छ ।

(४) सकल कथा- फलपर्यन्तको सम्पूर्ण कथा भएको रचनालाई सफल कथा भनिन्छ ।

(५) सर्गबन्ध- जीवन जगत्‌को समग्र कथ्य विषयवस्तुलाई धर्म, अर्थ, काम, मोक्ष चारै वर्ग र नवै रसको परिपाक प्रयोग सहित आख्यानीकरणमा सर्गहरूको बन्धन वा संयोजन गरिएको रचनालाई सर्गबन्ध भनिन्छ ।[१२]

यसरी ईश्वरीप्रसाद गैरेले आफ्नो आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य सिद्धान्त समालोचना पुस्तकमा परिभाषित गरेका छन् ।

काव्यलाई चिनाउने क्रममा घिमिरेले पूर्वीय आचार्यहरूका विचारलाई समेटी त्यसमा आफ्नो मौलिक विचार प्रतिपादन गर्ने जमर्को गरेका छन् । पूर्वीय आचार्यहरूले लामा कविताका भेदहरूमा खण्डकाव्य र महाव्य रहेका छन् भनी बर्गीकरण गरेका छन् जसलाई प्रबन्ध काव्यका भेद अन्तर्गत राखिएको पाइन्छ । प्रबन्ध काव्यको सन्दर्भमा घिमिरेले आचार्य आनन्द बर्द्धनको परिभाषालाई समाविष्ट गरेको पाइन्छ । जसअनुसार प्रबन्ध काव्यमा "कथावस्तु सुदृढ योजना र रस प्रतिपादन हुनुपर्छ भन्ने कुरामा जोड दिएको पाइन्छ । त्यस्तै प्रबन्ध काव्यमा कथावस्तुमा नाटकमा जस्तै सन्ध्यङ्गयको प्रयोग अनुकूल अलङ्कारहरूको प्रयोग हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ ।

[१२]. आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य सिद्धान्त (समालोचना सिद्धान्त ) ईश्वरीप्रसाद गैरे ।

यसरी हेर्दा समालोचक घिमिरेको समालोचना शक्ति यस लेखको अग्रभागमा पूर्वीय आचार्यहरूले स्थापित गरिदिएको मान्यताको पछि लागेर आफ्नो सिद्धान्तपरक समालोचनालाई अघि पढाएको पाइन्छ । महाकाव्यलाई परिचय गराउन समालोचक घिमिरेले काव्यको परिचय दिएका छन् । जसको सिद्धान्त पूर्वीय आचार्यहरूले स्थापित गरेका थिए सोही आधारमा काव्यलाई केलाउने काम घिमिरेले गरेका छन् ।

यसरी घिमिरेले यस लेखमा सुरूमा काव्य विधाको कविता विधागत चिनारी पूर्वीय सिद्धान्तसँगको तालमेलमा गरेका छन् ।

### ५.३.१ महाकाव्यको पूर्वीय तथा पाश्चात्य रुपरेखा

पूर्वीय साहित्यमा काव्य शब्दले साहित्य शब्दको प्रतिनिधित्व गर्दछ । त्यसैले काव्यशास्त्र अन्तर्गत कविता विधालाई विभिन्न श्रेणीमा विभाजन गरी अध्ययन गर्ने गरिन्छ । यर्स सन्दर्भमा घिमिरे पूर्वीय परम्पराका विशिष्ट विद्धानहरूका चिन्तनलाई मनन गर्दै प्रबन्ध काव्यको विशेषता यसरी प्रस्तुत गर्दछन् .... "प्रबन्ध काव्य एउटा यस्तो गुम्फन हो, कथात्मक ढाँचामा जीवन र जगत्का विशद् पक्षको काव्यात्मक प्रस्तुति हुन्छ; त्यसैले बृहत्तर काव्य, (लामा काव्य) वृहत् काव्य (महाकाव्य) वा मध्यमकाव्य (खण्ड काव्य) जुनसुकै रुप पनि प्रबन्धकाव्यमा जीवन र जगत्सँग सम्बद्ध मानवीय समवेदनाहरू नै प्रवल रुपमा सङ्कलित, विश्लेषित र व्याख्यायित हुन्छन् ।"

यसरी प्रबन्धकाव्यको  ऐतिहासिक पृष्ठभूमिलाई केलाउँदै घिमिरेले पूर्वीय परम्परामा महाकाव्यको इतिहासलाई वैदिककालसम्म पुग्नुपर्ने हुन्छ भन्ने कुरा प्रष्ट्याएका छन् । जस अनुसार । पूर्वमा आदिकवि वाल्मीकि (इ.पू. १५००-१०००) र वेद व्यासलाई लिइन्छ भने पाश्चात्य साहित्यमा महाकाव्यको इतिहासमा ग्रीसेली कवि होमर (इ.पू. १०००) सम्म पुगेको देखिन्छ ।

### ५.३.२ महाकाव्यको पाश्चात्य परम्परा

इ.पू. ३५०० वर्ष पूर्वको हिट्टेली भाषासम्म पुगेर अध्ययन गर्ने वा त्यस परम्पराको मौखिक महाकाव्यको चर्चा गरेर घिमिरेले पश्चिमी महाकाव्यको इतिहासको जानकारी दिदै ग्रीसेली महाकवि होमरको इलियड र ओडेसीचाहिं साक्षात् रुपमा हालसम्म प्राप्त  प्रथम महाकाव्यका रुपमा प्रस्तुत भएका छन् भनेका छन् । त्यसैले पाश्चात्य महाकाव्यको थालनी

होमरको इलियड र ओडेसीलाई नै मान्नुपर्ने तर्क उचित छ भन्न सकिन्छ । होमर पछि होमरलाई पछयाउँदै महाकाव्य लेखन परम्परा थालनी भएको कुरा घिमिरेले ऐतिहासिक विवरणसाथ प्रस्तुत गरेका छन् ।

होमरको षडपदी छन्द प्रयोग भएका प्रसिद्ध इलियड र ओडेसीले पश्चिमी गोलार्धमा नयाँ आयाम थपी क्रमशः इटाली, फ्रान्स, जर्मनी, बेलायत, पोर्जुगाल, अमेरिका आदि देशमा यही परम्परा फैलिएको प्रष्ट पारेका छन् ।

यसरी विकास भएको महाकाव्य परम्परा भर्जिलको 'एनियड' दाँतेको "डिभाइन कमेडी" र अन्य साहित्यकारहरूका कृतिहरूले आ-आफ्ना ढङ्गमा महाकाव्यको जन्म दिदै नयाँ-नयाँ विषयवस्तु र नयाँ पद्धतिद्वारा रचना गरेको कुरा उल्लेखित छ ।

पाश्चात्य परम्परामा विकसनशील महाकाव्यबाट विकास हुँदै ललित महाकाव्यमा भर्जिल आइपुगे भने पूर्वीय साहित्यको ललित महाकाव्य परम्परालाई पाश्चात्यका भर्जिलसँग जोड्ने जमर्को गर्दै ललित महाकाव्य परम्परामा भर्जिल र कालिदासलाई लिन-सकिन्छ भन्ने कुरा तर्फ घिमिरेको धारणा रहेको देखिन्छ ।

करीब ६ हजार वर्ष पुरानो मौखिक परम्परा पाश्चात्य साहित्यको कविता विधाको बलियो जगका रुपमा रहेको कुरा प्रष्ट हुन्छ ।

यस लेखमा पाश्चात्य साहित्य सिद्धान्तको जन्म दार्शनिक सोक्रेटस, प्लेटो, एरिस्टोटल जस्ता युगद्रष्टा सिद्धान्त सर्जक, समालोचक विद्धानबाट थालनी भएको प्रष्टयाइएको छ ।

पाश्चात्य साहित्यमा सैद्धान्तिक विचार प्रष्ट रुपमा राख्ने विद्धान दार्शनिक अरस्तुको विचारलाई यहाँ समेटिएको छ । अरस्तुले साहित्य प्रकृतिको अनुकरण हो भने समालोचना अनुकरणको पनि अनुकरण हो भनी परिभाषित गरेका छन् । उनको परिभाषा भित्र महाकाव्य भित्र निम्न बुँदा सामेल हुनुपर्ने कुरा घिमिरेले खोज गरी यस लेखमा राखिदिनु पाठकलाई अझ प्रभावकारी बन्न पुग्ने आशा गर्न सकिन्छ भनेका छन् । जसमा (१) महाकाव्य समाख्यानात्मक हुनुपर्छ । (२) यसमा उच्चत्तर चरित्रको वर्णन हुनुपर्छ । (३) यसको आकार ठूलो हुनुपर्छ । (४) यसमा एउटै छन्दको प्रयोग हुनुपर्छ । (५)यसको निर्माणमा घनत्व र गरिमा हुनुपर्छ । (६) महाकाव्यमा नाटकको जस्तै पूर्वापर क्रम मिलेको हुनुपर्छ भनेका छन् । यस्तै महाकाव्यका मूल तत्वलाई यसरी औंल्याएका छन् ... (१)

कथावस्तु (२) चरित्र (३) विचार वा भाव । यसरी पूर्वीय आधारमा परिभाषित गर्दा घिमिरेले (१) वस्तु (२) नेता (९) रसकै समकक्ष तत्व देखाएका छन् ।

यसरी पाश्चात्य साहित्य सिद्धान्तमा विशेष व्याख्याताको परिभाषा राखिनु यो लेखको अर्को वैशिष्ट्य हो । यस्तै परिवेश भित्रबाट अमेरिकी लेखक एज्रापाउण्डको "सर्गबन्ध" जस्तो बृहत् काव्य आउनु विकासको परिणति हो । जसलाई एज्रापाण्डले ५९ वर्षको अनुभवलाई उतारेका छन् । हाल आएर महाकाव्यको ठाउँ उपन्यासले लिइरहेको बेला पनि "सर्गबन्ध" लेखिनु पाश्चात्य महाकाव्य परम्परा निरन्तर छ भन्ने कुरा प्रष्टिन्छ भन्ने घिमिरेको तर्क सान्दर्भिक देखिन्छ ।

### ५.३.३ पूर्वीय महाकाव्य परम्परा

यस उपशीर्षकमा घिमिरेले सिद्धान्तमा स्थापित चिन्तकहरूका विचारलाई उनीहरूका कृतिका आधारमा राखिदिएका छन् । जसले नेपाली भाषा र साहित्यका अध्येतालाई सरल र सहज बन्न पुग्छ । किनभने नेपाली साहित्य विशेषतः पूर्वीय साहित्य सिद्धान्तको नजिक रहेको छ । त्यसैले यहाँ समालोचक घिमिरेले 'भामह', दण्डी, रूद्रट र विश्वनाथका विचार समेटी महाकाव्यको परिभाषा केलाएका छन् । उनीहरूको परिभाषाले पूर्वीय साहित्यमा कस्तो विषयवस्तु वा कसरी लेखिएको कवितालाई अनि कत्रो कवितालाई महाकाव्य भन्ने भन्ने द्विविधाको अन्त्य गर्ने चेष्टा घिमिरेले गरेका छन् । भामहले दिएको परिभाषा र दण्डीको परिभाषालाई घिमिरेले तथ्यसिद्ध ढङ्गले उनीहरूकै कृतिको हु-बहु प्रस्तुति गरेका छन् भने रूद्रटको परिभाषालाई दण्डी र भामहको परिभाषामानै समाहित गरी कृतिको उल्लेख मात्र गरेका छन् । त्यस्तै परिभाषा कै क्रममा वा विश्लेषणका क्रममा आचार्य विश्वनाथका विचारलाई भने घिमिरेले विभिन्न दृष्टान्त दिदैं पुष्टि गर्ने कार्य गरेका छन् । विश्वनाथका भनाइमा महाकाव्यको स्वरुप गुण आदिको चर्चा पछिल्लो पनि भएकाले होला उनको परिभाषा बढी सान्दर्भिक देखिन्छ । अगाडिका आचार्यका कतिपय विचारलाई समेट्दै नयाँ विचार दिने आचार्य विश्वनाथले महाकाव्यको चिन्तनका बारेमा लेखेका अवधारणालाई घिमिरेले पाठकले बुझ्नेगरी उल्लेख गरिदिएका छन् । जसमा एउटा महाकाव्य भन्न लायक कृति कस्तो हुन्छ ? भन्ने विषयमा विश्वनाथका विचार उनको साहित्य दर्पणका माध्यमबाट निम्नानुसार प्रस्तुत भएको कुरा घिमिरे उल्लेख गर्दछन् ...

(१) महाकाव्य सर्गमा बाँधिएको हुनुपर्छ ।

(२) श्रृङ्गार वीर, शान्त मध्ये कुनै अङ्गीरस हुनुपर्छ ।

(३) नायक देवता वा धीरोदात्त प्रकृतिको कुलीन राजा वा एकै कुलका क्रमिक धेरै राजा हुनुपर्छ ।

(४) ऐतिहासिक वा सत्पुरुष सम्बन्धी कथानक धर्म, अर्थ, काम, मोक्षमा कुनै एक प्रयोजन रहेको हुनुपर्छ ।

(५) भरसक एउता सर्ग एउटै छन्दमा लेखिनुपर्छ र सर्गान्तमा छन्द बदली नयाँ सर्गको पूर्व सूचना दिएको हुनुपर्छ ।

(६) आठ सर्ग भन्दा बढी हुनुपर्छ ।

(७) ग्रन्थको आरम्भ देवताको नमस्कारबाट सुरु गरी चराचर जगत र जीवन जगतमा रहने सम्पूर्ण क्रियाकलापको वर्णन गर्नुपर्छ । त्यस्तै उनले आर्षमहाकाव्य र अन्य महाकाव्यको भेद देखाइ महाकाव्यको परिभाषा दिएका छन् । यसरी यो परिभाषाबाट घिमिरेले खोजमूलक अध्ययन गरी आफ्नो निष्कर्ष भने उदाहरणमा प्रष्ट्याएको देखिन्छ । साथै यिनै परिभाषालाई केलाएर घिमिरे यो निष्कर्षमा पुगेको पूर्वीय महाकाव्यको उदाहरणमा (१) रघुवंश (२) कुमारसम्भव (३) शिशुपाल बधम् हुन् भने नेपालीमा (१) आदर्शराघव (२) शाकुन्तल (३) सुलोचना आदि छन् भनेका छन् । काव्याख्यान भित्र आउने तत्वलाई घिमिरेले एसरी प्रस्तुत गदै  (१) वस्तु (२) नेता (३) रस (४) उद्देश्य (५) शैली तत्वहरू प्रस्तुतिका निम्ति गणना गरिन्छन्  भनी निष्कर्ष निकालेका छन् ।

स्वभाविक रुपमा महाव्यमा आन्तरिक र बाह्य गरी दुई पक्ष हुन्छन् । खोज मूलक ढङ्गले घिमिरेले महाकाव्यका दुई पक्षलाई पूर्वीय विद्वानकै सहाराबाट विश्लेषण गरेको पाइन्छ । (१) सर्ग संख्या (२) मङ्गला चरण, सज्जन प्रशंसा, दुर्जन निन्दा (३) महाकाव्यको नामकरण (४) सर्गको नामकरण (५) सर्गभरि एकै छन्द प्रयोग र सर्गान्तमा छन्द परिवर्तन (६) मन पर्ने सबै विषयको वर्णन आदि बहिरङ्ग कुराहरू हुन भन्ने कुरा पूर्वीय आचार्यहरूले प्रतिपादन गरेको कुरा उल्लेख गरिएको छ ।

त्यसैगरी अन्तरङ्गमा (१) ऐतिहासिक वा प्रसिद्ध कथा (२) धीरोदात्त गुणहरू नायक (३) विविध रसभावहरूको गम्भीर योजना (४) चतुर्वर्ग फल प्राप्ति रुप उपदेश एवम् उच्च जीवन दर्शन (५) प्रकृति चित्रण र लोक जीवनको चित्रण (६) प्रौढ अभिव्यक्ति विधान पर्दछन् ।

यसरी बुद्धि घिमिरेले पूर्व र पश्चिमको महाकाव्य परम्पराको अध्ययन गरी निष्कर्षमा महाकाव्यमा केही अन्य थप तत्वको व्यवस्था गर्न सकिन्छ भन्दै- (१) विस्तृत जीवन्त कथा वस्तु (२) उदात्त चरित्र सृष्टि (३) महान उद्देश्य र जीवन दर्शन (४) प्रभावान्वितिको परिपालन र गम्भीर रस योजना (५) जातीय संस्कृति र युग विशेषको चित्रण (६) सुबोध र गरिमामय शैलीको उल्लेख गरी घिमिरेले महाकाव्य सिद्धान्तको बिट मारेको देखिन्छ । यस पछि नेपाली महाकाव्यको विकास प्रक्रियालाई अगाडि बढाएको पाइन्छ ।

### ५.३.४ संस्कृत महाकाव्य र नेपाली महाकाव्यको सन्दर्भ

महाकाव्यको इतिहासमा नै संस्कृत साहित्यको महाकाव्यले प्रमुख स्थान ओगटेको छ । त्यसैले संस्कृत साहित्य नै नेपाली साहित्यको पृष्ठभूमि भएकाले संस्कृत महाकाव्य र नेपाली महाकाव्यको अर्न्तसम्बन्ध रहेको छ । वृहत्तर र विकसनशील महाकाव्यको रुपमा देखा परेका संस्कृत साहित्यका महाकाव्य रामायण, महाभारत आदि हुन् । यिनै महाकाव्यलाई उपजीव्य काव्यका रुपमा नेपाली काव्यकारले पनि प्रयोग गरेकाले संस्कृत महाकाव्य विकासले नेपाली महाकाव्यमा विशेष भूमिका निर्वाह गर्दछ । संस्कृत साहित्यमा ललित महाकाव्यरूको प्रभाव परेको साथै नैपाली भाषाको नजिकको सम्बन्ध संस्कृतसँग रहेको साथै संस्कृत साहित्यको लामो इतिहास भएकाले नेपाली महाकाव्यले पाश्चात्य भन्दा पूर्वीय परम्परा नै रुचाएको देखिन्छ । यसको वास्तविकतातर्फ घिमिरे संस्कृत महाकाव्य, पुराण धर्मग्रन्थ आदिको प्रभाव नेपाली महाकाव्यमा परेको पेश गर्छन् । नेपाली महाकाव्यको पृष्ठभूमि अनुवादको रुपमा रहेको छ । त्यसैले संस्कृतकै अनुवाद गरेकाले संस्कृत महाकाव्य नेपाली महाकाव्यको प्रेरणाभूमि बन्न पुगेको देखिन्छ । पूर्वीय परम्परा रीतिरिवाज संस्कृति आदिको प्रभाव नेपाली महाकाव्यमा रहेको प्रष्ट हुन्छ ।

### ५.३.५ नेपाली महाकाव्य

नेपाली महाकाव्यमा संस्कृत ग्रन्थको प्रभाव भन्ने उपशीर्षक राखेर बुद्धि घिमिरेले नेपाली महाकाव्य संस्कृतको पृष्ठभूमिबाट उठेको प्रष्ट पारेका छन् । वास्तवमा नेपाली महाकाव्यको प्राग्भूमि भनेकै संस्कृत साहित्यका आर्ष तथा ललित महाकाव्य हुन् । त्यसैले घिमिरेले पनि यसैलाई स्वीकार गरी यसको समालोचना नेपाली महाकाव्यको काव्यिक

सिद्धान्त पनि पूर्वीय सिद्धान्तबाट नै पृष्ठपोषित भएको कुरा प्रष्ट पारेर सैद्धान्तिक समालोचनाकै धारबाट अघि बढेको देखिन्छ । नेपाली महाकाव्यका उपजीव्य काव्यहरू रामायण, महाभारत श्रीभद्‌भागवत, देवीभागवत, कृष्ण चरित्र आदि कृतिहरूनै नेपाली कविता वा काव्यको बीजभूमि मान्न सकिन्छ । यसमा कतिले त्यसको कथासार कतिले मौलिकता सहित अनुवाद गरेर नेपाली महाकाव्य परम्पराको विकास गरेको पाइन्छ ।

यस उपशीर्षकमा घिमिरेले नेपाली महाकाव्यको इतिहासपरक समालोचनालाई आत्मसात्‌ गरेको पाइन्छ । नेपाली महाकाव्यको इतिहास केलाउन घिमिरे सक्षम देखिन्छन्‌ । नेपाली महाकाव्यलाई दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिने देखिन्छ । ललित महाकाव्य र अनुवादित वा स्तुतिकाव्य भन्दै घिमिरेले नेपाली महाकाव्यको विकासलाई उल्लेख गरेका छन्‌ ।

नेपाली कवितामा पाइएको लिखित सामग्रीको इतिहास घिमिरेले १८३१ तिरको एकीकरण अभियानलाई आधार बनाएका छन्‌ । जसमा स्तुतिकाव्य पाइएको कुरा उल्लेख गरेका छन्‌ । त्यो बेलाको सामाजिक आस्था र विश्वासका आधारमा समीक्षात्मक प्रस्तुतिमा घिमिरेले धार्मिक भावना नेपाली भाषा मार्फत जनतामा प्रसारित गर्ने कार्य भएको पुष्टि गर्दछन्‌ । यथार्थमा सामाजिक परिवेश धार्मिक आस्थाका कारणले पनि तत्कालीन सामाजको आवश्यकता त्यस्तै थियो । घिमिरेले यसका उदाहरणका रुपमा राखेका कृतिहरू उपयुक्त नै देखिन्छन्‌ जस्तै- भानुभक्तको रामायण, कृष्ण चरित्र, तीर्थावली आदि ।

यसरी नै नेपाली महाकाव्यको पृष्ठ भूमिकालमा लेखिएका महाकाव्य र अपूरा महाकाव्यह..कोचर्चा गरिएको छ । यहाँ उल्लेख गरिएका महाकाव्यहरूमा भानुभक्तको रामायण मौलिकता सहित अनुवादित र सोमनाथ सिग्देलको चन्द्र चरित (अपूरो) बाट नेपाली महाकाव्य लेखनको थालनी भएको साथै वसन्त शर्माको कृष्ण चरित्र जस्ता कृतिले महाकाव्यको विकासमा विशेष भूमिका खेलेको कुरा घिमिरेको धारणामा रहेको छ ।

### **५.३.६ नेपाली महाकाव्य समीक्षा र श्रेणी विभाजन**

यो उपशीर्षक अलि प्रष्ट हुन नसकेको देखिन्छ । महाकाव्यको श्रेणी विभाजन भन्ने पदावलीले आफ्नो अर्थलाई काव्यको श्रेणी विभाजनतिर उन्मुख गरेको छ । यहाँ नेपाली महाकाव्यको विकास र समीक्षात्मक प्रस्तुति पूर्वीय परम्परामा आधारित भएर त्यसको श्रेणी

विभाजन गरिएको छ । यो छोटो समीक्षामा नेपाली महाकाव्यमा पनि आफ्ना आफ्ना दृष्टिकोण राख्ने वि...ान सूर्यविक्रम ज्ञावली, तारानाथ शर्मा, कुलचन्द्र गौतम, सोमनाथ सिग्देल, भानुभक्त पोखेल आदिले आ-आफ्नै ढङ्गले विभाजन गरेका छन् भन्ने कुरा दर्शाउँदै घिमिरे आफू भानुभक्त पोखेलको विभाजनमा सहमत भएका छन् । महाकाव्य भन्ने वा नभन्ने भन्ने तर्कमा रहेको लेखनाथको 'तरून तपसी'लाई लिइएको छ । यसको संरचना पूर्वीय परम्परामा महाकाव्य भन्न उपयुक्त छैन भन्ने र यसलाई नयाँ नाम दिएर कसैले कोषकाव्य कसैले मध्यकाव्य, कसैले नव्यकाव्य भनेका छन् । यसमा घिमिरेले तरुण तपसीलाई महाकाव्य नै भन्न रुचाएका छन् । जसको आधार पूर्वीय महाकाव्य परम्परामा आठ सर्ग भन्दा बढी हुनुपर्छ भन्ने मतलाई आधार मानी महाकाव्यकै श्रेणीमा राख्नुपर्ने विचार व्यक्त गर्दछन् । यो सान्दर्भिक नै देखिन्छ ।

यसरी महाकाव्यको विषयमा घिमिरेले विभिन्न विद्वानका तर्कलाई विश्लेषण गर्दै आफ्नो मत जाहेर गरेका छन् ।

### ५.३.७ आधुनिक महाकाव्यको सन्दर्भ (केही महत्वपूर्ण महाकाव्यहरूको चर्चा)

यस खण्डमा बुद्धि घिमिरेले आफ्नो लेखन कलालाई वा समीक्षात्मक प्रवृत्तिलाई सतहमा नै बगाएको देखिन्छ । कुनैपनि काव्यको गहिराइमा पुगेर विश्लेषण गरिएको छैन यहाँ अत्यन्तै संक्षिप्तात्मक ढङ्गले घिमिरेले आफ्ना विचार राखेका छन्, जसले विषयवस्तुको गहिराइमा पुग्ने पाठकका लागि यो अपर्याप्त छ । तरै पनि यसले परीक्षात्मक ढङ्गले स्नातकोत्तर र स्नात्तक तहका विद्यार्थीलाई जानकारी दिन सक्ने देखिन्छ ।

नेपाली महाकाव्यले आधुनिककालमा आइपुग्दा कस्ता चरण पार गऱ्यो भन्ने विषयमा चर्चा गर्दा सुवानन्ददासदेखि भानुभक्त हुँदै ज्ञानदिलदाससम्मको नाम उल्लेख गर्नुपर्ने हुन्छ । सोही अनुरुप घिमिरेले नेपाली महाकाव्यको आधुनिक काल पदार्पण गराउने श्रेय पाउने स्रष्टाहरूको पनि पृष्ठभूमि केलाएर संक्षिप्त रुपमा जानकारी दिन नै यस उपशीर्षकको चयन गर्न पुगेका छन् । प्राथमिक कालका विभिन्न धारा र उपधारामा विभक्त नेपाली काव्य रचना आधुनिक कालमा आइपुग्दा विभिन्न वादहरूसँग सम्बद्ध भएर आएको देखिन्छ । यसै सिलसिलामा घिमिरेले आधुनिक नेपाली महाकाव्यको उद्भव सोमनाथ सिग्देलको अप्रकाशित र अपुरो प्राप्त "चन्द्र चरित्र"लाई प्रयासका रुपमा साथै उदयानन्द अर्यालको 'पृथ्वी चन्द्रोदय'लाई लिइएको छ । यसरी विभिन्न काल खण्ड पार गर्दै महाकवि

लक्ष्मीप्रसाद देवकोटाको शाकुन्तलमा आइपुग्दा नेपाली मौलिक र आधुनिक महाकाव्यको स्वरुप प्रष्ट रुपमा देखा पर्दछ, यस विषयमा घिमिरेले राखेका विचारसँग अरु कुनै विद्वानको विचार बाझेको देखिदैन, तर पनि आधुनिककालको परिभाषा गर्ने क्रममा मोहनराज शर्मा देवकोटालाई आधुनिक मान्न तयार देखिदैनन् । किनकि आधुनिक साहित्यमा देवकोटाले ईश्वरको अस्तित्वलाई स्वीकारेका छन् । महाकवि देवकोटा जब नेपाली साहित्य विधाको महाकाव्य विधामा वि.स. २००२ सालमा शाकुन्तलमा झुल्किएपछि  उनले महाकाव्यको बहार नै ल्याइदिए । वि.स. २००२ देखि २०१५ सम्मलाइ महाकाव्यको उत्कर्षकाल पनि यसै कारणले भनिन्छ । जसमा उनले मात्र यो समयमा प्रकाशित अप्रकाशित गरी धेरै महाकाव्य लेखेका थिए । यसैले समालोचक बुद्धि घिमिरेले तिनै आधुनिक महाकाव्यहरूका बारेमा अत्यन्त संक्षिप्त परिचयात्मक समीक्षा साथै कृतिपरक समीक्षा गरेको पाइन्छ । यस उपशीर्षकमा जम्मा ६ वटा महाकाव्य को चर्चा गरिएको छ, ती- शाकुन्तल, सुलोचना, वनकुसुम, पृथ्वीराज चौहान, प्रभिथस,महाराणा प्रताप हुन् ।  त्यस्तै सोमनाथ सिग्देलको आदर्श राघव, कविशिरोमणि लेखनाथ पौड्यालको तरुण तपसी, बालकृष्ण समको चिसो चूल्हो, जगदीश समशेरको नरसिंह अवतारको  पनि  परिचयात्मक चर्चा गरिएको छ ।

### (क) **शाकुन्तल** (२००२)

महाकवि लक्ष्मीप्रसाद देवकोटाको पहिलो र नेपाली महाकाव्य जगतको पहिलो मौलिक र आधुनिक महाकाव्य बन्ने सुअवसर पाएको यो महाकाव्यका बारेमा घिमिरेले यस काव्यका सर्ग २४ छन्द ३२ वटा र यस महाकाव्यको उपजीव्यता 'अभिज्ञान शाकुन्तलम'लाई प्रदान गर्दै देवकोटाले ३ महिनामा राती कमल दौडाएर लेखिएको उल्लेख गरेका छन् भने संस्कृतको 'अभिज्ञान शाकुन्तलम्' नाटकको कथावस्तु भए पनि यसमा नेपाली मौलिकता र सामाजिक द्वन्द्व भने आधुनिक युगसम्म मिल्दो छ भनी पूर्वीय महाकाव्य सिद्धान्तसंग केही मिल्दो र केही नमिल्दो छ भनी आफ्नो निष्कर्ष दिएका छन् ।

### (ख) **सुलोचना** (२००२)

नेपाली महाकाव्य विधामा अग्रणी स्थान हासिल गर्ने महाकवि लक्ष्मीप्रसाद देवकोटाले शाकुन्तल महाकाव्यको हस्तलिखितप्रति तत्कालीन नेपाली भाषा अनुवाद परिषदमा पुऱ्याउँदा त्यसबेलाका बुद्धिजीवी भनाउँदाले नपत्याइदिदा बढिमा १० दिनमा

लेखिएको सुलोचना लेख्छु भनी बाजी पऱ्यो, राम्रै भयो । नेपाली साहित्यले तत्कालै अर्को मौलिक महाकाव्य पायो । यो काव्य कल्पित विषयवस्तुमा आधारित छ । यसको बारेमा पनि घिमिरेले अत्यन्तै छोटो चिनारी दिइएको छ । त्यस महाकाव्यमा भएका सर्गमा समाजको चित्रणलाई अति संक्षिप्त ढङ्गले प्रस्तुत गरी घिमिरेले यस काव्यलाई देवकोटाको आशु लेखन भनी स्वीकार्दछन् । यसरी उनले राहुल साँकृत्यानको सन्दर्भ जोडी देवकोटाको बौद्धिकताको बयान एकै वाक्यमा गरेकाछन् । यसले यहाँ उनको प्रभावपरक समीक्षा गर्ने सीप प्रयोग भएको देखिन्छ ।

**(ग) वन कुसुम** (२०२४)

महाकवि देवकोटाको अर्को महाकाव्य वा रचनाका हिसाबले तेस्रो महाकाव्य वन कुसुम हो । यसको रचना ईश्वरीप्रसाद गैरे २००२-३ मान्छन् भने घिमिरे २००४ तिर मान्छन् । अन्य विद्वान र उनीहरूको केलाई हेर्दा २००३-४ नै यसको रचनाकाल हो भन्न सकिन्छ । यसको प्रकाशनचाहिँ २०२४ मा भएको हो ।

यो महाकाव्यको पनि परिचय दिइएको छ । १० सर्गात्मक यस काव्यमा नगर, समाजको षड्यन्त्रमूलक अवस्था चित्रण परिचयात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

**(घ) महाराणा प्रताप**

भारतीय उपमहादीपमा थुप्रै राजा रजौटाका कथा बहादुरी आदि प्रचार हुने गरेको थियो । यसैले यो महाकाव्य पनि व्यक्ति विशेष चरित्रमा आधारित छ । १४ सर्गात्मक विशेष गरी शार्दूलविक्रीडित छन्द लगायत अरु डेड दर्जन जति छन्दको प्रयोग गरिएको यस महाकाव्यलाई चिनाउने मनसायले बुद्धि घिमिरेले यस काव्यमा देवकोटाको प्रतिभा अन्य महाकाव्यसँग तुलना गर्न उपयुक्त हुने देखिन्छ भनेका छन् । यसमा पूर्वीय सिद्धान्तलाई केलाएर बीर रस, ऐतिहासिक कथावस्तु भएको राष्ट्रप्रेम, प्रकृतिप्रेम, मानवीय पक्ष प्राचीनता र ऐतिहासिकता यस काव्यको विशेषता हो भन्ने निष्कर्षमा घिमिरे पुगेका छन् ।

**(ङ) पृथ्वीराज चौहान (अप्रकाशित)**

यस लेखमा पनि खोजविधि प्रयोग गरी घिमिरेले परिचयात्मक प्रस्तुति गरेका छन् । यसरी हेर्दा समालोचनाको यो पद्धति कृति भित्र रहेर कृतिमा समाविष्ट स्वरुपका बारेमा चर्चा गरिएको पाइन्छ । यो महाकाव्य २१ सर्गात्मक ऐतिहासिक वीर रस प्रदान क्रान्तिकारी दुखान्त महाकाव्य हो । भारतमा जारी हिन्दु, मुस्लिम द्वन्द्व सम्बन्धी प्रसङ्ग ल्याएर महाकाव्यको विषयवस्तु ग्रहण गर्दै मानवतावादी -राष्ट्रवादी भावनालाई प्रोत्साहन दिने कुरा समालोचक बुद्धि घिमिरेका आँखामा पर्न गएको देखिन्छ । यथार्थवादलाई अङ्गीकार गर्दै लेखिएको यस महाकाव्यमा घिमिरेले सोही धरातलमा रहेर छोटो समीक्षा गरेका छन् ।

**(च) प्रमिथस**

यो पाश्चात्य पुराकथामा आधारित ११ सर्गमा लेखिएको देवकोटाको गद्यात्मक महाकाव्य हो । यस महाकाव्यको रचना वि.स. २००७ देखि २०११ सम्म मान्न सकिने कुरा घिमिरे बताउँछन् भने (२०२५) सालामा प्रकाशित भएको स्वीकार्छन् । वीर रस प्रधान यो काव्य ग्रीक पुराण तथा एस्किलसको नाटक 'प्रमिथस वाउण्ड'को कथावस्तुमा आधारित छ । यसरी देवकोटाले आफ्नो यस महाकाव्यमा मानवताको उदार प्रकृतिको चित्रण गर्दै मानव जीवनको विराट परिवेशलाई अँगालेर लेखेका छन् । यसका अतिरिक्त महाकवि देवकोटाका (१) सिकन्दर (संस्कृत भाषामा लेखिएको अपूर्ण) (२) सुषमालोचना (३) भक्त प्रल्हाद (४) सत्याभास आदि अपूर्ण हुन भने शाकुन्तल अङ्ग्रेजीमा प्रकाशित अवस्थामा रहेको छ भन्ने कुरा घिमिरेले प्रष्ट पारेका छन् ।

महाकाव्यको विकासमा महाकवि देवकोटा कोसेढुङ्गा भएर आएका देखिन्छन् । उनले २००२ बाट सुरुगरी उनको मृत्युपूर्वसम्म पूर्ण अपूर्ण प्रकाशित अप्रकाशित गरी १३ वटा महाकाव्य लेख्नु चानचुने कुरा होइन भन्ने कुरा प्रष्ट हुन्छ । उनका अतिरिक्त पनि महाकाव्य लेखनमा आफूलाई अग्रसर गराउने स्रष्टा नभएका होइनन् ती हुन् – सोमनाथ सिग्देल, बालकृष्ण सम, लेखनाथ पौडेल, जगदीश समशेर राणा, मोदनाथ प्रश्रित, कृष्णप्रसाद घिमिरे, गुणराज उपाध्याय आदि ।

**(छ) आदर्श राघव** (२००५)

बुद्धि घिमिरेले यस महाकाव्यको पनि छोटो परिचय दिएका छन् । महाकाव्यको विकासमा आफूलाई महाकाव्यकारका रुपमा चिनाउन सर्वप्रथम चन्द्र चरितको अभ्यासबाट खारिएर पूर्वीय सिद्धान्तमा बाँधिएर अदर्श राघव जन्माउन सफल महाकाव्यकार सोमनाथ सिग्देल, जसको आदर्श राघवको सर्गात्मक अवस्था १६ रसका हिसाबले करुणरस अङ्गीरस रहेको महाकाव्यलाई पूर्वीय सिद्धान्तमा आधारित कविको कवित्व मौलाएको देखिन्छ  भन्ने कुरा घिमिरे उल्लेख गर्दछन् ।

**(ज) तरूण तपसी (नव्यकाव्य)** २०११

कवि शिरोमणि लेखनाथ पौडेल नेपाली काव्य साहित्यका उत्कृष्ट सर्जक हुन् । उनको महाकाव्य उन्मुख तरुण तपसीलाई विभिन्न समालोचकले आफ्ना-आफ्नै क्षेत्र भित्र राखेका छन् । यसलाई यहाँ पनि समालोचक बुद्धि घिमिरेले नव्यकाव्य भन्न रुचाएको देखियो । उनी भन्छन. यो काव्यको दर्शनिकतालाई अङ्गाल्दै बृद्धासँग मानवीय जीवन दर्शनको समन्वय गर्न खोजिएको छ । यसरी बुद्धि घिमिरे यस काव्यको काव्यात्मक विषय उचाइमा छ भन्ने निष्कर्षमा पुगेका छन् ।

**(झ) चिसो चूल्हो** (२०१५)

लामो सङ्घर्ष पश्चात् निस्किएको पाश्चात्य महाकाव्यको नमूना हो चिसो चूल्हो । यो महाकाव्य पूर्वीय मान्यताका विरूद्धमा रहेको कुरा बुद्धि घिमिरे बताउँछन् । यहाँ पनि काव्य चिन्तन नभई काव्य परिचय मात्र प्रस्तुत गरिएको छ । यस काव्यको मूल पक्ष नै नवीन शैली हो । यसले नेपाली महाकाव्यलाई नयाँबाटो दिएको पुष्टि हुन्छ । सामान्य पात्रको चरित्रलाई प्रेम प्रसङ्गमा रहेर सामाजिक पीडा र जातीय विभेदलाई काव्यले उजागर गरेको परिचयात्मक समीक्षा घिमिरेले गरेका छन् । उनले यसलाई माघ, श्री हर्ष, भरवि जस्ता महान् साहित्यकारहरूको प्रवृत्तिसँग तुलना गरेका छन् ।

**(ञ) नरसिंह अवतार** (२०३७)

जगदीश समशेर राणाद्वारा लेखिएको नरसिंह अवतार महाकाव्यलाई नयाँ प्रयोगका रुपमा हेर्न सकिन्छ । यस महाकाव्यलाई प्रयोगवादी महाकाव्यका रुपमा लिइन्छ । यसरी

यस महाकाव्यको छुट्टा छुट्टै अंश र खण्डहरूमा अलग अलग प्रतीक राखेको प्रष्ट हुन्छ । यस महाकाव्यलाई चिनाउने क्रममा बुद्धि घिमिरेले अन्त्यन्तै सक्षिप्तमा परिचय दिएका छन् । त्यसैले यो महाकाव्यका आठ सर्ग छन् ४३ अन्तर भाग रहेको बताउँदै यसका विषय वस्तुले मानवका गतिविधिलाई प्रतिविम्बित गरेको छ । प्रत्येक खण्डमा नेपालको भू राजनैतिक चेतनलाई उजागर गर्न खोजिएको छ । यसरी विश्लेषण गर्ने क्रममा ईश्वरीप्रसाद गैरेले विस्तृत ढङ्गले यस महाकाव्यको विश्लेषण गरेको पाइन्छ । यहाँ घिमिरेको विश्लेषणलाई चर्चा गर्न यस काव्यको सन्दर्भमा गैरेको संरचनालाई राख्न सकिन्छ । हुन त घिमिरे र गैरेका विश्लेषण समान रुपमा आएका छन् । प्रस्तुति बुँदागत र अनच्छेदात्मकतामा मात्र फरक देखिन्छ .....

(१) कोरले खाएको धर्ती (पृष्ठ १ देखि २६ सम्म)

(२) कालपुरुषको आगमन (पृष्ठ २७ देखि ४२ सम्म)

(३) यन्त्र सञ्चालन र मान्छेको रगत (४३ देखि ६२ सम्म)

(४) चेतनाको जुर्मुर (पृ ६३ देखि ८६ सम्म)

(५) अवतार जन्म (८७ देखि ९४)

(६) प्रहर प्रहरको उछारपछार (पृ. ९५ देखि १०८ सम्म)

(७) अमलेख वस्तीमा दन्को मानिस (पृ( १०९ देखि १३९)

(८) काल भैरव महाकाली नाच

यसरी ईश्वरीप्रसाद गैरेले पनि यस महाकाव्यको आठ भागमा विभाजन गरेका छन्। यस्तै घिमिरे यस महाकाव्यको छोटो परिचय र निष्कर्षमा नरसिंह अवतारमा विभिन्न मिथकहरूको प्रयोग भएको यो काव्य वस्तुवादी छ , गतिशील छ ,भन्दै प्रयोगवादी महाकाव्यको उत्कृष्ठ नमूनाका रुपमा स्वीकार्दछन् ।

**(ट) उपसंहार**

नेपाली महाकाव्यको जन्म पाश्चात्य शैली नभएर पूर्वीय शैलीमा आधारित छ । बुद्धि घिमिरेले पूर्वीय साहित्यको इतिहासलाई खोज्ने क्रममा इतिहासपरक अध्ययन गर्दै त्यसलाई नेपाली महाकाव्यको विकासमा ल्याएर जोड्ने काम गरेका छन् । विशेषत स्नातक र स्नातकोत्तरका पाठकलाई सूक्ष्म जानकारी पनि यस लेखमा प्राप्त हुन्छ । संस्कृत साहित्यको पृष्ठभूमिबाट हेर्दा पाणिनिको “जाम्बवती जय” देखि शुरु भएको संस्कृत ललित काव्यको

इतिहास करिब २६०० वर्षको रहेको घिमिरेले खोज मूलक अध्ययन गरी आफ्ना विचार सहित प्रष्ट्याएका छन् । यिनै संस्कृत महाकाव्यको ललित धारबाट नेपाली महाकाव्यको विकास भएको देखिन्छ । समयका आधारमा हेर्ने हो भने नेपाली महाकाव्यको इतिहास त्यति लामो छैन तरपनि संख्यात्मक हिसाबले नेपाली महाकाव्यको विकास राम्रै भएको मान्नुपर्छ । हालसम्म करीब ६ दर्जन महाकाव्यको रचना भइसकेको देखिन्छ । यसरी घिमिरे महाकाव्यको विकासमा विभिन्न अफ्ठ्यारा मोडहरू आएपनि यसको उत्थानमा कुनै कमी नआएको कुरा आफ्नो निष्कर्षमा बताउँछन् । आजको युग नाटक र उपन्यासले महाकाव्यको स्थान ओगट्न खोज्दै गरेको युग हो तापनि महाकाव्य रचना भइरहनुले यसको विकास र गरिमा उच्च रहेको पुष्टि हुन्छ ।

यसरी बुद्धि घिमिरेले आफ्नो खोजमूलक परिचयात्मक समीक्षा यस लेखमा प्रस्तुत गरेका छन् । उनले दिएको सन्दर्भ सामग्रीको सूचिबाट गहन अध्ययन खोज र अनुसन्धानबाट यो लेख निस्किएको पुष्टि हुन्छ ।

## ५.४. खण्डकाव्य सिद्धान्त एवम् नेपाली खण्डकाव्यको विकासक्रम र वर्गीकरण

### ५.४.१ पृष्ठभूमि

पूर्वीय साहित्यमा विभिन्न विद्वानले काव्यिक परिभाषामा खण्डकाव्य कुन वर्गमा पर्छ भन्ने सन्दर्भमा दिइएको स्वरुपगत परिभाषामा लघु, लघुत्म र बृहत बृहत्तर गरी विभाजन गरेका छन् । यसरी हेर्दा लघु र लघुत्तममा फुटकर कविता रहन्छ भने बृहत र बृहत्तर भित्र खण्डकाव्यको आकार खोज्नुपर्ने हुन्छ । आचार्य रुद्रट र भामहले अनि आनन्द वर्द्धन अभिनवगुप्त जस्ता विश्लेषक र चिन्तकले आ-आफ्नै ढङ्गले काव्यको भेद देखाएको कुरा समीक्षक घिमिरेले यस लेखमा प्रस्तुत गरेका छन् । विशेष गरी काव्यलाई पाँच भागमा विभाजन गर्ने विद्वानहरूको बाहुल्यता रहेको पूर्वीय काव्यशास्त्रमा देखिन्छ । यसरी मूल्याङ्कन गर्दा काव्यलाई घिमिरेले आनन्दवर्धनको विभाजनलाई प्रस्तुत गरेका छन् । जस्तै (१) मुक्तक- शुद्ध इतिहास रहित अर्थ भएको । (२) युग्मक- दुई श्लोकमा भाव पूरा गरेर लेखिएको पद्य, (३) विशेषक (सन्दानितक)- एउटै क्रियाद्वारा तीन श्लोकमा भावको पूर्णता भएको, (४) कलापक- एउटै क्रिया भएको चार श्लोकमा भाव पूरा भएको, (५) कुलक- एउटै क्रियाद्वारा पाँच श्लोकमा समाप्ति भएको ।

यसरी यी पाँचप्रकारका भन्दा बढी श्लोक भाव भएका सबै कवितालाई अभिनव गुप्त र आनन्दवर्द्धनले प्रबन्धकाव्यका रुपमा लिइएको पाइन्छ । यसरी घिमिरे खण्डकाव्य र महाकाव्य पूर्वीय साहित्यमा प्रबन्ध काव्यका रुपमा स्थापित भएको देखिन्छ भन्ने निष्कर्षमा पुग्छन् । अन्य पूर्वीय चिन्तकहरूले अरु पनि परिभाषा दिएका छन् जस अन्तर्गत रूद्रटले काव्यको दुई भेद गरेका छन् लघु र महान् । धर्म, अर्थ, काम, मोक्ष, सबै प्राप्त भए त्यो महाकाव्य हुन्छ । यी मध्ये कुनै एक प्राप्त हुने हो भने लघुकाव्य हुन्छ  भनेर तर्क दिइएको छ ।

यस्तै घिमिरेले खोज र अनुसन्धानका क्रममा अभिनव गुप्तको खण्डकाव्य सम्बन्धी परिभाषा  यसरी प्रस्तुत गरेका छन् । महाकाव्य र खण्डकाव्यलाई प्रबन्धकाव्यका रुपमा लिइने भएकाले प्रबन्धकाव्यका पनि भेद रहेको स्वीकारेका छन् । जसमा- (१) पर्यायवन्ध (२) परी कथा (३) खण्ड कथा (४) सकल कथा (५) सर्गबन्ध गरी पाँच भेद अभिनव गुप्तले देखाएका छन् । यस भित्र नेपालीमा आउने खण्डकाव्यलाई खण्डकथा अर्न्गात राख्न सकिने कुरा घिमिरे बताउँछन् ।

यस्तै पछिल्लो काव्य चिन्तक विश्वनाथका विचारलाई पनि घिमिरेले समावेश गरी त्यसको परिभाषालाई यहाँ उल्लेख गरेका छन् । विश्वनाथले काव्यको परिभाषा गर्ने क्रममा (१) काव्य (२) कोषकाव्य (३) खण्डकाव्य (४) महाकाव्य भनेका छन् । उनका अनुसार भाषालाई पनि विभाजन गरी काव्य चिन्तन गरेको कुरा घिमिरे उल्लेख गर्छन् । जसमा विश्वानाथले विभाजन गरेको चार भेदमा विषयवस्तुको वर्णन यसरी गरेका छन्.............

(१) काव्य-संस्कृत, प्राकृत, अपभ्रंश जस्ता कुनै भाषाको प्रयोग गरी गद्य वा पद्यमा लेख्न सकिने र पञ्च सन्धि सहित हुने एकान्विति हुने देखाइएको छ ।

(२) कोषकाव्यलाई परस्परमा असम्बद्ध वा सजातीय पद्यहरूको सङ्गालो भनिएको पाइन्छ । यस काव्यलाई विश्वनाथले खण्डकाव्यको नजिक देखाएका छन् भने यसलाई हेमचन्द्रले कवितासङ्ग्रहका नजिक देखाएका छन् । यसरी कोष काव्यका बारेमा एकै मत नभएको समालोचक घिमिरे बताउँछन् ।

(३) खण्डकाव्य- प्रबन्धकाव्यको मझौला रुपलाई पूर्वीय विद्वानहरूले स्वीकारेको कुरा उल्लेख गर्दै  घिमिरे विश्वनाथको संस्कृतको  एक पाउ यसरी प्रयोग गर्छन् । “खण्डकाव्यम् भवेत् काव्यस्यैएकदेशानुसारी च” एकदेशीय विषयवस्तु वर्णन, विवरण

आदि भएको रचना नै खण्डकाव्य हो । यसैले यो महाकाव्यको नजिक रहेको कुरा प्रष्ट हुन्छ ।

(४) महाकाव्य- जसमा आठ भन्दा बढी सर्गहरू हुनुपर्छ । प्रबन्धात्मक रुपले बृहत् सर्गमा बाँधिएको हुनुपर्छ । जसमा धर्म, अर्थ, काम, मोक्ष चारै विषय प्राप्त गर्ने हुनुपर्छ । यसरी बृहत्तर वा बृहत काव्यरचनालाई महाकाव्यको रुपमा लिइन्छ । यसै अर्थमा खण्डकाव्य भनेको महाकाव्यको एक अंशलाई समावेश गरिएको वा महाकाव्यको एकदेशीय चित्रण प्रतिपादन वा प्रस्तुति नै हो भन्ने कुरा उल्लेख गरेको पाइन्छ । सोमनाथ सिग्देलले साहित्य प्रदीपमा खण्डकाव्यका बारेमा भनेका छन् । "काव्यको एक टुक्रा जस्तो छोटो कथानक लिएर श्रृङखलित रुपमा बीचैबाट उठी बिचैमा टुङ्गिएको सर्गमा बाँधिएको वा नबाँधिएको छोटो काव्य हो ।" उनको यो परिभाषालाई पुष्टि गर्न सिग्देलले संस्कृतको 'मेघदूतम्'लाई उदाहरण दिएका छन् ।

माथिका सबै चिन्तकहरूका विचारलाई समेट्दै बुद्धि घिमिरे सबै भन्दा प्रामाणिक परिभाषाकारका रुपमा आचार्य विश्वनाथलाई उत्कृष्ट मान्दछन् । समग्रमा संकृतकाव्य शास्त्रको व्याख्या र विश्लेषण गर्दा यो निष्कर्षमा पुग्नु उनको समालोचकीय प्रबृत्तिमा देखिएको सिद्धान्तपरक समालोचना प्रणालीको पुष्टि पनि हो । खोज अध्ययन र विश्लेषण गरेर गरिएको नेपाली खण्डकाव्यका परिभाषाका श्रोत् भनेकै पूर्वीय चिन्तनको सन्दर्भ हो भन्न सकिन्छ ।

पाश्चात्य काव्यमा खण्डकाव्य भन्ने छुट्टै चर्चा पाइदैन । पाश्चात्य कविता विधामा संरचनात्मक भेद दुईवटा छन् । ती छोटो कविता र लामो कविता (Short Poem and long poem) हुन् । छोटो कविता भित्र सुक्त र प्रगीत (Hym and lyrics) त्यस्तै लामो कविता भित्र ब्यालेड र ब्यालेड इलेजी पर्दछन् । यसरी घिमिरेले पाश्चात्य साहित्यमा कविताको भेद दुई मात्र हुन्छन् भन्ने कुरा खोजमूलक समालोचना गरी यस भित्र पनि शोककाव्य गाथा र आख्यानात्मक कविता (Narrative poem) भनी भेद गरेको कुरा उल्लेख गरेको पाइन्छ ।

खण्डकाव्यको सवालमा स्पष्ट व्याख्या नभएपनि लामा कविताभित्र नै खण्डकाव्यको औचित्य पुष्टि गर्न खोजेको कुरा घिमिरे बताउँछन् । यसरी घिमिरेले ऐतिहासिक पृष्ठभूमिलाई अध्ययन र खोज विधि प्रयोग गर्दै पाश्चात्य कवितामा आख्यानात्यक कविता

(Narrative Poem) लेख्ने परम्परा १८ औं शताब्दीको अन्त्य र १९ औं शताब्दीको सुरुतिर हो भनी जोड दिएका छन् । कवितामा विभिन्न वाद र धारा देखिन्छन् । एकपछि अर्को नयाँ परम्परा आउनुपर्छ । सोही अनुरुप घिमिरे  व्यालेड (Ballad) र न्यारेटिम पोयम पाश्चात्य लोकगाथाकै लिखित उपलब्धि हुन साथै रोमान्चकाव्य (Romance) गोपकाव्य ( Mock) शोककाव्य (Elegy) लामो कविता (Long poem) सम्म आउँदा विभिन्नवाद पार गर्दै पाश्चात्य साहित्यमा प्रयोगवादी धारणा देखापर्दछ भन्ने कुरा प्रष्ट पार्दछन् । यसै धारालाई नेपाली साहित्यमा भित्र्याउने मोहन कोइराला हुन् । उनका लामा कवितालाई लिन सकिन्छ । घिमिरे  यस्ता लामा कवितामा कथासङ्गति नहुने भएकाले प्रयोगवादी स्वतन्त्र साहच्चर्य हुन्छ भन्दछन् । नेपालीमा लामा कविता लेख्ने परम्पराको विकास पाश्चात्य साहित्यमा नै भएको हो । प्रबन्धात्मकताको कम हुने लामा कवितामा सम्पूर्ण अनुभूति भने पोखिएको हुन्छ । कथा चूर्ण वा छिटफुट भएको पूर्णरुपमा सङ्गति नहुने भएकाले खण्डकाव्यसँग समानता र भिन्नता दुवै हुनसक्छ भन्ने निर्णयात्मक विधि प्रयोग गरी घिमिरे आफू निष्कर्षमा पुग्छन् । पूर्वीय साहित्यमा खण्डकाव्य भनिने रचनालाई पश्चात्य साहित्यमा पनि मझौला रुपमा नै राखेको पाइन्छ भन्ने कुरा उनको रहेको छ ।

## ५.४.२ खण्डकाव्यको रुप निर्धारण

यो उपशीर्षकमा घिमिरेले खण्डकाव्यको स्वरुपको चर्चा गरेका छन् । अघिल्लो विषयमा नै रुप सम्बन्धी धेरै चर्चा भइसकेको स्पष्ट हुन्छ । खण्डकाव्यको आकार कवितामा मझौला आकारको हुन्छ । चाहे त्यो जुन नामले पुकारियोस् । त्यसैले खण्डकाव्य काव्यको एक खण्ड वा धर्म, अर्थ, काम र मोक्ष जीवनको पूर्णता हो भने यी मध्ये एकको प्राप्ति भनेकै जीवनको एक खण्ड हो । यसको आधारका कुरामा घिमिरेले पूर्वीय साहित्यकै सहयोग लिएका छन् । कविताका रुपहरूमा लघु, मध्यम, वृहत् र वृहत्तर निर्धारण गरिएको प्रष्ट हुन्छ । जसमा लघुरुपमा मुक्तकदेखि फुटकरसम्म कविता पर्दछन् भने मध्यम रुपमा नै खण्डकाव्य पर्दछ र बृहत र वृहत्तर रुपमा महाकाव्य पर्न जाने कुरा घिमिरे आफ्नो विचारका रुपमा  प्रकट गर्दछन् ।

खण्डकाव्यको संरचनालाई निर्धारण गर्न समालोचक घिमिरेले पूर्वीय र पाश्चात्य साहित्यमा भएका परिभाषालाई केलाउँदै खोज विधि अपनाई यसको रुप निर्धारणमा आफ्नो कलम चलाएको कुरा प्रष्ट हुन्छ ।

विषयवस्तु, कथा तत्व, संरचना र खण्डकाव्यमा मझौला रुपकै हुने भएकाले यसका आधारमा खण्डकाव्यको रुप निर्धारण गर्दा काव्यभित्र मझौला रुप देखिन्छ । यसरी पूर्वीय खण्डकाव्यको सर्वोपरी परिभाषा दिने तथा बढी प्रभावकारी परिभाषा दिने आचार्य विश्वनाथको परिभाषालाई विशेष जोड दिएको यस अंशमा खण्डकाव्यको रुप निर्धारण गर्दा नेपाली खण्ड काव्यमा पूर्वीय खण्डकाव्यको परिभाषा नै नजिक रहेको कुरा घिमिरेले उल्लेख गरेका छन् । जस्तो [२८] "एक देशीय वर्णन, जीवनको एक देशीय चित्रण वा एक खण्डको चित्रण नै खण्डकाव्य हो ।" भनिएको पाइन्छ । यसरी–क्षणिक अनुभूति फुटकर कविता हो भने जीवनको एक खण्डको अनुभूति खण्डकाव्य हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

संरचनाका दृष्टिले खण्डकाव्य अन्य विधा भन्दा फरक हुन्छ । फुटकर कविता मुक्तक आदिमा सानो कुरा हुने भएकाले आफै मिलेर आउँछ तर खण्डकाव्य मझौला रुपको हुने भएकाले संरचनालाई ध्यान दिनुपर्ने हुन्छ । अझ वृहत्तर वृहत्तर काव्य रचनामा त झन् संरचना पक्षलाई विशेष ध्यान दिनुपर्ने कुरा उल्लेख गरेर खण्डकाव्यको रुप निर्धारणमा आफ्ना मत राख्दै घिमिरे विश्लेषणात्मक ढङ्गले समालोचना गरेको पाइन्छ । बिना कथामा पनि नेपाली खण्डकाव्यको रचना भएको हुन्छ । तर त्यस्ता खण्डकाव्यभित्र रहेको कथा चक्रलाई बुझ्नु पर्ने हुन्छ । जसमा घिमिरे ऋतुविचारलाई उदाहरणमा ल्याउँछन् ।

आख्यान वा कथानक वा कथा तत्वको सन्दर्भमा खण्डकाव्यमा गाथा, पूराकथा वा सामाजपरक कुनै पनि विषयको उठान गरी आख्यान लिनु वा बनाउनु उपयुक्त हुने कुरा घिमिरेको राय छ । यसको संरचनाको अर्को पक्ष खण्डकाव्यलाई मझौला आख्यान र अनुभूति आवश्यक देखिन्छ भने खण्डकाव्यको आधारभूत तत्वका बारेमा उनी अनुभूतिको आख्यानीकरण र प्रबन्ध विधान महत्वपूर्ण मान्दछन् । खण्डकाव्यमा भएका घटनालाई सर्ग, अध्याय खण्ड वा अनुच्छेद १, २, ३, ४ गरेर प्रबन्ध विधान गरिनुपर्छ भन्ने निर्णयात्मक विचार घिमिरेको देखिन्छ । पूर्वीय आचार्यका मतानुसार आठ सर्गभन्दा कम सर्ग भएमा खण्डकाव्य हुने कुरा बताइन्छ । यसरी खण्डकाव्यको रुप निर्धारण गर्ने कार्य कसरी गर्ने

भन्ने कुरा घिमिरे माथिका विभिन्न आधारहरूलाई राखी निर्धारण गर्न सकिने कुरामा निर्णय दिन्छन् ।

### ५.४.३ खण्डकाव्यका तत्वहरू

खण्डकाव्य प्रथमतः कविताको एउटा भेद भएकाले कवितामा हुने तत्वजति हुनुपर्छ त्यतिनै यसका पनि तत्वहरू हुन्छन । जसमा (१) लयात्मकता (२) भावात्मकता (३) अनुभूतिको मूर्तरुप (४) भावनाको आख्यानीकरण (५) रस र भावको केन्द्रयता (६) प्रभाव एकता जस्ता कविताका मुख्य तत्व रहनुपर्छ भन्ने मान्यता बुद्धि घिमिरे राख्दछन् । यसरी हेर्दा यस उपशीर्षकमा घिमिरे खण्डकाव्यका तत्वलाई पूर्वी र पाश्चात्य साहित्यको संयोग गराई आफ्नो निष्कर्ष दिन्छन् । एकाङ्कीमा जस्तै खण्डकाव्यलाई जीवनको एक अङ्कको प्रतिपादन गर्नु खण्डकाव्यको मूल कार्य भएको बताउने घिमिरे माथिका तत्व नै खण्डकाव्यमा रहनुपर्ने निष्कर्षमा पुग्छन् ।

खण्डकाव्यका घटाउतत्वलाई समालोचक बुद्धि घिमिरेले खण्डकाव्य अनुभूतिलाई प्रभावकारी रुपमा आख्यानीकरण गर्ने प्रबन्धात्मक संरचना मान्दछन् र यो कविताको रुपमा तयार हुन्छ । खण्डकाव्यको निर्माणमा आवश्यक पर्ने घटक तत्वहरूमा (क) कथावस्तु (२) पात्रविधान (३) देशकाल वातावरण वा परिवेश (घ) केन्द्रीय कथ्य वा उद्देश्य (ङ) भाव, लय (च) विम्ब अलङ्कार र प्रतीकहरूको योजना (ज) कुनै व्यङ्ग्यको निर्देशन वा जीवन दृष्टि ( झ) सम्प्रेष्य भाषाशैली आदि हुन् भनी घिमिरेले किटान गरेका छन् । यसबाट के बुझिन्छ भने खण्डकाव्यमा दुई किसिमका तत्वहरू हुन्छन् । जसमा सामान्य जसलाई अघिल्लो अनुच्छेदले पुष्टि गरेको छ भने अर्को घटक तत्व जसलाई पहिलो अुनचछेदले पुष्टि गरेको छ । यसरी हेर्दा समालोचक बुद्धि घिमिरेले आफ्नो समालोचकीय क्षमताको प्रदर्शन गर्दै खोज र अध्ययनबाट आफ्नो निर्णय प्रस्तुत गरेका छन् । खण्डकाव्यका तत्वका बारेमा ईश्वरीप्रसाद गैरे आफ्नो आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य (सिद्धान्त समालोचना) भन्ने पुस्तकमा यसरी उल्लेख गर्दछन् – कविता तत्वका रुपमा खण्डकाव्यका तत्वहरू- निम्नानुसार छन् -

(क) विशिष्ट लय

(ख) कवि र भावक बीच सोझो सम्बन्ध

(ग) अनुभूतिको तरलता

(घ) भावनाको आख्यानीकरण

(ङ) एकरस एकभावको केन्द्रीयता

(च) उद्देश्य

खण्डकाव्यका घटक तत्व- (क) कथावस्तु (ख) पात्र विधान (ग) देशकाल वा वातावरण/परिवेश (घ) विषय वस्तु (ङ) केन्द्रीय कथ्य (च) भावविधान (छ) लयविधान (ज) बिम्ब, अलङ्कार, प्रतीक, व्यञ्जनाविधान (झ) सर्गयोजना (ञ) भाषा शैली (ट) उद्देश्य आदि ।

यसरी हेर्दा बुद्धि घिमिरे र गैरेलाई तुलना गर्दा गैरेले यसै विषयमा केही फराकिलो ढङ्गले लेखेका छन् भने घिमिरेले अति सूक्ष्म वा मात्र जानकारी दिन लेखेका छन् तर थोरै वा कम्ति लेखे पनि घिमिरे आफ्नो निर्णय दिन भने चुकेका छैनन् ।

### ५.४.४ नेपाली खण्डकाव्यको विकासक्रम

खण्डकाव्यको परिभाषा र स्वरुपका बारेमा चर्चा भइसकेकाले तिनै स्वरुपका वा ती परिभाषा भित्र पर्ने कविता कृति नै खण्डकाव्य हुन् । नेपाली खण्डकाव्यको विकासलाई हेर्ने हो भने यसमा विभिन्न मोडहरू देखापर्दछन् । साथै कुनैपनि साहित्यिक विधाको विकासक्रम हेर्नलाई कालक्रमिक अध्ययन गर्नुपर्ने हुन्छ । त्यसैले खण्डकाव्यको पनि ऐतिहासिक पृष्ठभूमि केलाउन काल विभाजन महात्वपूर्ण पक्ष हुन्छ भन्ने दृष्टिकोण समालोचक घिमिरेले प्रस्तुत लेखमा उल्लेख गरेका छन् ।

नेपाली साहित्यमा ऐतिहासिक अध्ययनको परम्परा त्यति पुरानु छैन तापनि विधा कृतिका आधारमा वा समयका आधारमा काल विभाजन भएको देखिन्छ । यहाँ पनि घिमिरेले खण्डकाव्य विधालाई तीनवटा कालमा विभाजन गरी अध्ययन गर्नुपर्ने कुरा उल्लेख गरेका छन् । कविता साहित्यको काल विभाजनलाई तीनकालमा विभाजन गरी हेर्नु पर्ने हुन्छ भन्ने कुरामा घिमिरे आफ्नो मत जाहेर गर्दछन् । १९ औं शताब्दीदेखि नै कविता लेखन कार्य सुरु भएको देखिन्छ । लोकगीतबाट कविता र लोकगाथाबाट खण्डकाव्यात्मक कृतिको सिर्जना भएको कुरा उल्लेख गरिएको पाइन्छ । यस हिसाबले हेर्दा नेपाली खण्डकाव्यको अलिखित रुपलाई समेत हेर्ने हो भने ९०० वर्ष पुरानो हो भन्न सकिन्छ । खोजका सन्दर्भमा घिमिरे यस खण्डकाव्यको विकासलाई पूर्वको बालुन, बाह्रमासे, कवित्, संगीनी गीत, पश्चिमको लोक गाथा, चाँचरी, भारत, पैकेलो आदिबाट अलिखित अवस्थामा

नै खण्डकाव्य आएको हो भन्ने कुरा सिद्ध गर्न सकिन्छ । यसरी त्रिकालिक समयक्रमलाई खण्डकाव्यमा समावेश गराई खण्डकाव्यको प्राथमिक, माध्यमिक र आधुनिककालमा विभाजन गरिएको छ ।

**(क) नेपाली खण्डकाव्यको प्राथमिक वा प्रारम्भिककाल**

नेपाली खण्डकाव्यको सुरुवात र विकास नै संस्कृत साहित्यबाट विभिन्न काव्यबाट अंश लिई अनुवाद गरिएको पाइन्छ । नेपाली खण्डकाव्यको इतिहास त्यति पुरानौ छैन । पुराण, धर्मग्रन्थ, रामायण, जस्ता कृतिबाट अंश वा खण्ड लिई अनुवाद गरी नेपालीमा खण्डकाव्य लेखेको पाइन्छ । यसरी हेर्दा समालोचक घिमिरेले यहाँ अन्य विभिन्न पुस्तक वा अनुसन्धानमूलक कृतिलाई पल्टाई यसको ऐतिहासिक पृष्ठलाई उजागर गरेका छन् । जसमा नेपाली खण्डकाव्यको प्राथमिककाल जसलाई सुरुवात गर्ने दैवज्ञकेशरी अर्यालको "अश्वशुभाशुभ" वीरशाली पन्तको "कृष्ण चरित्रमा" आधारित पौराणिक आख्यान युक्त "सरस प्रेमावली" यस्तै उदयानन्द अर्यालको "बेताल पच्चीसी" (१८७२) यी रचनाहरूमा खण्डकाव्यात्मक अङ्गको आभास मात्र देखिने कुरा समालोचक बुद्धि घिमिरे आफ्नो तर्फ राख्दै यस पछिका श्रष्टा वसन्त शर्माको 'कृष्ण चरित्र' (१८९४) 'समुद्रलहरी' (१९०१) जस्ता कृतिहरू श्रीमद्भागवतको कथामा आधारित छन्दमा लेखिएको ९० श्लोकको "कृष्ण चरित्र" मौलिक रचना हो भन्दछन् । नेपाली खण्गकाव्यको विकासमा योगदान दिने कृतिकार र कृतिको परिचय दिई  घिमिरेले परिचयात्मक प्रणाली अपनाएको पाइन्छ । तर विभिन्न समस्याले वा यस कृतिको मोटाइलाई ध्यान दिदा खण्डकाव्यकारको परिचय कमजोर देखिन्छ । त्यसैले यसलाई सामान्य परिचयमात्र मान्ने हो भने यहाँ दिएको श्रोत् पाठकका लागि थोरै पढेर धेरै ज्ञान आर्जन गर्ने खालको छ । यसैले यहाँ उनले उल्लेख गरेका प्राथमिककालीन कविहरूका कृति प्रस्तुत गरिन्छ । प्राथमिककालका वा नेपाली खण्डकाव्यका संस्थापकका रुपमा बुद्धि घिमिरे वसन्त शर्मालाई उभ्याउँछन् । यसपछि आएका खण्डकाव्यकारहरूमा यदुनाथ पोखरेलका "कृष्ण चरिच" र "गोर्खा सेना वर्णन" वसन्त शर्माका कृति र यदुनाथका कृतिको तुलनात्मक अध्ययन गरी समालोचक घिमिरे वसन्त शर्माकै कृति खण्डकाव्यात्मक दृष्टिकोणले मजबुत देख्दछन् । यस्तै परिष्कृत र परिमार्जित हुँदै आएको खण्डकाव्यको विकासमा रघुनाथ पोखरेलको "सुन्दर काण्ड"लाई यदुनाथको कतित्वसँग तुलना गरेर कवित्व र आकार प्रकारका दृष्टिले सुन्दर काण्ड

खण्डकाव्यात्मक कृतिका रुपमा लिन सकिने कृति हो भन्ने निष्कर्षमा घिमिरे पुग्छन् । यसरी एकपछि अर्को हुँदै नेपाली खण्डकाव्यको प्राथमिककालीन विकासको गति अगाडि बढेको देखिन्छ । हीनव्याकरणी विद्यपतिको 'बाह्रमास' र 'गीत गोविन्द' त्यस्तै पतञ्जली गजुरेलको "अध्यात्मरामायण र बालुन को चर्चा गर्दै" घिमिरे अध्यात्मरामायण बालुनलाई खण्डकाव्यका रुपमा राख्छन् । यसरी तुलनात्मक दृष्टिले नेपाली खणगकाव्यको पृष्ठभूमि केलाउने काम समालोचक घिमिरेले गरेको कुरा प्रष्ट हुन्छ ।

प्राथमिककालका विशेष प्रतिभाका रुपमा स्वीकार गरिने आदिकवि भानुभक्त आचार्यका बारेमा वा उनले लेखेको खण्डकाव्यात्मक कृतिका बारेमा बुद्धि घिमिरेले उल्लेख गरेका छन् । वधू शिक्षा, भक्तमाला, प्रश्नोत्तरी, रामगीता जस्ता खण्डकाव्य हुन् भन्नकालागि यिनीहरूका आधारमा बुद्धि घिमिरे आफूभन्दा अगाडिका समालोचकहरूले कवित्व, अकार विषयवस्तु जे जस्ता भएपनि खण्डकाव्य भनी स्वीकार गरेकाले सोहीमतलाई स्वीकार्दछन् । यस पछि पनि प्राथमिककालको समय घेरा सम्ममा थुप्रै खण्डकाव्यकारहरू रहेको कुरा उल्लेख गरेका छन् । जस्तै भक्तिकालीन समय भएकाले ज्ञान दिलदासको 'उदय लहरी' त्यस्तै लालबहादुर आउँमासीको "भोट लडाइँको सवाई"नरबहादुर राणाको "जङ्गबहादुरको सवाई" "हरिदासको ध्रुव चरित्र, छविलाल नेपालको "पत्रशीला" षडानन्द लोहनीको 'कृष्ण चरित्र' वैयाकरण नेपालको "किष्किन्धाकाण्ड" र "अश्वगुण दोष निरुपण" जस्ता कृतिहरूमा प्रष्ट रुपले अनुवाद र भक्तिधारा तर्फ उन्मुख भएको स्पष्ट हुन्छ ।

यसरी यो समयलाई समालोचक बुद्धि घिमिरे केही सिद्धान्त र केही इतिहास अनि केही निर्णयात्मक क्रियालाई सहारा लिदैं प्राथमिककालको विश्लेषण गर्न पुग्छन् भने समग्रमा खोजमूलक समालोचना यहाँ प्रष्ट भएको छ । नेपाली साहित्यको खण्डकाव्यको प्राथमिककालमाथि उल्लेखित विद्वान स्रष्टाहरूको सिर्जनामा नै विकसित भएको पाइन्छ । घिमिरे तिनै कृतिमा खण्डकाव्यात्मक आधारहरू पाइने

नपाइने खुट्याउँदै निर्णय दिन्छन् । यसकालमा रचना भएका खण्डकाव्यहरू विशेषत: धार्मिक र भक्ति भावनाले ओतप्रोत भएकन पाइन्छन् । यस्तै घिमिरे यस समयमा रचना भएका कृतिहरू केही शास्त्रीय ढाँचाका केही लोकलयसँग सम्बन्धित रहेको कुरा प्रष्ट्याउँछन् । यसकालमा अनेकौं विषयवस्तुलाई प्रयोग

गर्दै मौलिक भन्दापनि रुपान्तरित विषयवस्तुलाई बढी प्रयोगमा ल्याएको प्रष्ट हुन्छ । यसकाललाई सिङ्गै भक्तिकाल भनेर पनि चिन्न सकिन्छ भनेर  घिमिरे आफ्नो मत प्रष्ट पार्छन् ।

**(ख) नेपाली खण्डकाव्यको माध्यमिककाल**

यस उपशीर्षकमा समालोचक बुद्धि घिमिरेले आफ्नो दृष्टिकोण सहित अन्य साहित्यकारहरूको विशेषता बताई पाठकलाई छोटो समयमा ज्ञान आर्जन गर्न वा जिज्ञासु पाठकको तत्कालीन जिज्ञासा भेटाउन सफलता हासिल गरेका छन् । किनभने माध्यमिककाल निकै विशाल भएको प्रतीत हुन्छ । यो काल विशेषतः धेरै विद्वानका विचार एकै स्वरमा गुञ्जिएको पाइन्छ । जस्तै तारानाथ शर्मा, ईश्वरीप्रसाद गैरे, गोपीकृष्ण शर्मा आदिले जसरी यसकाललाई प्रकाशन युग भनेर चिनाएका छन् त्यसरी नै घिमिरेले पनि यस लेखमा त्यसरी नै चिनाएका छन् । प्राथामिक कालमा सिर्जना भए माध्यमिककालमा प्रकाशन भएको कुरा मोतीराम भट्टले भानुभक्तको रामायण प्रकाशन गरेर स्पष्ट पारे  ।

यसपछि त्यस समयमा जुझारु साहित्यकारहरूले खोज र अध्ययन गरी प्रकाशन सुरु गरेकाले नै प्राथमिककाल र माध्यमिककाल छुट्टिइन्छ । तर यहाँ समालोचक घिमिरेले समय वा मितिलाई नतोकी प्रष्ट रुपमा मोतीरामको समयको वर्णन गरी वर्णनात्मक शैली अपनाई यो युगलाई चिनाइने जमर्को गरेका छन् । यो समय स्वभाविक रुपमा निकै कठिन थियो । राणाहरूको जहानियाँ शासन भएकाले देशभित्र कठिन भएपनि जुझारु युवाहरूले वनारसबाट नै प्रकाशन गरी नेपाली भाषाको साहित्यिक कृतिको प्रकाशन सुरु गरेका छन् । यसैले यसकाललाई प्रकाशन काल भनिन्छ । घिमिरे यसकाललाई प्राथमिककालसँग तुलना गरी विकसित भएको प्रमाण पेश गर्दछन्  । यसकालका सशक्त खण्डकाव्यकारका बारेमा अतिसंक्षिप्त रुपमा काव्यकार र कृतिको पहिचान गराउने उद्देश्यले यो लेख अगाडि बढेको छ ।

नेपाली साहित्यको कविता विधामा माध्यमिककाल श्रृङ्गारिक धारामा उन्मुक्त वातावरणमा कविता लेखिएको कुरा प्रष्ट पार्ने काम घिमिरे बताउँछन् । साथै यस समयको प्रतिनिधित्व कवि मोतीराम भट्टले गरेको कुरा प्रष्ट हुन्छ । यसरी यो कालमा मोतीरामको प्रतिनिधित्व भएको कुरा स्वीकार्ने अन्य विद्वान्हरू पनि रहेका छन् । जसमा ईश्वरीप्रसाद

गैरे, तारानाथ शर्मा, राजेन्द्रप्रसाद सुवेदी साहित्यको इतिहास खोज्ने यज्ञराज सत्याल आदि बुद्धिजीविहरूले उक्त कुरा  स्वीकारेका छन् ।

यो कालमा विभिन्न भाषाहरूको विकास र नेपाली भाषामा उर्दु, फारसी, अरबीको प्रभावले नेपाली साहित्यको विकासमा सहयोग पुगेको कुरा घिमिरेले प्रष्ट्याएका छन् । यसै सन्दर्भमा समालोचक घिमिरे माध्यमिक कालमा पौराणिक आख्यान समातेर खण्डकाव्यात्मक कृतिको रचना गर्ने कविहरूमा होमनाथ खतिवडा, शिखरनाथ सुवेदी, लक्ष्मीक्ष्त पन्त, मोतीराम भट्ट, गोपीनाथ लोहनी, केदारनाथ खतिवडा, कृष्णप्रसाद रेग्मी, कुञ्ज बिलास गौतम, शम्भुप्रसाद ढुङ्गेल, वाणीविलास पाण्डे, हरिविक्रम थापा, रामप्रसाद सत्याल, प्रेमप्रसाद भट्टराई, तुलसीदत्त भट्टराई हरिहर लामिछाने आदिका नामहरू लिएका छन् । रामायण महाभारतबाट सानातिना अंश लिई खण्डकाव्यात्मक कृतिहरू तयार भए । त्यस समयमा रामायण, महाभारत र पौराणिक ग्रन्थहरूलाई उपजीत्य ग्रन्थका रुपमा लिई कृतिको निर्माणमा तत्कालीन स्रष्टाहरू जुटेको कुरा बताउँदै घिमिरे  कुन संस्कृत कृतिबाट कस्ता नेपाली खण्डकाव्य जन्मे  भन्ने कुरा उल्लेख गर्दछन् यसक्रममा जस्तै मोतीराम भट्टका गजेन्द्रमोक्ष, उषा चरित्र, प्रल्हाद भक्ति कथा आदि हुन भने शम्भुप्रसाद ढुङ्गेलका ध्रुवचरित्र, कर्णपर्व आदि त्यस्तै केदारनाथ खतिवडाको नलदमयन्ती कथा र रम्भा शुक सम्वाद यसरी अनुवाद र मौलिकता मिसाउँदै लेखिएका कृतिहरूको चर्चा गर्दै तत्पश्चात् महाभारतको अनुवाद चाहिँ महाकाव्योन्मुख वा महाकाव्य नै निर्माण गर्ने हेतुले भएको कुरा घिमिरे बताउँछन् । त्यस्तै शिखरनाथ सुवेदीको कर्णपर्व, रामश्वमेधकाण्ड, पिनासको कथा आदि मझौला कृतिका रुपमा रहेको कुरा घिमिरेले उल्लेख गरेका छन् ।

माध्यमिक काल श्रृङ्गारिकधारामा अगाडि बढेकोले यसकालका कविहरू श्रृङ्गार रसमै रमाएको पाइन्छ । छिमेकी भाषाहरूको प्रभावलाई कतिपय अवस्थामा आत्मसाथत गर्दै लेखिएका काव्य कृति श्रृङ्गारिक अतिरञ्जनात्मक आख्यान वा कथा पनि काव्यसौन्दर्यको स्थापना गर्दै निर्माण भएका साहित्यक विशेषता रहेका कुरा घिमिरले निर्णयात्मक रुपमा  प्रस्तुत गरेका छन्  । यो काललाई प्रकाशनका लागि विशेष काल मानिन्छ । यसै कालमा प्रकाशन सुरु गरी नेपाली भाषाका साहित्यिक कृतिहरूको प्रकाशन सुरु भएकाले यसकाललाई प्रकाशनकाल पनि भनिन्छ । प्राथमिककालमा लेखिएका कृतिहरू मोतीराम भट्टको अगुवाइमा छाप्न थालियो । प्राथमिक कालको विविध परम्परालाई विकसित

तुल्याउँदै अगाडि बढेको यो काल प्राथमिक काल भन्दा फरक र अलग्गै पहिचान राख्न सफल काल हो । यस कालमा लोकप्रेरित काव्यको विकास भएको र लोकधारामा धार्मिक तथा आध्यात्मिक भजनपरक कवितात्मक कृतिको विकास भएको घिमिरे बताउँछन् । विभिन्न उदाहरण दिएर यसकालको  सिर्जनात्मक कलालाई पुष्टि गर्ने कार्य समालोचक घिमिरले गरेका छन् । यसकालमा चलेका विभिन्न धारा मोड र प्रकाशनको चर्चागर्दै प्राथमिककालसँग तुलना गर्दै घिमिरे यस कालमा खण्डकाव्यको विकास भएको कुरा खोजपरक अध्ययन र निर्णयात्मक कार्यद्वारा पुष्टि गर्दछन् ।

**(ग) नेपाली खण्डकाव्यको आधुनिककाल :–**

क्रमिक रुपमा विकास हुँदै आएको खण्डकाव्यको विकासलाई बुद्धि घिमिरेले यस उपशीर्षकमा विकासका विभिन्न मोड उपमोडलाई अध्ययन गर्दै चर्चा गर्ने जमर्को गरेका छन् ।

नेपाली सिङ्गै साहित्यको आधुनिककाल भनेर पहिचान दिलाउन विद्वान विश्लेषकहरूमा एकमत छैन । आधुनिकालको समय सीमाका बारेमा वा प्रकाशन भएको कृतिहरूका बारेमा पनि कुनचाहिँ कृतिलाई आधुनिक मान्ने यिनै विषयमा एकमत नभएको हो । यस विषयमा हेर्दा बुद्धि घिमिरे यस लेखमा विवरणात्मक ढङ्गले खोजपरकतालाई आधार बनाउँदै लेखनाथको वर्षा विचार १९६६ लाई आधुनिक कालको प्रारम्भ विन्दु भन्ने विद्वानहरू भन्दछन् । त्यस्तै १९७४ को सूक्ति सिन्धुको प्रकाशनसँगै नेपाली कविताको आधुनिककाल सुरु भएको मानिन्छ । समालोचक बुद्धि घिमिरे यस्ता थुप्रै कविता र समय सीमालाई अध्ययन गर्दै समग्र रुपमा नेपाली कविताको आधुनिककाल १९७४ देखि सुरु भएको कुरा पुष्टि गर्दछन । उनी अरु विद्वानहरूले जस्तै ऋतुविचार र बुद्धि विनोद जस्ता कृतिहरू १९७३-७४ मा प्रकाशित भएकाले यसैलाई आधार मान्न पुग्दछन् । यही समयलाई नेपाली खण्डकाव्यको आधुनिककाल मान्न उपयुक्त हुन्छ  किनभने नेपाली कविताको विकासमा ऋतु विचारले महत्व राख्दछ । खण्डकाव्यमा पनि यसको स्थान उच्च भएकाले यहीसमयदेखि खण्डकाव्यको पनि आधुनिक काल आरम्भ भएको मान्न सकिन्छ । १९७३-७४ देखि हालसम्मको समयलाई एउटै समयसीमाको घेरामा राखेर अध्ययन गर्नुले अध्येताहरूलाई र सर्जकहरूलाई अन्याय हुने देखिन्छ । त्यसैले आधुनिककाललाई विभिन्न चरणमा विभाजन गरी अध्ययन गर्नुपर्ने कुरा बुद्धि घिमिरेको रहेको छ । आफ्नो छुट्टै

विश्लेषण र अध्ययनबाट आधुनिककाललाई घिमिरेले तीन चरणमा विभाजन गरी पाठकलाई सहज र सरल बनाएका छन् । यसरी चरण विभाजन गर्ने क्रममा ईश्वरीप्रसाद गैरेले विभाजन गरेको समय सीमा र उपशीर्षकहरू यसप्रकार छन् – नेपाली खण्डकाव्यको आधुनिककाल-

पहिलो उपमोड- १९७३-१९९१

दोस्रो उपमोड- १९९२-२०११

तेस्रो उपमोड- २०१२- हालसम्म

[४०]यस्तै यसैकाललाई बुद्धि घिमिरेले यस प्रकार विभाजन गरेका छन् ।

प्रथम चरण -१९७३-१९९१

दोस्रो चरण -१९९२-२०२०

तेस्रो चरण -२०२१- हालसम्म

आधुनिक कालका खण्डकाव्यलाई एउटै ढिकुटीमा राखेर तिनलाई विभाजन गर्दा विभिन्न मोड र धारामा हेर्न सकिन्छ भन्ने कुरा घिमिरे बताउँछन् जसलाइ (१) परिष्कारवादी धारा (२) स्वच्छन्तावादी धारा (३) प्रगतिवादी धारा (४) प्रयोगवादी धारा (५) समसामयिक धारामा विभाजन गरी अध्ययन गर्न सकिन्छ । तर पनि अझ अध्ययनलाई सरल बनाउन घिमिरे यस काललाई मोटामोटी तीनचरणमा विभाजन गरी देखाउँछन् । (१) परिष्कारवादी लेखन (२) स्वच्छन्दतावादी प्रगतिवादी लेखन (३) प्रयोगवादी लेखनकाल भनेर मोटामोटी रुपमा विभाजन गरी आफ्नो लेखलाई समालोचनात्मक दृष्टिबाट ऐतिहासिक र विभिन्न वादहरूको सहयोग लिँदै घिमिरे निर्णयात्मक क्रियामा अग्रसर देखिन्छन् । यसरी चरण विभाजन गर्दा के कुरा चाहिं प्रष्ट छ भने एउटा कालको लगतै अर्को काल वा चरण आउने होइन एउटा कालमा अर्को काल मिसिएर आएको पनि हुन्छ । अर्को कालको बाहुल्यता भएपछि मात्र भिन्नैकाल सुरु हुन्छ ।

**(१) प्रथम चरण १९७३-७४-१९९१**

आधुनिक खण्डकाव्यको पृष्ठभूमि वा माध्यमिकाललाई छोडेर नयाँ नौलोकाल सुरुवात गर्नेकार्य आफ्नो खण्डकाव्यमा गर्ने प्रथम कवि लेखनाथ पौडेल हुन् । उनको ऋतु विचारसँगै नेपाली खण्डकाव्यमा आधुनिककालको पदार्पण भएको कुरा धेरै समालोचक तथा साहित्यको ऐतिहासिक खोजबाट पुष्टि भएको देखिन्छ । यस समयका खण्डकाव्यहरूले

परिष्कार, अध्यात्मिक सुधार, सामाजिक सुधारलाई आफ्नो मूल विषय बनाएर अगाडि बढेको देखिन्छ । यस चरणमा विशेषतः लेखनाथको काव्यकारितालाई लिइएको छ । परिस्कारवादलाई आत्मसात गर्दै यसै कालमा खण्डकाव्यमा सुधार हुँदै आएर पुनः नयाँ मोड आयो भन्ने कुरा दर्शाउँदै बुद्धि घिमिरले विश्लेषणात्मक समालोचना गरेका छन् । लेखनाथका ऋतु विचार, सत्यकलि सम्वाद, बुद्धि-विनोद आदिले यसकालको प्रतिनिधित्व गरेको कुरा बुद्धि घिमिरे प्रष्ट्याउँछन् । यस चरणलाई वि.स. १९७३ देखि १९९१ सम्मको अवधि लिइए पनि यसकालको प्रभाव २०११ सम्म रहेको कुरा उनी आफ्नो लेखमा व्यक्त गर्दछन् । उनी यस अवधिमा स्वन्छन्दतावासँग सम्बन्ध गाँस्तै परिस्कारवाद रहेको कुरा उल्लेख गर्दछन् । यस अवधिका स्रष्टाहरूको नाम लिंदा-देवकोटा, तिवारी महानन्द सापकोटा आदि प्रगतिवादी धारणाको विकास गर्दै आएका छन् भनेर उनले विश्लेषण गरेका छन् । यसकालका खण्डकाव्यकारका खण्डकाव्यलाई विषयवस्तुका आधारमा वा खण्डकाव्यका अङ्गका आधारमा घिमिरे अति सामान्य विश्लेषण गर्दछन् - बालकृष्णसम, माधवप्रसाद घिमिरे, भीमनिधि तिवारी जस्ता खण्डकाव्यकार यस अवधिका खण्डकाव्यकार नभएपनि यस अवधिको परिष्कारवादलाई पछ्याउने खण्डकाव्यकार हुन् भन्ने निचोड निकाल्दै बुद्धि घिमिरे आफ्नो धारणा प्रस्तुत गर्दछन् । यस अवधिमा खण्डकाव्यको समालोचना गर्दा घिमिरे धेरै जसो खण्डकाव्यमा आख्यानको सघनता पाइदैन तर भाव सम्प्रेषण भने महत्वपूर्ण मानिन्छ भन्ने निष्कर्षमा पुग्दछन् ।

(२) **दोस्रो चरण १९९२-२०२०**

महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदनको प्रकाशनलाईं आधार मानी दोस्रो चरण्मा नेपाली खण्डकाव्य प्रवेश गरेको कुरा यस लेखमा बुद्धि घिमिरे बताउँछन् । यस अवधिको मुख्य प्राप्ति भनेको नै स्वच्छन्दतावादको फल्ने फुल्ने र फैलाउने समय हो । देवकोटा नै यस अवधिका केन्द्रीय प्रतिभा हुन् । यस अवधिमा नेपाली खण्डकाव्यमा आख्यानलाई सुनिश्चित गर्ने कवित्वको विकासका साथै लोकलयलाई प्रधानता दिदै नेपाली समाजका निम्न मध्यम वर्गीय जनताका बारेमा सफल विश्लेषण गरिएको पाइन्छ । आाख्यान, विचार, कवित्व र लयको तालमेल देवकोटामा आएर सफल भएको कुरा बुद्धि घिमिरे उल्लेख गदर्छन् । यस अवधिमा समालोचक घिमिरे वि.सं २००४ साल पछिका दिनमा प्रगतिवादले पनि आफ्नो प्रभावलाई अगाडि बढाएको कुरा प्रष्ट्याउँछन् । देवकोटाले

लेखेका खण्डकाव्य र उनका समकालीन खण्डकाव्यकारहरूका खण्डकाव्य महत्वपूर्ण देखिन्छन् । यस कालका स्रष्टाहरूमा महाकवि देवकोटा, माधवप्रसाद घिमिरे, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, केदारमान व्यथित, धर्मराज थापा अगमसिंह गिरी आदि पर्दछन् । यस्तै यसै समयको पछिल्लो अवधिमा अन्य खण्डकाव्यकारको नाम लिनुपर्दा, भीमनिधि तिवारी आनन्ददेव भट्ट, कुमारबहादुर जोशी, भानुभक्त पोखेल, बासुदेव त्रिपाठी आदिको नाम लिँदै घिमिरेले यस अवधिमा यिनै स्रष्टाहरूको  अग्रणी भूमिका रहेको उल्लेख गरेका छन् । यसरी हेर्दा यस अवधिमा हालिमुहाली गर्ने पुरानै खण्डकाव्यकार हुन् भन्न सकिन्छ ।
अन्य धारामा केही लेखन भएपनि स्वच्छन्दतावादी धाराको नै यस कालमा प्राधान्यता रहेको कुरा बुद्धि घिमिरेले स्वीकारेका छन् ।

(३) **तेस्रो चरण वि.स. २०२० देखि**

वि.स. २०१६ सालमा देवकोटाको अवसानपछि नेपाली खण्डकाव्यमा अन्य प्रवृत्तिले पाइला राख्यो जसलाई प्रयोगवाद भनिन्छ ।  यस अवधिमा प्रयोगवादले आफ्नो भूमिका प्राप्त गर्न थाल्यो यस अवधिका केन्द्रीय व्यक्तित्व मोहन कोइराला हुन् । उनले यस वादको प्रतिनिधित्व गरेको कुरा घिमिरे आफ्नो लेखमा उल्लेख गर्दछन् । मोहन कोइरालाका कवितालाई अध्ययन गर्दा  विशेष गरेर खण्डकाव्य स्वरुपमा आएका लामा कविता भन्न सकिन्छ  । आख्यान चूर्ण हुने भएकाले काव्यको मध्यम रुपमा लामा कवितालई हेर्ने गरिन्छ । बुद्धि घिमिरे लामा कवितामा भाग, खण्ड, कथांश केही नभएकाले खण्डकाव्य नै भन्न भने नसकिने कुरा बताउँछन् । प्रयोगवादी कविहरू [४३]प्रथमतः विसंगतिवादी, अतियथार्थवादी, अस्तित्ववादी चिन्तनबाट प्रभावित छन् भन्ने कुरा प्रष्ट पारेर घिमिरेले यो अवधिका काव्यकारका कवितामा रहेका विभिन्न पक्षको चिनारी दिने वा विविध व्यक्तित्वको कविताको विषयवस्तुलाई केलाउने काम गरेका छन् । यो समयमा अग्रणी भूमिका खेल्ने साहित्यकार वा कविहरूमा मोहन कोइराला, मदन रेग्मी, ईश्वर वल्लभ, असित राई, कणाद महर्षि, रत्नशमसेर थापा आदि हुन् । साथै यिनीहरू मध्ये मोहन कोइरालाको 'गंगाप्रवास' 'ऋतु निमन्त्रण' र 'गरलपान' नदी किनारका माझी जस्ता लामा कविताले यो युगको प्रतिनिधित्व गर्दछन् । यस्ता लामा कविताले सघन आख्यान रहित, बिम्ब र प्रतीकयुक्त साथै जटिल दुर्वोध्य वा क्लिस्ट भाषा शैली प्रयोग भएको हुनाले यस्ता कवितालाई खण्डकाव्यका

समकक्षीमा रहेका लामा कविता हुन् भन्ने निष्कर्षमा पुग्नु घिमिरेको अध्ययनको निर्णय भन्नु पर्दछ ।

घिमिरेले कवितामा ल्याइएको नौलो पनालाई खण्डकाव्यमा पनि राखेर स्वीकार्ने हो भने यस्ता लामा कवितालाई पनि खण्डकाव्यका रुपमा स्वीकार्नुपर्ने देखिन्छ भन्ने तर्क राखेका छन् ।

(४) **उपसंहार**

उपसंहारमा बुद्धि घिमिरेले नेपाली खण्डकाव्यको विकास क्रममा भएका परिवर्तनलाई समग्र रुपमा प्रस्तुत गर्ने जमर्को गरेका छन् । उनी विभिन्न चिन्तकहरूका चिन्तनको विश्लेषण गर्दै आफ्नो एउटा नौलो विचार दिन सफल देखिन्छन् । आफ्नो धारणा प्रस्तुत गर्न खण्डकाव्यहरूका विविध पक्षलाई आत्मसात गर्दै लेखिएका विभिन्न खण्डकाव्यको उपयुक्त रुपमा जाँच्ने काम घिमिरेले गरेका छन् । यसरी हेर्दा घिमिरले समसामयिक धाराको पछिल्लो प्रयोगवादी कविता 'गंगा प्रवास'लाई उदाहरणस्वरुप लिएका छन् । लामा कविताको प्रकाशन पछि आएका आङ्ग सहितका खण्डकाव्यलाई न्याय दिलाउने हो भने लामा कवितालाई लामा कविता कै रुपमा रहन दिनुपर्छ भन्ने तर्क उनको रहेको छ । पछिल्ला दिनमा लेखिएका खण्डकाव्यहरू पूर्वीय मान्यतामा आधारित विभिन्न वादलाई अँगाल्दै लेखिएका छन् । जसमा वर्णमात्रिक छन्द, मुक्तलय, लोकलय र ऐतिहासिक, सामाजिक, प्रकृतिपरक आदि विषयलाई अँगालेर लेखिएका खण्डकाव्यले आजका मानिसलाई राम्रै प्रभाव पारेको पाइन्छ । यस अवधिका प्रवृत्तिमा आलोचनात्मक यथार्थवाद प्रगतिवाद भएपनि पौराणिक कथामा आधारित भएर लेख्ने परम्परा पनि अविछिन्न रुपले आएको कुरा घिमिरे बताउँछन् ।

समग्रमा घिमिरेले तेश्रो चरणलाई मुख्य रुपमा राखेर यसै अवधिका विकासक्रमलाई प्रस्तुत गरेका छन् । परम्परामा आधारित नवश्रष्टाहरूको नाम लिन घिमिरेले बिर्सेका छैनन् । जसमा कष्णप्रसाद पराजुली, विष्णु नवीन, ऋषिराम न्यौपाने, दैवज्ञराज न्यौपाने, मञ्जुल, शैलेन्द्र साकार, घनश्याम कँडेल, कविताराम मिश्र, अभिसुवेदी, शैलेन्दु प्रकाश, हरि फुएँल, सरुभक्त आदि उल्लेख गरेका छन् भने यो भन्दा पनि नयाँ पुस्ताका खण्डकाव्यकारहमा मित्रलाल पंज्ञानी, जगत उपाध्याय, गोविन्द आचार्य, कृष्णराज डि.सी., बुद्धि घिमिरे,

मित्रप्रसाद दाहाल, पीताम्बर दाहाल आदिको नाम उल्लेख गर्न योग्य देखिन्छ भन्ने  धारणा राखेका छन् ।

यसरी नेपाली खण्डकाव्यको विकास भएको कुरा दर्शाउँदै खोजपरक अध्ययन र समालोचना गर्ने काम बुद्धि घिमिरले गरेका छन् ।

## ५.५ आगो र पानी खण्डकाव्यको समीक्षात्मक अध्ययन

नेपाली समालोचनाको क्षेत्रमा आफ्नो कलमलाई अगाडि बढाउने क्रममा समालोचक वुद्धि घिमिरेले आजभन्दा करिब तीन दशक अगाडि नै पत्रिका मार्फत नेपाली साहित्यका प्रखर व्यक्तित्व समको  खण्डकाव्य आगो र पानीको समालोचना 'कदर' सामयिक सङ्कलन २०३७ मा प्रकाशित गरेर समालोचक वुद्धि घिमिरले कृतिपरक समालोचनालाई प्रयोग गरेको देखिन्छ । हुन त कृतिपरक समालोचना गर्दा पनि यस समालोचना विधामा धेरै विषयलाई लिइन्छ । समालोचना गर्दा कि त रोलाँ वाथको 'लेखकको मृत्यु'लाई आत्मसात  गर्नुपर्ने हुन्छ । श्रष्टापरक, विधापरक र सिद्धान्तपरक यी सबै पद्दतिलाई मिसाई एउटा लेख तयार पार्नुपर्छ । नेपाली पाठकमा एकल समालोचना पचिसकेको छैन । नेपाली पाठकहरू एकै ठाउँमा धेरै कुरा पाउन खोज्छन् । त्यसैले होला लेखकहरू पनि एउटै लेखले धेरै कुरा बुझाउन प्रयत्न गर्छन् । त्यसैले यस समालोचनात्मक लेखमा पनि खण्डकाव्यकारको प्रवृत्ति, खण्डकाव्यको परिचय र विश्लेषण गरिएको छ । हुन त समका बारेमा धेरै साहित्यकारहरूले लेखेका छन् । सम नेपाली साहित्यका अग्रणी व्यक्तित्व हुन् । उनले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । उनको रचनाहरूमा उच्च दार्शनिकता प्राप्त हुन्छ । चाहे त्यो 'चिसो चूल्हो होस' वा 'आगो र पानी' खण्डकाव्य अथवा उनका फुटकर कविता सबैमा दर्शन उच्च ढङ्गले मौलाएको पाइन्छ । नेपाली खण्डकाव्यको इतिहास र विकास क्रमलाई हेर्दा 'आगो र पानी' खण्डकाव्य समको नयाँ प्रयोगको उत्कृष्ट नमूना हो । पूर्वीय सिद्धान्तभन्दा फरक ढङ्गले यो काव्यको रचना भएको छ । यो लेख जतिबेला प्रकाशित भयो वा समालोचक घिमिरले लेखे त्यो बेलासम्म सम साहित्य सिर्जनामा तल्लीन थिए ।

घिमिरे बालकृष्ण समको कवित्व र उनको प्रवृत्तिको प्रभावपरक व्यक्तित्वको चर्चा गर्न पुग्छन् । उनको दार्शनिकता र उनको लेखनकलाबाट प्रभावित भएर  घिमिरे उनका गुणहरूको वयान गर्न पुग्छन् । घिमिरेलाई समका चिसो चूल्हो र आगो र पानी कृतिले

राम्रो प्रभाव पारेको पुष्टि हुन्छ । हुन त समका कविता घिमिरेलाई मात्रै होइन सम्पूर्ण पाठकलाई एक किसिमको प्रभाव छोडेको हुन्छ । यसरी घिमिरले आफ्नो समालोचनात्मक कलामलाई समको साहित्यप्रतिको योगदानबाट सुरु गरी प्रथमतः सम नाट्य विधाका हस्ती हुन् भनेका छन् । घिमिरेले समले पूर्वीय मान्यता विपरित काव्य रचना गरी एकातिर पूर्वीय सिद्धान्त भत्काउने काम गरे भने अर्कोतिर नयाँ संरचनाको सुरुवात गरे भनेका छन् । यसरी उनको साहित्य यात्रालाई घिमिरले समीक्षा गर्दा सम महाकाव्यमा भन्दा खण्डकाव्यमा सफल रहेका विचारलाई सापेक्षित ढङ्गले प्रस्तुत गरेकाछन् । खण्डकाव्य भन्दा पनि उनको योगदानचाहिँ नाटकमा देखिन्छ । नाटक विधामाचाहिँ समले एउटा युको नेतृत्व गर्दछन् । नेपाली काव्य जगतका चिसो चूल्हो र आगो र पानी अनौठा कृतिहरू हुन् भनी अध्ययन पश्चात् घिमिरे आफ्नो लेखमा स्वीकार्छन् । आगो र पानी खण्डकाव्यमा जुन विषयवस्तुको प्रयोग गरिएको छ , यसलाई घिमिरे कवितामा रहने कोमलता नभनेर कठीनता नै हो भनी स्वीकार गर्दछन् । समले आगो र पानीमा आजको समाजाको इतिहास खोजेर हामीलाई छर्लङ्ग पार्ने प्रयास गरेका छन् भन्ने कुरा घिमिरे व्यक्त गर्दै अस्पष्ट भविष्यवाणी समेत गरेको कुरा बताउँछन् ।

नेपाली खण्डकाव्यको विकासको गतिलाई नियाल्दै घिमिरे खण्डकाव्यको कुन धारमा आइपुग्दा आगो र पानी जन्मियो भन्ने प्रष्ट पार्दछन् । वसन्त शर्माको श्रीकृष्ण चरित्रबाट सुरु भएको नेपाली खण्डकाव्यको यात्रा थुप्रै धुम्ती मोडहरू पार गर्दै 'पीकदूत' ऋतु बिचार हुँदै मुनामदनमा आएर जनमानसमा राम्ररी भिज्ने मौका पायो । यसरी नयाँ दर्शन र सोचमा अगाडि बढने क्रममा पुराना नियम भन्दा पृथक शैली र सिद्धान्तमा आधारित खण्डकाव्य लेखिन थाले । फस्वरुप 'मुनामदन' भ्याउरेमा आइपुग्यो भने 'आगो र पानी ' गद्य कवितात्मक शैलीमा लेखियो । पूर्वीय सिद्धान्त र लयमा आधारित भएको नेपाली साहित्य अनुरागीहरूको मस्तिष्कलाई नयाँ खोज र शैलीबाट सन्तुष्टि दिनु महत्वपूर्ण घटनाका रुपमा स्वीकार्नुपर्ने घिमिरेको तर्क छ । यहाँ घिमिरेले आगो र पानी खण्डकाव्यमा रहेको समका विचारलाई प्रतिविम्बित गर्न खोजिएको छ । जसअनुसार मानव इतिहास र आगो र पानीको इतिहास एकै हो । भर्भराउँदो आगोका सुन्तलाकार फिलुङ्गोमा पानीको प्रवेश भएपछि जन्मेको मानिस बुद्धिमा सबै प्राणी भन्दा उच्च थियो तर मानिस व्यक्तिगत स्वार्थमा लिप्त भएर आफ्नो उच्च मानवीय गुणको प्रयोग गर्न नसकेर कलह, इर्ष्या, अनैतिकताको विजारोपण गर्न पुगेको कुरा उनी उल्लेख गर्दछन् । यदि त्यो उच्च बुद्धि

विचारलाई सही सदुपयोग गरिदिएको भए यो संसार अर्कै हुने कल्पना समको भएको कुरा घिमिरे व्यक्त गर्दछन् ।

मानव इतिहासको गहिराइमा पुगेर लेखिएको समको आगो र पानी खण्डकाव्य मार्फत कविले आफ्नो प्रतिष्ठा कमाए भने कवि सम प्रभावशाली व्यक्ति बने । शक्तिशालीका अगाडि कमजोरले ईश्वरको आराधना गरेर ईश्वरको अस्तित्वलाई स्वीकार गर्नुपर्छ । यथार्थ विषय अँगाल्दै प्रष्ट रुपमा सममा  देखिने विशेषता दरबारमा स्वर्ग र झुप्रामा नरक जन्मेको कुरालाई 'आगो र पानी' खण्डकाव्यले प्रतिबिम्बित गरेको कुरा आफ्नो विश्लेषणमा घिमिरे व्यक्त गर्दछन् । वास्तवमा 'आगो र पानी' खण्डकाव्यको माध्यमद्वारा समले पाठकलाई दिन खोजेको मूल विषयवस्तु के हो भन्ने कुरामा घिमिरे भन्दछन- स्वर्ग, नरक, ईश्वर जस्ता कुरा मान्छेका कल्पनाका कुरा हुन । सम्पूर्ण शक्ति मानवमा नै केन्द्रित् छ । मानव आफै सत्ता सम्पन्न छ भने निष्कर्षमा 'आगो र पानी' खण्डकाव्यको अध्ययन र विश्लेषण पश्चात् पुग्नसकिन्छ । जसले ईश्वरीय अस्तित्व स्वीकार गरेर सम आफै पनि ब्रम्हवादी बनेका छन् । पूर्वीय धारणालाई अस्वीकार गरेपनि पूर्ण भौतिकवादी सम नबनेको कुरा घिमिरेको निष्कर्ष छ । पशिचमेली र पूर्वीय दर्शनको मध्यमार्गी बनेर समले आफ्ना रचनामा दार्शनिक दृष्टिकोण दिएका छन् । यसरी हेर्दा 'आगो र पानी' पूर्वीय र पशिचमेली दर्शनको समिश्रणका रुपमा देखापर्दछ । जसरी प्रहलाद नाटकमा ज्ञान विज्ञानमा हात जोड्नुपर्दछ कर्ममा भने झैं आगो र पानी खण्डकाव्यमा पनि ज्ञान-विज्ञानको मिलापत्र गराउन खोजिएको छ ।  यही नै नयाँ प्रसङ्ग नयाँ खोजी यस खण्डकाव्यको प्रतिपाद्य विषय हो भनेर घिमिरे निर्णयात्मक समालोचना गर्दछन् ।

आगो र पानी खण्डकाव्यका सवालमा समीक्षा गर्ने अन्य थुप्रै विद्वानहरू रहेका छन् । प्राय सबैको राय केही  अलग अलग भएपनि निष्कर्ष एउटै निस्कन्छ । यसै सिलसिलामा बुद्धि घिमिरेले यस काव्यलाई विश्लेषणात्मक र भावात्मक समीक्षा गरेको पाइन्छ । यस लेखको मूल उद्देश्य आगो र पानी खण्डकाव्यको परिचय र छोटो विश्लेषणात्मक समीक्षा गरेर पाठकलाई यस काव्यमा भएका विषयवस्तुलाई चिनाउनु हो । यसरी आगो र पानी खण्डकाव्यको संरचनात्मक परिस्थितिलाई केलाउँदै घिमिरे अघिको र पछिको भागमा विभाजन गरिएको खण्डकाव्यको विषयवस्तुमा सौर्यमण्डलको उत्पत्ति ९२ तत्वको जन्म प्राणीको उदय, प्राचीन समयको सङ्घर्ष, धर्म र वेदको उत्पत्ति, रामायण, महाभारत,

कपिलमुनि, बुद्ध, होमर, सिकन्दर, अरस्तु, अशोक, क्राइष्ट, सिजर, धार्मिक युद्ध, रुसो, नेपालको लडाइँ आदिका प्रसङ्गमा ऐतिहासिक सांस्कृतिक महापुरुषहरूको पुरुषार्थको पहिचान गराएको कुरामा आफ्नो दृष्टिकोण राख्दछन् । घिमिरेले तीन बुँदामा यस खण्डकाव्यको विचारलाई विश्लेषण गरेका छन् । जसमा (१) मानव इतिहास (२) नेपाल र नेपालीको चित्रण (३) मानवताको प्रतिपादन यसरी यी तिनै बुँदालाई केलाउँदा घिमिरे कवि बालकृष्ण समलाई पूर्वार्धमा कवि मान्छन् भने यस काव्यको उत्तरार्धमा कवि नभई दार्शनिक वा भविष्य वक्ताको रुपमा रहेको कुरा उल्लेख गर्छन् । अस्पष्ट भविष्यवाणी लिएर सम चौथो भागमा देखा पर्छन् भन्ने कुरामा उनी समीक्षात्मक टिप्पणी गर्दछन् ।

यसरी सममा कवितात्मक शक्ति प्रखर र गहन भएकाले देवकोटासँग तुलना गरी समका कविता र देवकोटाका कविता पढ्दाका अन्तरलाई प्रस्तुत गरिएको छ । वास्तवमा देवकोटाका कविता सरल र कोमल मन भएकाले पढ्ने हो भने समका कविता पढ्न मस्तिष्क आवश्यक पर्ने कुरा घिमिरे तुलनात्मक रुपमा प्रष्ट पार्दछन् ।

नाटकमा सिद्धहस्त समको यस खण्डकाव्यमा पनि कतै नाटकीय आभास पाइन्छ भन्ने कुरा कविले जङ्गली पात्र प्रवेश गराएपछिको झलकमा पुष्टि हुन्छ भन्ने कुरामा घिमिरेको दष्टिकोण रहेको छ । समको इच्छा अनुरुप नै मुख्य पात्रले मानवतावादी समाजको इच्छा गरेको छ । जसको वैचारिक प्रतिनिधि सरह नै मुख्य पात्र आएको देखिन्छ ।

यस खण्डकाव्यमा समको बौद्धिक चेतनाले विशिष्ट दार्शनिक चिन्तनलाई विवेचना गर्दा उनी असफल भएको कुरा व्यक्त भएको छ । यस सन्दर्भमा 'आगो र पानी' खण्डकाव्यको भूमिकामा रत्नध्वज जोशी भन्छन् "बढी घनिष्ठताबिना त्यति महत्वपूर्ण कुराहरू त्यति वजनदार भाषामा बेलीबिस्तारपूर्वक कसैले पनि गरिहने आशा गर्न सकिन्न समजीको यो त्रुटि यही एउटा काव्यमा मात्र सीमित छैन । समजी जस्तो तर्कशील र विद्धताको भण्डारमा एउटै किसिमको यस्तो व्यापक त्रुटि कहाँबाट कसरी आयो ? अध्ययन गर्न योग्य विषय छ ।"

यसरी हेर्दा यो काव्य दुर्बोध्य छ । तर पनि कवितात्मक रुपमा मानव इतिहास बोलेको कुरा अनि सबैभन्दा जेठो गद्यात्मक नेपाली खण्डकाव्य बनेको कुरा घिमिरे लगायत अन्य समालोचकहरूमा एकमत रहेको कुरा प्रष्ट हुन्छ । यसरी घिमिरे समको यो

कवित्वलाई नियमित आकस्मिकताको बाङ्गोटिङ्गो कवितात्मक रुपमा हेर्ने गर्दछन् । अर्थात आगो र पानी खण्डकाव्य नै 'चिसो चूल्हो' को बीज रहेको कुरा उनका कवितामा पाइने शैलीको दुरुहता र दार्शनिक प्रगाढताले प्रष्ट हुन्छ भन्ने आफ्नो तर्क राख्दछन् ।

समले आफूमा भएको दर्शनलाई कवितामा मथेर आगो र पानी वा ज्ञान र विज्ञानको सम्मिलन गराउन सफलता हासिल गरेका छन् भन्ने कुरामा घिमिरेको समीक्षा रहेको छ ।

आगो शक्तिको प्रतीक हो । यही शक्तिको आधारमा मानव अनेक चिजको कल्पना गर्दै संसारमा भौतारिएको हुन्छ । संसार आगो र पानीमा मुछिएको छ भन्ने कुरा सम व्यक्त गर्छन् भन्ने कुरामा घिमिरे आफ्नो तर्क राख्छन् । आगो र पानी प्राकृतिक रुपमा एक अर्काका विरोधी भए पनि संसारको सञ्चालनमा यी सबैको सम्मिलन हुनै पर्छ । यसरी सम्मिलन भएपछि मात्र संसार सुखी रहन्छ । यी दुबैको मिलनका सन्दर्भमा घिमिरेले यी दुई कविताका पाउ प्रयोग गरेका छन् -

"आगो ले निभी पानीले ताती एकदिन अवश्व मिल्नै पर्छ गिर्नैले उठी उठ्नेले झुकी परम्परा स्वाई साट्नै पर्छ ।"

प्रत्येक मानिसमा पनि आगो र पानीको मात्रा रहन्छ, शक्तिको मात्रा नभएको केही पनि हुँदैन । जब त्यही मानिसमा भएको आगो र पानी सर्वत्र बराबर भए मात्र जीवन सरस हुन्छ ।

यस काव्यको विश्लेषण गर्ने क्रममा घिमिरेले अन्यायी र शोषकहरूको पोल खोल्न जङ्गली पात्रको प्रयोग गरेर समलाई राजनीतिक नेताका रुपमा चिनाउन खोज्नु विषयवस्तुको गम्भीरतामा पस्नु हो भनी गहन समीक्षा गरेका छन् । संसारका मानिसहरूले अपराध गरेकाले संसारको रुप बदलियो । मानिसमा स्वार्थ त्याग गरी तेरो मेरो नभनी सबै एक भएर प्रेमको राज्यमा पस्नु पर्छ भन्ने सङ्केत गर्दै कविले सोचे जस्तो समाज त्यति चाँडै नबन्ने कुरा घिमिरे उल्लेख गर्दछन् ।

यस काव्यका विभिन्न पात्र वा जङ्गली पात्रका माध्यमबाट सबै मानिस सभ्य बन्नुपर्छ । समको विचारमा काल्पनिक संसार नै युटोपीया हो । साच्चै समको भविष्यको काल्पनिक संसारमा अत्यन्त उच्च व्यवस्था र सभ्य समाज बनेको छ । कसैले कसैलाई हत्या गरेको देख्न नपरोस साथै संसारका सबै मानिसमा विश्वबन्धुत्वको भावनाको विकास

होस् । सबै मानिसलाई मानवीय दृष्टिकोणले हेर्नुपर्छ । एउटा यस्तो उत्कृष्ट समाजको निर्माणमा समको यस खण्डकाव्यले उत्प्रेरित गरेको कुरा घिमिरे विश्लेषणात्मक रुपमा समीक्षा गर्दछन् ।

आगो र पानी खण्डकाव्यमा सम दार्शनिक चिन्तकका रुपमा देखापर्छन । यो काव्य पढ्न जति गाह्रो छ पढेर बुझ्न पनि त्यतिकै गाह्रो छ । समका कविताको गुण नै बुद्धि तत्वको मिश्रित आजाज हो भन्ने निष्कर्षमा समालोचक घिमिरे पुग्छन् । दर्शन जस्तो रुखो विषयलाई लिएर आफ्ना अभिव्यक्ति कलाले भरिएको कृति प्रस्तुत गर्ने सम नेपाली साहित्यको खण्डकाव्य विधाका दुर्बोध्य काव्यकार हुन् । यस्तै घिमिरे समलाई शास्त्रीयता वादी कविका रुपमा स्वीकार्न तयार छन् । उनी सम कवि नै हुन् भने संस्कृत साहित्यका विचित्रमार्गी माघ, श्रीहर्ष, भरवि जस्ता कवि हुन् भन्न चुकेका छैनन्, । हुन त आ-आफ्नो दृष्टिकोण हो 'कवि समलाई बुद्धि घिमिरेले संस्कृत साहित्यका महान पुरुषसँग दाजेका छन् ।

विषय वस्तुको जटिलता, आधुनिक विज्ञानको प्रयोग डार्बिनका सिद्धान्तलाई आत्म सात गर्दै अघि बढ्ने कविको शालीनता र सरलताको व्याख्या जति गरे पनि जटिलता जीवित रहेको छ । यति हुँदाहुँदै पनि नेपाली खण्डकाव्यले नयाँ मोड पाएको नकार्न सकिदैन भन्ने कुरा बुद्धि घिमिरे विभिन्न विद्वानका समप्रति लेखिएका लेख रचनाको अध्ययनबाट समीक्षात्मक निष्कर्षमा पुग्दछन् । यो लेख प्रकाशन हुँदा समको भौतिक अस्तित्व बाँकी थियो र उनलाई सुझाव पनि घिमिरे राख्दछन् । आगो र पानी खण्डकाव्य जन उपयोगी नभएको दुखमनाउ गर्दै अब आउने काव्य समका जनोपयोगी हुन् भन्ने अनुरोध गर्दै लेखकले बिट मारेका छन् ।

## ५.६ संस्कृत काव्यशास्त्र छोटो चिनारी

समीक्षक बुद्धि घिमिरेले यस लेखको उद्देश्य पहिलो अनुच्छेद वा भूमिकामा दिएका छन् । जसमा सामान्य चिनारी भनी सुरुमै भनिदिएकाले यस लेखको उद्देश्य गहन अध्ययन नभएर सामान्य पूर्वीय साहित्यको विकास र त्यसमा कुन कुन सिद्धान्तले वर्चस्व कायम गरेको छ । सोही विषयको सामान्य चिनारी गराउँदै वा मात्र नेपाली पाठकलाई संस्कृत काव्यशास्त्रको छोटो चिनारी गराउनु नै रहेको छ । प्रस्तुत लेखमा संस्कृत काव्य शास्त्रमा रहेका विभिन्न सन्दर्भलाई उजागर गरी केही सिद्धान्तको पनि परिचय दिने जमर्को गरेको

देखिन्छ । पूर्वी साहित्यको वा संस्कृत काव्य शास्त्रको परिचय गराउने सन्दर्भमा घिमिरेले विभिन्न उपशीर्षक राखेर प्रष्ट पारिदिएका छन् जो निम्न छन् -

**(अ) (क) भाषाको सन्दर्भ**

संसारका भाषाहरूमा सर्वप्राचीन भाषाका रुपमा संस्कृत भाषालाई लिइन्छ । विश्वका भाषाको सर्वेक्षणबाट के पुष्टि भएको छ भने संस्कृत भारोपेली परिवारमा पर्दछ । हालसम्म संसारमा मातृ भाषाका रुपमा बोलिने भाषा ६ हजार देखाइएको छ, यी भाषाहरू मध्ये इ.पू.३५०० वर्ष अगाडि भारतीय उपमहादीपमा आएका आर्यहरूको भाषा भारोपेली परिवारमा रहेको संस्कृत भाषा नै आर्यहरूको भाषा हो । यसरी संस्कृतलाई विश्लेषण गर्ने क्रममा घिमिरे अझ गहिराइमा गएर भन्छन् । भारोपेली भाषा परिवारमा पनि शतम् र केन्तम् वर्ग छुट्याइएको छ । जसमा संस्कृत भाषा शतम् वर्गमा पर्ने कुरा विभिन्न विद्वानहरूको अध्ययन खोज र अनुसन्धानलाई आधार बनाउँदै घिमिरे बताउँछन् । यो समीक्षा घिमिरेको खोजमूलक छ भन्न सकिन्छ । संस्कृत भाषाको सर्वप्राचीन ग्रन्थका बारेमा चर्चा गर्दा ऋक वेदलाई लिइन्छ । हालसम्मकै लिखित ग्रन्थ यो भन्दा पुरानो नभएको पनि विद्वानहरू बताउँछन् । यसरी हेर्दा ऋकवेदको समया अवधिका बारेमा एक मत छैन । हिन्दू धर्म ग्रन्थहरूले यसलाई चार लाख वर्ष पुरानो भनेर दाबी गरेका छन् । यसै गरी यो लिखित ग्रन्थ आधुनिक विश्लेषकहरूको विश्लेषणमा इ.पू. १५०० देखि इ.पू. ५००० वर्ष पुरानो रहेको कुरा उल्लेख गरी घिमिरलेले संक्षिप्त जानकारी दिएका छन् । संस्कृत भाषाको विकासक्रममा वेद उपनिषद, ब्राम्हण ग्रन्थ वैदिक साहित्य हुँदै लौकिक साहित्यमा प्रवेश गरेको कुरा संस्कृतका आचार्यहरूले चिन्तन गरेका छन् । यसरी संस्कृत भाषाको विकास भएको देखाउँछन् भने लौकक संस्कृत भाषाका समकालीन भाषाहरूमा ग्रीक, ल्याटिन भाषाहरू हुन आउने कुरा उल्लेख गर्दै ती भाषाहरू संस्कृत जतिको समृद्ध छैनन भन्ने निष्कर्षमा घिमिरे पुग्छन् र ती भाषाको समयावधि पनि छोटो रहेको पुष्टि गर्दछन् ।

**(ख) परिचय**

घिमिरेले यस परिचय शीर्षकमा संस्कृत शब्दको व्युत्पत्ति र काव्य शब्दको परिचय गराएर लेखलाई अगाडि बढाएका छन् । वास्तवमा काव्य शब्द कवि कर्म हो भने शास्त्र भन्ने शब्दले शासन गर्ने बुझाउँछ । यसरी समग्रमा संस्कृत काव्य शास्त्राले पूर्वीय साहित्यको समीक्षा शास्त्र भन्ने बुझिन्छ । यसरी उनले संस्कृत काव्यशास्त्र भनेको पूर्वीय साहित्य चिन्तन परम्परालाई लक्ष गरेको कुरा प्रष्ट् हुन्छ ।

**(ग) काव्य र साहित्य**

संस्कृत साहित्यको इतिहासलाई हेर्दा के प्रष्ट हुन्छ भने काव्य शब्द र साहित्य शब्दको प्रयोग एउटै अर्थमा तर कालको अन्तरमा फरक भएको देखिन्छ । जतिबेला संस्कृत भाषामा कविहरू जन्मिए तिनै श्रष्टाहरूले सिर्जना गरेका रचना काव्य भए जसमा कवि+य भएर काव्य बन्यो तर कालान्तरमा यही काव्य शब्दलाई साहित्य शब्दले परिचित गराउन थालियो । जतिबेला काव्यभन्दा संस्कृत बाङमयका सम्पूर्ण विधा पर्न जान्थ्यो भने पछि आएर काव्य शब्दले कवितालाई मात्र प्रतिनिधित्व गर्न थाल्यो । यसै सन्दर्भमा समालोचक घिमिरे अध्ययन खोज गरेर यस ऐतिहासिक तथ्यलाई उठाउने प्रयत्न गर्दछन् । उनी इ.पू. दोश्रो शताब्दीका भरत मुनि देखि क्रमशः भामह, दण्डी, उदभट, रुद्रत वामन आदि जस्ता समीक्षकहरूले काव्यकै विषयमा कृतिमार्फत परिभाषा चिन्तन आदि गरेका छन् भन्ने कुरा उल्लेख गर्दछन् । यसरी हेर्दा राजशेखर नै पहिलो व्यक्ति थिए जसले काव्यको ठाउँमा साहित्य प्रयोग गरे । त्यसपछि आचार्य विश्वनाथले आफ्नो ग्रन्थको नाम नै साहित्य दर्पण राखेकाले अब साहित्य शब्दले प्रभाव जमाएको कुरा घिमिरे उल्लेख गरी काव्य शब्द र साहित्य शब्दभेद या समिप्यताका बारेमा चर्चा गर्दछन् । भरतमुनिदेखि पण्डितराज जगन्नाथसम्म आउँदा विभिन्न वादविवाद भए चर्चा परिचर्चा भए जस अनुसार काव्य लक्षणका बारेमा धेरैले ‘शब्द काव्यम्’ भनेर शब्दलाई प्रधानता दिइएको कुरा सप्रमाण पेश गर्दछन् ।

काव्य र साहित्य शब्दको अर्थलाई हालको प्रचलनमा हेर्दा काव्यको क्षेत्र सङ्कुचन भई खण्डकाव्य र महाकाव्यलाई बुझाउन पुग्छ भने साहित्य शब्दले सम्पूर्ण वाङमयलाई बुझाउँछ । यसरी घिमिरेले संस्कृत साहित्य र चिन्तकका विचारलाई अध्ययन गरी यहाँ प्रस्तुत गरेका छन् ।

**(घ) काव्य समष्टिको उत्पत्ति र उद्देश्य वा प्रयोजन**

यस उप शीर्षकको लेखमा काव्यशास्त्रको इतिहासको पृष्ठभूमि उल्लेख गर्दै लिखित र प्रमाणिक रुपमा इ.पू. दोश्रोशतकतिर मात्र प्राप्त छ भन्ने कुरा उल्लेख गरेका छन् । विशेष गरेर काव्यको उत्पत्तिका सन्दर्भमा संस्कृत काव्यका प्रयोगहरू हिन्दू भएकाले उनीहरू सबै आस्तिक हुन्थे र देवताले ईश्वरले रचिदिएकामा विश्वास गर्ने जमात रहेको उल्लेख घिमिरे गर्दछन् । वास्तवमा काव्यको उद्देश्य धर्म, अर्ध, काम र मोक्ष प्राप्ति नै हो भनेर विश्वास व्यक्त गर्दछन् । हुन त लोक परम्पराबाट सिर्जित हुन्छ भन्ने अन्य भाषिक परम्पराको पृथक बनाई संस्कृत काव्यको आचार्यहरूले आ-आफ्ना समयमा फरक-फरक चिन्तन विश्लेषण र व्याख्या गरेका छन् । समग्रमा उनी काव्यको उत्पत्तिका सन्दर्भमा चिन्तकहरूले उल्लेख गरेका विषयमा अभ्यास, व्युत्पत्ति, प्रतिभा यी तिनै कुराको योगले मात्र काव्य सिर्जना हुन्छ भन्दछन् । यसरी तिनै पूर्वीय आचार्यका विचारलाई प्रष्ट्याउने काम घिमिरेले गरेकाछन् ।

**(आ) (क) काव्य विभेद**

संस्कृत काव्यलाई विश्लेषण गर्दा काव्यका दुई भेद गरी छुट्टयाइएको छ । जसमा दृश्यकाव्य र श्रव्य काव्य  पर्दछन् । यसभित्र जाने हो भने श्रव्यकाव्यका पनि तीन भेद देखिन्छन् । जसमा गद्य, पद्य र चम्पू पर्दछन् । त्यस्तै दृश्यमा पनि पद्य र गद्य दुबै भेद पाइन्छ । यसरी हेर्दा श्रव्यकाव्यमा महाकाव्य, खण्डकाव्य, फुटकर कविता आदि पर्छन् भने दृश्यकाव्यमा-नाटक एकाङ्की, रुपक, उपरुपक आदि पर्छन् । यसरी घिमिरे संस्कृत काव्यको भेद गरिएको कुरा विभिन्न सन्दर्भ सामग्रीबाट प्रस्ट्याउँछन् ।

**(ख) काव्य शास्त्र चिन्तन परम्परामा वादको प्रादुर्भाव**

सिजर्नापछि समालोचनाको जन्म हुन्छ । त्यसैले साहित्यको सिर्जना भएपछि त्यो सिर्जनामा के कुरा रहेको छ  वा रहनुपर्छ भन्ने विभिन्न सिद्धान्त जन्मिए, सोही सिद्धान्तका आधारमा घिमिरेले पनि संस्कृत काव्यशास्त्रमा विभिन्न वादले पारेको प्रभावलाई खोज विधि अपनाएर समीक्षा गरेका छन् । जसमा उनले  अलङ्कार, रस, रीति ध्वनि आदि विषयको चर्चा गरेका छन् ।

### (ग) अलङ्कारवाद

अलङ्कारको परिभाषा दिने हो भने काव्यको विभूषण हो । काव्यमा पनि शब्द, अर्थ र वर्णको सौन्दर्य बढाउन अलङ्कारको आवश्यकता पर्छ । यसरी सर्वप्रथम आचार्य भरतले आफूले नाटकको विश्लेषण गर्ने क्रममा अलङ्कारलाई आवश्यक तत्व ठानेको कुरा उल्लेख गर्दै घिमिरेले उपमा, यमक, दीपक जस्ता शब्दगत अर्थगत अलङ्कारको भरतले चर्चा गरेको कुरा उल्लेख गरेका छन् । भरतमुनिको काव्यशास्त्रको उदाहरण दिई उनी ऐतिहासिक पृष्ठभूमिलाई प्रष्ट्याउँछन् । भामहको काव्यालङ्कारको अध्ययन गरी अलङ्कारलाई काव्यको सर्वोच्च तत्व मान्ने भामहले शब्दार्थरुपी वाणीको वक्रतापूर्ण प्रयोग नै काव्य या अलङ्कार हो भनी स्वीकारेको कुरा घिमिरे उल्लेख गर्दछन् । त्यस्तै काव्य सौन्दर्यका दृष्टिले अलङ्कारको संस्थापक मामह भए भने उनका अनुयायीमा दण्डी, उद्‌मट, रुद्रट, जयदेव, आदिको नाम उल्लेख गर्दै जयदेवको भनाइ राख्दछन् । “नकान्त भपिनिर्भूषं विभाति बनिताननम्” (सुन्दर भएपनि आभूषण बिनाको बनिताहरूको अनुहार शोभायमान हुँदैन) भनेर अलङ्कारको पक्षमा विद्वानहरूले कलम चलाएको कुरा सामान्य चर्चा गर्दै जिज्ञासु पाठकलाई जिज्ञासा थप्ने काम गरेका छन् भने त्यस्तै अलङ्कारको विस्तृत अध्ययन गर्न चाहने पाठकलाई सन्दर्भ सामग्री प्राप्त हुने पनि प्रष्ट देखिन्छ । उनले अलङ्कारवादमा समर्थन गर्ने अन्य बादसँग सम्बनिधत विद्वान पनि रहेका उदाहरण प्रस्तुत गरेका छन् जसमा रीतिवादी- वामन, वक्रोक्तिवादी-कुन्तक छन् । विभिन्न विद्वानहरूका बिचारलाई समेटर छोटो लेखमार्फत पाठकको सामान्य जिज्ञासा मेटाउन सफल समीक्षकका रुपमा यस लेखमा घिमिरे देखिन्छन् ।

## (घ) रीतिवादी धारणा

रीतिको विषयमा चर्चा गर्ने क्रममा धेरै जसो आचार्यहरूले विश्वनाथको “पदसंघटना रीति” भन्ने उक्ति लाई अनुसरण गरेको कुरा घिमिर उल्लेख गर्दछन् । कुनै चिन्तक रीतिलाई काव्य संरचनाको वाहिरी पक्ष र कुनै काव्यको भित्री पक्ष हो भन्दछन् । उनले काव्यमा माधुर्य, ओज, प्रसाद गुणले युक्त भएका रीतिहुन् हो भन्ने विद्वानहरूका चर्चा गरी सामान्य विवरणात्मक र खोजमूलक समीक्षा गरेका छन् । बामनको प्रसङ्ग

उल्लेख गर्दा 'रीतिरात्मा काव्यस्य' भनेर काव्यको आत्म रीति हो भन्दछन् । यसरी रीतिहरूको परिभाषा सङ्केत र संख्याका विषयमा विभिन्न मत रहेपनि यहाँ समीक्षक घिमिरेले मुख्य रुपमा चार रहेको कुरा आफ्नो अध्ययनबाट उल्लेख गर्दछन्, जसमा (१) गौडी (२) पाञ्चाली (३) वेदर्भी (४) लाटी रीति रहेका छन् । यो नामाकरण क्षेत्रगत आधारमा गरिएको देखिन्छ । यसरी समीक्षक घिमिरेले रीतिका बारेमा सामान्य चर्चा गरेका छन् ।

## (ङ) वक्रोक्ति सिद्धान्त

'वक्र' अथवा बाङ्गो टिङ्गो 'उक्ति' भनाइ समग्रमा शब्दको अर्थलाई सिधा नलगाई फरक अर्थ लगाउने भनाइलाई वक्रोक्ति भनिन्छ । यसरी समीक्षक घिमिरेले विभिन्न ग्रन्थ र चिन्तकहरूका विचारलाई समेटदै भनेका छन् । अथर्ववेदमा वक्रलाई कुटिल-वाङ्गो अर्थमा त्यस्तै कालिदासले आफ्नो "मेघदुतम्"मा वक्रपन्था भनेर मेघको बाङ्गोबाटोका रुपमा प्रयोग गरेको कुरा उल्लेख गर्दछन् । यस्तै आचार्य भामहले वक्रोक्तिलाई अलङ्कारकै रुपमा स्वीकारेको देखिन्छ भने कवि वाणभट्टले "कादम्बरी" भन्ने गद्य काव्यमा "वक्रोक्ति निपूगेन बिलासी जनेन" भनेर वाणीको बिलासिताको शैली वा अलङ्कारको रुपमा प्रयोग गरेको देखिन्छ । यसरी घिमिरेले विभिन्न चिन्तकहरूको चिन्तनलाई समीक्षात्मक रुपमा प्रस्तुत गर्दै बक्रोक्तिको सामान्य परिचय दिएका छन् । सँस्कृतकाव्यशास्त्रका जिज्ञासु पाठकलाई यसलेखमा प्रस्तुत उक्ति र चिन्तनहरूले अध्ययन गर्न सहयोग गर्दछ । आचार्य भामहबाट बक्रोक्तिको प्रयोग अतिशयोक्तिका रुपमा गरिएको पाइन्छ भने आचार्य दण्डीले आफ्नो "काव्यदर्श" भन्ने ग्रन्थमा सम्पूर्ण वाङ्मयलाई स्वभावोक्ति र बक्रोक्तिमा विशेष चमत्कार पैदा हुन्छ भन्ने कुरा दण्डीले उल्लेख गरेका छन् । त्यस्तै रुद्रट अर्का चिन्तक हुन् जसले काकु बक्रोक्ति र श्लेष वक्रोक्ति भनाइका रुपमा भेद देखाएका छन् भन्ने कुरा अध्ययनद्वारा घिमिरे बताउँछन् ।

यसरी विभिन्न चिन्तकहरूको चिन्तन परम्पराबाट ईस्वीको एघारौं शताब्दीका कुत्तकले आफ्नो काव्य "वक्रोक्ति जीवितम" मा काव्यको आत्मा बक्रोक्ति हो भनी एउटा सिद्धान्तका रुपमा स्थापना गरेको कुरा घिमिरे प्रष्ट्याउँछन् । कुन्तकले "वक्रोक्ति विद्वानहरूको वाणीशोभा हो ।" भनेर यसको महत्व दशाउँदै यसका भेदहरूको पनि चर्चा

गरेका छन् । जसमा (१)वर्ग विन्यास बक्रता (२) पदपूर्वाद्व वक्रता (३) पद पराद्ध वक्रता (४) वाक्य वक्रता (५) प्रकरण वक्रता (६) प्रबन्ध वक्रता पर्दछन् ।

यसरी भेद देखाएर सम्पूर्ण वाङमा नै वक्रोक्तिमय हुने कुन्तकका विचारको परिचय घिमिरेले दिएका छन् ।

### (च) रसवाद र रस सिद्धान्त

रसका सन्दर्भमा पूर्वीय विद्वानहरूले विभिन्न धारणा व्यक्त गरेका छन् । पूर्वीय काव्य चिन्तन परम्परा लामो रहेको देखिन्छ । यसरी हेर्दा सर्वप्रथम रसवाद नै चिन्तन परम्पराको जगमा उभिएको कुरा समीक्षक घिमिरे बताउँछन् । वैदिक ग्रन्थबाट नै रसका बारेमा चर्चा परिचर्चा हुने गरेको विभिन्न प्रसङ्ग प्रस्तुत गरी उल्लेख गरेका छन् । रसवादको स्थापना गर्ने विद्धान ई.पू. दोस्रो शतकका आचार्य भरतले नाटकमा रसको आवश्यकता र परिभाषा गर्दै भनेका छन् - “विभावानुभाव व्यभिारी संयोगात रस निष्पत्ति” । यसरी रसको ऐतिहासिक पृष्ठ भूमिबाट केलाएर उपनिषद्मा उल्लेखित “रसवैस” रसंलब्ध्वा आनन्दी भवती” जस्ता भनाइहरूलाई समावेश गरी रसको महत्वका बारेमा घिमिरेले प्रकाश पारिदिएका छन् । यसरी रसका बारेमा दार्शनिक रुपमा व्याख्या गर्ने विद्धानहरूमा (१) भट्टलोल्लट (२) श्री शङ्कुक (३) भट्टनायक (४) अभिनव गुप्त आदिले रस सिद्धान्तका बारेमा अझ प्रष्ट पारेर यो सिद्धान्तलाई स्थापित गरेको कुरा उल्लेख गरेका छन् । नाट्कमा भरतमुनिले चर्चा गरे भने अन्य विद्वानले काव्यका अन्य भेदमा पनि रसको महत्वपूर्ण स्थान हुन्छ भन्ने उल्लेख गरेको कुरामा घिमिरे समीक्षा गर्न पुग्छन् । यसलाई प्रष्ट्याउने क्रममा कुनैपनि काव्यमा प्रयुक्त पात्र तन्कालको उपस्थितिमा दर्शक वा पाठकका मनमा त्यो पात्र जुन परिवेश र पहिरनमा उपस्थित छ । उसको वास्तविक परिचय त्यही हो नकि उसको वास्तविक परिचय दर्शक वा पाठकका मनमा रहदैन । उनले यसैलाई रस भनेर परिभाषित गरेका छन् । यसरी मानवीय मनमा उत्पादन हुने भावनात्मक सन्तुष्टिलाई नै रस भनिन्छ । यसरी कतिपय विद्वानहरू काव्यको केन्द्रीय तत्व रसलाई मान्ने गर्दछन् । विभिन्न उदाहरणद्वारा घिमिरेले संस्कृतका दृष्टान्तले पुष्टि गरिदिएका छन् । यस लेखले पनि अगाडिका लेखले जस्तै रसको सामान्य परिचय दिदै रस सिद्धान्तका प्रवर्तक अनि रसवादलाई अनुसरण गर्ने चिन्तकहरूका बारेमा छोटो चिनारी दिएर पाठकलाई सरल र सहज बनाइदिएका छन् । दर्शक वा पाठकको मनमा प्राप्त हुने चरम आनन्दानुभूति छ,

त्यसैले उसले आफ्नो वास्तविक संसारलाई बिर्सिएर नाटक वा काव्यभित्र हराउँदछ । यही परिवेशलाई रस नामकरण गरिएको हो । रस जम्मा नौ रहेका छन्, जसलाई नवरस पनि भनिन्छ । जसमा श्रृङ्गार, वीर, करुण, विभत्स, भयानक, हास्य, शान्त, रौद्र, अदभूत रस पर्दछन् । यसरी घिमिरेले आफ्नो बौद्धिकता कै कसीका आधारमा कक्षामा पढाउने शैलीमा यो लेख लेखेको आभास हुन्छ ।

**(छ) ध्वनिवाद**

पूर्वीय काव्य शास्त्रमा ध्वनिवादको स्थापना गर्ने विद्वान आनन्दवर्द्धन हुन् । उनले काव्यमा रहेको विशिष्ट व्यङ्ग्यका माध्यमले रसको अनुभूति हुने कुरामा जोड दिएका छन् । ध्वनिको अर्थ गर्ने क्रममा आचार्यहरूले भनेका कुरालाई घिमिरे यसरी राख्दै विश्लेषण गर्दछन् । "ध्वननं ध्वनि" अथवा "ध्वन्यते अनेन इति ध्वनि" । जो ध्वनित हुन्छ अथवा जसले काव्य सौन्दर्यको प्रतीति गराउँछ भन्ने अर्थमा अमिधा, लक्षणा, भन्दा विशिष्ट ब्यञ्जनावृत्तिद्वारा विशिष्ट व्यङ्ग्यार्थ हुने हुँदा आनन्द बर्द्धनले काव्य सुन्दरतालाई प्रतिपादन गर्न ध्वनि नै चाहिने कुरा देखाएको कुरा घिमिरेले उल्लेख गरेका छन् ।

ध्वनिका सन्दर्भमा विभिन्न चिन्तकहरूका विचारलाई समावेश गरी ती मध्ये उत्तम विचार आनन्दवर्द्धनको रहेको कुरा उल्लेख गरेका छन् । ध्वनि विवेचनाको क्रममा उत्तम व्यङ्ग्य ध्वनि हो भने अस्पष्ट व्यङ्ग्य भएको गुणीभूत व्यङ्ग्य भन्नुपर्छ भन्दै ध्वनि र गुणीभूत व्यङ्ग्य गरी स्वभावका आधारमा भेद गरेको पाइन्छ ।

ध्वनि सिद्धान्तका चिन्तकहरूले काव्यको महत्व शाब्दिक चमत्कारमा मात्र नभएर सबै अवयवमा निहित लावण्य, शब्द विधान र अर्थ विधानको समष्टि स्वरुप नै ध्वनि हो भनी घिमिरे निस्कर्षमा पुग्दछन् । यसरी आनन्द वर्द्धनले काव्यको मान्यतालाई नयाँ रुप दिन खोजेको कुरालाई प्रस्तुत गर्दै ध्वनिवादी चिन्तकका विचार र ध्वनिका अङ्ग ध्वनिलाई काव्यको आत्मा मान्ने विद्धान्हरूको परिचय गराउँदै ध्वनिलाई सामान्य परिचय गराउने काम यस लेखमा घिमिरेले गरेका छन् । उनले काव्यका उत्तम, मध्यम र अधम भेद गरी ध्वनिलाई विशेष स्थान दिइएको कुरा प्रष्ट पारेका छन् । ध्वनिवादका सन्दर्भमा आफ्नो बौद्धिकताका कसीलाई घिमिरेले पूर्वीय विद्वानका विचारलाई समेट्दै साहित्य समीक्षाको

क्षेत्रमा ध्वनिवादले अनुपम र अद्वितीय स्थान ओगटेको कुरामा विद्वानहरूको धारणा रहेको कुरा घिमिरे उल्लेख गर्दछन् ।

**(ज) शब्दशक्ति वा अर्थ वोधक वृत्तिहरूको परिचय**

शब्दका आ-आफ्नै संरचना र क्षमता हुने गर्छन्,जसलाई पूर्वीय शास्त्रमा शब्द शक्ति भनेर तीन भागमा विभाजन गरिएको पाइन्छ । जसमा (१) अभिधा (२) लक्षणा (३) व्यञ्जना पर्दछन् । यी शब्दका वृत्ति वा शक्ति हुन् । काव्यमा यस्ता शक्तिलाई प्रयोग गर्ने तरिका उल्लेख गरिदिएर समीक्षक घिमिरेले पाठकलाई बुझ्न सहज र सरल बनाएका छन् ।

अमिधा, लक्षणा र व्यञ्जना शब्द शक्तिका बारेमा अलग अलग परिचय दिएर घिमिरेले संस्कृत काव्य शास्त्रलाई अझ प्रष्ट पार्न खोज र अध्ययन गरेको पाइन्छ । समग्रमा अमिधावृत्ति वा शक्ति भनेको सिधा अर्थ भन्ने बुझिन्छ भने लक्षणाले लक्ष्य भेदक अर्थ दिन्छ । सिधा अर्थ नदिई थोरै विख्याती वा परिचयात्मक अवस्थाको अर्थ दिन्छ । जस्तो खोला बजारमा म जान्छु । यहाँ खोलामा बजार लागेको होइन कि खोलाको छेउमा भन्ने अर्थ दिन्छ । त्यस्तै व्यञ्जना वृत्ति भनेको प्रतीकात्क व्यङ्ग्यार्थ हो । यसमा शब्दगत र वाक्यगत अर्थ व्यङ्ग्य अर्थ हुने भएकाले नै व्यञ्जना भनिएको हो । यी सबै कुरालाई बुझाउन समीक्षक घिमिरेले विभिन्न विद्वानका विचारलाई समेट्दै उदाहरण सहित प्रष्ट पारेका छन् । लक्षणा शक्तिका भेद मम्मटको काव्यकारको सहारा लिदै उनले रुढी र प्रयोजनवती लक्षणाका दुई भाग छन् भने प्रयोजनवतीमा ६ भेद देखाएको कुरा उल्लेख गरेका छन् । जस्तै (१) शुद्धा (२) गौणी दुई भेद गरी शुद्धामा, लक्षणामा र गौणी लक्षणामा ( १) उपादान लक्षणा (२) लक्षणालक्षणा (३) सारोपा लक्षणा (४) साध्यवासाना लक्षणा रहेको उल्लेख गरेका छन् । यस्तै अन्य विद्वानका पनि विचारलाई उनले समावेश गरी अध्ययनलाई अझ बढी प्रभावकारी बनाएको देखिन्छ ।

यस्तै आचार्य विश्वनाथका अनुसार लक्षणाका  १६ भेद देखाइएको छ । यसलाई पनि धर्मगत र धर्मीगत गरी जम्मा ४० भेद आचार्य विश्वनाथको विचारलाई पनि समेटेर घिमिरे भन्छन् । भेद जतिसुकै भए पनि लक्षणाको मूलकारण मुख्यार्थ वाधा, रूढि र प्रयोजनमध्ये कुनै एक तथा मुख्यार्थ र लक्ष्यार्थका परस्पर सम्बन्ध छ भन्ने सबैको अभीष्ट छ ।

यस्तै व्यञ्जनामा पनि विद्वानहरूको आ-आफ्नै धारणा रहेको कुरालाई समावेश गर्दै व्यञ्जनाको अर्थ केलाउन समीक्षक घिमिरे सफल देखिन्छन् । व्यञ्जनाका विभिन्न अर्थका व्यञ्जनाशक्ति हुन्छन् भन्ने पूर्वीय विद्वानहरूको समीक्षा गर्दै घिमिरेले व्यञ्जनाको भेदका सन्दर्भमा शब्दी व्यञ्जना र आर्थी व्यञ्जना रहेको कुरा उल्लेख गरेका छन् । यिनीहरूका पनि उपभेदहरूको परिचय अर्थात नामको परिचय गराएका छन्, जसमा शाब्दी व्यञ्जनामा अभिधामूल र लक्षणामूल, दुई भेद र  आर्थीमा बाच्यार्थापरक, लक्षार्थपरक व्यङ्ग्यपरक गरी मुख्य रुपमा तीन भेद रहेको उल्लेख गरेको पाइन्छ । व्यञ्जना शक्तिमा विशेष गरी काव्यमा पद, पदांश, वाक्य, वाक्य समूह, सन्दर्भ वा पूरैरचनामा जुनसुकै स्थानबाट पनि कुनै नयाँ वा विशिष्ट अर्थ प्रतिपादन हुन्छ भने त्यो नै व्यञ्जना वृत्ति हो भन्ने निष्कर्षमा घिमिरे पुगेका छन् । यसरी पूर्वीय समीक्षकहरूका विचारलाई अध्ययन गर्दै नेपाली भाषामा सुहाउँदो ढङ्गले सामान्य विश्लेषण गरेको पाइन्छ ।

**(झ) काव्यदोष**

पूर्वीय काव्य परम्परामा विभिन्न वाद र प्रणालीका बारेमा विद्वानहरूले चिन्तन गरेका छन् । यसै सन्दर्भमा पूर्वीय परम्परामा काव्य दोष रहित हुनु पर्छ । दोषयुक्त काव्य रचनामा निषेध गरिएको कुरा घिमिरेले उल्लेख गरेका छन् । यसरी दोष रहित काव्यको निर्माण गर्दा वास्तविक काव्यका दोषचाहि के के हुने तिनको पहिचान हुन जरुरी छ । यसै सन्दर्भमा समीक्षक घिमिरेले पूर्वीय मान्यता र परम्परालाई अनुसरण गर्दै परिचयात्मक समीक्षा गरेको देखिन्छ । काव्यको दोष भनेको मानिसमा हुने शारीरिक, मानसिक र सामाजिक दोष जस्तै काव्यमा पनि काव्यका अङ्ग प्रत्यङ्गदेखि त्यसमा निहित भाव, सौन्दर्य, व्यङ्ग्य आदिका बारेमा दोष देखिनुलाई काव्य दोष भनेर उल्लेख गरेका छन् । सर्वप्रथम आचार्य भरतबाट काव्यदोषको उल्लेख गरिएको कुरा समीक्षक घिमिरे बताउँछन् । तत्पश्चात् उनले  विभिन्न विद्वान तथा काव्य चिन्तकहरूले आ-आफ्नै ढङ्गले काव्यदोषका बारेमा आफ्ना विचार प्रतिपादन गरेको कुरा उल्लेख गरेका छन् । काव्य दोषको वर्गीकरण गर्नेक्रममा समीक्षक बुद्धि घिमिरेले आचार्य भरत मुनि देखि आचार्य विश्वनाथसम्मका विचारलाई समेटेर वास्तवमा काव्यदोष (क) भाषिक दोष (ख) अर्थगत दोष (ग) काव्य चमत्कारगत दोष भनेर भन्न सकिने कुरा उल्लेख गरेका छन् । हुन त विभिन्न विद्वान्हरूले

दोषलाई ७० सम्म दोषका भेद रहेको बताएका छन् । यसरी काव्यमा भएको दोषलाई पहिचान गर्न सहज बनाउन घिमिरेले यसो भनेका छन् । रस प्रवाहमा बाधा पर्नु, अर्थबोध नहुनु बाढिलो हुनु, व्यङ्ग्यमा बाधा हुनु, वाक्य नमिल्नु, वर्णन नमिल्नु आदि" अन्य दोषहरू हुन् । यसरी काव्यका दोषको समान्य परिचय दिने काम घिमिरेले यस समीक्षा लेखमा प्रस्तुत गरेका छन् ।

**(ञ) काव्य गुण**

पूर्वीय काव्य शास्त्रमा समालोचक वा चिन्तकहरूको विचारमा काव्य रचना पक्षसँग सम्बद्ध तत्वहरूका रुप गुण, रीति, अलङ्कार शब्दशक्ति आदिलाई महत्व दिनुपर्छ भन्ने रहेको पाइन्छ । यसै आधारमा आचार्य वामन जस्ता विद्वानहरूले काव्यगुणका बारेमा उल्लेख गरेको पाइन्छ । विभिन्न विद्वानले विभिन्न नामकरण गरेर गुणलाई प्रतिपादन गरेको पाइन्छ । वामनले दश गुणको चर्चा गरे भने मम्मटले त्यसको खण्डन गरी माधुर्य, ओज, प्रसाद गरी तीन गुण हुने उल्लेख गरे । यस विषयलाई आचार्य विश्वनाथले पनि सहमती जनाएको कुरा घिमिरे उल्लेख गर्दछन् । त्यस्तै तीन गुण भन्दा बढी काव्यका गुण हुन्छन् भन्ने आचार्यहरूलाई बहुलगुणवादीहरू र जसमा भरतमुनि र दण्डी १० गुण अग्निपुराणले १८ गुण जयदेवले ८ गुण वामनले २० गुण देखाएको कुरा घिमिरेले उल्लेख गरेका छन् भने तीन गुणवादीहरूमा आचार्य भामह, राजशेखर, मम्मट, हेमचन्द्र, विश्वनाथ आदि हुन् भनेका छन् । ती तीन गुणहरू निम्न छन्- यसरी (१) माधुर्य- मधुर शब्दको प्रयोग बैदर्भी रीति श्रृङ्गार रसमा प्रयोग हुनेलाई माधुर्य गुण भनिन्छ । (२) ओज- तेज-स्फूर्ति जोशिलो भाव गौडीरीति समावेश भएको कठिन रचना आदि ओज गुणमा हुने हुन्छ । (३) प्रसाद- चित्तलाई प्रसन्नता दिने, सुन्नासाथ अर्थ बुझिने सरल रचना बैदर्भी, पाञ्चाली जस्ता रीतिको आधिक्य हुने र सबै रसको प्रयोग हुने गुण प्रसाद गुण हुन्छ भन्दै घिमिरेले गुणका बारेमा परिचयात्मक समीक्षा प्रस्तुत गरेका छन् ।

पूर्वीय काव्यशास्त्रको समीक्षा गर्ने क्रममा बुद्धि घिमिरेले उपसंहारमा आफ्ना विचारलाई प्रस्तुत गरेका छन् । पूर्वीय साहित्य सिद्धान्तको समीक्षाशास्त्रलाई दुईथरी प्रस्थान विन्दु देखाएका छन्, जसमा (क) रचनात्मक पक्ष (ख) आस्वादपरक पक्ष पर्दछन् । यी दुवैमा पहिलो कविकर्मसँग सम्बन्धित छ भने दोस्रो रस सिद्धान्तसँग सम्बधित छ । ध्वनि सिद्धान्तले रचना र आस्वाद दुवैलाई समेटन खोजेको कुरा घिमिरेले उल्लेख गरेका छन् । काव्यका

आन्तरिक र बाह्य तत्वका बारेमा विवेचना गर्दै यस लेखमा घिमिरेले सामान्य पाठक जसको गहन अध्ययन गर्ने समयाभाव छ त्यस्तालाई सहज ढङ्गले अध्ययन गर्ने र जानकारी लिन सहज बनेको कुरा प्रष्ट पारेका छन् । यसरी खोजपरक, अध्ययन र परिचयात्मक प्रस्तुति यस लेखको मुख्य प्रवृत्ति रहेको देखिन्छ । विभिन्न सिद्धान्त र वादको परिचय अनि त्यसको काव्यमा रहेको प्रभाव आदिलाई अत्यन्तै सहज सरल ढङ्गले प्रस्तुत गरिएको छ ।

## ५.७ पूर्वीय साहित्यका सन्दर्भमा ध्वनिवाद

पूर्वीय काव्य शास्त्रको पहिचान गर्दा र यसका ऐतिहासिक पृष्ठभूमिलाई केलाउँदा सम्पूर्ण विश्वका अन्य भाषाको साहित्य भन्दा पुरानो पूर्वीय साहित्यलाई लिइन्छ । पूर्वीय साहित्य भन्नाले विशेषत:संस्कृत साहित्यलाई नै बुझिन्छ । यस सन्दर्भमा समालोचक बुद्धि घिमिरेले यस शीर्षकमा नेपाली साहित्यका उपासक र संस्कृत साहित्यका पारखीहरूलाई अनि विशेष गरेर उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीका लागि छोटो छरितो गरी बुझ्नका लागि राम्रै खुराक प्रस्तुत गरेका छन् । यो समालोचना परिचयात्मक र सैद्धान्तिक समालोचना भित्र पर्दछ । विभिन्न विद्वान्का विचारलाई समेट्दै ध्वनिवादको परिचय घिमिरेले दिएका छन् । ध्वनिवादको मूल आधार भनेको व्यञ्जना शक्ति हो । व्यञ्जना व्यक्त भएको अर्थलाई ध्वनि भनिन्छ । त्यसैले घिमिरे पनि आन्नदवर्द्धनको यस सिद्धान्तलाई आत्मासात गर्दै काव्यको भाव पक्ष वा काव्यको हृदय पक्षलाई प्रधानता दिने समीक्षा सिद्धान्त ध्वनिवाद हो भन्दछन् । पूर्वीय काव्य समीक्षामा काल विभाजन पनि ध्वनिलाई आधार मानी गरिएको कुरा समीक्षक घिमिरेको अध्ययन विवेचनाबाट प्रष्ट हुन्छ । ध्वनिवादका प्रर्वतक आनन्दवर्द्धनले आफ्नो "ध्वन्यालोक" मा काव्यको परिभाषा यसरी दिएका छन् ।"शब्दार्थशरीरंतावत् काव्यम् काव्यस्यात्मा ध्वनि" यसरी काव्य चिन्तनमा शब्दार्थ काव्यको शरीर भए आत्मचाहिं ध्वनि हो । यस सिद्धान्तलाई रसवादी आचार्यहरू मम्भट,विश्वनाथ ,जगन्नाथले पनि समर्थन गरेको कुरा समीक्षक घिमिरे उल्लेख गर्दछन् ।

### ५.७.१ ध्वनिको पूर्व परम्परा

ध्वनिवादी आचार्य आनन्दबर्द्धन नै हुन् । उनी भन्दा पूर्व ध्वनिको चर्चा गरिएको पाइँदैन । विभिन्न मतहरूको अध्ययन गर्दै घिमिरेले यस लेखमा ध्वनिवादको प्रारम्भ र

यसको विकासका बारेमा जानकारी दिएका छन् । व्याकरणकारहरूले ध्वनिलाई स्फोट व्यङ्ग्यको रुपमा लिने गरेको कुरा घिमिरेले उल्लेख गरेका छन् । आनन्दवर्द्धन भन्दा पछिका आचार्यहरूले ध्वनिलाई विभिन्न रुपमा स्वीकारेको पाइन्छ । यस सन्दर्भमा मम्मटले ध्वनि वादका विरोधी मतको खन्डन गरी यस वादलाई स्थापना गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेलेको कुरा घिमिरे बताउँछन् । यसरी ध्वनिवादको स्थापना भएको हो । मम्मटले आफ्नो ग्रन्थ "काव्य प्रकाश" मा वाच्यार्थ र व्यङ्ग्यार्थमा फरक छ भन्ने कुरा देखाएका छन् । बोद्धा,स्वरुप,प्रतीतिकाल,आश्रय निमित्त,कार्य, सङख्या,विषय आदि आठ किसिमका ध्वनिका भेदकहरू देखाएको कुरा घिमिरे उल्लेख गर्दछन् । आचार्यहरूको मतमा काव्यको उत्तम भेद नै ध्वनि भएको कुरा उल्लेख गर्दछन् ।

## (ख) ध्वनिको स्वरुप वा परिभाषा

ध्वनिवादी आचार्यहरूका मतलाई समेटदै समीक्षक घिमिरे भन्दछन् - विभिन्न ढङ्गले विद्वानहरूले परिभाषित गरे पनि आनन्दवर्द्धनको ध्वन्यालोकको साहारा लिई ध्वनिको स्वरुप तथा परिभाषामा यस्तो निष्कर्षमा पुग्दछन् । घिमिरे "जहाँ शब्द र अर्थ दुवै आफूलाई वा आफ्नो वाच्यार्थलाई गौण या अप्रधान बनाई आफूलाई वा आफ्नो अर्थलाई समर्पित गरेर जुन प्रतीयमान अर्थ व्यक्त गर्दछन् त्यही ध्वनि हो ।" यही सिद्धान्त र परिभाषालाई ध्वनि भनेर विद्वानहरूले स्वीकारेका छन् भन्ने कुरा घिमिरे व्यक्त गर्दछन् । यसरी व्यङ्ग्यार्थ नै ध्वनि मानेको कुरा प्रष्टिन्छ ।

समग्रमा समीक्षक घिमिरेले आन्नदवर्द्धन र मम्मटका विचारलाई विशेष महत्व दिई ध्वनिवादको स्वरुप र परिभाषालाई प्रष्ट्याएका छन् ।

## (ग) ध्वनिका प्रकार वा भेद

पूर्वीय साहित्यमा ध्वनिको वर्गीकरण गर्दा विभिन्न भेद र उपभेदमा विभाजन गरी विद्वान् चिन्तकहरूले विश्लेषण गरेका छन् । ती विद्वान् समीक्षकहरूका मतहरूलाई अध्ययन गरी घिमिरेले यस शीर्षकमा लक्षणा र अभिधावृत्तिमा १८ भेद रहेको र अन्य शब्दशक्तित्युद्भव,अर्थशक्तित्युद्भव उभयशक्त्युद्भव गरी पदवाक्य प्रबन्धगत आधारमा ध्वनिका ५१ भेद रहेको कुरा उल्लेख गरेका छन् ।

यहाँ घिमिरेले विद्यार्थीको अध्ययनका  सुविधाका लागि तीनवटा भेद मोटा मोटी विभाजन गरेका छन् जस अनुसार  (क) वस्तु ध्वनि (ख) अलङ्कार ध्वनि (ग) रसध्वनि हुन भनी पुष्टि गरेका छन् । विभिन्न विद्वानको उदाहरणलाई प्रस्तुत गर्दै ध्वनिलाई प्रष्ट्याउन यस लेखमा घिमिरे सफल देखिन्छन् । घिमिरेले ध्वनिको भेदका परिचय दिलाउन तालिका प्रयोग गरी ध्वनिका भेद उपभेदलाई प्रष्ट्याउने कार्य गरेका छन् । पूर्वीय ध्वनिवादी आचार्यहरूले नै ध्वनिका भेद एकिन गर्न नसकेका कुरा घिमिरेले उल्लेख गरेका छन् ।

यसरी ध्वनिका ५१ भेदलाई घिमिरेले पूर्वीय आचार्यहरूको मतलाई समर्थन गर्दै तालिकाद्वारा खोजमूलक अध्ययन गरी पाठकलाई सरल ढङ्गले ध्वनिका भेद उपभेद बुझाउने प्रयत्न गरेका छन् । यसरी गुणिभूत व्यङ्ग्यलाई समेत गुणन गर्ने हो भने साढेचारलाख यसको सङ्ख्या रहेको खुलासा घिमिरे  गर्छन् । ध्वनिको सङ्ख्या आचार्यहरूको मतमा अत्यधिक  हुन्छ भन्ने कुरामा धेरै सहमत रहेको कुरा घिमिरे उल्लेख गर्दछन् । यसरी घिमिरेले ध्वनि चिनाउने क्रममा गुणीभूत व्यङ्ग्यको चिनारी निम्नानुसार गराएका छन् ।

### (घ) गुणीभूत व्यङ्ग्यको चिनारी

घिमिरे यस उपशीर्षकमा अप्रधान ब्यङ्गयको चर्चा गर्छन् ।   जुन काव्य रचनामा व्यङ्ग्यार्थ वाच्यार्थ भन्दा कम चमत्कारी   हुने भएकाले त्यस्तो रचनामा व्यङ्ग्यार्थलाई गौण वा अप्रधान    भएकाले गुणिभूत व्यङ्ग्य पाइने भनिन्छ । यसका प्रकारहरूका उल्लेख गरी घिमिरेले छोटो परिचय प्रस्तुत गरेका छन् । जस्तै

क.इतराङ्ग- एउटाको रस अर्काको अङ्ग हुनलाई इतराङ्ग गुणीभूत व्यङग्य भनिन्छ ।

ख. काक्वाक्षिप्त- सिधा अर्थलाई काकु उक्तिद्धारा उल्टो बनाइदिन्छ भने त्यसलाई काक्वाक्षिप्त भनिन्छ ।

ग  वाच्यसिद्वयङ्ग - वाच्यार्थ भन्दा ब्यङ्गयार्थ गौण भएमा वाच्यसिद्धयङ्ग गुणीभूत व्यङ्ग्य हुन्छ।

घ सन्दिग्ध प्राधान्य- वाच्यार्थ र व्यङ्ग्यार्थ छुट्याउन नसकिने वा सन्देह हुने गुणिभूत सन्दिग्ध प्राधान्य व्यङ्ग्य हुन्छ ।

ङ तुल्यप्राधान्य - वाच्यार्थ र व्यङ्ग्यार्थ समान रुपमा प्रधान भएमा गुणिभूत तुल्यप्राधान्य व्यङ्ग्य हुन्छ ।

च अस्फुट- काव्य पारखीले पनि बुझ्न नसक्ने अस्फुट व्यङ्ग्य हो ।

छ अगुण व्यङ्ग्य- ज्यादै स्पस्ट व्यङ्ग्यार्थलाई अगुण व्यङ्ग्य भनिन्छ ।

ज असुन्दर व्यङ्ग्य वाच्यार्थ भन्दा व्यङ्ग्यार्थ कम चमत्कारजनक भए

असुन्दर गुणीभूत व्यङ्ग्य भनिन्छ ।

**(ङ) ध्वनिवादको अन्य वादहरूसँग सम्बन्ध**

समीक्षक घिमिरेले ध्वनिवादलाई अन्य संस्कृत साहित्यका विभिन्न वादसँगको सम्बन्धलाई प्रस्ट्याउन छुट्टा छुट्टै शीर्षक राखेर उल्लेख गरी पाठकलाई अध्ययन गर्न सहज र सरल बनाइदिएका छन् । ध्वनिवादको अन्यवादसँग तुलना गर्दै ध्वनिवाद अन्यवाद जस्तै एउटा साहित्यिक सिद्धान्त भएको प्रष्ट पारेका छन् ।

ध्वनिवाद रसवादसँग मिल्दो जुल्दो देखिन्छ । ध्वनि शब्दार्थबाट रस ब्यञ्जित हुने हुन्छ र व्यङ्ग्यार्थ रस हुन्छ । यसरी ध्वनि र रसको सम्बन्ध रहेको देखिन्छ । त्यस्तै औचित्य वादसँग ध्वनिको सम्बन्ध देखाउन आचार्य क्षेमेन्द्रको औचित्यवादसँग तुलना गरिएको छ । ध्वनिसँगको सम्बन्ध रससँग छ र ध्वनि नै काव्यमा मिल्नुपर्छ भन्ने विचार औचित्यवादको रहेको छ भनेका छन् । ध्वनिवादलाई औचित्यवादले विशेष रुपमा लिएको कुरा घिमिरेको निष्कर्ष छ ।

चमत्कारवाद र ध्वनिवादको सम्बन्ध- कुनै पनि रचनाको चमत्कार भनेको नै रचना भित्र रहेका गुण, रस ,आदि नै भएकाले यसमा पनि ध्वनि अलग रहन सक्दैन । त्यस्तै अभिव्यञ्जना र ध्वनिको सम्बन्ध, त्यसरी नै वक्रोक्तिसँगको सम्बन्ध, अनि गुणसँगको ध्वनिको सम्बन्धलाई केलाएर समीक्षक घिमिरेले संस्कृत साहित्य सिद्धान्तका व्यक्तित्वहरूको चिन्तनलाई समेटी पाठकलाई सहज बनाइदिएका छन् । ध्वनि र रीतिका बीचको सम्बन्धलाई केलाएर उनले विभिन्न अर्थमा ध्वनि विशेष गरेर व्यङ्ग्यार्थमा प्रयोग हुन्छ । अर्थात ध्वनि नै व्यङ्ग्यमा उभिन्छ , प्राण भर्छ र सञ्चालित हुन्छ । त्यसैले यसलाई व्यङ्ग्यार्थमा पनि राख्नुपर्ने हुन्छ भनेका छन् ।

ध्वनिको महत्वलाई पूर्वीय साहित्यमा निकै धेरै माथि उठाइएको छ । प्रतिभालाई नै स्रष्टाको महान् शक्तिका रुपमा लिइएको कुरा घिमिरे पूर्वीय चिन्तकका काव्यशास्त्रको अध्ययनबाट स्पस्ट पार्छन् । यसरी पूर्वीय साहित्यमा ध्वनि वादको अर्थ,परिभाषा र विश्लेषण गरी काव्यको एउटा महत्वपूर्ण तत्वका रुपमा ध्वनिलाई स्थापित गर्दै घिमिरेले नेपाली पाठकलाई सहज ढङ्गले बुझ्ने गरी  विश्लेषण गरेका छन् । तर यति हँदा हुदै पनि ध्वनि र अन्य वादका वीचको अन्तर सम्बन्ध केलाउने क्रममा भने अन्य वादको परिचय राम्ररी नपुगेको देखिन्छ ।

वि.सं २०६१ सालको अन्वेषण अङ्क दुईमा प्रकाशित यो लेख घिमिरेको पछिल्लो चरणको महत्वपूर्ण समीक्षा लेखका रुपमा आएको देखिन्छ । १३ वटा सन्दर्भ ग्रन्थको सहयोगमा लेखिएको यो लेख लेखाइ भन्दा बढी नै अध्ययन गरेर लेखिएको स्पस्ट हुन आउँछ । जे जसरी भए पनि आजका विद्यार्थी जसलाई लामो विश्लेषण भन्दा छोटो समीक्षा नै उपयोगी हुने भएकाले घिमिरे आफैं निष्कर्षमा भन्दछन् "ध्वनिवादको सम्पूर्ण उदाहरण सहित विश्लेषण नगरी सामान्य परिचयात्मक परिचय दिइने काम गरेको छु ।" यसरी ध्वनिलाई चिनाउने काम यस लेखको मुख्य उद्देश्य रहेको छ ।

**५-८ लेखनाथ र उनको नव्य काव्य तरुण तपसी**

यो समीक्षा स्रष्टापरक र कृतिपरक समीक्षा अन्तर्गत पर्दछ । नेपाली साहित्यको दुई काल खण्डमा कलम चलाउने कवि शिरोमणि लेखनाथ पौडेलको नेपाली साहित्यमा योगदानको चर्चा गर्दै उनको नव्यकाव्य तरुण तपसीको सामान्य विश्लेषण घिमिरेले आजभन्दा तीन दशक अघि नै गरेको देखिन्छ । वाराणसीवाट प्रकाश हुने पत्रिका कोशीको लहरको अङ्क १ मा प्रकाशित यो लेख तत्कालीन अवस्थामा अत्यन्तै महत्वकासाथ लिने गरिन्थ्यो । त्यस समयमा यस्ता समीक्षात्मक लेख कमैमात्र प्रकाशित हुने गर्थे । हाल आएर लेखनाथका विषयमा र उनका कृतिका विषयमा अत्यन्तै धेरैले धेरै कोणबाट अध्ययन गरिसकेका छन् । तथापि घिमिरेको यो लेखको महत्व विशिष्ट नै छ । किनभने यो लेखमा अत्यन्तै छोटो रुपमा लेखनाथ र उनको नव्यकाव्यलाई चिनाइएको छ । कवि शिरोमणि आफैंले तरुण तपसीलाई नव्यकाव्य माने पनि हाल आएर यसलाई महाकाव्यको स्तरमा राखी अध्ययन गरिन्छ । कवि शिरोमणि लेखनाथको प्रकृति चित्रण र दार्शनिकताको समन्वय

उनको कृतिमा नागवेली झैं सलबलाएको पाइन्छ । यसरी लेखनाथका प्रकाशित कृतिहरूको नामिक परिचय दिदै नव्यकाव्य तरुण तापसीसम्मको साहित्यिक यात्राको चर्चा गरी घिमिरे विषय वस्तुमा प्रवेश गर्दछन् । नेपाली साहित्यको ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा यसमा हिन्दी,संस्कृत,र अंग्रेजी साहित्यको प्रभाव रहेको देखिन्छ । वीर गाथा एवं लोकगाथाबाट सुरु गरिएको नेपाली साहित्य भक्तिधारा हुँदै आधुनिक विभिन्न वादहरूसँग तालमेल गर्न पुग्छ । जसरी समयले आफ्ना ओरीपरिका सबैलाई परिवर्तन गर्दछ । त्यसरी नै साहित्यले आफूलाई परिमार्जन गरेर उपस्थित हुन्छ । यसरी विकसित हुने क्रममा नेपाली साहित्यले ठूलै फड्को मारेको कुरा उल्लेख गर्न योग्य हुन्छ ।

साहित्य सिर्जनामा साहित्यकारहरूले आ–आफ्नै ढङ्गले सिर्जना गरेका छन् । त्यस मध्ये नेपाली साहित्यमा महाकाव्य लेखनमा देखिएको ढिलाइले महाकाव्य त्यस्तो जटिल विधा हो भन्ने बनाएको देखिन्छ । महाकवि लक्ष्मी प्रसाददेवकोटाले आइसल्याण्डको सर्प भन्दै "शाकुन्तल" दिएपछि महाकाव्यमा मौलिक परम्परा आएको, देवकोटाका छ वटा महाकाव्य सोमनाथको एउटा र समको एउटा महाकाव्य आएपछि २०१० मा कवि शिरोमणि लेखनाथले पनि महाकाव्य लेखनको प्रयास स्वरुप उनको नव्यकाव्य तरुषतपसी आएको हो । यस काव्यलाई कसैले महाकाव्य र कसैले नव्यकाव्य भनी विश्लेषण गरेका छन् ।

**तरुण तपसीको समीक्षाः**

यसमा समीक्षक घिमिरेले सामान्य परिचयात्मक समीक्षा गरेका छन् । यही समिक्षाको विश्लेषण गर्ने हो भने तरुण तापसीका हरेक पाउ र श्लोकका व्यख्या विश्लेषण साह्रै लामो हुन्छ । प्रकृति चित्रणका माहिर ठानिएका पौडेलले ऋृतु विचारबाटै प्रकृति प्रेमी कविकारुपमा आफूलाई चिनाएका थिए । यसपछिका कृतिहरू मध्ये तरुण तपसीमा उनी प्रकृतिलाई मानवीकृत गर्ने विशिष्ट कविका रुपमा प्रस्तुत हुन आउँछन् । एउटा वृक्षलाई तपसीका रुपमा र उसले बोलेको सुन्नेलाई तरुणका रुपमा प्रस्तुत गरी मानवीय जीवन दर्शनका विभिन्न रुपलाई प्रदर्शित गरिएको कुरा घिमिरेको बुझाइ रहेको छ । पौडेल करुणाको न्दनलाई उत्कृष्ट र पराकाष्ठामा पुऱ्याइ पाठकलाई करुणरसको रसास्वादन गराउन सफल देखिन्छन् । पूर्वीय र पाश्चात्य मान्यतासँग तालमेल सामान्य भएको देखिन्छ । समीक्षक घिमिरेले यस काव्यलाई आधुनिक समाजको अनि

विश्वमा देखिएको त्रासदीय वातावरणको प्रतीकका  रुपमा मट्याङ्गालाई वम र विज्ञान मानव विनासमा लागेको प्रसङ्ग उल्लेख गर्दछन् । कवि पौडेलको दर्शन अध्यात्म नै हो, तर यस कृतिमा मानवता र प्रकृतिको चित्रण उत्तिकै रोमाञ्चक ढङ्गले गरेको कुरा घिमिरे उल्लेख गर्दछन् । शब्द चयनमा लेखनाथ उत्कृष्टता हासिल गरेका साहित्यकार हुन् । उनको यस कृतिमा अलङ्कार सौन्दर्य शब्द संङ्गठन उत्कृष्ट रहेको कुरा घिमिरे उल्लेख गर्दछन् । घिमिरे यस कृतिमा कवित्व र दार्शनिक विचारको सङ्गम भएको कुरा विभिन्न उदाहरण दिएर पुष्टि गर्दछन् । लेखनाथ रुपकानुप्राणित उत्प्रेक्षा श्लेष उपमा जस्ता अलङ्कारको प्रयोगमा सिद्धहस्त देखिन्छन् भन्ने धारणा घिमिरेले राखेका छन् ।

शब्दको प्रयोगमा हिन्दी, सस्कृत शब्दहरूको प्रयोग पनि भएको वा ती भाषाको प्रभाव रहेको कुरा  समीक्षक घिमिरेको विचार रहेको छ । मानव धर्म माववतावादी दृष्टिकोण नै तरुण तपसीको मुख्य दर्शन हो । ठाउँ ठाउँको मानवीय आचारप्रति व्यङ्ग्य अनि मानिसमा रहेको लोभानी पापानी बढेर स्वार्थी प्रवृत्तिको भन्डाफोर गर्न कवि पछि नपरेको कुरा घिमिरेले  उल्लेख गरेका छन् ।

यसरी कवि लेखनाथलाई अन्य कविहरूसँग तुलना गर्दै सिद्धिचरण, माधव प्रसाद घिमिरे, कुलचन्द्र गौतम जस्तै कालिदासीय प्रवृत्तिका अनुयायी भएको कुरा समीक्षक घिमिरे उल्लेख गर्दछन् ।

समीक्षक घिमिरेले यस लेखमा अत्यन्तै थोरै परिचयात्मक समीक्षा मात्र गरेका छन्  । तर तरुण तपसीको विषयवस्तुका लागि एउटा विशिष्ट दृष्टिकोण यस लेखले दिन्छ । यस लेखमा स्रष्टाको छोटो प्रवृत्ति र सिर्जनाको छोटो समीक्षा प्रश्तुत गरिएको छ । समीक्षाका क्रममा घिमिरेले भने जस्तै लेखनाथका ऋतु विचार, बुद्धिविनोद र सत्यकलि सम्वादको विकसित रुप तरुण तपसी हो । एउटै छन्दमा शब्दलाई घुमाउन सक्ने स्रष्टाप्रति जुन भाव दर्शाइएको छ , त्यो घिमिरेको महानता हो , जसमा कवि शिरोमणि लेखनाथको कवित्व क्षमताको प्रकाश हुन्छ ।

यस लेखको शीर्षक जसरी घिमिरेले राखेका छन् सो अनुसारको विश्लेषण कमै भएको छ । किनभने लेखनाथको जीवनीसँग सम्बन्धित तथ्यहरू पनि लेखको शीर्षकले मागेको तर त्यो आंशिक रुपमा मात्र पूरा भएको देखिन्छ । त्यसैले यो समीक्षा लेख थोरै र सामान्य किसिमको अत्यन्तै सामान्य परिचयात्मक प्रवृत्तिको रहेको छ ।

## ५-०९ सोमनाथ सिग्देल र उनको महाकाव्य "आदर्श राघव" को परिचय र विश्लेषण

२०३५ सालको सामयिक सङ्कलन अङ्क ३ वाराणसीबाट प्रकाशित लेख "सोमनाथ सिग्देल र उनको महाकाव्य आदर्श राघवको परिचय र विश्लेषण" भन्ने शीर्षकमा सोमनाथको काव्य प्रतिभा र आदर्शराघवको विश्लेषण घिमिरेले गरेका छन् ।

संस्कृत साहित्यका प्रकाण्ड विद्वान सोमनाथ संस्कृत काव्य मान्यता अनुसार काव्य रचना गर्ने विशिष्ट विद्धान् हुन् । सिग्देलका प्राथमिक चरणका कविता श्रृङ्गारिक थिए भन्ने कुरा सूक्तिसिन्धु आदि  पत्रिकामा प्रकाशित कविताबाट प्रष्ट हुन्छ भन्ने कुरा समीक्षक घिमिरेको निष्कर्ष छ । घिमिरे तुलनात्मक रुपमा देवकोटाका महाकाव्य र सिग्देलका महाकाव्यलाई प्रस्तुत गर्दा सिग्देलकै भाषामा महाकवि देवकोटाका  महाकाव्य संस्कृत साहित्यको लक्षण ग्रन्थ अनुसार उत्रदैनन् किनकि सोमनाथको आदर्श राघव पूर्वीय काव्य मान्यतामा आधारित छ, भन्ने बुझाइ घिमिरे र  पाठकहरूको पनि रहेको छ । "चन्द्र चरित" बाट अभ्यास सुरु भई नेपाली महाकाव्यको तेस्रो मौलिक महाकाव्य बन्न सफल आदर्श राघव महाकाव्य सिग्देलले पूर्वीय काव्य परम्परालाई पछ्याएको महाकाव्य हो ।

विभिन्न काव्य सर्जकहरूसँग तुलना गर्दै घिमिरेले देवकोटा,सम,पौडेलका काव्य कृतिका दृष्टिकोणमा, भावधाराका दृष्टिकोणमा र प्रयोगका दृष्टिकोणमा अलग अलग किसिमका काव्य दिएर गएका छन् भन्ने कुरा उल्लेख गरेका छन् । देवकोटा स्वच्छन्दता र स्वतन्त्र लेखनमा रमाउने, सम पाश्चात्य शैली र पूर्वीय परम्पराको समिश्रण गर्न खोज्ने, पौडेल परिष्कार र गहन भाव दिन खोज्ने, काव्य सर्जक हुन भने सिग्देल रिट्ठो नबिराई पूर्वीय लक्षण ग्रन्थानुसार काव्य सिर्जना गर्न खोज्ने सर्जक हुन् भन्ने कुरा प्रश्तुत लेखमा घिमिरे लेख्छन् ।

नेपाली साहित्यका वीर, भक्ति र श्रृङ्गार काल पार गरी आधुनिक कालमा प्रवेश गर्दा कल्पनाको उडानमा सत् र सुन्दरताको व्यख्या गर्ने महाकवि देवकोटा दार्शनिक चिन्तन राख्ने सम आदि साहित्यकारहरूलाई अन्य साहित्यकारहरूसँग तुलना गर्दै घिमिरे यस लेखकको पृष्ठभूमि तयार गर्दछन् ।

वि.सं १९४१ मा काठमाण्डौमा जन्मिएका सिग्देलको पारिवारिक पृष्ठभूमि शिक्षित भएकाले उनलाई सोहीबमोजिमको अवसर प्राप्त भयो । उनले कविता साधनाको प्रारम्भ "सुक्ति सुधा" मासिक पत्रिका बाट गरेका थिए । वि.सं १९७६ देखि १९८६ सम्मको अवधिमा सिग्देल चन्द्र समशेरको बखान गरेर "चन्द्र चरित" महाकाव्य लेखनमा व्यस्त रहे तर यो काम उनको अधुरै रह्यो । यसकै विजाधानवाट वि.सं २००२ देखि २००५ को अवधिमा सिग्देल आदर्श राघव रचना गरी प्रकाशन गर्न सफल भए । सिग्देलको काव्ययात्रालाई विभाजन गर्दा दोस्रो चरणमा महत्वपूर्ण काव्य सिर्जना भएको देखिन्छ । नेपाली साहित्यमा विभिन्न वाद र धाराले प्रवेश पाएकै बेला सिग्देलको पूर्वीय मान्यता अनुसार आएको आदर्श राघवलाई महत्वपूर्ण मान्नै पर्छ । २००५ सालमा प्रकाशित यो महाकाव्य नेपालीको मौलिक महाकाव्यमा तेस्रो हुन पुग्यो । यसको ऐतिहासिक महत्व छुट्टै छ भने यस महाकाव्यको विषयवस्तु भानुभक्तको रामायण भन्दा अगाडि जाँदा वाल्मीकिको रामायणको विषय वस्तुको प्रयोग गरिएको पाइन्छ । सर्गमा विभक्त काव्यमा विभिन्न छन्दको प्रयोगले र शब्दहरूको मनोरम प्रयोगले र विशिष्ट भाषा प्रयोगले सिग्देलको पाण्डित्याइँ झल्काउने काव्यका रुपमा लिने गरिएको कुरा घिमिरेको यस लेखमा निष्कर्ष छ । वार्णिक र मात्रिक छन्दको प्रयोग भएको छ । २१ वटा छन्दको प्रयोग आदर्श राघवमा भएको छ ।

समीक्षक घिमिरेले पण्डितराज सोमनाथको आदर्श राघवलाई छोटो समीक्षा गर्दै बुँदागत रुपमा यसरी चिनाएका छन् :–

१) साहित्य प्रदीप पूर्वीय भाषाका रुपमा आदर्श राघवको स्वरुप हो ।

२) सोमनाथको पाण्डित राजत्व र कवित्वको समिश्रणका रुपमा तयार भएको हो ।

३) अभ्यासी कविका रुपमा महाकाव्यले सोमनाथलाई चिनाएको छ ।

४) पूर्वीय साहित्यका माघ, श्रीहर्ष र वाणभट्ट जस्ता साहित्यकारका काव्य रचनामा पाइने सिद्धान्त आदर्श राघवमा पाइने ।

५) महाकवि देवकोटा भन्दा फरक शब्द संयोजन गर्ने कविका रुपमा आदर्श राघवले चिनाउँछ ।

६) शब्दालङ्कारसन्तती र उक्ति वैचित्रयको शैल्पिक योजना पुञ्ज नै आदर्श राघव हो ।

७)	यो शास्त्रीयताले सहज प्रतिभा माथि घोडा चढेको काव्य हो ।

८)	सिर्ननात्मकतालाई शास्त्रीयताले थिचेकाले भनेजस्तो काव्यका रुपमा देखा परेन ।

९)	शब्दावलीको चयनमा कमजोर साबित भए ।

१०)	व्याकरण बोझले थिचिएको काव्यका रुपमा आदर्श राघव आएको छ ११) यस काव्यमा नीतिचिन्तन शिल्प योजनाकै धन्दाले कथानकको घोड दौडाइ झै हुन पुगेको छ ।

१२)	रामायणले हासिल गरेको लोकप्रियताको तुलनामा अत्यन्तै कमजोर साबित भएको छ ।

१३)	परिपक्व मष्तिष्क र लोकनीतिको दोभान नै यो महाकाव्यको विस्तार हो ।

१४)	यो महाकाव्य औपदेशिक धरातलमा सिर्जिएको प्राच्य परम्पराको प्रतिनिधि काव्यका रुपमा स्थापित छ ।

घिमिरेले यसरी यस काव्यलाई सोमनाथको काव्य प्रवृत्तिलाई १४ बुँदामा समीक्षा गरेका छन् । साथै निष्कर्षमा आदर्श राघव महाकाव्य आजको युगले मागेजस्तो नभएर प्राचीन परम्परालाई आँखाचिम्लिएर समर्थन गर्ने रुढिपरस्त महाकाव्य हो भन्न सकिन्छ भन्नेकुरा उल्लेख गरेका छन् ।

तत्कालीन समयको महाकाव्यको अभावलाई जसरी भएपनि नेपाली भाषामै महाकाव्य दिनु नेपाली भाषा साहित्यका लागि महत्वपूर्ण देन बन्न पुगेको कुरा नकार्न सकिन्न । थुप्रै कमी कमजोरीका बाबजुत पनि नेपाली साहित्यमा महाकाव्य जस्तो महान कृति दिएर ठूलो गुन लगाएको कुरा हामीले बिर्सनु नहुने कुरा घिमिरे वताउँछन् ।

निष्कर्षमा भन्दा यस लेखले सिग्देलको सामान्य काव्य सिर्जना प्रवृत्तिको परिचय गराएको छ र काव्यको पनि सामान्य परिचय गराएको छ । यस समीक्षा लेखमा विभिन्न सर्जकहरूलाई तुलना गर्दै अगाडि बढाइएको छ । त्यसैले यसलाई स्रष्टापरक तुलनात्मक समीक्षा भन्न सकिन्छ । तर शीर्षकले बोलेको विषय पर्याप्त नभएको प्रष्ट हुन्छ ।

## ५ १० विश्वेश्वर प्रसाद कोइरालाका उपन्यासमा नारी अस्मिताको सन्दर्भ

समीक्षक घिमिरेले यस समीक्षा लेखमा आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पाइने नारी अस्मिताका बारेमा उल्लेख गरेका छन् । पृष्ठभूमिमा कथा र उपन्यासमा सिद्धहस्तता प्राप्त गरेका कोइरालाको औपन्यासिक प्रवृत्ति र त्यसले नेपाली साहित्यको आधुनिक कालमा पुऱ्याएको योगदानका बारेमा उल्लेख गरेर विश्वसाहित्यको सन्दर्भ जोड्दै घिमिरे कोइरालालाई कथा र उपन्यासमा डार्बिनको विकासवाद सिग्मण्ड फ्रायडको यौन मनोविश्लेषण कार्लमार्क्सको द्वन्दात्मक भौतिकवाद जस्ता दार्शनिक चिन्तनहरूले प्रभाव पारेको कुरा उल्लेख गर्दछन् । आधुनिक कथा र उपन्यासका क्षेत्रमा कोइराला आधुनिक प्रयोक्ता भएको निष्कर्ष घिमिरेको छ ।

यसरी नै विषय प्रवेश अर्को उपशीर्षक राखी घिमिरेले कोइरालाका उपन्यासहरूको काल क्रमिक प्रकाशन र त्यसमा निहित मनोविज्ञान र नारी अस्मिताको चर्चा गरेका छन् । यसै उपशीर्षकमा घिमिरेले आफ्ना मतमा यस समीक्षा लेखको मूल उद्देश्य कोइरालाका उपन्यासमा नारी अस्मिताको खोजी नै प्रमुख विषय भएको कुरा उल्लेख गरेका छन् ।

यस लेखमा घिमिरेको नारीवादी समालोचना प्रणाली देखिन्छ किनभने कोइरालाका उपन्यासभित्र रहेको नारी अस्मिताको खोजी भनेको नै उपन्यासभित्र रहेको नारी अस्तित्व हो । यसरी कोइरालाका उपन्यासहरूको अध्ययन गरी ती उपन्यासमा पाइएको नारी अस्मिता खोज्न लेखक सफल रहेको देखिन्छ । कोइरालाका जम्मा ६ वटा उपन्यास र ती उपन्यासलाई समीक्षकले छुट्टाछुट्टै केलाएका छन् । जस्तै

१) तीन घुम्ती (२०२५)

२) नरेन्द्रदाइ (२०२६)

३) सुम्निमा (२०२७)

४) मोदिआइन (२०३६)

५) हिट्लर र यहुदी (२०४०)

६) बाबु आमा र छोरा (२०४५) । कोइरालाको साहित्यक व्यक्तित्वलाई उपन्यासले भन्दा कथाले नै चिनाएको छ र उनको कथा यात्रा वि.सं १९८७ देखि नै भएको कुरा अन्य लेख रचनाका साथै यस लेखमा पनि समीक्षक घिमिरेको रहेको छ ।

कथा कुसुमले स्थापित गरेको कोइरालाको प्रवृत्तिलाई प्रतिनिधि कथाकारका रुपमन उनलाई चिनायो । घिमिरेले कोइरालाका कथा फ्रायड,एडलर,युङ्ग आदिका यौन मनोवैज्ञानिक सिद्धान्तसँग सम्बन्ध रहेको कुरा उल्लेख गरेका छन् ।

समीक्षक घिमिरे कथाकार कोइरालाको नेपाली कथा यात्राको विन्दु पहिल्याउँदै आधुनिक कथाकारका रुपमा कोइराला स्थापित भएको कुरा उल्लेख गर्छन् । कथाकार कोइरालाको साहित्यक यात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिने कुरा उल्लेख गर्दै पूर्वाध २००६ सम्म र २००६ पछिको चरणलाइ उत्तरार्द्ध मा राख्न सकिने कुरा उल्लेख गर्दछन् ।

विश्वेश्वर प्रसाद कोइरालालाई सफल मनोवैज्ञानिक उपन्यासकारका रुपमा लिन सकिने कुरा उल्लेख गर्दै उनका उपन्यासमा रहेको नारी अस्मिताको खोजी घिमिरे अलग अलग औपन्यासिक शीर्षकमा गर्दछन् ।

### (१) तीन घुम्ती

यो उपन्यास मनोवैज्ञानिक उपन्यास हो । यस उपन्यसमा मुख्य पात्र पीताम्बर,इन्द्रमाया र रमेश रहेका छन् भने कथावस्तु इन्द्रमायाका वरिपरि घुमेको छ । इन्द्रमाया दमित मनोभावबाट प्रभावित छ साथै ऊ आफ्नो अस्तित्वका निम्ति सङ्घर्षमा होमिने नारी पात्र हो । उसले आफ्नो अस्तित्व सुरक्षित राख्न विभिन्न ठाउँमा सङ्घर्ष गरेकी छ । इन्द्रमायाको पहिलो घुम्ती पीताम्बर सँगको प्रेम र पतिवरणको निर्णय हो । यसरी नै इन्द्रमायाको दोस्रो घुम्तीमा रमेश जो पीताम्बरको साथीका रुपमा आएको उसैसँग शारीरिक सम्बन्ध राखी छोरीको जन्म सम्मको घटनालाई उल्लेख गरी गरिएको छ । त्यस्तै पीताम्बरसँग छोडपत्र गरी छोरी रमाकी आमा मात्र बनेकी इन्द्रमायाको तेस्रो घुम्ती हो । यसरी हेर्दा यस उपन्यासमा नारीको स्वशारीरिक अधिकार पुरुषले विनाकारण हस्तक्षेप गरी कुण्ठित गरिएको र सोही कुराको स्वतन्त्रताका लागि इन्द्रमायाले व्यक्त गरेका नारी अस्मिताका सवाल उच्च स्तरीय छन् भन्ने निष्कर्ष घिमिरेको रहेको छ । जस्तो इन्द्रमायाले पीताम्बरलाई भन्ने क्रममा मेरो सतित्व "तिम्रो खाँचोको विषय नै होइन, पटक्कै होइन त्यो त मेरो विषय पो हो । मेरो अवस्थासँग सम्बन्ध राख्ने सती या असती जे हुन्छ त्यो म पो

हुन्छु । त्यसकारण म सती भएँ वा असती भएँ भन्ने कुरा त मैले निर्णय दिने कुरा पो हो । तिम्रो वास्ता त मेरो प्रेमसँग मात्र हुने होइन त पीताम्बर"

यसरी नारी अस्मिताको कुरालाई यौन विष्लेषणका साथ मनोवैज्ञानिक ढङ्गले प्रश्तुत गरिएको छ भन्ने कुरा प्रस्तुत लेखमा रहेको छ । एउटी नारी जसमा मानवीय गुण प्रेम प्राकृतिक गुण यौन र सन्तान उत्पादन स्वेच्छिक हुनुपर्दछ । हाम्रो समाजमा प्रेममा यौन जोड्ने र त्यसैमा धजी उडाउने परम्परामा इन्द्रमायाको विद्रोह छ । नारी आफ्नो अस्तित्वकालागि सधैं लडिरहन्छे भन्ने सङ्केत गरिएको छ । इन्द्रमायामा देखिएको यौनतृप्ति त्यसबाट प्राप्त वात्सल्यताले आत्मसन्तुष्टि पैदा गरेको कुराले अर्थात आफूले गरेका क्रियाकलापप्रति रति पनि ग्लानि नभएकाले नारी अस्तित्वका लागि स्थापित नारी पात्र हो भन्ने प्रष्टिन्छ ।

परम्परावादी सोचका विरुद्ध विद्रोह गरिएको उपन्यास इन्द्र मायाका तीनै मोडहरू नारी अस्मिताका लागि प्रेरक बन्दछन् तर समाजमा अवैध सन्तान भने अस्वीकार गर्ने पितृसतात्मक सोचाइलाई मातृत्वकै निम्ति समाजमा नारीले आमामात्र भएर बाँच्न सक्छ भन्ने चुनौति पेश गरी नारी अस्तित्वलाई अझ मजबुत ढङ्गले प्रस्तुत गरिएको छ भन्ने विचार समीक्षक घिमिरेको छ ।

(२) **नरेन्द्रदाइ**

समीक्षक घिमिरेले यस उपन्यासको विष्लेषण गर्दै यसमा रहेका पात्रहरू मध्ये नारी अस्मिताको रक्षार्थ नारी पात्रको खोजी गरी प्रकाश पारेका छन् । यस उपन्यासमा नरेन्द्र,गौरी,मुनरिया पात्रहरू छन् भने नरेन्द्र प्रमुख पात्र हो । उसकै सेरोफेरोमा उपन्यासको कथावस्तु घुमेको छ । विभिन्न अन्य गौण पात्रहरूको उपस्थितिमा उपन्यासले गति लिएको छ । नारी पात्र गौरी प्रति सहानुभूति प्रकटगर्ने कप्तान वा सानुबाबु जस्ता पात्रले गौरीप्रति नै साहनुभूति गर्छन् भने नरेन्द्र मुनरियाको जवानीमा लालायित हुन्छ । सोही अनुसार नरेन्द्रले मुनरीयालाई स्वीकारेको र योन तृप्तिलाई मात्र नारीको अस्तित्वसँग नजोडी यहाँ एक गृहिणी र मातृत्व पनि जोढिडएर आउँछ । नरेन्द्रको अघात प्रेममा चुर्लुम्म डुबेकी मुनरिया मातृत्व बिहीन हुँदा आफ्नो अस्तित्वको रक्षा नहुने कुरा स्पष्ट गर्दै मुनरिया र गौरी आफ्नो अस्तित्वका लागि सङ्घर्षशील देखिन्छन् भन्ने कुरा उल्लेख गरी यस उपन्यासमा

मुनरिया नरेन्द्रको प्रेमको असीम आनन्द प्राप्त गरेपनि उसको आन्तरिक इच्छा सफल गृहिणी बन्ने र नारी अस्मिता जोगाउन नरेन्द्रको अनुपस्थितिमा बनारसकै जौहरीकी पत्नी बन्न पुग्छे क्षयरोग भएको नरेन्द्रलाई घर फर्किसकेको पाएर गौरी मानसिक रुपमा असन्तुलित देखिएकी भएपनि नारी शुलभ स्वतह स्थापित भएको अनुभव गरी अपार आनन्दित हुन पुग्छे । यसरी दुवै नारी  पात्रले आ–आफ्नो अस्तित्वका लागि सङ्घर्ष गरी स्थापित भएको कुरा घिमिरेको निष्कर्ष रहेको छ ।

घिमिरे यस उपन्यासलाई अस्तित्ववादी दृष्टिकोणले हेरी मुनरिया र गौरीले आ–आफ्नै ढङ्गले वा मुनरियाले आत्मा निर्णयबाट र गौरीको नरेन्द्र प्रतिको भावुक प्रेमले नारी अस्तित्वको स्थापनामा बल पुगेको कुरा उल्लेख गर्दछन् ।

(३) **सुम्निमा**

सुम्निमा उपन्यास कोइरालाको प्रकाशनका दृष्टिले तेस्रो उपन्यास हो । यस उपन्यासको शीर्षक नायिकाको नामबाट राखिएको छ । यो उपन्यास आर्य र अर्नाय बीचको अन्तर सम्बन्धलाई केलाउदै यस उपन्यासमा प्रयोग भएका पात्रहरूले विभिन्न रुपमा प्रतीकात्मक प्रतिनिधित्व गरेको कुरा घिमिरे यस लेखमा उल्लेख गर्दछन् । मनमा पौराणिक शैलीमा आदिम मानवको प्रतिविम्ब प्रस्तुत गरिएको छ ।

सुम्निमा उपन्यास मनोवैज्ञानिक,अतियर्थाथवाद यौन मनोवैज्ञानिक वर्णन भएको देह र आत्मा वा भौतिक र आध्यात्मिक मूल्यको तुलना र समीक्षा गर्दै पाप पुण्यको धारणा के हो ? भन्ने दार्शनिक विषय उपन्यासको कथाबीच रहेको कुरा घिमिरे उल्लेख गर्दछन् । यो भिन्न भिन्न संस्कृतिको भेट गराई संस्कृतिक विषय उजागर गरिएको उपन्यास हो । यसमा आर्य संस्कृति र किराँत संस्कृतका बीचमा रहेको अन्तर सम्बन्धलाई सुम्निमा र सोमदत्तको चरित्रबाट चित्रण गरिएको छ ।

सुम्निमा आफ्नो संस्कृतिमा आफ्नो अस्तित्व वा किराँती संस्कृतिमा नारी अस्मिता सुरक्षित राख्न संघर्ष गर्छिन् भने पुलोमा हिन्दु संस्कृतिमा आफ्नो नारी अस्मिताका लागि सङ्घर्ष गर्ने नारी पात्र हो । यस उपन्यासमा रहेका पात्र र तिनीहरूको संयोजन राम्रोसँग गरिएको छ  । आर्य धर्मी पात्र सोमदत्त किराँती सुम्निमा हुन् भने अन्य पात्रमा सोमद्धत्तका बाबु सुम्निमाका बाबु पुलोमा सुम्निमाकी छोरी र सोमदत्तको छोरो पात्र रहेका छन् ।

सुम्निमा उपन्यासमा मातृसतात्मक समाजको कल्पना गरी सोको स्थापनामा साथै त्यसैको ऐतिहासिकतामा जोड दिएको कुरा समीक्षक घिमिरेको निष्कर्ष छ। हिन्दू र किराँती संस्कृतिको तुलनामा हिन्दू संस्कृति शुद्ध रहेको कुरा उल्लेख गर्दछन्।

जीवन सार्थक बनाउँन र सन्तान उत्पादन गर्न पनि मानिसमा भावनात्मक प्रेम हुन जरुरी छ। यदि त्यसो भएन भने दाम्पत्य जीवन भएर पनि आध्यात्मिक शान्ति, यौन सन्तुष्टि प्राप्त नहुने कुरा सोमदत्त र पुलोमा बीचको यौन सम्बन्धले देखाउँछ। जब दुवै दम्पतिमा यौन आकाङक्षा चरम उत्कर्षमा पुग्छ अनिमात्र सन्तानको सिर्जना हुन पुग्दछ। सोमदत्त भित्र रहेको मानवता सुम्निमाको नग्नताले जगाउँछ भने भिल्ल युवकको संझनाले पुलोमा भित्र नारी अस्तित्व वा मातृत्व सलबलाउँछ। यसरी आध्यात्मिक प्रेमले अस्तित्ववाद अनि प्रकृतिवादलाई आत्मासाथ गरेको कुरा समीक्षक घिमिरे यस लेखमा उल्लेख गर्छन्। उपन्यासको आत्मिक प्रेमको पराकाष्ठ भएको प्रष्ट हुन्छ। सुम्निमा र पुलोमा आ-आफ्नो अस्तित्वको खोजीमा सङ्घर्षशील छन्। फरक यति मात्र हो कि दुबैको अस्तित्वको खोजी गर्ने संस्कृति फरक फरक रहेको छ। सुम्निमाको नग्नताले आदिम समाजको प्रतिनिधित्व गर्दछ। भिल्ल युवकको सम्झनाले पुलोमामा मातृत्व सलबलाउँछ। सुम्निमा स्वतन्त्र नारी रहेकी देखिन्छे भने पुलोमा वाह्यरुपमा स्वतन्त्र नभएपनि आन्तरिकरुपमा भिल्ल युवकसँग यौन सन्तुष्टि प्राप्त गर्ने मनोवैज्ञानिक आधार तयार नगरी आत्मतृप्ति हासिल गर्न नसक्ने नारीका रुपमा देखिन्छे। यसरी मनोवैज्ञानिक आधारमा किराती संकृति र आर्य संस्कृतिको मेल गराउन कोइराला सफल रहेको कुरा समीक्षक घिमिरे उल्लेख गर्छन्।

यस उपन्यासमा सुम्निमाको माध्यमबाट नारी स्वतन्त्रताको पक्षमा उपन्यासकारको वकालत गरेको प्रष्ट हन्छ। यसरी समीक्षक घिमिरेले छोटो टिप्पणीयुक्त समीक्षा यस लेखमा गरेको पाइन्छ।

(४) **मोदिआइन**(२०३६)

महाभारतको कथा वा भगवत्गीताको अंशको प्रतिच्छायामा तयार पारिएको छोटो उपन्यासको रुपमा समीक्षक घिमिरेले लिएका छन्। वि.सं. २०२० तिर लेखिएको यो उपन्यास वि.सं. २०३६ मा प्रकाशित भएको पाइन्छ। यस उपन्यासको वीजाधान भने दोस्रो विश्वयुद्धले मान्छेमा परेको प्रभावलाई ध्यान दिई महाभारतको युद्ध ताका पनि यस्तै

मानव समस्या थिए भन्ने कुरा प्रष्ट्याउँछन् । यस उपन्यासको परिवेश उल्लेख गर्दै घिमिरे यसको वृतान्तलाई अगाडि बढाउँछन् । दरभङ्गाको स्टेसन नजिक हडाहा पोखरीको छेउको भाग त्यसैको नजिक मोदी र मोदीआइनको पसललाई वृतान्त स्थल बनाएका छन् । महाभारतको कथाको जलप लगाएको स्वैरकल्पनायुक्त उपन्यास मोदीआइन हो भन्ने कुरा घिमिरे किटान गरी लेख्छन् । युद्धले पुऱ्याउने असरका बारेमा सूक्ष्म सङ्केत गरिएको उपन्यास मोदीआइन उपन्यास दुर्योधन र अर्जुन बीचको सर्वसत्ता वादी अहङकार नै कुरुक्षेत्रको युद्धको कारण हो भन्न सकिन्छ । यस युद्धमा ठूलो जनधनको क्षति भयो युद्धले नरसंहार गर्छ भन्ने वास्तविक तथ्यलाई देखाएको छ । आधुनिक युगमा पनि त्यतिकै युद्धको चपेटा भोगिरहेका मानव जातिको पक्षमा सङ्केत गरिएको उपन्यास मोदिआइन हो । यस उपन्यासमा कथावस्तु समावेश गरी आधुनिक सर्वसत्तावादको लाक्षणिक सङ्केत गरेको घिमिरे बताउँछन् । वास्तवमा अन्याय गरेको न्याय हुन् सक्दैन । तत्कालिन विश्वयुद्धताका हिटलर जस्ता मानवता बिहीन मान्छे नै मानवतालाई कमजोर बनाउने मानव हुन भने वर्तमान सन्दर्भमा अमेरिकाले गर्दै गरेको आक्रमण जस्तो इराक, इरान, कुवेत, अफगानस्थान जस्ता क्षेत्रका मान्छेको मानवीय अधिकार कता विलिन हुन गयो । यो पनि अर्जुन र दुर्योधनको जस्तै मात्र अहंकारको युद्ध हो भन्न रुचाउँछन् घिमिरे । हुन त यस उपन्यासले वर्तमानलाई सङ्केत गरेको भूतको खोल ओडेको हो भन्न सकिन्छ । महाभारत कालीन समाजमा नारीहरू प्रणयसुख र नारी अस्तित्व स्थानमा लालयित छन् । अर्जुन र दुर्योधन व्यक्तिगत राज्य सुखभोगका लागि मानवको आहुति दिई सन्तुष्टि लिने र अतिमानव बन्ने चाहानाले मानव उन्नति होइन अवन्नतिको खाडलमा जाकिदिएको छ । यस उपन्यासमा नारी अस्मिता मात्र नभएर मानव अस्मिताकै बखान गर्न पुग्दछन् । मानव अस्मिताको स्थापनामा प्रेम, सद्भाव यौनइच्छा आन्तरिक समवेदना सबैलाई केन्द्रित गरेर नारी वेदना प्रतिपादन गर्दै मोदिआइनका मुखबाट कथा सुनाइसकेको कुरा घिमिरे उल्लेख गर्छन् ।

महाभारत कालका नारीहरूलाई पनि यौनच्छा प्रणयसुख आत्मिक प्रेमको खाँचो थियो । सोही सन्दर्भलाई केलाउँदै तत्कालीन युद्धले प्रताडित नारीहरूको पीडालाई यस उपन्यासमा व्यक्त गरेको कुरा उल्लेख गरेका छन् । घिमिरे मनोविश्लेषणका आधारमा यौनमनोविज्ञानका पक्षमा उपन्यासकारका विचारलाई प्रतिबिम्बित गर्दै नारीहरूको विवशतालाई देखाउँदै नारी अस्मिताका पक्षमा अभिव्यक्ति दिएको स्वीकार्दछन् । मानव

अस्मिताका लागि ठूलो मान्छे भएर भन्दा असल मान्छे भएर सम्वेदनशील हुने आग्रह गर्छन् भन्ने कुरा घिमिरेको यस लेखवाट बुझ्न सकिन्छ । तत्कालीन समयमा वा पौराणिक नारीहरू पनि त्यस समयका प्रताडित नारी हुन जस्तो सीता, दौपदी, कुन्ती, गान्धारी, तारा आदि । उनीहरूले आफ्ना कालका पुरुषहरूबाट कसैले यौनशोषण बेहोर्ने कसैले अपहेलना सहने आदि । कारणबाट पीडित नारी हुन भन्ने निष्कर्षमा घिमिरे पुग्दछन् ।

यसमा देखिएको महाभारतको कथालाई घिमिरेले युद्धले कही कतै पनि राम्रो परिणाम ल्याउँदैन भन्दै नेपालको वर्तमान द्वन्दसँग जोडेका छन् । यस द्वन्दले पनि कति नारीहरूको आफ्नो अस्तित्व गुमेको छ । कतिको अस्मिता लुटिएको छ भन्ने सङ्केत समीक्षक घिमिरे वर्तमान नेपालको सन्दर्भलाई जोडेर हेर्दछन् । मोदिनी (मोदिनीआइन) र मछुवारिन यस संसारमा शान्तिपूर्ण वातावरणमा बाँच्न पाउने प्राकृतिक अधिकार खोज्दै छन् र आफ्नो अस्मिता कायम गर्न चाहन्छन् तर नारा लगाएर वा हड्ताल गरेर होइन आन्तरिक रुपमा स्वाभिमान साथ बाँच्न पाउने अधिकार र अस्मिताको खोजी नै मोदीआइन उपन्यासको मूल विषय हो भनी आफ्नो निर्णयात्मक समीक्षा प्रस्तुत गर्दछन्

### (५) हिटलर र यहुदी

वि. सं. २०४० सालमा प्रकाशन भएको उपन्यास हिटलर र यहुदी हो । यो उपन्यास दोस्रो विश्व युद्धताका जर्मनी सम्राट हिटलर र उसैले ग्यास च्याम्वर बनाएर मारेका यहुदीहरूको नामबाट लेखिएको उपन्यास हो । यस उपन्यासमा उपन्यासकारले आफ्नै यात्रालाई संस्मरणात्मक वर्णन गरेका छन् ।

घिमिरे उपन्यासकार कोइरालालाई नियतिवाद वा उनका पात्रहरू नियतिद्धारा सञ्चालित छन् भन्ने निष्कर्षमा पुग्छन् । यसरी नारीवादी समालोचकको आधारमा कोइरालाका उपन्यासमा पनि संरचनागत पात्रगत चरित्रलाई केलाँउदै घिमिरे हिटलर र यहुदीमा रहेका पात्रको मनोदशालाई उल्लेख गर्दछन् । यस उपन्यासमा प्रयोग भएका पात्र जो जीविकाको लागि यौन पेशामा रहेको खुलासा गरिएको छ । यस यपन्यासको मुख्य पात्र लेखक ( म ) पात्रले आफ्नो उपचारको सिलसिलामा अफूले भ्रमण गरेका ठाँउ र त्यहाँ भेटभएका मनिसहरूलाई विभिन्न किसिमको प्रतिनिधित्व गराउदै उपन्यासको कथा वस्तु अगाडि बढ्छ । नेपाली समाजमा रहेका नारीहरू जति कुण्ठित

छन्  त्यति पश्चात्य नारीहरू कुण्ठित छैनन्  भन्ने निर्ष्कष घिमिरे निकाल्दछन् । पाश्चात्य नारीहरू लाज घिन र सरमबाट माथि उठिसकेका छन् भने हिन्दू समाजका नारीहरू यही परम्पराबाट जकडिएर सधै कुण्ठित भएका पाइन्छन्  । जसमा पुरानो ढर्राले साथ दिएको छ । ११ परिच्छेदमा बाँडिएको यो उपन्यासमा पात्रहरूको संयोजन मिलेको भए पनि यस उपन्यासलाई अपुरो उपन्यासका रुपमा लिइन्छ । शीर्षक अनुसारको विस्तृत विविरण हिटलर र यहुदीका बारेमा लेखिएको होला भन्ने लाग्छ तर त्यसो नभएर हिटलर र यहुदीको विषय अत्यन्तै थोरै मात्र प्रवेश गराएका छन् भन्ने कुराको ज्ञान दिन सक्षम छन् भन्ने कुरा यस लेखमा प्रष्ट्याइएको छ ।  वास्तवमा उपन्यासको नामलाई सार्थक बनाउन कोइरालाले सपनालाई सहारा लिएको कुरा घिमिरेले बताएका छन् । विभिन्न प्रसङ्गमा उपयुक्त पात्रको प्रयोग भएको कुरा घिमिरे बताउँछन्। यस उपन्यासका पात्रहरूमा नारायणमा हिन्दूक संस्कृतिको प्रतीकात्मक रुप देख्न सकिन्छ । त्यस्तै डेबिट र गोल्डेनबर्ग यहुदीहरूको प्रतिनिधित्व गर्दछ । मराठी जोडी, रेवा देसाई मार्गरेट, स्वीडेनी बूडी आमा र उनकी छोरी , ग्रेटा थियोडोरा ,इल्जे , लियोनार्ड आदि पात्रहरूले आ-आफ्नै ढङले प्रतिनिधित्व गरेको कुरा घिमिरे बताउँछन् । पाश्चात्य नारी र पूर्वीय नारीका बिषयमा तुलानात्मक । अध्ययन गरी यस उपन्यासमा भएका ती पात्रको तुलना घिमिरेले गरेका छन् । पाश्चात्य नारी स्वभावलम्वी, स्वच्छ छन् भने पूर्वीया हिन्दूनारीहरू पुरूष प्रधान समाजका आश्रित र परतन्त्र छन्  भन्ने कुरा यस उपान्यसको अध्ययनबाट घिमिरे बताउँछन् ।

यस उपन्यासमा महाभारतको युद्धको जलप दिइएको युद्धको भिभिषिका नै प्रयोग गरी हिटलरको आतवायी प्रवृति अनि जर्मनहरूले यहुदिहरूलाई मृत्यु दण्ड दिइएको घटनालाई छोटो रुपमा प्रयोग गरी एतिहासिक प्रष्टभुमि केलाइएको पाइन्छ । यस उपन्यासमा युद्धको कारणले अनाथ हुनपुगेका बालबालिका बेसाहारा बुढा बुढी आदिको दयनीय अवस्था साथै यस उपन्यासमा इल्जे, ग्रेटा, थियोडोरा जस्ता नारीहरू मानवीय अस्तित्व र नारी अस्मिताको खोजीमा तल्लीन रहेको कुरा उल्लेख गर्दछन् । यस उपन्यास भित्रका नारी पात्रहरूलाई अन्य उपन्यासका नारीपात्रसँग तुलना गर्दै घिमिरे यौन सन्तुष्टि मात्र नारी अस्तित्व होइन नारी अस्तित्व र नारी अस्मितामा तीनवटै कुरा क्रमिक रुपमा आउनुपर्छ । जस्तो प्रेम, गृहिणी, मातृत्व यी तिनै कुराको पर्याप्ततामानै नारी आफूलाई पूर्ण भएको सम्झन्छे । यसैले यस उपन्यासमा पनि पाश्चात्य नारीहरू पनि नारी

अस्मिताका लागि लडिरहेको छन् भन्ने कुरा उल्लेख गर्दछन् । हिटलर र यहुदी उपन्यासको मूल ध्येय युद्धको विरोध मानवतावादको स्थापना र नारी माथिको सहानुभूति रहेको निष्कर्षमा घिमिरे पुग्दछन् ।

**(छ) बाबु आमा र छोरा**

वि. सं. २०२५ सालमा प्रकाशित यो उपन्यास कोइरालाको अन्तिम उपन्यासका रुपमा आएको छ । काठमाण्डौ बनारस कलकत्ता जस्ता ठाउँहरू यसका परिवेश हुन भने पुरुष प्रधान समाजको अध्ययन गर्ने अत्यन्तै राम्रो उदाहरण पनि हो । यस उपन्यासमा आएका पात्रहरू मध्ये उमा शिक्षित नारी हो र उसैको सेरोफेरोमा उपन्यास घुमेको छ । कथावस्तुका हिसावले यो उपन्यासलाई विशृङ्खल मान्न सकिन्छ । किनभने यो उपन्यास भित्र कथा सरल ढङ्गले बगेको छैन । यस उपन्यासका पात्रको परिचय दिएर उपन्यासको परिचय दिई घिमिरेले सामान्य परिच्यात्मक ढङ्गले अगाडि बढाउँदै नारी अस्तित्व र नारी अस्मिताका बारेमा चर्चा गरेका छन् । यो सामाजिक घटना भए पनि हिन्दू संस्कारमा अपाच्य विषयको उठान गरिएको उपन्यास हो । यस उपन्यासमा शिव प्रसादसँग प्रेम भएको र उसैको गर्भधारण गरेकी उमाले शिवप्रसादकै बाबुसँग विवाह गर्न वाध्य हुनु विसङ्गति हो । उमाले विद्रोह नगर्नु सामाजिक अन्धता हो । तर उमा शिवप्रसादकी प्रियसी उसैको बाबु पति र मातृत्व प्राप्त गरेर आफ्नो अस्तित्वको खोजीमा आन्तरिक सङ्घर्ष गरिरहेको कुरालाई समीक्षक घिमिरेले यस उपन्यासको सामान्य परिचय र नारी अस्मिताको खोजि गर्ने कममा उल्लेख गरेका छन् ।

सामाजिक बिडम्बनाको ज्वलन्त उदाहरणका रुपमा उमाको जीवन भोगाइ रहेको छ । समाजका बुजुकहरूले उमाको पुकार नसुन्नु त्यो बेलाको पुरुषवादी समाजको उदाहरण हो । आफ्नो अस्मिता विरुद्ध भएको यस्तो निर्णयमा उमाले सङ्घर्ष गरेको देखिदैन त्यसैले नारीलाई भोग्या मात्र सम्झने यो समाजको चित्रण उपन्यासले गरेको कुरा घिमिरे बताउँछन् ।

## निष्कर्ष

कोइरालाका सवै उपन्यासमा आ-आफ्नै ढङ्गले नारी अस्तित्वको खोजी भएको छ । जसमा तीन घुम्तीमा इन्द्रमाया, नरेन्द्रदाईमा मुनरिया र गौरी, सुम्निमामा सुम्निमा र पुलोमा हिटलर र यहुदीमा पूर्वीय र पाश्तात्य नारी जस्का रेवा देसाई, लक्ष्मी, इल्जे, ग्रेटा आदि त्यस्तै बाबुआमा र छोरामा उमाले आ-आफ्नै कोणवाट नारी अस्मिताको खोजी गरेको कुरा समीक्षक घिमिरे बताउँछन् । कोइराला का  छ वटै उपन्यासमा सबै नारीले आफ्नो अस्मिताको लागि प्रयत्न गरेको देखिन्छ ।

## ५.११ देवासुर सङ्ग्राम - परिचयात्मक चिन्तन

नेपाली साहित्यमा आफ्नो छुट्टै अस्तित्व कायम गर्ने साहित्यकार मोदनाथ प्रश्रितको देवासुर संग्रामको परिचयात्मक समीक्षा गर्न अग्रसर भएका समीक्षक बुद्धिघिमिरेको समीक्षात्मक प्रस्तुतिको विवरणात्मक अध्ययन गर्दै विभिन्न वाद र प्रणालीसगँ तादात्भय कस्तो छ भन्ने विषयमा अध्ययन गर्ने जमर्को यहाँ  गरिएको छ । शीर्षकबाट के पुष्टि हुन्छ भने यो लेख समालोचना पद्धतिको कृतिपरक समालोचना र परिचयात्मक पद्धति अपनाइएको देखिन्छ । कवि प्रश्रित यस काव्यको छुट्टै पहिचान र अस्तित्व रहेको कुरामा घिमिरे आफ्नो विचार व्यक्त गर्छन । देवासुर सङ्ग्राम महाकाव्य प्रयोगवादी महाकाव्यको उत्कृष्ट नमूना हो । यस महाकाव्यको कथावस्तु भने पुराण, इतिहास प्राचीन पुराणको सन्दर्भबाट लिइएको छ । पुरानो कथालाई समावेश गरी नयाँ सन्दर्भलाई जोडिएको छ । त्यहाँ यस महाकाव्यमा मार्क्सको द्वन्द्वात्मक भौतिकवादलाई आधार बनाइएको कुरा महाकाव्यको भूमिकामा उल्लेख गरिएको छ । यो कृतिलाई पौराणिक कथाको सहारा लिएर सामाजिक उत्पीडनको ज्वलन्त उदाहरण दिइएको कुरा घिमिरे बताउँछन् । उनी यो कृति प्रश्रितको अन्वेषणयुक्त महाकाव्य हो भनी ठोकुवा गर्दछन् । गरीब शोषित पीडित जनताको आवाजलाई बुलन्द बनाउन उनले प्राचीनकालका देव र असुर वीचको युद्धको सहारा लिएका थिए । समाजमा अन्याय अत्याचार आततायी, तानाशाही प्रवृतिका शासकहरू रहेको र उनीहरूको उत्पीडन अत्यन्तै चर्को भएको संकेत यो महाकाव्यले दिन्छ भन्ने कुरा घिमिरे उल्लेख गर्दछन् । विभिन्न संस्कृत उक्ति मिसाउँदै समीक्षामा अझ वढी विश्वास दिलाउन घिमिरे प्रयत्नशील देखिन्छन् । यहाँ जातीय विभेद र वर्णव्यवस्थाको सिर्जना गर्ने वेद शुक्ल यजुर्वेदे आदिको उल्लेख भएको छ । पुराण कालमा जातपातको

विभेद चरम सीमामा पुगेको कुरा अध्ययनद्धारा घिमिरे पुष्टि गर्दछन् । यसरी आर्य र अनार्यको युद्धलाई देवासुर सङ्गाम मानिएको घिमिरेको दृष्टिकोण रहेको देखिन्छ । देव दानावमा दानवको पक्षमा वकावत गरिएको छ भनने कुरा विभिन्न प्रसङ्गगह जोडेर घिमिरे बताउँछन् । देशको रक्षाको लागि जनसेनाको परिकल्पना गरिएको छ । धेरै स्वर्थी शासहरू पनि अब गणतन्त्रको घोषणा गर्न बाध्य हुन्छन भन्ने राजनैतिक विषयवस्तुलाई उजागर गरेको कुरा घिमिरे बताउँछन । पुरूषहरू हतास बन्ने र शक्तिका लागि नारीलाई नै अगाडि सारिएको घटना समावेश गरी कथालाई थोरै खुराक नपुगेको कुरा घिमिरे बताँउछन् ।

नारीलाई मुक्तिको आशामा लडाइँमा पठाइन्छ । अब उन्नति र प्रगतिका लागि देव र दानावको मेल गरएर समुद्र मन्थन गरी अर्थात नयाँ कार्यलाई प्राथमिकता दिई साझेदारीमा काम गरिन्छ तर धूर्त देवताहरू दैत्यको परिश्रममा आफू मोज गर्न खोजेपछि षडयन्त्रकारी देवताले छल गरी दानावलाई पातालतिर लखेट्दछन् ।

यस समयमा भाग्यवाद र जतिवादले प्रोत्साहन पाउँछ । केही त्यस्ता नेता हुन्छन् जो न्यायको पक्षमा उभिन्छ, तर अन्धविश्वास धोका आदिको विरूद्ध संङघ्र्ष गर्न तयार हुन्छन् । यसै युगमा धर्मवादनको विकास भएको र राज्यसत्ता त्यही धर्मवादले सञ्चालन गर्न थालेको कुरा व्यक्त गर्दछन् । अब समाजमा दासताको स्वरुप प्रल्हादलाई उदाहरण बनाउँदै वर्तमान दासतासँग पनि समीव्यता राख्दछ भन्ने कुरा घिमिरे लोकांशबाट पुष्टि गर्दछन् ।

शोषकहरू आफ्ना दासहरूलाई आफू आफूमा लडाउँदै मनोरञ्जन लिन्छन् यतिमात्र होइन भोकाएको चितुवाको खोरमा दासलाई लगाएर हाँसिमज्जा मनाउँदछन् । त्यसवेलाका सत्ताधारी क्षत्रीहरू आफ्नो सत्ता कतै लुटिन्छ कि भनेर सामन्ती राज टिकाउन बाहुनको सहारा लिन पुग्छन् अनि धर्माधिकारी र सत्ता धारीको सँठगाँठ भएको कुरा अध्ययनद्वारा घिमिरे बताँउछन् । राजनितिमा हिजोका शत्रु आजको मित्र बन्दोरहेछ भन्ने प्रसङ्ग उल्लेख गर्दै सँठगाँठवादी नीतिको विरूद्धमा जनताको चुनौति आउन थाल्दछ भन्ने घिमिरेको धारणा छ । सामन्तका विरूद्धमा शोषितहरूले सामूहिक आवाज बुलन्द गर्दछन् भन्ने निष्कर्षमा घिमिरे पुग्दछन् । गरीबी र उत्पीडनको सास्ती भोगिरहेका जनता आखिरी चुनौतिमा खेतालाहरूको सङ्कल्प पनि मार्मिक र समय सापेक्ष भएको उल्लेख गर्दै श्लोक प्रस्तुत गर्दछन्-

"बस्दैनौं पुर्पुरोढोकी भाग्यको नाममा अब
गरीबहरू भै एक लडन्को निम्ति उठ्छौं ।"

यसरी कथा वस्तुको अन्त्य हुन्छ ।

समीक्षक घिमिरेले आफ्ना आँखाँबाट देखेको सकारत्मक पक्ष महाकाव्यमा रहेका कमी र केही औंल्याउनु पर्ने विषयलाई पनि प्रस्तुत गरेका छन् । संस्कृत श्लोकलाई समावेश गरिएकाले सामान्य पाठकलाई कठिन भएको कुरा उल्लेख गर्दछन् । त्यस्ले अर्थलई नै तोडमोड गरिदिने अवश्था आउन सक्छ भन्नु पात्रको व्यवस्थामन कमजोरी रहनु आदि कमजोरीहरू हुन् देखाँउछन् । तीन युग सम्म 'इन्द्रपदमा' आसीन हुनु , लेखकको उद्देश्य र पात्रको चरित्रमा तारतम्य नभएको खुलासा गरिन् । चरित्र चित्रणमा दैत्यको पक्षमा वकालत गरी देवतको दुर्गुण मात्र देखाएको उपयुक्त भएन भन्ने सङ्केत घिमिरेले गर्दछन् ।

वैचारिक धरातल समय सापेक्ष र समस्या समाधानको अवस्थामा जाँदा जाँदै सामन्तवादको उदय हुँदा सान्दर्भिक ऐतिहासिक प्रसङ्ग नहुदा अर्को भागको पूर्तिको लागि आवश्यकता महशुस हुन्छ ।

वर्ग विभेद अर्थात शासक र शासित शोषक र शोसितका नामले पुकार्नु नै समय सापेक्षहुने अनुभव हुन्छ । किनभने जातीय नारामा धनी-गरीब सबै पर्ने हुन्छ । धेरै अन्य विषय उठान भएको कारणले नवीन रङ्ग भेदको प्रार्दुभाव हुने समस्या आउन सक्छ भन्ने प्रसङ्गमा भन्दछन्-

"हेर्दैन भेदले मात्र आज आर्यअनार्यको
त्यसैले अब छुट्टयाउँ पैले शोषक शोषित ।"

उनीआजका आवश्यकता नै शोषक र शोषित छुट्याउनु हो भन्ने कुरा व्यक्त गर्दछन् । उनी देशका समस्यालाई प्रकाश पार्दै समाधनका उपाय निकाल्नु जनपक्षीय लेखकको कर्तव्य हो भन्ने ठान्दछन । दयित्व पनि लिनुपर्ने कुरामा बुद्धि घिमिरे प्रत्येक लेखकलाई सचेत गराउँछन् ।

## ५-१२ कथाकार विष्णु नवीन र लोग्ने स्वस्नी कथाको छोटो विवेचना

कथाकार विष्णु नवीनको साहित्यिक योगदानको चर्चा गर्ने क्रममा समीक्षक बुद्धि घिमिरेले श्रष्टापरक र कृति परक समालोचनालाई एकै ठाँउमा राखी समालोचा गरिएको देखिन्छ । कथाकारको यौन विश्लेषणात्मक कथालाई दृष्टिगत गर्दै सामान्य परिचयात्मक प्रणाली अपनाएको पाइन्छ । उनले सामाजिक विषयवस्तुहरूका  कथाहरूमा विश्लेषण नगरी परिचयात्मक र सामान्य सामाजिक स्थितिका बारेमा चर्चा गरेका छन् । विष्णु नवीनको परिचय दिने सिलसिलाम उनी दार्जिलिङ र इलामको प्राकृतिक सुन्दरताको वर्णन गर्दै यसै पृष्ठिभूमिमा नवीनको आगमन भएको कुरा उल्लेख गर्दछन् । नेपाली भाषा र साहित्यको उत्थानमा सुदुर पूर्वदेखि सुदुर पश्चिम सम्मका सबै नेपालीको योगदान रहेको छ । तर जो साहित्य सिर्जना गर्न थाल्दछ वा भाषको सेवामा रहन्छ  ऊ शहर केन्द्रित हुनुपर्ने अवस्थालाई चुनौति दिने सर्जकहरू थोरै रहेका छन् । त्यसमा पनि करिब तीन चार दशक अगाडि त सामान्य ठाँउमा स्रष्टाका लागि उपयुक्त वातावरण पनि थिएन, त्यस परिप्रेक्षमा घिमिरे गौरवका साथ भन्छन् कि विष्णु नवीन त्यस्तो व्यक्ति हो, जसले नेपाली धर्तीको इलामे माटोलाई गौरवान्वित बनायो । जसले जस्तोसुकै पीडालाई पनि माटोमा लुकारएर नेपाली साहित्यको श्रीवृद्धि  इलामेहरूलाई डोऱ्याइ  रह्यो । विष्णु नवीन जसको असली नाम विष्णुबहादुर बुढाथोकी हो  साहित्यमा कथा, लघुकथा, निबन्ध अनुसन्धानात्मक लेख आदि क्षेत्रमा कलम चलाउने नवीन यथार्थवादी साहित्यकारका रुपमा चिनिन्छन् । समालोचक नवीनको व्यक्तिगत जीवनका विभिन्न पाटाको प्रशंसा गर्न चुकेका छैनन् । जीवनमा धेरै क्षेत्रको अनुभव बटुलेका नवीन आफूले काम गरेका क्षेत्रमा सफल रहेको कुरा घिमिरले बताएका छन् । विष्णु नवीन इलामको एउटा मोती हो जसको पहिचान गराउन यस क्षेत्रका बुभ्रुकहरू लाग्नुपर्छ । जसलाई राष्ट्रियरुपमा चिनाउनु र उनका बारेमा खोज र अनुसन्धान साथै प्रकाशन हुन नसकेका कृतिको प्रकाशनमा जोड दिनुपर्छ । यही नै हामी इलामेहरूको नवीन प्रतिको सम्मान सज्जा साहित्यको सेवा हो ।

अत्यन्त साँगुरो घेराबाट माथि उठेर अर्थिक पीडाको दलदलबाट माथि उठेर साहित्य लेख्न नवीन तत्कालीन समाजको सामाजिक विकृतिको, प्रशासनिक विकृतिको विषयलाई आफ्ना सिर्जनाको विषयवस्तु बनाएर व्यङ्ग्य प्रस्तुत गर्ने साहित्यकार नवीन तत्कालीन समाजका सचेत स्रष्टा भएको कुरा उनका विषयमा लेख्ने उनकै सहकर्मी विद्वनहरूको भनाइ छ । कथाकारका रुपमा नवीन आधुनिक कथाको मनोवैज्ञानिक धारा

भित्र पनि यौनमनोविज्ञानलाई विषयवस्तु बनाउने कथाकार हुन । तर कोइरलाको जस्तो यौन कुण्ठाको प्रयोग नगरी ठाडो प्रत्यक्ष यौनपूर्तिकोबाटो उनका कथाले प्रस्तुत गरेका छन् ।

विष्णु नवीनका बारेमा उनको सम्मान र उनकै कृतिहरू खोजी गर्न गठन भएको नवीन साहित्य प्रतिष्ठान पञ्चकन्या -७ इलामले उनको फोटो बाहिरी पृष्ठमा राखेर नवीन स्मारिका निकाल्ने काम सह्रनीय मान्नु पर्छ । यसै स्मारिकामा विष्णु नवीनका साथीहरू वा उनलाई नजिकैबाट नियाल्ने बुद्धिजीवीहरूको लेखले विष्णु नवीन इलामे माटोमा फलेफुलेको एउटा राम्रो विरूवा हो भन्ने कुराको पुष्टि गर्छ । जसको संरक्षण इलामे जनताले लिनु पर्छ । युद्वप्रसाद बैद्य र वुद्वि घिमिरेको लेखमा नवीनको जन्म मिति फरक-फरक रहेको देखिन्छ । बुद्धि घिमिरेको लेख हास्य व्यङ्ग्यकार विष्णुनवीनको अप्रकाशित कृति “इलाम एक परिचय” मा समीक्षात्मक दृष्टि भन्ने लेख मा नवीनको जन्म वि.स १९९५/१०/९ उल्लेख छ भने युद्धप्रसाद बैद्यको सशक्त हाँस्यव्यङ्ग्यकार विष्णु नवीन समर्पित साहित्यकारको मर्मस्पशी कथा व्यथा भन्ने लेखमा सं १९९८ मघ ९ गते कोप्चे लाइन लेखिएको छ । “विष्णु नवीनलाई राष्ट्रिय स्वाभिमान ज्यादै प्रिय थियो, नेपाल र नपाली देख्ने होच्याउने कुरा मात्र कतैबाट भयो भने उनी जुर्मुमराँउथे” ।

उनलाई आफ्नो जीवनको सङघर्षले कठोर बनाइसकेको थियो, उनी आफ्नो मनले सत्य ठानेको कुरामा कहिल्यै सम्झौता गर्दैन थिए । उनका विषयमा वैद्यले आफ्ना भावना पोख्ने क्रममा उनको हृदयलाई यसरी पस्तुत गरेका छन्

नवीन जति कठोर थिए उनको हृदय त्यतिनै कोमल पनि थियो कसैको दुःख पीडा, विछोड, बेदनामा छट्पटाउँथे रूइदिन्थे । २००९ सालको करफोकको साहित्य सम्मेलनमा उनको उपस्थिति र त्यसको प्रभाव नै उनको सृजनको मूलआधार बनेको कुरा बैद्य बतँउछन् । “वास्तवमा नवीन पनि त्यही इलामको चियाको निरीह केटो हो जसले चिसो तुषारो सहेर वर्षाको पानी सहेर अरूको हितका निम्ति हरियो पात भएर पाउलिने चेष्टा गऱ्यो । ”

विभिन्न साथी सङ्गतीका कुराले के पुष्टि हुन्छ भने विष्णु नवीन एउटा होनहार व्यक्ति जसको जीवनीको पीडादायी अनुभव कहाली लाग्दो अन्त्यले अन्य ले संवेदनशील बनाउने नै भयो, तर नवीको सङघर्ष व्यङ्ग्यले यो समाजको यँहाका प्रशासकको आँखा नखुल्नुचाँहि अत्यन्तै दुःख लाग्दो विषय हो । मान्छे हो मान्छेलाई मान्छेको दर्जा दिन हिच्किचाउने समाज आज पनि जीवित छ । अझै कति विष्णु नवीन जन्मनु पर्ने हो थाहा

छैन । नवीनको चिनारीको क्रममा गणेश रसिकको नवीन स्मारिकामा प्रकाशित लेखले नवीनको तत्कालीन अवस्थालाई छर्लङ्ग पारेको महसुस हुन्छ । नेपाली साहित्यमा इलामका थुप्रै साहित्यकारहरूको नाम राष्ट्रकै अग्रपङ्तिमा आउँछन् । ती मध्ये माधव भण्डारी, रण ब. कार्की पासाङ गोपर्मा, तारानाथ शर्मा, श्यामकृष्ण श्रेष्ठ, माया देवान, सन्त ज्ञान दिलदास जस्ता साहित्यकारका कोटीमा विष्णु पनि रहेको कुरा प्रष्ट हुन्छ । यस सर्न्दभमा समीक्षक घिमिरेले नवीनको जीवनीपरक र स्रष्टापरक कोणबाट  समालोचना गरेको पाइन्छ उनले  नवीनको लोग्ने स्वस्नी कथा सङ्ग्रहको छोटो विवेचना गरेका छन् । यहाँ विवचना भने पनि विवेचनात्मक प्रस्तुति भन्दा पनि छोटो समीक्षात्मक प्रस्तुति रहेको पाइन्छ । यस समीक्षामा नवीनको कथागत प्रवृतिलाई सामान्य ढङ्गले प्रस्तुत  गरिएको छ । नवीनका प्रकाशित कृतिहरू मध्ये लोग्ने स्वस्नी कथा सङ्ग्रह पनि एक हो । यस कृतिको सामान्य समीक्षा कुनै कुनै पत्रिकामा आएको कुरा घिमिरे उल्लेख गर्दछन् । वि. स १९९५ मा इलाममा जन्मिएका नवीन जीवनभर अभावको खेती गरेर २०४० सालमा उनको आफ्नो खेती टुङ्गिएको थियो । यस अवधिमा उनले रचना गरेका कृतिहरूमा  समाजको दमन, शोषण, उत्पीडनको पर्दाफास गरी तीखो व्यङग्य पाइन्छ । कतै विद्रोहको स्वर पाइन्छ भन्ने कुरा घिमिरेको रहेको छ ।उनका हास्यव्यङ्ग्यात्मक निबन्धमा

(क) श्रीमतीसित एक दिन २०२२

(ख) छातीमा नआँटेको कुरा २०२९

(ग) केही सोधी केही खोजी (२०२० देखि२०३१ सम्मका कृतिहरू)

(घ) श्रीमतीले  पनि खाँदा (अप्रकाशित)

यस्तै उनका कविता काव्य छन् ।

(१) उनको स्मृतिमा (२०२४ खण्डकाव्य)

(२) जम्मै गीत जागरका (कविता सङ्ग्रह २०२४) कथा सङ्ग्रह

कथा संङ्गहमा निम्न छन्

(क) लोग्ने स्वस्नी .२०३८)

(ख) पान र पानको दाग

(ग) साली होटलमा चिया (अप्रकाशित)

यस्तै अधययन अनुसन्धान मूलक कृतिमा “इलाम एक परिचय” अप्रकाशित नै रहेको कुरा बुद्धि घिमिरे बताँउछन् । यी नवीनका कथालाई अध्ययन गर्दा घिमिरे कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू २०१४ देखि २०४० सम्मको अवधिमा लेखिएको पुष्टि गर्दछन् । नेपाली साहित्यका देवकोटा, हृदय चन्द्र भूपिशेरचन, गोकुल जी आदि र हिन्दी साहित्यकाप्रमचन्द्र, रूसी साहित्का दोस्तएमस्की जस्ता साहित्यकारको प्ररणाबाट नवीन को लेखन अगाडि बढेको कुरा घिमिरे बताँउछन् । नवीनका कथामा पाइने विशेषता भनेको नै यौन मनोविज्ञान हो । सामाजिक विकृति र विसङ्गतिलाई विषय वस्तु बनएर व्याङ्गय गर्नु उनको विशेषता नै हो । नवीनका कथामा वर्गीय द्वन्द्व, सामाजिक मूल्य मान्यता प्रतिको मानसिक विश्लेषण रहको फ्रयडवादी चिन्तनको आधारमा कथा लेख्ने प्रवृत्ति  पाइन्छ भने उनको कथामा वौद्धिक चिन्तनको आवश्यकता नहुने कुरा घिमिरे उल्लेख गर्दछन् । नवीनका सबै कथाहरूको परिवेश गाँउले रहेको छ । यसै सर्न्दभमा घिमिरे भन्छन् कि उनका कथाका पाना कोही नशामा लत परेका छन् । कोही बासनामा लटपटिन्छन् । कोही सामन्तीको थिचोमिचोमा परेका छन् । मेला, पर्व, हाटबजार उनका कथाका स्थान विशेष रहेको छन् । तीनै स्थानको मीठो वर्णन नवीनका कथामा भएकोमा पाठकहरू सोही मेला, पर्व, हाटबजार आदिमा पुगेको आभास हुन्छ  भन्ने कुरा घिमिरेको सङकेत छ । कथामा झर्रा शब्द प्रयोग सामान्य बोलीचालीको भाषको उपस्थितले नवीनका कथा रोमञ्चक भएको कुरा उल्लेख गर्दछन् । सामाजिक बेथितिको अनि विसङ्ति र विकृतिको भाँडफोर गर्दै लेखिएका कथाहरू कुनै कुनामा अश्लिलताको आरोप लाग्ने भए पनि प्रतिष्ठाको आडमा प्रशासनिक अन्यायलाई प्रस्तुत गर्ने नवीनका कथालाई आलोचनात्मक यर्थाथवादी धाराका कथा मान्नुपर्छ भन्ने घिमिरे बताँउछन् । घटना वास्तविक हुन्छ । तर समाजले नपचएर आलोचना गर्दछ । त्यसैले यसलाई रचनात्मक वा आलोचनात्मक यथार्थवादी धारा मानिन्छ । मादक पदार्थको सेवन बेच बिखन, अल्लारे प्रेम, अनैतिक यौन सम्बन्ध आदि सामाजिक विकृतिलाई कथाकारले उजागर गरेको कुरा घिमिरे बताँउछन् । यसै सर्न्दभमा नवीनको लोग्ने स्वस्नी कथा सङ्ग्रहको कथाहरूको परिचायत्मक समीक्षा संक्षेपमा घिमिरेले गरेका छन् । कथाकार नवीानको यो कथा सङ्ग्रह भित्र २३ वटा कथा समावेश गरिएका छन्  ।

**लोग्ने स्वस्नी कथा सङग्रह ।**

यस सङ्ग्रहभित्र जम्मा २३ वटा कथा समावेश छन् । वि.स २०३८ सालमा विश्वदीप मुद्रणालय विर्तामोड झपामा मुद्रित र श्रीमती अङ्गगुर कन्दङवा सलकपुर हरैचा-८ द्वारा विषयवस्तु रहेका कथालाई घिमिरे हालको लघुकथा र पुरानो परम्परा कथानिका र कथालिकाको ठाँउमा राख्न सकिने बताँउछन् । यस कथासङ्ग्रहका कथा छोटा छन् र पढ्न पनि छोटो समय लाग्छ र  सरल भाषा ग्रामीण समाजका समस्या आदिले कथा  बुझ्नपनि सहज र सरल भएको घिमिरे उल्लेख गर्दछन् । यस समीक्षमा घिमिरे विधागत चिनारी दिदै यस सङग्रहले साहित्यका वेदलाई समेत सङ्केत गर्दै विश्लेषण गर्दछन् । यि कथाहरू  छोटो समयको भावनात्मक सम्वेगलाई समेटेर लेखिएका हुन् । यस सङ्ग्रहमा रहेका कथाहरूको विषयवस्तु मुख्य वा सहायक रुपमा यौनमनोविज्ञान नै रहेको कुरा घिमिरेको विचार छ ।

मानवको यौनच्छा प्राकृतिक हो । यसको प्रयोगका विषयमा घिमिरे स्वाभाविक जैविक प्रक्रिया हो भन्ने जीव वैज्ञानिकको सहरालिएर भन्दछन् । नवीनका कथामा विपरीत लिङ्ग प्रतिको आकर्षण स्वभाविक भए पनि नवीनले विकृतिहरूको मनोविश्लिेषण गरी त्यसको पस्तुति गरिएको कुरा उल्लेख गरेका छन् । महाभारत रामयणका पात्रहरूसंग तुलना गर्दै पेशामा होइन वाध्यताले यौन सम्पर्क गरिएको साथै कतिपय स्वेच्छाले यौन सम्बन्ध राख्दछन् भनिएको छ  । घिमिरेले  समाजका वर्ग पनि यस विषयबाट अछुतो छैन भन्ने कुरा यस कथा सङ्ग्रहमा रहेको कुरा उल्लेख गर्दछन् । यी सबैको कारण अर्थिक विपन्नता नै रहेका कुरा नवीनका कथामा रहेको कुरा घिमिरे उल्लेख गर्दछन् । यस सङ्ग्रहका २३ वटा कथाहरूको अलग अलग विषयवस्तुका आधारमा घिमिरेले सामान्य परिचय दिइएका छन् । घिमिरेले पाएसम्म कथाको प्रकाशन वर्ष प्रकाशित पत्रिकाको नाम दिएर उनले अध्येताालई सहज र सरल बनाइ दिएका छन् । लोग्ने स्वास्नी कथा सङ्ग्रहको पहिलो कथा 'गुन्द्री माथिको सिंगान' बाट सुरू भई' 'चोखी केटीमा' अन्य भएको छ ।

**(१) गुन्द्री माथिको सिंगान**

यस कथामा निर्दिष्ट विचार यौन कुण्ठा नै हो । मान्छे बाहिर भलादमी देखिए पनि यौनका दृष्टिमा कामुक रहेको हुन्छ भने आफूले गरेको गल्तीले जो कोही मानिसको मन

भस्किन्छ । आत्मले मानिसलाई भित्रैबाट सत्य बोलिरहेको हुन्छ । जसको कारण अपराधले मानिसलाई पोल्छ  भन्ने कुरामा यस कथामा आएका शिक्षक पात्र र नारी पात्रको चरित्रले देखाउँछ भन्ने कुरामा घिमिरेको तर्क  छ । यो कथा रुप रेखा अङ्क ९ वर्ष १२ मा प्रथम पटक प्रकाशित भएको कुरा उल्लेख गरेका छन् , यसरी शिक्षक र साहिलीको यौन चर्तिकला अनि त्यसको कर्तुत गुन्द्रीमा देखिनु सामाजिक विकृति हो भने उनीहरू बीच कामोत्तेजना आउनु सामान्य जैविक प्रक्रिया हो भन्ने निष्कर्षमा घिमिरे पुग्नु स्वभाविक देखिन्छ ।

(२) **टिनको चिउरा**

यस कथामा पनि यौन विकृति रुप प्रस्तुत गरिएको छ । यहाँ पनि म पात्र र दिदीमा रासलिला कै चर्चा पाइन्छ । यस कथामा नारीपात्रमा भएको यौनच्छालाई अलि बढी प्रयोग गरिएको छ । समाजको आँखा छली विवाहित महिलाहरू लोग्नेको अनुपस्थितिमा आफ्नो कामेच्छा पूरा गर्न विभिन्न  उपाय अपनाउने गरेको खुलासा गरिएको छ । भद्रताको खोल ओडेर आफ्नो मर्यादालाई विर्सदै गएको पुरूषहरूको चरित्रलाई उदाङ्गो बनाएको कुरा घिमिरे बताँउछन् । यस कथामा निहित सामाजिक विकृति नै कथाको मूल विषय भएको कुरा घिमिरे  बँताउछन् ।

(३) **पर्दा पछाडिको सपना**

यस कथामा आफ्नो कमोतेजनालाई साम्य पार्न नसक्ने लोग्ने जसलाई नारीहरू लोग्ने मान्दैनन र त्यो इच्छा पूरा गर्न अन्य बाटो खोज्ने गर्छन भन्ने सङ्केतका आधारमा यस कथाकी मुख्य पात्र निर्मली सम्पन्न परिवारकी बुहारी भए पनि आफ्नो यौन चाहाना पूरा नभएकाले आफ्नै परिवारको कारबारीसँग पोइल जान्छे भने दोस्रो पटक कलह भगडा अभावबाट मुक्त हुन पुनः मुकेशसँग पोइल जान्छे । त्यहाँ अझै दुःख झेल्नु पर्दा  यसैलाई पर्दा पछाडिको सपना भनिएको कुरा घिमिरेको निचोड रहेको छ । यस कथामा यौन समस्या र नारी समस्याको समन्वय रहेको कुरा घिमिरे उल्लेख गर्दछन् ।

### (४) अरू चुप छन्

यस कथामा सामाजिक विकृतिको रुपमा धन, पद र प्रतिष्ठाको दुरुपयोग गरी सामान्य गरीब नारीहरूको अस्मिता लुटी उनीहरूलाई बिचल्ली र घर न घाटको बनाउने शोषक सामन्ती संस्कारको नमूना प्रस्तुत गरिएको छ । प्रशासनिक क्रियाकलाप पैसामा हुने गरेको सत्यलाई तोडमोड गरी घुस खोर हरूले अड्डा जमाएर दुःख दिएको कामेच्छा पूरा गर्न जस्तो सुकै आश्वासन छाडेर धन धाक आदिले पन्छाउने प्रवृतिको विरूद्ध व्यङग्यात्मक प्रस्तुति रहेको कुरा घिमिरे उल्लेख गर्दछन् ।

### (५) जमुनाको आगो

यो धुँवा वर्ष अङ्क १ मा प्रथम पटक प्रकाशित कथा हो । यस कथामा अपरिपक्व अवस्थाम प्रेम गर्ने अनि अन्त्यमा अरू कसैसँग विवाद गर्ने यौनपरक चारित्रक विकृतिको सङ्केत यस कथाले दिएको छ । यस कथामा खराब चरित्रका रुपमा जमुनालाई लिइएको र उसको मनमा असन्तुष्टि र अभावको आगो दन्काउने जमुना नाम गरेकी पात्रको मनको आगो नै यस कथाको मूल विषय हो  भनेर घिमिरे बताँउछन् । यौनजन्य आरोपका कारण भएका दाम्पत्य जीवन सुखमय हुन सक्दैन भन्ने तर्क घिमिरेको छ ।

### (६) कान्छीको मोटो खसी

समाजमा पद प्रतिष्ठा मर्यादा आदिलाई भुलेर नारीमाथि यौन शोषण गर्ने अनि आफू पानी माथिको ओभानु बन्नका लागि विभिन्न किर्ते कुरा गरेर गरीबहरूको इज्जत माथि खेलवाड गर्ने परम्परामा रमाएका भ्रष्ट मानसिकता बोकेको पुरूषको चरित्र र एउटा सोझी गाँउले ठिटी माथि गरेको अन्याय यस कथाले पर्दाफास गरेको छ । जहाँ धन मान र रवाफ भएपछि यौन शोषण गरेपछि आफूलाई अस्वीकार गरी त्यसको जीम्मेवार नारीलाई मात्र दिने र नारीका उजुरी कसैले नसुन्ने अनि उच्च ओहदामा रहेकाले उसको रवाफमा अवला नारीका विपक्षमा सिङ्गो समाज प्रस्तुत हुने कुरा यस कथाको निचोड भएको समीक्षक घिमिरे बताँउछन् ।

**(७) झगडा-सन्धि प्रेम र विवाह**

यस कथामा सामान्य मेला, पर्व, साँस्कृतिक कार्यक्रम र पहिले वितृष्णा पछि उसको व्यक्तित्वबाट प्रभावित भई आकर्षण बढेको देखिन्छ । अपसी ठाकडुक तत्काल यौन सम्पर्क अनि प्रेम विवाह यस्ता घटना ग्रामीण समाजका सामान्य घटना हुन भन्ने कुरा घिमिरेको निष्कर्ष छ । कथाले सामाजिक विषयलाई बोकेको छ । आकस्मिक रुपमा कसैसँग आवेशमा आउनु उपयुक्त होइन भन्ने सङ्केत कथाले गर्दछ भन्ने कुरा घिमिरे बताउन्छन् ।

**(८) कैलीले नानी पाउँदा**

नेपाली समाजको अत्यन्तै जटिल समस्याको उजागर यस कथाले गरेको छ किनभने हजारौँ आमा अनि बच्चा प्रशव कालमै मरेका घट्नाले उक्त कुरा पुष्टि गर्छ । यहाँ पनि समाजका त्यस्ता नारीहरू उपस्थित गराएर मुख्य पात्र कैलीको नानी जन्माउँदा प्रयोग भएका यौनपरक वार्तालापले अविवाहित कैलीहरूलाई पार्ने प्रभाव साथै नेपालको ग्रामीण भेकको वास्तविक समस्या प्रस्तुत गर्नु यस कथाको उद्देश्य रहेको कुरा समीक्षक घिमिरेको नजरमा देखिन्छ ।

**(९) पातली**

यस कथाम गाँउले सामन्तहरूले राम्री केटी देखे भने अनेक केशिस गरेर आफ्नो स्वार्थ सिद्ध गर्न खोज्छन, सामदाम दण्ड भेदको नीतिले त्यस्ता दु:खी गरीब हरूको पवित्र प्रेमलाई चकनाचुर पार्ने प्रयास गर्छन् । कथाकार नवीनको यस कथाले सङ्ग्रहमा रहेको यो कथा असल र सत्य प्रेमको पराकाष्ठ देखाइएको कुरा घिमिरे उल्लेख गर्छन । हुन पनि सामन्ती समाजको चरित्र अरूले राम्रो काम गरेको  वा अरू राम्ररी मिलेको देखिनसहने प्रवृति भएका हुन्छन् जो अरूको विछोडमा हाँस्ने अरूको दु:खमा रमाउने र जालझेल गरेर भए पनि सोझा सिधालाई अगाडि सार्दै रूढिवादी समाजको विरोधमा मुख्य पात्रलाई सामाजिक विषयवस्तुका बारेमा प्रकाश पारेका छन् ।

### (१०) फुपुको मिसिरी

चरित्रहिन आइमाईको कथालाई संस्मरणात्मक आधारमा लेखिएको भनिएको यो कथा आमा बनेर आमाको मर्यादालाई भुलेर यौनच्छा नै महत्वपूर्ण कुराको रुपमा लिंदा यस कथाकी पात्र फुपूले जीवनमा निकै ठुलो विडम्बना भोग्नु परेको कुरा समीक्षक घिमिरेले उल्लेख गरेका छन् । जीवनको सम्पूर्णता यौन होइन । तर जीवनको केही चाहिँ यौन हो भन्ने सङ्केत कथाको रहेको छ । घिमिरे यौन तृप्ति  जैविक इच्छा हो यो निरन्तर हुनुपर्छ अन्यथा वैध अवैध जुन जसरी प्रयोग हुन सक्छ भन्ने कुरा उल्लेख गर्दछन् ।

### (११) लोग्ने -स्वास्नी

यस कथा सग्रहको मुख्य शीर्षक बनेको यो कथा चरित्र प्रधान, मनोविश्लेषणमूलक छोटो लघुकथाका रुपमा आएको कुरा घिमिरे उल्लेख गर्दछन् । गाउँले समाजमा विभिन्न कारणले लोग्नेहरू परदेशिनु पर्ने बाध्यता छ  त्यसको पीडा घरमा रहेकी उसकी श्रीमतीले भोग्नु पर्नेहुन्छ  चेतनमनमा प्राप्त नभएको कुरा अचेतनमनले सपनामा प्रप्त भएको प्रसङ्ग उल्लेख गरिएको यो कथा सपनाम आफ्नो लोग्नेसँग जिस्किएको चलेको घट्नाले उसको अचेतन मनको उजागर भएको कुरा या कथा मार्मिक पनि रहेको कुरा घिमिरेले प्रष्ट्याएका छन् ।

### (१२) एउटा सम्झना

नेपाली समाजको जटिल समस्यालाई यसकथाले प्रतिबिम्बित गरेका छ । बाल विवाहले निम्त्याउने यौन समस्या लोग्ने मरेपछि उनीहरू कुण्ठित हुनुपर्ने, तर प्राकृतक यौन चाहानाले ग्रस्त बनाएपछि वासना तृप्तिका लागि लोग्ने मानिसलाई आर्कषण गरी त्यो इच्छा पूरा गर्नु स्वभाविक भए पनि त्यही इच्छा पूर्तिका लागि क्रमैसँग धेरै सँग पोइला जानु विकृत सामाजिक समस्याको  नमूना रहेको कुरा यस कथाले सङ्केत गरेको कुरा घिमिरेको रहेको छ ।

### (१३) भोको आत्मा

यस कथामा मानसिक सन्तुलन गुमेका दुई विपरीत लिङ्गी मानिस रहेका छन् । यिनीहरू आ-आफ्नै कारणबाट सडकमा आएका छन् । सुरूमा दुवैमा बेमेल र पछि मेल अनि प्रेम र पछि लोग्ने स्वास्नीका रुपमा देखापरेका छन् मानिस जुन रुपमा आफूलाई प्रस्तुत गर्छ  त्यहीरुपमा उसको सङ्गत वा जोडी पनि प्राप्त हुन्छ । यहाँ खान लाउनका अतिरिक्त यौन इच्छाको लागि उनीहरूको आत्मा भोको रहेको सङ्केत गर्नु र उनीहरूको मृत्यु एकै चटी हुनुचाहिँ अलिक नमिल्दो प्रसङ्ग भएको कुरा समीक्षक घिमिरे बताउँछन् ।

### (१४) रत्तेउली

नेपाली समाजको सँस्कृतिक महत्व बोकेको परम्परागत कार्य बेहुलो अन्माएर बेहुलाकै घरमा विशेष गरी उन्मुक्त वातावरणमा आइमाइहरूले खेल्ने र रमाउने अवस्था रत्तेउली हो । तर यस संस्कृतिको नाममा कुसंस्कृति भित्रिएको सङ्केत कथाले दिएको कुरा घिमिरे बताउँछन् रत्तेउली पाटी निदाएको निदायै रहँदा जिम्मेवारी र दायित्व नहुने गरी मादक पदार्थको सेवन गर्नु झनै ठुलो विकृति हो भन्ने निष्कर्षमा पुगिन्छ ।

### (१५) जुरेली कान्छीको माया

यौन व्यभिचारले मानिसलाई ठूलो पीडा दिन्छ । यस कथामा पनि चरित्रहीन बनेका महिलाले सोझो सिधा पुरूषलाई फँसाएर उसको झिटी झम्टी आफ्नो बनाई अर्कैसँग जाने महिलाहरूको प्रतिनिधित्व यस कथाकी पात्रले गरेको कुरा उल्लेख गर्दछन् । सहज पर्दा र धनसम्पत्ती हुँदा या काम गरेर खानदिन सकुञ्जेल आफ्नो अनि कमजोर बनेपछि पराइ त भयो भयो उसको अलि भएको झिटी पनि पोको पारेर हिड्ने र पैसामा शरीर बेच्ने आइमाई देखि सबै सधै सावधान रहनुपर्ने यस कथाको मूल बिचार रहेको घिमिरे बताउँछन्।

### (१६) एउटा बिहिबारे हाटमा

यस कथामा केटीहरूलाई चलाख बनाइएको छ । विशेष गरेर केटाहरू बिहे गरेर बिहे गरेको छैन भनी केटीलाई रणभुल्ल पार्थे भने यहाँ प्रेम एउटासँग गरेर आर्कोसँग

विवाह गर्ने केटी बिहिबारे हाटमा भेट्ने आश्वासन दिएरे केटालाई रणभुल्ल पार्न पुग्छे । यसरी घिमिरे समाजमा ढाट्ने केटीहरू पनि खप्पिस भइसकेको कुरा उल्लेख गर्दछन् ।

### (१७) बेला

यो कथा सच्चा प्रेमकथा हो । किनभने आफ्नो प्रेमका लागि प्रेमिका ठूलो कष्ट उठाएर आउँदै गर्दा कसैको कुदृष्टि पर्न गई बलत्कृत हुन पुग्छे, तर अन्त्यमा दुवैको मिलनले सच्चा प्रेमले मिलन विन्दु भेट्छ  भन्ने कुरा साबित गराउन खोजिएको छ भन्ने घिमिरेको दृष्टिकोण रहेको छ । समाजमा ढाँट, छुद्र, खराब मनोवृत्ति भएका मानिसहरूले सच्चा सरल इमान्दरलाई दुःख दिइहेको कुरा कथाले सङ्केत गरेको कुरा घिमिरे उल्लेख गर्दछन् ।

### (१८) दोकाने ठूली

यस कथामा आफ्नो दुःख जिलो गरेर वा सानो बन्द व्यापार गरेर जीविका चलाउने एउटी नारी जसको यौवनको सुन्दरताले पुरूषलाई आकर्षण गर्छ र उसको व्यापार राम्रो हुन्छ । तर स्वर्थी समाजभित्र नै अमरे जस्ता धोकेवाज रहेका हुन्छन् । उसले यस कथाकी पात्र ठूलीलाई आफ्नो बनाउँछ, तर जब ठूली विरामी पर्छे सोही मौकामा ठूलीको झिटिझम्टा लिएर टाप कस्छ । एउटी नारीमाथि यति ठूलो अन्याय गरेर स्वार्थी पुरुष त्यस महिलाले मगन्ते बनेको टुलुटुलु हेर्ने गर्छ । यो कथालाई घिमिरेले विश्वेश्वरप्रसाद कोइरालाको मधेसतिरसँग तुलनो गरेका छन् । घिमिरेले यसरी नारी र पुरुषको बीच द्वन्द्वात्मक स्थिति रहेको कुरा प्रष्ट पार्दै  ठुली  दुनियाँ प्रतिको विद्रोह गर्न प्रेरित भएको कुरा उल्लेख गरेका छन् ।

### (१९) ठुलीको माया

यो कथामा प्रेम वा छोरीलाई सधै गोठालो लागेर हुदैन भन्ने धारणा प्रस्तुत छ । अर्को कुरा के हो भने जहाँ इच्छा त्यहाँ उपाय भनेझै यहाँ आफ्नो वाबु आमालाई विश्वस्त बनाएर आखाँ छलिएको छ । यो कथा पनि यौनेच्छासँग सम्वन्धित छ । वास्तवमा यस कथाकी मुख्य पात्र ठुली र हरिको यौनकामना जुन तवरले भएपनि पूरा भएको छ । जुनकुरा

वाबु आमाले शंका गरेर चियो गर्दा समेत फेला पर्न सकेन । यसैलाई घिमिरे जहाँ इच्छा त्यहाँ उपाय भई प्रमाणित भएको मान्छन् ।

### (२०) बाच्नै पर्छ यसरी पनि

पेशेवर यौनकर्मी महिलाको दुर्दशा यस  कथामा प्रस्तुत गरिएको छ । समाजका यस्ता यौनकर्मी महिलाहरूको अवस्था चित्रण गर्ने अभिप्रायले लेखिएको यो कथा अन्त्यमा यस कथाकी प्रमुख पात्रलाई साथीहरूले यस्तो पेशा नअपनाउन वाचा कवुल गराए पनि लागेको बानी छुट्न सक्दैन भन्ने कुरा यस कथाकी यौनकर्मी पात्रबाट बुझ्न सकिन्छ । आधुनिक समयमा विकृत रुपमा आएको उच्छृङ्खल प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको कुरा घिमिरेको विचार रहेको छ ।

### (२१) बाथ जस्तै गोरी कान्छी

यो ग्रामीण भेकमा सामान्य देकानमा ग्राहकका रुपमा जाने  र रक्सी खाने ग्राहकले त्यस्ता दोकाने केटीहरूलाई जिस्काउने यौनिक कार्यमा आकर्षित गर्ने प्रवृत्ति प्रस्तुत गरिएको कथा हो । यस कथाले सामान्य पसलमा बस्ने केटीहरूको अवस्था प्रस्तुत गरिएको कुरा घिमिरे बताउँछन् ।

### (२२) जेठीले नानी पाउँदा

यो कथा एउटी लठेब्री जेठी जसको यौनिक चाहना जैविक हो, जसको फाइदा दाउरा खोज्न जाँदा रनेले उठायो । गर्भिणी भई जेठीले नानी जन्माउँछे । जेठी गर्भिणि भएको थाहापाएपछि भागेको रनेलाई समाजले जेठी जिम्मा लगाउँछ । तर पछि अल्पायुमै वच्चा मर्छ । यसरी स्वार्थी पुरुषहरू निरीह नारीमाथि अन्याय गरिरहेका छन् भन्ने सङ्केत यस कथाको मूल आशय हो भन्ने कुरामा घिमिरेको विश्लेषण छ ।

(२३) **चोखी केटी**

यो कथा नवीनको लोग्ने स्वास्नी कथा सङ्ग्रहको अन्तिम कथाका रुपमा रहेको छ। यस कथामा समाजमा विकृति रहेकाले हरेक केटीलाई शङ्काको दृष्टिले हेर्ने पुरुष चरित्रको मनोविश्लेषण गरिएको छ । यस कथामा धेरै छानेर अनि चोखी केटी विहे गर्ने सोचको सनमान विचरा नानीकी आमामा परेको घटनाले पुष्टि गर्छ । ठुलाबडाले जालझेल गरेर आफ्ना चरित्रहीन छोरी बिकाउने गर्छन् र सामान्य मानिस फस्दछन् । धेरै खोज्ने नटखट गर्नेलाई एउटा गीतले भने जस्तो "लाऊँ माया गाउँघरको नलाऊँ टाढाको" भनेझै हुन्छ । टाढाको मायाभित्र यस्तै यस्तै विकृति लुकेको हुनसक्छन् सामाजिक विकृति अनि सनमान जस्ता शंकालुले ठूलो खाडलमा वा आफूले सोचे भन्दा तीन गुणा खराब परिणाम भोग्न वाध्य हुन्छन् भन्ने कथाले दिएको कुरा घिमिरेको तर्क रहेको छ ।

अन्त्यमा समीक्षक घिमिरे विष्णु नवीनका माथिका कथालाई कल्पना मात्र नभएर उनको भोगाइ पनि रहेको कुरा उल्लेख गर्छन । नवीनले भोगुन् नभोगुन् समाजको यथार्थ चित्रणचाहिं पक्का पनि हो । वास्तवमा समग्र कथाहरूलाई हेर्दा यौनका विषयमा बढी नै चर्चा भएको देखिन्छ । नवीनका कथा कोइरालाका यौनमनोवैज्ञानिक कथासंग तुलना गर्दा कोइरालाका पात्रहरू कुण्ठा लिएर अव्यक्त यौनको प्रयोग गर्छन् भने नवीनका पात्र उपस्थित हुने बित्तिकै रतिक्रिडामा व्यस्त देखिन्छन् । रतिक्रिया आवश्यक भन्दा बढिनै देखिएका छन् । यस कथा सङ्ग्रहमा रहेका कथाहरूले समाजका रचनात्मक पक्षलाई कमै देखाएको छ । वास्तवमा समाजको विकृति र विसङ्गति कै ओरिपरि कथाहरू घुमेका छन् । अभाव, पीडा, असहाय र गरिबको फाइदा उठाउने शोषक, समन्त, दमनकारीको मनोबल उच्च देखाइएको देखिन्छ । ग्रामीण जीवनका यथार्थ समस्यालाई उजागर गर्ने कथाकार नवीनलाई सरल भाषाका खुल्ला प्रयोगका रुपमा घिमिरे मूल्याङ्कन गर्दछन् । बुद्धि घिमिरे नवीनका अप्रकाशित कथाहरू प्रकाशित गरेर उनको सम्पूर्ण रुपमा मूल्याङ्कन गर्नुपर्ने कुरा उल्लेख गरी एउटा साहित्यकारको खोजी गरी पहिचान गराउनुपर्छ भन्ने सङ्केत गर्दछन् ।

## ५.१३ पौराणिक कथासंग्रह - पार्वती परिणय एक समीक्षा

नेपाली साहित्यको आँगनको ओल्लो छेउबाट साहित्यका आफ्नै किसिमको रचनाहरूले आँगनलाई रम्य बनाउने साहित्यकार माधव भँडारी जसलाई पूर्वीय अलङ्कार

शास्त्रको आधिकारिक र प्रतिभाशाली विद्वानका रुपमा लिइन्छ । माधव भँडारीद्वारा लिखित २०५८ सालमा प्रगति प्रकाशन बरबोटेबाट प्रकाशित १५ वटा कथाकारहरूको संग्रह जसलाई पौराणिक कथासङ्ग्रह मानिएको छ  जुन 'पार्वती परिणय' हो । जसको छोटो समीक्षा समीक्षक बुद्धि घिमिरेले गरेका छन् । नेपाली कथा विधामा नौलो प्रस्तुतिको रुपमा स्वीकार्दै घिमिरले यस कथा सङ्ग्रहमा कृतिपरक समालोचना प्रणालीलाई अँगाल्दै आफ्नो समीक्षाको कलम अगाडि बढाएको पाइन्छ । कथाकार भँडारी पूर्वीय साहित्यका अध्येता हुन् । यसको प्रमाण  यो कथासङ्ग्रहले पनि दिन सक्छ भन्ने कुरा घिमिरे व्यक्त गर्दछन् । वि. स.२०५८ कार्तिकमा जुही अङ्क ४८ मा प्रकाशित यो समीक्षा लेखलाई घिमिरेको अन्तिम चरणको समीक्षा मान्न सकिन्छ । यसलाई पुस्तकाकार रुपमा यस समालोचना कुसुममा समावेश गरी जुही अङ्क ४८ बाट साभार गरिएको भनिएको छ । यहाँ समालोचक घिमिरेले 'पार्वती परिणय' कथासग्रहको समालोचनात्मक पद्वतिलाई हेर्दा रुपपरक समालोचनाको छनक र यसकथासग्रह भित्रका विषयवस्तुलाई केलाँउदा विभिन्न पुराना ग्रन्थहरूबाट मानव विकासको छनक पाइने हुनाले यसलाई आदिमतापरक समालोचनाको  पनि छनक पाइएको छ । यसरी यस कथा संग्रहमा भएका मूल विषयवस्तु पुराण, रामायण र महाभारत जस्ता हिन्दू ग्रन्थ रहेकाले घिमिरे आर्य परम्परा अन्तरगत पुराण,रामायण महाभारतका कथाशंहरू प्रयोग गरी समाजमा भन्ने मौखिक परम्परालाई प्रतिबिम्बित गरेको कुरा उल्लेख गरी यस कथा संग्रहको भूमिका प्रस्तुत गर्दछन् । साथै संग्रहमा भएका कथाहरूको छुट्टा छुट्टै विश्लेषण गर्दछन् ।

'पार्वती परिणय' कथा संग्रहमा १५ वटा कथा रहेका छन् । जसको सामान्य समीक्षा घिमिरेले गरेका छन् । यी कथाहरूको समीक्षा विवरणात्मक र परिचयात्मक प्रणालीलाई अपनाएर गरेको पाइन्छ । विशेषतः कथाको विवरण दिएर कथालाई परिचय गराउन खोजिएको छ । जसमा विवेचनात्मक पनि रहेको देखिन्छ । कथा छोटा-छोटा भएकाले अहिलेका पाठकहरूको मागलाई ध्यानमा राखेर कथाकारले कथा सिर्जना गरेको पाइन्छ । सबै कथाको समीक्षा गर्नलाई संस्कृत साहित्यको महाभारत रामयण साथै पूराणहरूको अध्ययन गरेका विद्वान्ले मात्र गर्ने देखिन्छ त्यसै संस्कृतमा सिद्ध हस्त विद्वान बुद्धि घिमिरेले आफ्नो कलम कुदाएका छन् । जसमा विभिन्न संस्कृत काव्यका र नेपाली प्राथमिककालका काव्यको अध्ययन गरी तिनै कृतिका पात्रहरू र उनीहरूकै चरित्रलाई अधुनिक समाजसँग

जोडेर समीक्षा गरिएको छ । यसमा तुलनात्मक समीक्षा पनि ठाँउ-ठाँउमा नआउनेचाहिँ होइन । 'पार्वती परिणय' कथा सङग्रहमा भएका कथाहरूको पहिचान यसरी गराएका छन् ।

**(१) सुकन्या**

सुकन्या कथा संस्कृत साहित्यको धार्मिक ग्रन्थ श्रीमद्भागवतको नवम्स्कन्धको आधारमा लेखिएको कुरा घिमिरे बताँउछन् । यसको प्रमाणका लगि महाभारतको वनपर्व र देवी भागवतको टिप्पणीको सहायता लिन्छन् । यसरी यो कथा महाभारतका चेवन ऋषि र शर्याती राजाकी छोरी सुकन्यासंग सम्बन्धित छ । जसमा सुकन्याले नजानीकन ऋषिको तपस्या जहाँ केही पनि देखिदैन मात्र दुई बत्ती बलेको ठाँउमा घोच्दा आँखा छेडिन्छ । यसरी अञ्जानमा भएको अपराधको फल सुकन्याले चेवन ऋषिसँग विवाह गर्नुपर्‍यो । पछि अश्विनी कुमारहरूको चिकित्साबाट चेवनका आँखा ठीक भए । घमण्डी र भेदभाव पूर्ण नीति लिएका स्वर्गका राजा इन्द्रको घमण्डलाई चेवन ऋषिले आफ्नै शक्तिद्वारा तोडिदिएको कुरा उल्लेख छ । यस कथामा कथाकारले सदैव सत्यको अनुशरण गर्‍यो भने त्यसको जित हुन्छ । साथै राम्रो अथवा उत्सुकता हुँदैमा सबै चिज हुनै पर्छ विगार्नै पर्छ भन्ने छैन अनि अन्यायलाई घुँडा टेकाउन सत्यको सहारा लिनुपर्छ भन्ने संकेत घिमिरे दिन्छन् ।

**(२) शशिकला-सुदर्शन**

व्यक्तिका नाममा शीर्षक राखिएको यो कथामा पुराण कालीन समाजको चित्र उतारिएको र यो कथा देवीभागवत पुराणको आधारमा लेखिएको कुरा घिमिरेले उल्लेख गरेका छन् । व्यक्तिगत स्वार्थका निम्ति मारामार भएको घटनालई समीक्षक घिमिरेले नेपालको राणाकालीन अर्थात दरबारीया घटनासँग तुलना गरेका छन् । स्वार्थका लागि हुने सत्ता संघर्ष घातक हुने संकेत कथामा प्रतिबिम्बित गरिएको छ ।

**(३) तारा चन्द्र**

यो कथा पुराणहरूमा रहेको प्रसिद्ध कथासँग सम्बद्ध रहेको छ । यस कथामा बृहस्पति गुरूको जन्म भएको प्रसङ्ग उल्लेख गरेर नारी र पुरूष बीचको मनोवैज्ञानिक सम्बन्ध र तत्कालीन अवस्थामा नारीस्वतन्त्रता रहेको कुरा प्रष्ट हुन्छ । यसकथाको प्रसङ्ग

पुष्टिका लागि घिमिरले पुराण र कथाकारले दिइएको टिप्पणीको सहयोग लिएका छन् र भन्छन्, पुराणकालमा नारीहरू स्वतन्त्र र आदरणीय थिए ।

(४) **अहल्या**

पौराणिक पात्रको नाममा शीर्षक राखिएको यो कथा पनि पौराणिक कथा हो । यस कथामा पञ्चकन्या मध्ये प्रसिद्ध स्वयम्भूमुनिकी पुत्री गौतम ऋषिकी पत्नी अहल्या जसको वर्णन बाल्मिकीरामयणमा गरिएको पाइन्छ । घिमिरेले यौन मनोविज्ञानसँग सम्बन्धित रहेको यस कथामा देवराज इन्द्रसँग अहल्याको यौन सम्पर्क भएर गौतम ऋषिको श्रापले अचेतन ढुङ्गो भएको र पछि भगवान रामको पाउको धुलोबाट पुनः मुक्ति भएको कुरा उल्लेख गरेको पाइन्छ । यस पौराणिक कथनलाई कथाकारले लौकिकीकरण गरेर लाश वा ढुङ्गो समान भएको इन्द्रलाई श्रापद्वारा हैन यौनरोगले सताएको देखाएर देवताका राजा जस्तो पदासीन व्यक्ति महान् ऋषि पत्नी पनि यौनका लागि च्युतहुन तयार रहेको प्रसङ्ग औँल्याएर अनैतिकता पदीय व्यक्तिबाटै हुन्छ भन्दै आधुनिक युगसँग सामन्यय गरेका कुरा घिमिरे उल्लेख गर्दछन् ।

(५) **कदर्य**

यो कथा पुराणकै कथांशलाई आधार बनाएर लेखिएको छ र समाजमा सम्पत्ती भएर पनि कञ्जुस्याई गर्ने वा सही काममा खर्च नगर्ने अनि अनन्त कालसम्म आफू जीवीत रहिन्छ भनी जम्मा गर्ने लोभी मस्तिष्कको पहिचान गराइएको छ भन्ने कुरा घिमिरेको तर्क रहेको छ । सम्पतिका लागि मरिमेटने र सञ्चयको रोगले सताएको साथै अवैध कारोबारबाट नवधनाढय बनेकाहरूको धन स्थायी नहुने जसरी जम्मा गरेको छ त्यसै गरी विलाएर जाने वा चोरी हुने र धन क्षति बढी भएमा कदर्यको जस्तै पागल हुनुपर्ने सङ्केत कथामा रहेको समीक्षक घिमिरेको रहेको छ ।

(६) **उर्वशी**

यो कथा पनि पुराण तथा महाभारतको कथांशसँगै सम्बन्धित छ । पुरुरर्वा र उर्वशीको प्रेम प्रसङ्गले यौनमनोविज्ञानसँग सम्बन्धित रहेको देखाउँदै साथै पुराण तथा

वैदिक साहित्यको चर्चित प्रसङ्गलाई यहाँ कथा बनाइएको छ । वास्तवमा स्वर्गकी गणिका उर्वशीको प्रेमपरक कथा भएकाले यस्ता गणिकाले सधै धोका  दिएर छोड्छन् । यिनीहरूको विश्वासमा नपर्नु भन्ने संकेत कथाको रहेको घिमिरे उल्लेख गर्दछन् ।

(७) **जडभरत**

श्रीमद्भागवत, विष्णुपुराण आदिका क्षमाशील, ज्ञानी, सद्गुणी, महापुरूषका रुपमा वर्णन गरिएका जड-भरतका नाममा लेखिएको यो कथा मानिसलाई मनेवैज्ञानिक ढङ्गले सुधारतर्फ ल्याउन सकिन्छ । भन्ने प्रसङ्ग उल्लेख गर्दै सांसारिक मोहभन्दा पर आनन्द छ भन्ने जडभरतबाट अर्काको सहारा लिएर आफ्नो ज्ञान बढाउने वा अरूलाई बोक्ने लगाएर पाल्कीमा बस्ने राजाको बुद्धिमा सुधार आउनुनै यस कथाको मूल सन्देश भएको कुरा घिमिरे विश्लेषण गर्दछन् ।

(८) **इषुकार** (**वाण निर्माता**)

कुनै पनि मानिस संवेदनशील काममा लागेको छ भने उसमा एकाग्रता हुनुपर्छ । एकाग्रता भएन भने कुनै पनि काम सफल हुन निकै ठूलो समस्या हुन्छ । यसै प्रसङ्गमा एक वाण निर्माता आफ्नो काममा तल्लीन भएका बेला छेवैबाट गएका राजको सवारी हात्ती घोडा रथ अदिका बारेमा केही थाहा नपाउनाले प्रष्ट हुन्छ । घिमिरेले दोणचार्यका शिष्य अर्जुन र एकलव्यले प्राप्त ज्ञान यसैको परिणाम हो अनि त्यस इषुकारलाई अवधुत ब्राम्हणको गुरूका रुपमा ल्याइएको कुरा प्रष्टयाउँछन् । मानिसमा चाहिने लक्ष्य साधनाका लागि एकाग्रता चाहिन्छ भन्ने बारेमा कथाले सन्देश दिने कुरा घिमिरे उल्लेख गर्दछन् ।

(९) **स्वयम्भूको चर्तिकला**

यो कथा श्रीमद्भागवत्को तेस्रो स्कन्धको यौनमनोविज्ञानसँग सम्बन्धित छ । प्रकृति र मानव बीच बेला बेला द्वन्द्व हुन्छ, तर प्रकृतिको नै जित हुने कुरा कथाकारले यस कथामा उल्लेख गरेको कुरा घिमिरे उल्लेख गर्दछन् । कथाको प्रसङ्ग अनुसार ब्रम्हा आफैं सृष्टि गरेर आफ्नी छोरीलाई देख्दा मोहित भएर वासना परिपूर्ति का निम्ति दौडेको प्रसङ्गले

कामवासना अजेय छ जसले कानुनलाई परस्त गर्न प्रकृति समर्थ भएको कुरा घिमिरे उल्लेख गर्दछन् ।

### (१०) मन्दोदरी

देवीभागवत्कै कथांशलाई विषयवस्तु बनाइएको यो कथा यौनपरक रहेको पुष्टि घिमिरले गरेका छन् । कामवासनाको आकांक्षा यदि कुण्ठित गर्ने हो भने त्यसले विस्फोट गर्दछ । अर्थात कामवासनाकै कारणले समाजका युवा युवती प्रणयसूत्रमा चाँडै बाँधिन्छन् र पछि पछुताउँछन । त्यसैले समीक्षक घिमिरे यस कथामा पनि मन्दोदरी प्रतीकात्मक रुपमा उपस्थित भएकी हतारमा प्रेम विवाह गरेर पछि कमसल पात्रसँग सम्बन्ध भएको देखाएर प्रेमविवाह असफल हुने अवस्थाको सङ्केत गरिएको छ भन्छन् । बुद्धि घिमिरे मानव मन जसलाई जति सुकै नियन्त्रणमा राखे पनि प्राकृतिक जैविक यौनवृत्तिले विजय पाएर छोड्छ भन्ने संकेत गर्दछन् ।

### (११)पिङ्गला

चरित्रमा खराबी भए मन अशान्त हुन्छ । चरित्रमा असलपन ल्याए मन शान्त र सन्तुष्ट हुन्छ भन्ने संकेतका आधारमा यो कथा पुराणसँग सम्बन्धित रहेको नयिकाको नाममा शीर्षक राखिएको छ । कथाको प्रसङ्ग अवधुत ब्राम्हण गुरूका रुपमा पिङ्गला नामक वेश्याले ग्राहकको खोजीमा आशा गर्दा गर्दै धेरै रात छटपटीमा बिताएको तरपछि आशामरी उसमा स्वभिमान जागेको, जसको कारण उसलाई सुखपूर्वक निन्द्रालाभ भयो भन्ने प्रसङ्गले आशा गर्नु परम दुःख हो आशा नगर्नु परम सुख हो भन्ने नैतिक उपदेशात्मक कथा हो भन्ने निर्ष्कषमा घिमिरे पुगेका छन् ।

### (१२) कुमारीको चुरा

यो कथालाई उपदेशात्मक कथाका रुपमा लिइन्छ । समीक्षक घिमिरेले यो प्रसङ्गबाट समीक्षाको उठान गरे एक्लै तपस्या, दुई जना मिलेर पढाइ, तीन जना भएर गायन, यसभन्दा धेरै भए लडाई भन्ने पुरानो संस्कृतको उक्ति अनुसार मद्भागवत्कै प्रसङ्गबाट कुमारीले वियाँफलेको कुमारीका हातमा भएका चुरा कुमारीले फुकालेर एक एक मात्र

राखेपछि चुराको आवाज नआएको अर्थात "कसैका व्यवहारबाट सिक्दै जाऊ" भन्ने मार्क्सवादी वैज्ञानिक कुरा रहेको कुरा रहेको कथामा घिमिरे उल्लेख गर्दछन् । यी सबै प्रसङ्ग अबधुत ब्रम्हणको शिक्षा लिने प्रसङ्गसंग जोडिएको कुरा घिमिरे उल्लेख गर्दछ ।

**(१३) ऋष्यश्रृङ्घ**

यस सङ्ग्रहमा रहेका कथाहरू मध्ये यो सबैभन्दा लामो कथा हो । यो कथा वाल्मीकीय रामयणमा आधारित छ । यो कथा पनि यौनमनोविज्ञानसँग सम्बन्धित रहेको कुरा घिमिरे बताँउछन् ऋष्यश्रृङ्घ संसारमा रहेर पनि टाढा रहे जस्तो लाग्ने तर संसार भन्दा टाढा रहन नसकिने कुरा यिनै ऋषिकुमारलाई प्रयोग गरी पुष्टि गरिएको कुरा घिमिरे बताँउदै वि.पि कोइरालाको सुम्निमा उपन्यासको नायक सोमदत्तसँग तुलना गर्न पुग्दछन् । विभिन्न प्रसङ्ग देखाई ऋष्य श्रृङ्घलाई सांसारिक बनाउन अङ्गदेशका राजा रोमपादले आफ्नी छोरी दिएर उनलाई ज्वाँइ बनाए । त्यसपछि त्यस देशमा देखिएका अनाबृष्टि अन्त्य भएको आफ्नै  नियम बलवान रहेको र यौनमनोविज्ञानको विश्लेषण गर्न खोजिएको कथाका रुपमा यस कथालई समीक्षक घिमिरे बताउँछन् ।

**(१४) पार्वती परिणय**

यस संग्रहकै शीर्षक बन्न पुगेको यो कथा महादेव र पार्वतीको विवाह प्रसङ्गसँग सम्बद्ध छ । यस कथामा नेपालको महिमा र उत्पत्तिलाई समेत संकेत गरिएको छ । संस्कृतका विभिन्न ग्रन्थहरूमा रहेका प्रसङ्गलाई लिएर यो  कथा बनाइएको छ । मिठो शैलीमा महाकवि कालीदासको  'कुमार सम्भव' र महाकवि भारविको 'किरँतार्जुनीयम' जस्ता महाकाव्यको झझल्को दिने कथाका रुपमा घिमिरले स्वीकारेका छन् । विभिन्न ग्रन्थहरूमा वर्जित शिव पार्वतीको विवाह प्रसङ्गले कथालाई रोमाञ्चक बनाएको कुरा उल्लेख गर्दछन् । यस कथामा कथाकारले किराँतेश्वर महादेवको नाम 'माङ्गहाङ्घ' र त्यसबाट महादेव भएको कुरा प्रष्ट गरेका छन् । कोशी प्रदेश कैलाशशिखरको ताल्मेलबाट हिमाली क्षेत्र र किराँत जाति तथा किराँती संस्कृतिको प्रतिपादन भएको माङ्गहाङ्घ (महादेव) र जोङ्घ (दरबार) जस्ता शब्दले पुष्टि गर्छ भन्ने सङ्केत गर्दै किराँती संस्कृति र नेपालको उत्पतिको ऐतिहाँसिक झलक पाइन्छ भन्ने कुरा उल्लेख गर्दछन् ।

(१५) **महादेवको सम्मोहन**

यो कथा श्री मद्भागवत् पुराण्को आठौँ स्कन्धमा आधारित छ  भन्ने सङ्केत गर्दै घिमिरे यस कथालाई यसरी विश्लेषण गर्दछन् । समुन्द्र मन्थनसँगै जोडिएको यो कथाले महादेवको चारित्रिक विशेषता देखाउँछ  । यौन मनोविज्ञानमा आधारित यस कथालाई लोकिकीकरण गरी मानवीय सञ्चारमा ल्याइएको छ । मान्छेमाथि प्रकृतिको बिजय नै यो कथाको पनि विषयवस्तु रहेको छ । कथामा विष्णुको मोहिनी रुपको पुनरावलोकनको इच्छा यस कथाको बीज भएको कुरा घिमिरेको रहेको छ ।

## निष्कर्ष

घिमिरेले विभिन्न विषयवस्तुलाई अध्ययन गरी साथै कथाकारका टिप्पणी र उनीसँगै भलाकुसारी गरी कतिपय प्रसङ्ग उल्लेख गरेका छन् । सामान्यत भँडारीका कथामा वा यस कथा सङ्ग्रहमा रहेका सबै कथालाई एकै ठाउँ राखेर भन्दा केवल मानवीय मूल्य, मान्यता, दायित्व, एकाग्रता पीडाबोध, चारित्रिक कमजोरी यौन विश्लेषण वा मानसिक आरोह, अवरोह, मदता, मात्सर्य इत्यादि पक्षलाई प्रष्ट्याएको कुरा प्रष्ट हुन्छ । त्यसैले हामी जस्ता पाठकले ती कथाका विषयवस्तलाई सहज रुपमा बुझ्न सकिन्छ । यी कथाहरू चिन्तनबाट र दश धर्म लाई प्रस्तुत गर्दै मानवीय अवधारणासँग सम्वद्ध रहेको देखिन्छ र भन्दै मानवतावादी भावना समतामूलक समाजको स्थापना वा प्रगतिशील बिचारधारालाई स्थापित गर्ने जमर्को “पार्वती परिणय” भित्रका कथाहरूले गरेको कुरा घिमिरे उललेख गर्दछन् ।

यसरी समीक्षक घिमिरले कथाकार घिमिरेको कथाको विवेचना र उनको कथावृत्तिलाई सामान्य रुपमा चिनारी गराइदिदा एकातिर नेपाली साहित्य सर्जकलाई हौसला बढ्छ भने अर्कोतिर पाठकले सहज ढङ्गले कृतिको विश्लेषण गर्न सकछन भन्नेकुरा प्रष्ट हुन्छ । विभिन्न विधामा कलम चलाउने प्राध्यापक माधव भँडारीप्रति अनुग्रहित हुँदै उनका कलमले विश्राम नगरोस् भन्ने शुभेच्छा राख्दै आफ्ना तर्कहरू वा विवेचनाको घिमिरे बिट मारेकाछन् ।

## ५.१४ क्यालेण्डरका घुम्तीहरू कथासङ्ग्रहको छोटो समीक्षा

कथाकार माधव भँण्डारीको अघिल्लो पार्वती परिणय 'सङ्ग्रहको विश्लेषण गरी यस बुद्धि घिमिरे ले यस  पृष्ठभूमिमा कथाकारको परिचयात्मक समीक्षा गरेकाले यहाँ जीवनपरक समालेचनाको आभास पाइन्छ । विषय प्रवेश गरी कृतिको समीक्षा गरेकाले घिमिरेले कृतिपरक समालोचना गरेका छन् भने अलग अलग कथाको समीक्षा गरी विधापरक समालोचनालाई पनि आधार बनाई कृतिपरक समालोचना गरेका छन् । यस लेखमा कथाकार माधव भँडारको सामान्य परिचय दिइएको छ । सुम्बेक गाविस वडा नं. ३ मा वि.स. १९९३ सालमा जन्मनु भएका कथाकार भँडारी त्रि.वि.वि. सेवामा तीन दशकभन्दा बढी समय कार्यरत रही विशिष्ट विद्वान र लोकप्रिय प्राध्यापकका रुपमा चिनिनु भएको छ भन्ने कुरा घिमिरेले उल्लेख गरेका छन् । बनारस अध्ययन कालबाट नै साहित्य लेखनमा कलम चलाएका भँडारीले वि.सं. २१२ तिर कविता र २०१३ सालमा नेपाली सामाजिक कथा सिर्जना गरेको कुरा घिमिरे बताउँछन् । त्यस्तै वि.सं. २०२५ मा 'हाम्रो साहित्य र साहित्यकार' भन्ने ऐतिहासिक पुस्तकको सहलेखन गरेको कुरा घिमिरेले उल्लेख गरेका छन् तर (यो पुस्तक वि.सं. २०१८ मै प्रकाशन भएको देखिन्छ, पुस्तकमै पहिलो संस्करण २०१८ लेखिएको छ ।

कथाकार भँडारीले साहित्यका धेरै विधामा कलम चलाएको देखिन्छ । नेपाली साहित्यको बगैंचालाई सुरम्य  बनाउन भँडारीको योगदान विशेष छ भन्ने कुरा घिमिरेको राय छ । विशेष गरी भँडारीका साहितयले समाजपरक समतामूलक समाजको प्रतिनिधित्व गर्ने कुरा प्रष्ट छ । उनका रचनाको विशेषता केलाउँदा घिमिरे यथार्थवादी, गतिशील निम्न वर्गप्रति सहानुभूति राखने मानवतावादी सन्देशलाई अगाडि सार्ने साहित्यकार हुन् । घिमिरे वर्तमान युगको विकृति र विसङ्गगतिलाई व्यङ्ग्य गर्दै शालीनतासाथ आफ्ना कुरा राख्ने साहित्यकार हुन भन्ने निष्कर्ष निकाल्दछन् । सरल भाषाशैली  बिम्ब तथा तिनीहरूको प्रयोगले उनका कथा उपन्यास, नाटक लोककथा आदि सरल र सरल र स्वाभाकि देखिन्छन् । उनका प्रकाशित कथा सङ्ग्रहरू (१) नेपाली कथा साहित्य (संयुक्त २०१४) (२) गाउँघर ( २०१५) (३) माधव भँडारीका कथा (२०१४) (४) पार्वती परिणय (२०५८) (५) नविर्सिने कोसेली (लोक कथा २०६०) (६) क्यालेण्डरका घुम्तीहरू (२०६१) जस्ता कृतिले भँडारीलाई स्थापित कथाकार बनाएको कुरा समीक्षक घिमिरे स्वीकाछन् ।

यस लेखमा क्यालेण्डरका घुम्तीहरू कथासङ्ग्रहमा समावेश भएका कथाहरूलाई छोटो रुपमा परिचयात्मक पद्धतिद्वारा विषय प्रवेशकै शीर्षकबाट समीक्षा सुरुगरी कथाका शीर्षकलाइृ क्रमिक रुपमा क्रमाङ्कबाट समीक्षा सुरु गरी कथाका शीर्षकलाई क्रमिक रुपमा क्रमाङ्क नदिई एउटै शीर्षकमा आफ्नो उद्देश्य प्रष्ट्याएका छन् । विवेच्य विषय क्यालेण्डरका घुम्तीहरू कथा सङ्ग्रहमा भएका १३ कथा र एक एकाङ्कीसहितको यहाँ समीक्षा गरिएको छ ।

**विषय प्रवेश**

कथाकार माधव भँडारी गद्यलेखनको नवीनतम रुप आधुनिक कथा र एकाङ्कीसँग सम्बनिधत छन् । गद्यलेखनभित्रका भँडारीका कथासङ्ग्रहहरूमध्ये समीक्षक घिमिरेले 'क्यालेण्डरका घुम्तीभित्र अटाएका १३ वटा कथा र एउटा एकाङ्कीको समीक्षा गरेका छन् । स्वैरकल्पना, प्रकृतिपरक दृष्टि समावेश गर्दै कथाकार भँडारी समाजपरक विषयवस्तुको उठान गरी समाजको विकृति, विसंगतिप्रति सजग र सतर्क हुने सन्देश बोकी आफ्ना कथा प्रस्तुत गर्छन् भन्ने कुरा घिमिरेको दृष्टिकोण छ ।

छोटा छरिता कथावस्तु र प्रारुप भएका भँडारीमा यस सङ्ग्रहमा समावेश भएका कथाहरू वि.सं. २०१२ साल देखि २०३५ साल सम्मका विभिन्न पत्र-पत्रिकामा प्रकाशन भएका कथाहरू सङ्कलित गरेर पुस्तकका रुपमा प्रकाशन विं सं. २०६१ मा भएको देखिन्छ । यस सङ्ग्रहमा छापिएका कथाको कालक्रमिक नमिले पनि पुस्तकको मुद्रण, टंकन र कागजको सावधानीपूर्वक असल छनोट गरेको र आवरणको चिल्लो गातामा आकर्षण चित्रले पुस्तकप्रति बाहिरी आकर्षण थपेको कुरा समीक्षक घिमिरे बताउँछन् ।

'क्यालेण्डरका घुम्तीहरूमा सङ्कलित १३ कथाहरूको कथासार साथै छोटो परिचयात्मक टिप्पणी गरी घिमिरेले यस लेखमा समीक्षा गरेका छन् । प्रत्येक कथाको प्रकाशन मिति र प्रकाशित पत्रिकाको नाम दिएर पाठकलाई सिधै कथा पढ्नु भन्दा बढी जानकारी दिन सफल रहेको अवगत हुन्छ । यस कथा सङ्ग्रहमा रहेको 'पर्खाइ' कथा वि.सं. २०३५ सालमा मधुपर्कमा छापिएको थियो । यस कथामा निर्जीव बेवारिसे लाशलाई कथाको विषय बनाइएको र मानिसको माया ममताको पर्खाइमा रहेको तर मरेको त्यो पात्रले कसरी माया ममता पाओस? भन्ने कुरालाई विषयवस्तु बनाएर कथा मार्मिक संवेदनापूर्ण बनाइएको कुरा समीक्षकको रहेको छ ।

गोधुली अङ्क ६, २०५२ सालमा प्रकाशित  कथा 'प्रत्यावर्तनमा' समाजको सम्पन्नता र विपन्नता आन्तरिक रुपमा हुन्छन् भन्दै सम्पन्न पात्र र विपन्न पात्र उपस्थित गराएर धनसम्पत्ती मात्र सम्पन्नताको आधार नभएको आध्यात्मिक सुखतर्फ अग्रसर हुने सङ्केत गर्दै कथाको पात्र हरिहरको आध्यामिकतातर्फ प्रयावर्तन भएको देखाएर शीर्षक सार्थक बनाइएको छ । यसमा सुचित्राको अपहेलनाको परिणाम र मानवीय सम्बेदनालाई प्रभावकारी रुपमा प्रस्तुत गरिएको छ  र यसको निश्कर्षमा मानिस आध्यामिक सुखको अभावमा विपन्न हुन्छ भन्ने कुरा देखाइएको निश्कर्षमा घिमिरे पुग्छन् ।

मधुपर्क कार्तिक २०४७ मा प्रकाशित कथा 'क्यालेण्डरका घुम्तीहरू' यस सङ्ग्रहको नामकै शीर्षक रहन गएको छ । यो कथा मानिसका निरीह जीवनलाई प्रस्तुत गर्दछ । निम्न स्तरको कर्मचारीको जीवन क्यालेण्डरले आफ्ना घुम्तीहरू वा पत्र पल्टाएझैं मात्र भएको छ । नयाँ पाना आउँछ तर उसको जीवनमा कुनै परिवर्तन आउँदैन । यसलाई अत्यन्तै मार्मिक ढङ्गले प्रस्तुत गरिएको यस कथामा परिवर्तनको आशामा रहेको एउटा व्यक्ति निराशामा परिणत हुन्छ । यसरी मानिवीय मूल्यको अबमूल्यन भएको सङ्केत कथाले दिइएको कुरा उल्लेख गरिएको छ ।

मघुपर्क २७०, २०४८ मा प्रकाशित 'विद्रोह' शीर्षकको कथाले  शरीर नै नभएको वा मरिसकेको मानिस म पात्रले शोषण, दमन, अन्याय, अत्याचारको विरोध गरेको  र मानववादी भावनाले अगाडि बढ्न सन्देश दिएको छ । यस कथाले मृत्युलाई सुख वा मुक्तिको रुपमा लिएको देखिन्छ । यस कथालाई समको कविता 'मृत्युपछिको अभिव्यञ्जना'सँग घिमिरेले तुलना गर्दै "आफै मरेपछि स्वर्ग देखिन्छ" भन्ने उखानसँग समन्वय गरेका छन् । कथामा कल्पना नै महत्वपूर्ण स्थानमा रहेको छ ।  यो कथा स्वप्न वा आन्तरिक तरङ्गलाई कलात्मक रुपले प्रस्तुत गरेकाले मार्मिक बन्न पुगेको घिमिरे उल्लेख गर्दछन् ।

गरिमा २०४५ मा प्रकाशित "अज्ञात गन्ध" मनोवैज्ञानिक विश्लेषणयुक्त कथाका रुपमा आएको  छ । यो उच्च तहका मानिसले गरिब र नोकर चारकलाई गर्ने उपेक्षा र लगाउने लाञ्छनाको बारेमा उल्लेख गरिएको विषयवस्तु समाहित कथा हो । तर आफूले लगाएको लाञ्छना अप्रभावित भएर त्यो आफ्नै कमजोरीले अर्कालाई लगाइएको लाञ्छनाले आफूलाई पश्चाताप भएर र आफैलाई अपराधी सम्झने अज्ञात गन्ध नै उसको रोगको

मुख्यकारण हो भन्ने कुरा घिमिरे यस कथाका पात्र समरसिंह र नोकरका माध्यमद्वारा पुष्टि गर्दछन् ।

मघुपर्क २३८, २०४५ मा प्रकाशित कथा “अवशेष” मनोवैज्ञानिक विश्लेषणयुक्त कथा हो । जस्तो यस कथाको मुख्य पात्र मधुकरको अर्थहीन चिठी लेखाई  आफ्नो अस्तित्वको खोजी र स्वत्वको स्थापनालाई अगाडि सार्नु तर पछि चिठीको अवशेष मात्र भेटिनुले निस्सारतालाई जगाउँदै मधुकरको मनोविश्लेषण गरेको देखिन्छ । त्यसैले आन्तरिक विश्लेषणसँग सम्बन्धित सामाजिक विषय यस कथाको विषयवस्तु हो भन्ने कुरा समीक्षक घिमिरे बताउँछन् ।

गरिमा ०५४, २०४४ मा प्रकाशित कथा ‘भोक’ विपन्न वर्गका व्यथासँग सम्बन्धित कथा हो । विभिन्न प्रकारका परिकारको निर्माणदेखि सम्पूर्ण काम गर्न खटिएको व्यक्तिका मुखमा ती परिकार सामान्त वा धनीमानीहरूले ती गरिब काम गर्नेको मुखमा पर्न दिदैनन् । यसै सन्दर्भमा साहेबको भोजमा काम गर्ने रामेका मुखमा साहेबका भोजमा तयार परिकार पर्दैनन् मात्र गन्ध थाहा पाउँछ । यसरी काम गर्नेले मिठो मसिनो खान नपाउने परम्पराको मौन विद्रोह रामबहादुले बाबुसाहेवको परिकारलाई लत्याएर चनाका दाना खानुले सङ्केत गर्दछ भन्ने कुरा घिमिरे बताउँछन् ।

मघुपर्क २०३, २०४३ मा प्रकाशित कथा ‘ए वा’ रहस्यमय कथाको रुपमा प्रस्तुत छ । रहस्य खुल्न नसकेको यो कथा निम्न वर्गीय परिस्थिति र शहरीया वातावरणमा सिर्जना भएको कुरा उललेख गर्दै यस कथाको अर्थ पाठक आफैले लगाउन पर्ने,  यो आवाज नारी या पुरुष दुबैको हुन सक्ने र यस सन्दर्भको स्थापनाको अर्थ पनि पाठकले सर्जक भएर नै लगाउनु पर्ने देखिन्छ भन्ने कुरा समीक्षाको क्रममा समीक्षक बुद्धि घिमिरे बताउँछन् ।

कथाकार भँडारीको एकरात कथा सङ्ग्रह २०२६ मा प्रकाशित कथा हो । ‘आफन्त’ यो कथालाई समीक्षक घिमिरेले लैनसिंह वाङदेलको लङ्गडाको साथीसँग तुलना गरेका छन् । वास्तवमा शहरी समाजमा मानिस मानिसबीच आपसी प्रेम या मानवीय भावना सकिदै आएको छ । यस कथामा पनि एउटा निरीह विपन्न अवस्थाको बालक जो मानिसलाई आफन्त बनाउन खोज्छ तर मान्छेहरू उसको गरीबीलाई र निसहायपनलाई दयाकोसाटो उपेक्षा गर्दछन् र ऊ पशुलाई आफन्त बनाउन पुग्दछ । यो कथा बाल मनोविज्ञानसँग सम्वद्ध रहेको कुरा घिमिरे उल्लेख गर्दछन् ।

"बासी मटर आलो स्वादमा" शीर्षकको कथामा  इलाम बजारको परिवेशमा गरिबीको पराकाष्ठ देखाइएको छ । गरिबहरूलाई ठूलाबडाले गर्ने व्यवहार वा उनीहरू उति नै पैसा तिरेर किन्न जाँदा उनीहरूमाथि गरिने उपेक्षा यस कथाको मुख्य विषय रहेको छ । यस कथामा दाउरा बेच्ने केटी र एस.एल.सी. दिने दुईजना छात्रहरूको मानसिक तथा वस्तुगत चर्चा गरिएको छोटो कथा हो भनी विश्लेषण घिमिरे गर्दछन् ।

'छात्रवाणी' २०१४ सालमा प्रकाशित कथा हो  'काले र मोती' । यो कथा कथाकारको प्रारम्भ कालको लेखाइ हो भन्न सकिन्छ । यस कथामा मनोवैज्ञानिक विश्लेषण गर्दै यौन मनोविज्ञानलाई प्रष्ट्याइएको देखिन्छ । घिमिरे यस कथालाई विश्वेश्वरप्रसाद कोइरालाको "कर्नेलको घोडा" सँग तुलना गर्दछन् । यस कथामा पनि राजकुमारी विमला काले र मोती नाम गरेका कुकुरहरू पात्रका रुपमा आएका छन् । विमला वर प्राप्त नभएकी नारी हो, त्यसैले उसले मानवीय पात्र कालेलाई भन्दा मोतीलाई माया गरेको देखाएर यौन मनोविश्लेषण गरेको पाइन्छ भन्ने निश्कर्षमा पुग्न सकिन्छ भन्ने कुरा घिमिरेको तर्क रहेको छ ।

२०१३ सालमा 'बल्दो दीयो' सङ्ग्रहमा प्रकाशित कथा 'माइत' हो । यस कथामा आज पनि कुप्रथाका रुपमा रहेको घरका सासूससुराले बुहारीले माइत जान्छु भन्दा विभिन्न छलकपट गरी उसलाई माइत जाने छुट्टी नदिनु सामाजिक उत्पीडनको नमूना कथामा उतारिएको छ । नेपाली समाजको वास्तविक चित्र कथाकारले उतारेका छन् । महिलाहरूको पीडालाई राम्ररी उतारेको बताउँदै घिमिरे आज पनि कतै कतै बुहारीले भोग्नु पर्ने यथार्थ छँदैछ भन्ने तर्क दिदै आफ्ना विचार व्यक्त गर्दछन् ।

**उज्यालोका थेग्लाहरू एकाङ्कीको विवेचना**

'क्यालेण्डरका घुम्तीहरू' कथा सङ्ग्रहभित्र रहेको यो एकाङ्की गरिमा २०४४ मा प्रकाशित भएको हो । यो देशको यथार्थ चित्र उतारेको एकाङ्की हो । राष्ट्रिय राजनीतिदेखि सामाजिक विकृतिको भण्डाफोर गर्दै एकाङ्कीमा एउटा अर्धपागल जस्तो व्यक्ति बाटाको छेउको रुखको छायाँमा रातको पहिलो प्रथम प्रहरमै देखिन्छ । त्यो ठाउँ विभिन्न क्रियाकलापको अखडाको रुपमा प्रस्तुत गरिएको छ  जसमा  तस्कर, रक्सी खाएर विचेत भएका र नानी मारेर फ्याँक्ने आमा अनि प्रेमका जोडा जोडी यस एकाङ्कीमा रहेका

उज्यालोका थेग्ला हुन् । यस एकाङ्कीको परिवेशले वर्तमान अवस्थाको अनि सामाजिक विकृति आर्थिक अनियमितता, राजनैतिक विसङ्गतिलाई प्रतिबिम्बित गरेको कुरामा घिमिरेको तर्क रहेको छ । यथार्थपरक दृष्टिले नवीनतम् शैलीको प्रयोग यस एकाङ्कीको विशेषता रहेको कुरा घिमिरे बताउँछन् । यो एकाङ्की मञ्चनीय रहेको बताउँदै यसभित्र भएका विषयवस्तुले अल्पविकसित मुलकुका यथार्थ समास्यालाई प्रतिबिम्बित गरेको कुरा प्रष्ट रुपमा बुझ्न सकिन्छ ।

यस कथा सङ्ग्रहमा रहेका कथा र एक एकाङ्कीको अत्यन्तै छोटो समीक्षात्मक टिप्पणी बुद्धि घिमिरेले गरेका छन् । यी कथा भित्रका अन्य पक्षभन्दा पनि परिचयात्मक पद्धतिलाई आधार बनाएर लेखहरू प्रस्तुत गरिएका छन् ।

## ५.१५ नेपाली साहित्यको सन्दर्भमा आधुनिकता गतिशीलता र यार्थावाद एक विवेचना

नेपाली साहित्यको सैद्धान्तिक आधारहरू तयार पारी विभिन्न वादहरूो सीमाङ्कन गर्न उत्प्रेरित यो लेख नेपाली साहित्यमा पाश्चात्य विभिन्न वादको प्रभाव र पूर्वीय वादहरूको समन्वय गरी नेपाली साहित्यको आधुनिकताको विकास भएको छ भन्दै समीक्षक घिमिरे तुलनात्मक विधि र सैद्धान्तिक आधार बनाउँन पुगेका छन् । खोजमूलक ऐतिहासिक र सिद्धान्तपरक समालोचना प्रक्रिया अपनाएर वि.सं. २०३४ मा मिर्मिरे अङ्क २ मा प्रकाशित यस लेखमा घिमिरेले पाश्चात्य विभिन्न वादहरूको प्रभावलाई अङ्गिकार गरेका छन् । उनी आफूलाई नेपाली साहित्यको कठघरामा उभ्याएर यसको आधुनिकता प्रगतिशीलता वा प्रयोगात्मकता र यथार्थवाद बारे हरेक रचनाहरू कालअनुसार नामकरण भएको कुरा उललेख गर्दछन् । पूर्वीय पाश्चात्य साहित्यको चर्चा परिचर्चा गर्दै नेपाली साहित्यको आधुनिकताको चर्चा घिमिरेले गरेका छन् । यसमा विभिन्न दृष्टान्त दिएर पुष्टि गर्दै नेपाली साहित्यमा पाश्चात्य साहित्यको उत्तरआधुनिकतावादसँग समन्वय गर्न खोजिएको छ । कस्तो साहित्यलाई आधुनिक साहित्य भन्ने ? जस्ता प्रश्नको सेरोफेरोमा रहेर घिमिरे नेपाली साहित्यको सैद्वान्तिक समालोचना गर्न अघि सरेका हुन् । उनका विचारमा आएका माथिका प्रश्न को उत्तर र अन्य समालोचकहरूले उठाएका प्रसङ्गलाई यहाँ प्रस्तुत गरी एउटा निर्ष्कष दिन आवश्यक देखिन्छ । बुद्धि घिमिरे जसले माथिको शीर्षकमा निकै ठूलो अध्ययन गरेर नेपाली साहित्यको आधुनिकताका बारेमा राखिदिएका धारणाले पाठकलाई एक हदसम्म सहज र सरल भएको कुरा प्रष्ट हुन्छ । नेपाली साहित्यमा आधुनिकताको प्रवेश

प्रगतिवादको प्रवेश यथार्थवादको प्रवेशका बारेमा अध्ययन गर्दा प्राय यी सबै धारा एउटै समयको उपज जस्तो लागे पनि यिनीहरूका आ-आफ्नै सन्दर्भ र थालनी पाइने कुरामा घिमिरेको बुझाइ रहेको छ ।

पश्चात्य साहित्यको चर्चा गर्दै समीक्षक घिमिरे युरोपीय साहित्यमा आदर्शवाद पछि पुनर्जागरण र त्यस पछि मात्र आधुनिक धाराको विकास भएको कुरा तुलनात्मक अध्ययन गर्दै प्रस्तुत गर्दछन् । उनको अङ्ग्रेजी साहित्यमा १९ औं शताब्दीबाट आधुनिक साहित्यको सुरूवात भएको र यसलाई फलाउने फुलाउने टि.एस् इलियटको पालामा प्रगतिवादले उत्कृष्टता हासिल गरेको उल्लेख गरिएको छ । हुन त यो छोटो समीक्षा अनि नेपाली साहित्यमा कसरी आधुनिकता आइपुग्यो भन्ने विषयले होला पाश्चत्य साहित्यमा एक जनाको मात्रै नाम लिइएको छ । यस समयमा पाश्चात्य साहित्यमा फ्रान्सेली, इटालेली, जर्मनी आदि साहित्यका साहित्यकारका पनि विशेष योगदान रहेको कुरा स्पष्ट हुन्छ । वर्नाडशाका पालामा आउँदा पाश्चात्य साहित्यले यथार्थबादी धारामा आइपुगेको कुरा घिमिरेको रहेको छ । बर्नाडशा आफ्ना नाटकहरूमा नयाँपनका प्रतीकहरूको प्रयोग गरी नाटकमा यथार्थबाद भित्र्याउँछन् ।

यसरी पृष्ठभूमि दिने क्रममा समीक्षक घिमिरे छिमेकी मुलुक भारतको हिन्दी साहित्यमा बिसौँ शताब्दीको सुरूमा मात्र आधुनिककाल सुरूभएको उल्लेख गर्दछन् । इतिहासको क्रमिकताका साथै प्रगतिको यस अवधिमा प्रगतिवादी आन्दोलन भएको र फ्रान्समा प्रोग्रेसिब राइटर्स सोसाइटीको स्थापना भएको कुरा घिमिरे उल्लेख गर्दछन् । यसको स्थापना सन् १९३५ मा भयो र १९३६ तिर यो हिन्दी साहित्यमा प्रवेश गेरको कुरा घिमिरे उल्लेख गर्दछन् । यसरी हिन्दी साहित्यमा यसकालका अगुवाका नाम लिंदा घिमिरे सुमित्रानन्दन, प्रेमचन्द्र, मुल्कराज अदिको नाम लिन्छन् । यसै गरी हिन्दी साहित्यमा सूर्यकान्त त्रिपाठी निराला जस्ता कविहरूले प्रगतिवादी धारालाई भरिलो बनाए, यसै सन्दर्भमा आदर्शवादी, छायाँवादी, रहस्यवादी युग पारगरेर प्रयोगात्मक यथार्थवादी युगमा आएर साहित्यको परिभाषालाई परिवर्तन गर्न खोजिएको वा परिवर्तन गरिएको नै मान्नुपर्छ साहित्य समाजको दर्पण मात्र नभएर यसको राजनीतिसँग पनि घनिष्ट सम्बन्ध छ भन्ने कुरा विश्लेषठकहरूद्वारा स्पष्ट्याइयो । साहित्यलाई सर्वव्यापी बनइयो र घर-घर झुप्रा झुप्रा सबैतिर पुऱ्याउने प्रयास गरियो । भन्ने समीक्षक घिमिरेको ठम्याइ रहेको छ ।

यसरी घिमिरेको आँकलन वा अध्ययनको निर्ष्कष यो छ कि साँस्कृतिक पुनर्जागरण पछि प्रगतिवादको जन्म भएको हो । व्यक्तिपरकताको ठाँउमा सामाजिकता र कल्पनाको वास्तविकता हिन्दी साहित्यमा सन १९३० तिरैबाट सुरू भएको हो र त्यसले पल्लवित हुने मौका भने सन १९३६ मा पाएको कुरा उल्लेख गरी उक्त समालोचनामा छिमेकी भाषा साहित्यको अत्यन्तै छोटो रुपमा तुलनात्मक प्रस्तुति दिइएको छ ।

प्रगतिवादी साहित्यलाई व्यवहरिक बनाउन कोशिस नगरिएको होइन तर सन् १९४२ तिर उदय भएको प्रयोगवादी धाराले क्रमिक रुपमा यसलाई विस्थापित गर्दै लग्यो प्रगतिवादी यथार्थवादले यौन विकृतिको पर्दाफास गर्दै आयो जसका साहित्यकारहरूमा हिन्दी साहित्यमा अमृतलाल नागर नरोतम नागर र नपाली साहित्यमा विश्वेश्वरप्रसाद कोइराला जस्ता साहित्यकारहरू छन् । यसप्रकारका छाँयावादी अवशेषलाई प्रगतिवादी धाराका लेखकले छुट्याइदिए भन्ने कुरा घिमिरे उल्लेख गर्दछन् ।

यसरी नेपाली साहित्यको क्षेत्रमा व्यापकरुपमा अध्ययन गर्दा मोटामोटीरुपमा यी धाराहरू देखापर्दछन् । वीर धारा, भक्ति धारा, श्रृङ्गारिक धारा हिन्दी लगाएत अन्य साहित्यमा जस्तै आधुनिककालमा विभिन्न धाराहरू रहेका छन् । नेपाली सहित्यको आधुनिककाल विधाअनुसार फरक फरक समयको आधारमा निर्धारण गरेता पनि समग्रमा शारदा पत्रिका प्रकाशनसँगै नेपाली साहित्यको आधुनिक काल सुरू हुन्छ भन्ने कुरा घिमिरको तर्क रहेको छ । कथा र कविताचाहि शारदामा प्रकाशित नै आधुनिककालका सुरूका कथा कविता हुन् । हिन्दी तथा अन्य साहित्यमा जस्तो विभिन्न वादहरूको भटाभट प्रवेश नभए पनि नेपाली साहित्यले सामाजिक र राजनैतिक परिवर्तनलाई आत्मसात गर्दै प्रगतिवाद र यथार्थवादको प्रवेश भएको प्रष्ट हुन्छ । नेपाली साहित्यको आधुनिक साहित्यको निर्माणमा युगवाणी भन्ने पत्रिका बनारसबाट प्रकाशित हुने वि. स. २००४ ले महत्वपूर्ण भूमिका खेलेको छ भन्ने घिमिरेको धारणा रहेको छ । आधुनिक साहित्यको प्रारम्भमा धरणीधर कोइराला, महानन्द सापकोटाका कविताहरूले नवजागरण र ग्रमीण चेतनाको विकास गरायो । यसलाई आधुनिककालको प्रगतिवादी कदमका रुपमा स्वीकारिन्छ । यसै सन्दर्भमा समीक्षक घिमिरेले आधुनिकता के हो ? यसको परिभाषा कसरी गर्न सकिन्छ ? भन्ने विषयमा केही विश्लेषण गर्न उपयुक्त ठानेका छन् । विश्वेश्प्रसाद कोइरालाको भनाइमा “शैली परिवर्तनको आन्दोलन नै आधुनिकतावाद हो ।” त्यस्तै

फ्रायडीय मस्तिष्क भएकाहरूको भनाइमा "ज्ञानको क्षेत्रमा हुँदै गरेको नयाँ-नयाँ आविष्कार नै कला र कृतिको क्षेत्रमा प्रवेश गर्दै रतिरागको समेत प्रवेश हुनु आधुनिकता हो ।"

आधुनिकताबारे विचार गर्दै घिमिरले अन्य विद्वानहरूले दिएको परिभाषा केलाउँदै शिल्प र विषय वस्तुलाई काव्यका अङ्ग मान्दै यी दुबै एकसाथ परिवर्तन हुनुपर्छ, अन्यथा आधुनिकता जन्मन नसक्ने कुरा उल्लेख गरेका छन् । विषय वस्तु र भाषा साहित्यका अलग-अलग विषयवस्तु नभई एउटा सिक्काका दुई पाटा हुन, एक बिना अर्को निरर्थक हुन्छ । त्यसैले नयाँ-नयाँ जीवनका अनुभवलाई विषयवस्तुमा प्रस्फुटित गराउनु आधुनिकताको नमूनाका रुपमा लिन सकिन्छ ।

आधुनिकताको परिचय गराउन सामान्यतय वर्तमानतर्फ औंल्याइन्छ । यसको आशय यो हुन्छ जे वर्तमान हो त्यही आधुनिक हो अर्थात वर्तमान र अधुनिक समानार्थक शब्द हुन् । यसरी युगविशेष देखापर्ने नौल्याइँ नै आधुनिकता हो भन्ने धारणा पनि धेरै विद्वानहरूले पोखेको कुरा मोहनराज शर्माको तर्क रहेको छ । आधुनिकताको मूल ढाड वैज्ञानिकता अथवा वैज्ञानिक दृष्टिकोण हो । वैज्ञानिकता भनेको वस्तु निष्ठता हो । जो यथार्थसँग सम्बन्द्ध छ । वस्तुष्ठि वा यथार्थवादी भएर वास्तविक जीवन र भौतिक जगतलाई हेर्नु नै वैज्ञानिक दृष्टिकोण हो । आधुनिकताले वैज्ञानिक दृष्टिकोण प्रदान नगरून्जेल जीवन र जगतबारे दार्शनिकतामा रंगिएको काल्पनिक दृष्टिकोण रहेको पाइन्छ । समग्रमा आधुनिकताका बारेमा मोहनराज शर्मा निम्न बुंदामा उल्लेख गर्दछन् :–

(१) धार्मिकताको बिरोधि आधुनिकता हो ।

(२) वैज्ञानिकता आधुनिकता हो ।

(३) युग विशेषको नौलोपन आधुनिकता हो ।

(४) परम्पराको विरोध गर्नु आधुनिकता हो ।

(५) अन्तर्राष्टियता पनि आधुनिकता हो ।

(६) पाश्चात्यायीकरण आधुनिकता हो ।

(७) पुराना नैतिक मूल्यका जरा उखेल्नु आधुनिकता हो

यसरी मोहनराज शर्माले आफ्नो 'नेपालीका केही आधुनिक साहित्यकार' भन्ने कृतिमा उल्लेख गरेका छन् । आजभन्दा करीब ३५ वर्ष अघि बनारसबाट प्रकाशित यो लेख

पनि आधुनिकताको सन्दर्भमा पुरानो भइसकेको देखिन्छ । त्यसपछि पनि विभिन्न नयाँ-नयाँ संरचनाका साहित्यिक रचनाहरूको उदय भएको देखिन्छ । वास्तवमा आधुनिकताको परिभाषा गर्ने क्रममा उनले मार्क्सको सिद्धान्त भन्दा फरक राखेर प्रगतिबादलाई अध्ययन गर्न नसकिने कुरामा जोड दिएका छन् । यथार्थवाद र प्रगतिवादका साथ आधुनिकताले प्रवेश गर्दछ । यसको विश्लेषण गर्ने क्रममा घिमिरे कुनै एउटा विषयवस्तुलाई काँध थापेर त्यसको यथार्थतालाई मात्र आधुनिकता नहुने बिचार राख्दछन् । आधुनिकता भनेको ९५% जनता शोषित पिडित छन् । उनीहरूका जनजीविका र समस्या अनि समाधानका उपाय सहित साहित्यले समेट्नु पर्दछ । यसै सन्दर्भमा साहित्यकार पारिजातले भनेकी छन् । यथार्थ साहित्यले आधुनिक साहित्यले अनेक संस्कृति भाषा  धर्म भित्रका मान्छेको पुनर्जीवनको व्याख्या, विश्लेषण अध्ययन गर्दछ र समाजसँगको सम्बन्ध निरन्तर परिवर्तन भैरहेको हुन्छ । त्यसलाई प्रतिबिम्बित गर्दछ । यसकारण आधुनिक साहित्य भनेको मान्छे र समाज भित्र आउने परिवर्तनलाई आत्मसाथ गर्ने हुनुपर्दछ । राजनैतिक उथलपुथलबाट साहित्यिक उथलपुथल पनि हुने गर्दछ । नेपाली साहित्यको सर्न्दभमा अंग्रेजीसंगको लडाइँ  र पृथ्वीनारायण शाहको बिजयलाईआत्मसाथ गर्ने  वीर धारालई चटक्कै छोडेर भक्ति कालीन रचना भएको प्रष्टिन्छ । त्यसपछि राणाहरूको ऐतिहासिक कारण साथै मोतीराम जस्ता युवा पुस्ताका कवि अनि चेतना भर्खर उदाएको कारण श्रृङ्गारिक धाराको सेरोफेरोमा सूक्ति सिन्धु जस्ता रचना तयार हुन्छन् । यसैले घिमिरेको भनाइ छ – 'साहित्य स्वतन्त्र हुन्छ  कोचेको कला कलाको निम्ति भन्ने सिद्वान्त छिन्न भिन्न भएर कला र साहित्य समय सापेक्ष हुन्छ भन्ने तर्क उनको रहेको छ ।'

नेपाली साहित्यमा प्रगतिशीलता र यथार्थवादबारे विगत लामो समयदेखि नै चर्चा परिचर्चा भएको पाइन्छ हिन्दी र युरोपीयन साहित्यमा नेपाली साहित्यमा भन्दा अझ धेरै पहिलेदेखि नै चर्चा भएको देखिन्छ । नेपाली साहित्यको प्रगतिशील र यथार्थवादका फाँटमा लेखक , चिन्तक, समालोचक र विश्लेषक सबै आफ्नो-आफ्नो सम्प्रदाय भन्दा माथि उठ्न नसकेको कुरा घिमिरे उल्लेख गर्दछन् । विभिन्न विद्वानहरूको चर्चा गर्दै उनीहरूले पछ्याएको आधुनिकता र उनीहरूका सिर्जनाले आधुनिकता दिदांदिदै परम्परा, वर्गीय स्वार्थ आदिमा चिप्लिएका कुराको उल्लेख घिमिरेले गरेका छन् । घिमिरेको बिचारमा आधुनिकताको कसी हेर्ने दृष्टिकोण अलिक फरक देखिन्छ । यसरी किटेरै घिमिरेले आधुनिकताको खोल मात्र भएका केही साहित्यकार समालोचकहरूको नाम र तिनका प्रवृति

छोटो रुपमा प्रस्तुत गरेका छन् । उनी प्रगतिशीलता भनेको साहित्यमा मर्क्सेली धारा र जनहितका आन्तरिक कारणहरूको सुक्षमरुपले विश्लेषण गरी त्यसलाई व्यवहारमा उतार्नु नै मार्क्सबाद हो भन्दछन् । मार्क्सवाद भनेको व्यवहार हो । व्यावहारिक वस्तविक चित्राङ्कन नै प्रगत्यात्मक हो भन्ने कुरा घिमिरे बताँउछन् । घिमिरे मार्क्सबादी विचारलाई नै अध्ययन गरेर सामाजिक यथार्थ र प्रगतिवादी दृष्टिकोण निर्माण हुन्छ भन्ने कुरा बताँउछन् । बालकृष्ण समको 'चिसो चूल्हो' प्रगतिशील रचना हो तर यस महाकाव्यमा अमुक प्रेम देखाएर यथार्थ भन्दा फरक सन्ते र गौरीको बोलचाल बिनाको प्रेम र मानसिक द्वन्द्व रहेको उल्लेख गर्दछन् । अर्थात कुन कृतिबाट नेपाली साहित्यको आधुनिकता प्रगतिशीलता यथार्थताको श्रीगणेश भएको भन्ने विषय यहाँ घिमिरे विभिन्न विन्दुबाट खोज्ने प्रयास गर्दछन् । प्रगतिशील पक्षका रचना सबै यथार्थको नजिक रहन्छन् भने यथार्थवादी रचना स्वत प्रगतिशील हुने कुरा उल्लेख गर्दछन् ।

आधुनिक यथार्थवादी लेखनको फाँटमा देखापरेका साहित्यकारहरू हृदय चन्द्रसिंह, गोकुलप्रसाद जोशी, खगेन्द्र संग्रौला, नगेन्द्रराज शर्मा जस्ता साहित्यकारहरूका कृति मध्यम वर्गीय चरित्र भित्रै रूमलिएको उल्लेख गर्दछन् । यस्तै समालोचना क्षेत्रका प्रगतिवादी व्याख्याताहरूमा कृष्णचन्द्रसिंह प्रधान ,श्यामप्रसाद आदिको नाम लिन्छन् भने विभिन्न स्रष्टाहरूलाई लेखन परम्पराले नछोडेको कुरा घिमिरे उल्लेख गर्दछन् ।

यसरी समग्रमा हेर्दा नेपाली साहित्यको धरातल अनि आधुनिकता प्रगतिशीलता, यथार्थता जस्ता साहित्यका वादहरूको विकास वि. स २००७ सालको जनक्रान्ति पछि विशेषरुपमा अगाडि बढेको देखिन्छ । कथाका क्षेत्रमा रमेश विकल, दौलत विक्रम विष्ट, नटकका क्षेत्रमा गोपालप्रसाद रिमाल जस्ता साहित्यकारले आफ्ना कृतिहरूमा सबै पक्षको उल्लेख गर्न सकेका छैनन् त्यसैले एक न एक कुनाबाट आधुनिक साहित्यका सन्दर्भमा प्रश्न उठ्ने गर्दछ ।

समीक्षक बुद्धि घिमिरेका विचारमा आधुनिक एवं प्रगत्यात्मक यथार्थबादी आन्दोलन एउटा सानो स्वार्थको मात्रै कुरा नभई यो सारा राष्ट्रिय स्वार्थको साथै तमाम देशबासीको आकांक्षा र मानोभावको नेतृत्व गर्ने हो भन्ने इतिहासले स्वीकारेको कुरा उल्लेख गर्दछन् ।

अन्त्यतिर घिमिरेले पञ्चायतकालको वस्तु स्थितिलाई व्यङ्ग्य गर्दै नेपाली साहित्यमा लाग्ने जो कोहीले स्वतन्त्र रुपले कलम चलाउन नपाएको विभिन्न सेन्सरसीप र प्रतिबन्धको

आघात नेपाली साहित्य सर्जकले व्यहोर्नुपरेको कुरा साङ्केतिक रुपमा  उल्लेख गर्दै घिमिरे फेरिपनि नेपाली साहित्यको आधुनिकता यथार्थता, प्रगत्यात्मकता आदि वादहरूले नेपाली बहुसङख्याक शेषित पीडित जनताको आवाज मुखरित गरोस भन्ने आकांक्षा राख्दै आफ्ना विचारको बिट मार्दछन् ।

### ५.१६ हिन्दू संस्कृतिमा प्राचीन गुरूकुल परम्परा : समीक्षात्मक अध्ययन

अन्वेषण अङ्क १ मा २०४६ सालमा प्रकाशित यो समीक्षात्मक लेख सिद्वान्त परक साथै खोजमूलक समालोचनाको दायरा भित्र अटाउँछ । यस लेखबाट  नेपाली अध्ययन कर्ताले थोरै भए पनि राम्रो खुराक प्राप्त गर्न सक्छन् । यो  गहिरो अध्ययन गरी लेखिएको समीक्षात्मक लेख भएकाले यो लेख परिष्कृत र खारिएको देखिन्छ । यस विषयमा समीक्षक घिमिरेको आफ्नो बिचारका साथै विभिन्न ग्रन्थका टिप्पणी थपक्कै राखिदिएकाले पाठकलाई बुझ्न केही सहज र सरल हुने प्रष्टिन्छ । समयानुकूल परिवर्तन भएको शिक्षण प्रक्रिया शैक्षिक इतिहासको अध्ययन गर्दा थाहा हुन्छ । पाश्चात्य सभ्यतामा पनि गुरूकुलको नै प्राचुर्यता रहेको कुरा सोक्रेटस प्लेटो, एरिस्टोटल जस्ता विद्वानलाई राज्यले वा व्यक्तिगत क्षेत्रमा शिष्य भेला गरी शिक्षा दिनेकाम गर्थे भन्ने कुराले पुष्टि हुन्छ । यसै गरी मानव सभ्यताको विकाससंगै क्रमिक रुपमा शिक्षाको विकास भयो । ढुङ्गेयुगमा मानिसहरू आफ्नो आहारा खोज्न र त्यसको उपयोग गर्न कृषियुगमा कृषिकर्ममा साथै क्रमिकरुपमा विकास हुँदै आएको शैक्षिक गतिविधि काल र  समयानुसार परिर्वतन हुँदै आयो । मानव सभ्यताको हालसम्मको अध्ययन अनुसार सर्वप्रचीन संस्कृत भाषा , धर्म र आर्य संस्कृति, हिन्दू धर्म  आदिको अध्ययन गर्न थाले । हिन्दू सम्यताको मूल स्रोतका रुपमा लिइएको ग्रन्थ वेद हो । बेदको सृजना हुनु भन्दा अघि देखिनै विभिन्न मौखिक परम्परामा आधारित शिक्षण पद्वति थियो । तत्पश्चात मानवलाई ज्ञान दिने सवालमा हिन्दू संस्कृति भित्र रहेर आदर्श, उदारता र नैतिकता जस्ता विषयमा प्राचीन युगमा शिक्षण गर्ने परिपाटी थियो भन्ने कुरा प्रष्टिन्छ । शिक्षा लिने र दिने परम्परामा विभिन्न पुराण ग्रन्थहरूको साथ लिएर समीक्षक घिमिरे नैमिषारन्यको ज्ञानआर्जन  वेदका प्रवर्तक व्यासबाट पुराणहरूको निर्माण र व्यास उपधि नै गुरुपरम्पराको अनादिकाल देखिको प्रतीकका रुपमा लिन पुगेका छन् । शिवपार्वती संवाद, शिव र ब्रम्हाको संवाद, नरद र ब्रम्हाको संम्वाद, इन्द्र र यमदग्नीको संवाद, शौनकहरूको जिज्ञासा सुतजीबाट शमन गर्नु

जस्ता ज्ञान आर्जनका परम्पराहरू प्राग ऐतिहासिक कालदेखिनै चल्दै आएका छन् । जुन कुराहरूले समाजलाई नैतिकवान र आर्दशवान बनाउन सहयोग गर्दथे । जसमा घिमिरेले बैदिक धारणा भनी–"सबै खुसी हुन् सबै निरोगी हुन्" भन्ने कुरा उल्लेख गरेका छन् । घिमिरे प्राचीन भारत वर्षलाई उल्लेख गर्दै यस परम्परामा रहेका विद्याका मन्दिरहरू जो गुरूकूल , आचार्यकूल नामले प्रशिद्ध भएका र ती क्षेत्रमा शिक्षाको सर्वसम्मत मूल उद्वेश्य नैतिकता र आर्दश स्वीकारिएको उल्लेख गर्दछन् ।

हिन्दूहरूको शिक्षालय प्राचीनकाल र मध्यकालमा गुरूकुल नै रहेको उल्लेख गर्दै ती शिक्षालयको जानकारी दिने प्रयास घिमिरेले गरेका छन् । यसरी यो परम्परालाई चिनाउने घिमिरेले दश उपशीर्षकमा बाँडेर परिचय दिएका छन्, जसमा हिन्दू धर्म नै गुरूकूल परम्पराको आधार स्तम्भ भएपछि यसका आफ्नै किसिमका नियम आचारहरू रहेका हुन्छन् । जसमा आध्यात्मिक वा वैदिक परम्परामा प्रमुख चार पुरूषार्थ (धर्म, अर्थ, काम, मोक्ष) प्राप्ति नै मुख्य लक्ष्य शिक्षाको रहने कुरा संस्कृतका विभिन्न ग्रन्थहरूमा अध्यावधि पनि उल्लेख भएकाले सोही अनुरुप शिक्षा प्रदान गरिने कुरा उल्लेख गरिएको छ । विभिन्न बुद्धिजीविहरूको उदाहरण प्रस्तुत गर्दै मानव जीवन सार्थक बनाउन साधना गर्नुपर्ने हुन्छ साधना नगर्ने मानिस विना अर्थको हुन्छ वा उसको जन्म निरर्थक हुन्छ । यसरी विद्याप्राप्ति धर्मार्थ काम मोक्षको उपायाको रुपमा सिद्व गरेको र यसका निश्चित सीमा रहेको कुरा घिमिरे उल्लेख गर्दछन् । उक्त समालोचनामा गुरूकुल शिक्षालयमा वर्णाश्रम धर्म, जातिगत आचरण र कृत्य अकृत्यको विवेचना गरी मानव हितकारी नियमहरू साथै दैनिक कृत्य, र शिक्षारम्भ , ब्रम्हचर्य र गृहस्थाश्रमका चार नियमहरूको विशेष रुपमा उल्लेख गरिएको पाइन्छ । यसरी धर्म, अर्थ, काम मोक्ष प्राप्ति गर्ने र परलोक प्राप्त गर्ने प्रमुख लक्ष लिइएको देखिन्छ ।

वास्तवमा गुरूकुल परम्परामा शिक्षालाई केन्द्रीत बनाई आश्रम र कुटीहरू दिइने गन्थ्यिो । यस्ता आश्रम र कुटीमा विद्यार्थीको सङ्ख्या प्रचुर मात्रमा हुने गर्थ्यो यस्ता शिक्षालयमा तत्कालीन शिक्षाको उद्देश्य यसप्रकार हुने गरेको थियो, जस्तै (क) आध्यात्मिक उत्थान (ख) बोद्विक क्षमताको विकास (ग) शारीरिक अनुशासन र क्षमता (घ) चारित्रिक उत्थान र व्यक्तिको सर्वाङ्गीण विकास (ङ) पवित्रता (च) सामाजिक उत्तर-दायित्व र सजगता जस्ता आधारभूत उद्देश्यमा धार्मिक ज्ञान आर्दशवादिता जीवन बोध वा कर्तव्य वोध आदिलाई विभिन्न कालखण्डमा बाँडेर त्यसअनुरुप शिक्षा दिने र लिने काम गरिएको

हुन्थ्यो । मानिसको आयु जम्मा १०० वर्ष मानेर २५ वर्षसम्म ब्रम्हचर्य आश्रम २६ देखि ५० को गृहस्थाश्रम ५१ देखि वानप्रस्त वा सन्यासी आश्रम मानेको कुरा घिमिरे उल्लेख गर्दछन् ।

यसरी बालकको शिक्षारम्भको पनि समय हिन्दू परम्परामा तोकिएको छ, जसमा ५ वर्षको उमेरमा विद्यारम्भ, बैद्रिक विधनानुसार ८ वर्षको उमेरमा उपनयन संस्कार तत्पश्चात् शिक्षादिने गुरूकुलमा पढाइन्थ्यो । गुरूकुलमा सबै शिष्यले आश्रपको नियम पालना गर्नुपर्ने अनि यहाँ विद्या उपासनामा २५ वर्षको हुन्जेलसम्म बिताउनु पर्दथ्यो । गुरूकुलमा केटाकेटी पठाएर अभिभावक चिन्ता बिहीन हुने गर्थे । यस कारणले पनि गुरूकुल  कति विश्वसनीय रहेछ भन्ने पुष्टि हुन्छ ।

शिक्षाको ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा जान्न चाहने मानवको इच्छाशक्तिबाट शिक्षाको प्रारम्भ भयो ।  व्यक्तिको जिज्ञासा कुनै गुरूले शान्त पारे । यसरी क्रमिक रुपमा विकास हुँदै आएको शिक्षण पद्वति असङ्गठित अवस्थाको भारतको शैक्षिक इतिहास इसा पूर्व २२०० वर्ष अघिसम्म पुग्नुपर्ने कुरा घिमिरेले  औंल्याएका छन् । त्यस बेला शिक्षा श्रुतिपरम्परामा आधारित रहेको कुरा समीक्षक घिमिरे विभिन्न ग्रन्थ र विद्वानका भनाइका सहायताले प्रष्ट्याउँछन् ।

घिमिरे प्राचीनकालको शिक्षा भेदभाव रहित थियो, जसमा जातीय लिङ्गीय भेद नभएको धेरै पछि आएर मात्र भेदभाव देखिएको कुरा उल्लेख गर्दछन् । विभिन्न नारी समुदायका नारीहरू पनि विशिष्ट विद्वान रहेको उदाहरण पेश गरी प्रस्ट्याएका छन् । पछिल्लो दिनमा आएर जब उत्तर वैदिक कालमा आएर मात्र जातीय विभेद सुरू भएको कुरा उल्लेख गरिएको छ । यस्तो भेदभावलाई अन्त्य गर्नुपर्ने कुरा घिमिरे आफ्नो तर्कबाट विचार व्यक्त गर्दछन् ।

गुरूकुलपरम्पराको थालनीको सन्दर्भमा पूर्वीय परिपाटीमा भारतीय शिक्षाको इतिहासमा परापूर्वकालदेखि चल्दै आएको असङ्गठित  रुपलाई सङ्गठित र संस्थागत गर्ने क्रममा शिक्षण संस्थाहरू देखापर्दछन् । यसरी तत्कालीन विद्वानहरूले गुरुकुल संस्थाको विकासमा महत्वपूर्ण योगदान दिए । यसको प्रतिफलका रुपमा केही चर्चित प्राचीन गुरुकुल आश्रमको उदय भयो । गुरुकुल निर्माणमा त्यससँग सम्बन्धित व्यक्ति , समूह वा राज्यले अत्यन्तै दूरदर्शिता राख्नुपर्ने र तत्कालीन विद्वानहरूले अनेकौ कुरा जस्तै-स्थान वातावरण, शुद्धता, पवित्रता, रमणीयाका साथै नदी तथा तलाउ नजिक हुनु उपयुक्त ठानी त्यस्ता

ठाँउहरूमा यस्ता आश्रमहरूको निर्माण गरिन्थ्यो । आश्रमको आफ्नै नियम हुन्छ । जसमा बम्हचार्यको नियम वा अध्ययनकालमा पालना गर्नुपर्ने नियमहरू निर्विध्नतापूर्वक पालना गर्न शान्त वातावरणको अवश्यकता पर्ने हुन्छ । सोहीअनुसारको ठाँउलाई लिएर शिक्षण गरिएका प्रमाणहरूको चर्चा गरी घिमिरेले यस विषयको ऐतिहसिक जानकारी दिलाउने प्रयत्न गरेका छन् । निम्न शिक्षालयहरूको सामान्य परिचय पनि यसरी दिएका छन्-

**(१) तक्षशिला विश्वविद्यालय**

यो विश्वविद्यालय सर्वप्राचीन मानिन्छ । पौराणिक कथालाई प्रमाण मान्दै भारत वर्षका संस्थापक भरतले निर्माण गरेको र पछि तक्ष नाम गरेको व्यक्तिलाई जिम्मा लगाए पछि तक्षशिला नाम रहन गएको हो यसको नामको विषयमा अर्को मत अनुसार जनमेजयले सर्वयज्ञ गरेका यस ठाँउलाई तक्षक नागका नामबाट तक्षशिला रहन गएको पृष्ठभुमि घिमिरेले केलाएका छन् । यस वि.वि मा भारतका विभिन्न ठाँउबाट शिक्षार्थीहरू आउने गरेको कुरा उल्लेख गरिएको पाइन्छ । ऐतिहासिक पुरूष कौटिल्य, पाणिनि जस्ता प्रतिभा यसै वि.वि का उपज भएको कुरा घिमिरेको अध्ययनको निष्कर्ष छ । आज भन्दा करिब २९०० वर्ष अघि नै तक्षशिला वि.वि आफ्नो कार्यमा प्रख्यात रहेको कुरा घिमिरे उल्लेख गर्दछन् ।

यसरी घिमिरे यस विद्यालयलाई तत्कालीन समयको हिन्दू र आर्य संस्कृतिको केन्द्रका रुपमा रहेको तक्षशिला वि.वि. आज यसको कुनै अवशेष पनि नरहेको पुस्तकका पानामा मात्र सजिएको कुरा उल्लेख गर्दछन् । विभिन्न ग्रन्थहरूको अध्ययनबाट घिमिरेले तक्षशिला वि.वि बौकद्धकाल भन्दा अगाडिको हो भन्ने प्रमाणका रुपमा यस वि.वि मा गौतमबुद्धका समकालीन आयुवेर्दिज्ञ आचार्य आत्रेय यस वि.वि मा अध्ययन गर्ने र विदेशीहरूको नाम उल्लेख गर्दा यु एन च्याङ्ग, स्ट्रवो, रोलमी, हाफियान जयोनिसियस अदिको अध्ययनले यो विशिष्ट र सङ्गठित शिक्षण संस्था भएको पुष्टि हुन्छ ।

**नालन्दा विश्वविद्यालय**

ईशाको चौथो शताब्दीतिर स्थापना भएको यो वि.वि. बौद्ध धर्म र दर्शनसँग सम्बन्धित रहेको कुरा उल्लेख गरिएको छ । विभिन्न देशबाट यस वि.वि. मा

अध्ययन गर्न विद्यार्थी आउने गरेको कुरा उल्लेख गरिएको छ । यस वि.वि. लाई बौद्ध संस्कृतिको केन्द्रका रुपमा रहेको कुरा घिमिरे विभिन्न अध्ययन र खोजबाट पुष्टि गर्दछन् ।

तत्कालीन चिनिया यात्री हु-एन साङ्गको र इत्सिंगको वर्णनले उनीहरू यस वि.वि का विद्यार्थी भएको कुरा पुष्टि गर्दछ । साथै यो वि.वि. बौद्ध दर्शनका विशिष्ट विद्वानहरूले अध्यापन गराउने उच्च शिक्षाको ठूलो केन्द्रका रुपमा रहेको कुरा प्रष्ट हुन्छ । यस वि. वि. मा १०००० छात्र रहेको कुरा उल्लेख गरिएको छ । यसै वि.विं का छात्रहरूको ज्ञानले बौद्ध धर्मका ग्रन्थहरू तिब्वती चिनिया भाषामा अनुवादित गरियो । र ती क्षेत्रमा वौद्ध धर्मको प्रचारप्रसार पनि गरियो ।

यस वि.वि. मा उपयुक्त वातावरण थियो, जसमा २०० जति सामन्तहरूको आम्दानी चन्दाबाट खर्च चल्ने गर्दथ्यो । त्यस्तै यसका विशाल भवन, र व्यवस्थित वाचनालय, पुस्तकालय र कक्षाकोठाहरू भएको कुरा घिमिरे उल्लेख गर्दछन् । यो विश्वविद्यालय १२ औं शताब्दीसम्म रहेको र यो हालको भारतको गया जिल्लामा खण्डहर मात्र बाँकी रहेको कुरा घिमिरेले उल्लेख गरेका छन् ।

**वलभी विश्वविद्यालय**

यस्तै अन्य विश्वविद्यालयमा वलभी विश्वविद्यालय भारतको गुजरात प्रान्तमा रहेको छ र यो विश्वविद्यालय लाई वौद्ध शिक्षा र वौद्धिक शिक्षा दिने विश्वविद्यालय को रुपमा चर्चा गरिएको छ । त्यस्तै यसको आर्थिक श्रोत १०० जति करोडपतिहरूको चन्दाबाट चलेको छ । यो विश्वविद्यालय मुसलमानहरूको आक्रमणले नष्ट भएको कुरा उल्लेख गरिएको छ । यस विश्वविद्यालयमा तर्कशास्त्र, व्याकरण, ब्यवहार ज्ञान, साहित्य दर्शन, वेद वेदाङ्ग र अष्टादश कला आदि अध्ययन गराइने कुरा उल्लेख गर्दै घिमिरे यस विश्वविद्यालय मा जातिगत भेदभाव नरहेको कुरा उल्लेख गर्दछन् ।

**विक्रमशिला विश्वविद्यालय**

वर्तमान् भारतको विहार प्रान्तमा ईसाको आठौं शताब्दीमा उक्त विश्वविद्यालय धर्मपाल नाम गरेका राजाले स्थापना गरेको कुरा उल्लेख गरिएको छ । यस

विश्वविद्यालयमा प्रवेश परीक्षा पश्चात् विद्यार्थी लिइने चलन थियो । यो विश्वविद्यालयमा वौद्ध भिक्षुहरूको बाहुल्यता रहेको थियो यसको सञ्चालनका लागि बौद्धहरूको समिति बनेको थियो भन्ने कुरा घिमिरे  उल्लेख गर्दछन् । यस विश्वविद्यालयमा करिब ३००० छात्र थिए र यसको खानपान र रहनसहन आचार विचार आदिको रेखदेख प्रमुख आचार्य कुलपतिले गर्ने गर्दथे ।

यस विश्वविद्यालयलाई मुसलमानहरूले १२०३ मा आक्रमण गरी नष्ट गरिदिए । यो तत्कालीन अवस्थाको सबैभन्दा ठूलो विश्वविद्यालय हो, जसले प्रमाण पत्र प्रदान गर्ने प्रचलन सुरु गरेको कुरा घिमिरे उल्लेख गर्दछन् । यस विश्वविद्यालयमा अध्ययन र अध्यापन गर्ने विद्वानहरूले विभिन्न ग्रन्थको रचना गरेको देखिन्छ, जस्तै प्रसिद्ध विद्वानहरूमा रक्षित, विरोचन, ज्ञानवाद, बुद्ध, ज्ञानश्रीमित्र, रत्नबज्र, अभयङ्कर, दिपङ्कर आदि रहेको कुरा उल्लेख छ ।  उनीहरूले अध्येतालाई सहज र सरल बनाएका छन् ।

**काशी**

विभिन्न ग्रन्थहरूमा काशीको चर्चा पाइन्छ । काशी हालसम्मै पनि शिक्षाको प्रमुख स्थानका रुपमा देखिएको छ । प्राचीनकाल देखिनै काशी विद्याको केन्द्र अझ भन्ने हो भने संस्कृत भाषाको केन्द्रको रुपमा विकास भएको थियो । यो ठाँउ बुद्धले आफ्नो उपदेश बाँडेको ठाउँ साथै विद्वान जैन तीर्थङ्कर पार्श्वनाथ को जन्म भएको ठाउँ काशी परापूर्व कालदेखि नै विद्याको लागि प्रसिद्ध छ । आजपनि त्यही परिपाटीमा शिक्षा आर्जन गर्ने ठाँउहरू रहेको कुरा प्रष्ट हुन्छ ।

यस लेखमा समीक्षक घिमिरेले यस क्षेत्रको वा यहाँ शिक्षाको प्रारम्भ वा गुरुकूलको प्रारम्भ कहिलेदेखि भएको भन्ने विषयमा त्यति भरपर्दो समयावधि दिएका छैनन् तर पनि यो ठाउँ आज पनि संस्कृत माध्यमको शिक्षा दिदै विश्वमा नै नमूना वा आदर्शका रुपमा प्रस्तुत छ भन्ने कुरा  घिमिरेले उल्लेख गरेका छन् ।

**कांची**

दक्षिण भारतको तामिलनाडुमा पर्ने यो स्थल विद्याको लागि विशिष्ट मानिने गर्छ । पल्लववंशीय शासकले नेतृत्व गरेको ठूलो शिक्षाको केन्द्र बनेको र यहाँ वैदिक आचार्यले

वेद विद्याको अध्ययन गराएको प्रष्टिन्छ । विश्वविद्यालयका रुपमा यो शिक्षा केन्द्र पनि विकास भएको कुरा उल्लेख गर्दछन् । संस्कृत साहित्यका विशिष्ट नाटककार शुद्रक यसै क्षेत्रका राजा थिए । यसै प्रसंगमा कदम्ब वंशीय राजा कुमार मयुर वर्मनले पनि यहीँ कांचीमा अध्ययन गरेको कुरा उल्लेखगरी घिमिरेले हाल आएर यस स्थानमा अरुनै आधुनिक शिक्षालयले ओगटेको भएपनि दक्षिण भारत आजपनि वेद विद्याका लागि प्रसिद्ध रहेको कुरा उल्लेख गरेका छन ।

समीक्षक घिमिरेले अन्य थुप्रै क्षेत्रको नाम लिएर परम्परागत गुरुकुल परम्परालाई आत्मसाथ गरी शिक्षा अगाडि बढाउन विभिन्न क्षेत्रहरू रहेको कुरा चर्चा गरेका छन् जसमा उज्जयिनी, धाराकल्याणपुर, पाटलीपुर, हसिनापुर आदि क्षेत्रहरू केन्द्र रहेको कुरा उल्लेख गरेका छन् । प्राय सबै शिक्षा केन्द्रमा शिक्षा दिने प्रक्रिया मिल्दा जुल्दा देखिन्छन् । परीक्षा र उपाधि

सम्बन्धमा त्यस बेला जति पढेको छ सोधिने र कतै विद्धान वर्गले शास्त्रार्थ गराएर उपाधि दिने गरिन्थ्यो । अत्यन्तै अनुशासित र आदर्शवान् चरित्रको निर्माण साथै गुरु, पिता, मातालाई देवता मान्नुपर्छ भन्ने उपदेश दिइन्थे ।

ब्रम्हचर्य आश्रममा अध्ययन गर्ने अनि गृहस्थाश्रममा पनि त्यत्तिकै अध्ययन गर्नुपर्ने अनि नियमतः शुक्लपक्षमा वेद पढनु र कृष्ण पक्षमा अर्थमनन गर्नु भन्ने जस्ता उपदेश अध्ययनलाई निरन्तरता दिने कुरा प्रष्ट हुन्छ ।

**गुरुकुलको महत्वः-**

गुरुकूल पद्धतिमा गुरु र शिष्यको सम्बन्ध अत्यन्त निकट हुने भएकाले शिष्यका समस्या समाधान गर्न सहज र सरल हुने कुरा उल्लेख गरिएको छ । साथै गुरु अनुकरणीय हुने भएकाले गुरुका आदर्शलाई सिक्न सजिलो हुन्छ । गुरुकूलको वातावरण पवित्र हुन्छ । शान्त हुन्छ । शिष्यको चरित्र निर्माणमा वातावरणले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । गुरुकुलमा अभिभावकको निर्धक्कताका साथ ढुक्क भएर आफ्ना बालबालिका छोडेर विश्वासको वातावरण स्थापित गर्थे । यसरी गुरुकुलबाट सामूहिक जीवन, नैतिकता र आदर्श प्राप्त गर्थे । यसरी नै व्यवहारिक जनशक्ति उत्पादन हुने गर्दथ्यो । प्राचीनकालमा शिक्षाको मूल लक्ष्य धर्म, अर्थ, काम मोक्ष प्राप्ति भएकोले शिक्षाद्धारा आध्यात्मिक शान्ति,

आफू छर छिमेक र राष्ट्रका साथै 'वसुधैव कुटुम्बकम' को भावना जागरित गराउँछ । त्यसैले गुरुकुल परम्पराको प्राचीनकालदेखि आधुनिक कालसम्म उत्तिकै महत्व रहेको कुरा घिमिरेको विश्लेषणबाट प्राप्त हुन्छ ।

**गुरु शिष्य परम्पराः-**

"गुरुर्ब्रम्हा गुरुर्बिष्णु गुरुर्देवो महेश्वर

गुरु साक्षात् परब्रम्हा तस्मै श्री गुरवेनमः"

हिन्दू संस्कृतिमा गुरुलाई कुन रुपमा मानिन्छ भन्ने कुरा माथिको श्लोकांशबाट नै प्रष्ट हुन्छ । गुरुले शिष्यलाई पनि पुत्रवत् व्यवहार गरिएको हुन्छ । बाबु, आमा र गुरुलाई गुरु भनेर वर्णन गरिएको छ । विभिन्न ग्रन्थमा गुरुको बयान पाइन्छ । जसले शिष्यलाई आचार विचार ज्ञान विज्ञान अनुशासन सिकाउँछ उहिनै गुरु हो । पूर्वकालमा गुरुबाट शिक्षा लिने परम्परा पनि मौखिक भएकाले गुरु र शिष्यको सम्बन्ध अत्यन्तै घनिष्ट हुने कुरा घिमिरेले चर्चा गरेका छन् ।

"सादा जीवन उच्च विचार" नै गुरुकुल परम्पराको आदर्श रहेको छ त्यस्तै पिताहरू मध्ये एक गुरुलाई नै मानिएकाले गुरुप्रति श्रद्धा भक्ति हुनुपर्छ अनि गुरुद्रोह गर्नुहुदैन भन्ने कुरा वर्णित भएकाले गुरु र शिष्यमा अत्यन्तै सौहार्दता भएको विभिन्न उदारहणद्धारा पुष्टि गर्दै गुरु र शिष्यको सम्बन्धलाई आजको युगमा पनि मजबुत पार्नु पर्ने कुरा प्रष्ट हुन्छ । आज पनि गुरुलाई तर्पण दिने परम्पराले गुरु र शिष्यको परम्परा हिन्दू संस्कृतिमा उच्च रहेको प्रष्ट हुन्छ । समीक्षक घिमिरेले एउटा असल शिष्य हुन चाहिने केही महत्वपूर्ण कुराहरूको समावेश गर्दै प्रष्टपार्ने जमर्को गरेका छन् । कुनै पनि शैक्षिक संस्था वा गुरुकूलमा पढने विद्यार्थी नै शिष्य हो । शिष्यले सर्वप्रथम त त्यस संस्था वा गुरुकुलको नियम परिधिमा रहेर शिक्षा आर्जन गर्नुपर्छ । एउटा असल शिष्य हुनलाई केही महत्वपूर्ण कुरा हुनुपर्छ जसको उल्लेख गरेर असल शिष्यको निर्माणमा घिमिरेले जोड दिएका छन् ।

ब्रम्हचार्यश्राम रहने शिष्यले ब्रम्हमुहुर्तमा उठ्ने र विभिन्न आहार विहार नियमहरू पालना गर्नुपर्छ । विभिन्न ग्रन्थको अध्ययनको सारका रुपमा घिमिरे लेख्छन् विद्यार्थीमा कृतज्ञ, गुरुसेवी, विद्याप्रेमी, स्वस्थ्य नैतिक, जितेन्द्रीय सत्यवक्ता, कुलीन, विलासता, विरक्त आदर्शवान आदि हुनु पर्छ ।

छात्र छात्रामा सामुहिक र सादा जीवन हुनु पर्छ उत्तेजक पदार्थ जस्तै मांस, मदिरा आदि निषेध हुनुपर्छ । जसले छात्रको स्वास्थ्यलाई राम्रो बनाउँछ । त्यस्तै गुरुकुलमा रहदाँ गुरुआज्ञा पालना, गृहस्थ जीवनमा प्रवेश भएपछि पनि परम्परामा सहयोग सद्भाव कायम रहनुपर्ने कुरामा जोड दिएको पाइन्छ । यसमा घिमिरेले अर्जुन, एकलव्य, कर्ण, कृष्ण बलराम, आदिको उदारहण दिएर एक असल शिष्यमा हुनुपर्ने गुणको पुष्टि गर्दछन् ।

प्राचीन गुरुकुलमा विभिन्न पाठ्य विषयहरू रहने कुरा त घिमिरेले सामान्थ रुपमा अगाडि नै बताइसकेका छन् । तर पनि उनले यहाँ केही ग्रन्थहरूको सहयोग लिएर सबै विषयलाई समावेश गरेका छन् । जसमा (१) वेद (२) वेदका अङ्गहरू (क) शिक्षा (ख) कल्प (ग) व्याकरण (घ) निरुक्त (ङ) छन्द (च) ज्योतिष (३) निघण्टु (४) कल्प शास्त्र मुख्य विषय यी हुन भने सहायक विषय निम्न रहेका कुरा प्रष्ट पारेका छन् ।

(१) चार वेद (२) इतिहास (३) पुराण (४) खानी विद्या (५) नक्षत्र विद्या (६) मनुष्य शास्त्र (७) क्षत्र विद्या (८) गणित

(९) सर्प विद्या (१०) भूत विद्या (११) तर्कशास्त्र (१२)नीति विद्या (१३) राज धर्म (१४) धनुर्वेद आदि ।

## गुरुकुल परम्परा र आजको सन्दर्भ

गुरुकुल परम्पराका आधारमा चलेको प्राचीन शैक्षिक संस्थानहरू अत्यन्तै व्यवस्थित रहेको कुरा प्रष्ट हुन्छ किनभने विद्यार्थीले कुनै किसिमको व्यवधान वा आर्थिक वोझ नमानिकन अत्यन्तै स्वतन्त्र वातावरणमा शिक्षा आर्जन गर्ने कुरा उल्लेख गरिएको छ । शिक्षाको आवश्यक खर्च जहाँ वा जसरी जुटेपनि जस्तै सामन्त वा राज्य जहाँबाट प्राप्त भएपनि विद्यार्थीको टाउकोमा वा अविभावकको टाउकोमा नरहने कुराले शिक्षा निशुल्क रहेको प्रातीत हुन्छ । तर केही विडम्बना पनि पछिल्ला समयमा गुरुकुलमा रहेको देखिन्छ । जस्तो जातीय भेदभाव, लिङ्गीय भेदभाव जस्ता विषयले शिक्षा केही कुण्ठित भने भएको देखिन्छ । वास्तवमा आजको शिक्षा परम्परा ज्यादै टिठलाग्दो छ । सबैका लागि शिक्षा भनेर राज्यले ठूलो आर्थिक लगानी गरेको छ । तर उपलब्धि शुन्य छ । बरु गुरुकुल परम्पराको अवशेषका रुपमा बोर्डिङहरूले निजी तवरमा भएपनि राज्यको आर्थिक लगानीबिना अत्यन्तै राम्रो परिणाम ल्याइरहेको छ । तर निर्लज्ज राज्यसत्ता तिनै बालबालिकालाई कर लगाएर

घिनलाग्दो काम गर्छ । दुःख लाग्दो त के हुन्छ भने लगानीको हिसाबमा ठूलो हिस्सा लगानी गरेको शिक्षा गुणस्तरहीन बनेको छ ।

यसरी गुरुकुल परम्परालाई पछ्याउने गरी नेपालमा महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना भएको तर त्यसको अवस्था नाजुक रहेको कुरा घिमिरे उल्लेख गर्दछन् । विभिन्न संस्थाहरू धराशयी बन्दै गएको र एक दिन हाम्रो संस्कृति अन्यत्र कतै खोज्न जानुपर्ने पीडा घिमिरे व्यक्त गर्दछन् ।

समीक्षक घिमिरे हिन्दू हुनको नाताले आर्य हुनको नाताले हिन्दू संस्कृति आर्य संस्कृति जीवित रहनु पर्छ यसलाई विभिन्न क्षेत्रबाट प्रहार सुरुभएको छ जसको कारण हामी के हौ ? पछि अरु कसैलाई सोध्न नपरोस भन्ने विचार व्यक्त गर्दछन् । घिमिरे गुरुकुल परम्पराले हिन्दू र बौद्ध परम्राको संरक्षण गरेको छ, यसरी नै आज पनि यस्ता परम्पराका संस्थाहरूलाई जीवित राखेर पहिचान कायम गर्नु पर्छ भन्ने विचार व्यक्त गर्दछन् ।

## ५।१७ पोखरेली प्रतिनिधि हास्यव्यङ्ग्यकार विश्व शाक्य छोटो चर्चा

नेपाली साहित्य पनि हालसम्म निकै समृद्ध भएको छ । यस साहित्यमा थुप्रै स्रष्टाहरूले आफ्नो जीवनको महत्वपूर्ण हिस्सा बिताएका छन् । भाषाको उत्थान र विकास साहित्यले गरेको हुन्छ । कुनैपनि भाषा कति समृद्ध छ भन्ने कुराको कसी साहित्य सिर्जना हो । त्यो भाषामा कस्ता कस्ता साहित्यिक कृतिको रचना छ, त्यसैका आधारमा भाषाको विश्लेषण गरिन्छ । आज नेपाली भाषाले हजारौको सङख्यामा साहित्य स्रष्टा पाएको छ । त्यसैको समीक्षा गदै भाषा र साहित्यको विकासमा समीक्षक पनि देखिएका छन् । नेपाली धर्तीको सुरम्यता भित्र पनि अझ सुरम्य स्थल पोखरा जसको चर्चा सुन्दरतामा हुने गर्छ । माछापुच्छे र अन्नपूर्णको हिमाली रम्यता आदि भित्र रहेर साहित्यकार विश्व शाक्य देखापर्दछन् । साहित्यका विभिन्न विधामा कलम चलाएका साहित्यकार अधिक मात्रमा हास्यव्यङ्ग्य क्षेत्रमा विशिष्टता हासिल गर्ने साहित्यकार भैरव अर्याल आफ्नो समयमा समाजको, प्रशासनको, राजनीतिको विकृतिलाई उदाङ्गोबनाइदिने हास्यव्यङ्ग्य साहित्यकार हुन भने आधुनिक युगमा यस समयका विशिष्ट हास्य व्यङ्ग्य साहित्यकार विश्व शाक्य हुन । विश्व शाक्यका बारेमा विभिन्न विद्वानहरूले समीक्षात्मक लेख प्रकाशन गरेका छन् । सोही अनुसार बुद्धि घिमिरेले पनि अत्यन्तै छोटो र सामान्य चिनारी गर्ने उद्धेश्यले विश्व शाक्यको चिनारी र उनका दुईवटा निबन्ध सङ्ग्रहको सामान्य चर्चा गरेका छन् । हुन त पूर्व इलामे

आँखाले पोखरालाई हेर्दा अनि पोखरेली साहित्यलाई  नियाल्दा के पाउने हो पाएको कुरा घिमिरेले यस लेखमा व्यक्त गरेका छन् ।

विश्व शाक्य नेपाली साहित्यको हास्यव्यङ्ग्य विधाको चर्चित नाम हो । उनको जन्म वि.सं. २००६ साल माघ १ गते पोखराको तेर्सापट्टीमा भएको हो । पिता सिद्धिरत्न र माता सेतुली शाक्यका सुपुत्र हुन् । उनले त्रि.वि.वि बाट स्तानक उत्तीर्ण गरेका हुन् । शाक्यले साहित्य, पत्रकारिता, कला, फोटोग्राफी र समाज सेवालाई आफ्नो कर्मक्षेत्र बनाएका छन् । साहित्यकार विश्व शाक्यको समीक्षात्मक लेख लेख्न पाउँदा घिमिरे आफूलाई गौरवान्वित ठान्छन् । घिमिरे थुप्रै पोखरेली साहित्यकारको नाम लिँदै आजको सन्दर्भमा विश्व शाक्यको योगदानको चर्चा गर्न पुग्दछन् । त्यस्तै अन्य विश्व शाक्यका सिर्जनाका बारेमा अन्य केही विद्वानहरूले पनि विशिष्ट ढङ्गले चर्चा गरेका छन् । अनिरुद्ध तिमसिनाले शाक्यका तीनवटा हास्यव्यङ्ग्यात्मक कृतिहरूमाथि एक दृष्टिपात भनेर विश्व शाक्यका “कस्तो गधा रहेछ” (व्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह ) “विकासे च्याङ्गो” हास्यव्यङ्ग नाटिका सङ्ग्रह र “ठेट्नै ठेटना” (हास्यव्यङ्ग्य) को समीक्षा गरेको पाइन्छ । त्यस्तै उपेन्द्र पागलले पनि सातवटा हास्यव्यङ्ग्य कृतिहरूको अध्ययन र मूल्याङ्कन गरी लेख लेखेका छन् । कपिल लामिछानेले शाक्यका व्यङ्ग्य चिन्तनका वारेमा प्रकाश पारेका छन् । चूडामणि खनालले ठेट्नै ठेटना व्यङ्ग्यलाई केलाएका छन् । भरत भट्टराई, मधुकर सुवेदी, मोहनराज शर्मा र होम सुवेदीले विश्व शाक्यका कृति र उनको प्रकृतिका बारेमा प्रशस्तै कुरा जूही प्रकाशन पुस्तक मालाको २५ औ अंङ्कमा लेखेका छन् र उनको व्यक्तित्व र कृतित्वका बारेमा विशेष चर्चा  पनि गरेका छन् । त्यस समालोचना सङ्ग्रहका साथै समीक्षक बुद्धि घिमिरेको कलमले पनि शाक्यका बारेमा विशेष केही कोरेको समालोचना कुसुममा रहेको घिमिरेको यस लेखले शाक्यको सामान्य चिनारी र उनका हास्यव्यङ्ग्यात्मक कृतिहरू “कृष्ण उवाज” र “कस्तो गधा रहेछ” भन्ने व्यङ्ग्यात्मक निबन्ध सङ्ग्रहहरूका बारेमा चर्चा गरेका छन् ।

कुनैपनि हास्यव्यङ्ग्य कृतिले पाठकका मनमा च्वास्व घोच्छ अनि पेट मिची मिची हँसाउछ पनि । यस्तै कृतिहरूको सिर्जना गर्न विश्व शाक्य उनको साहित्यिक यात्राको वि.सं.२०३८ मा सर्वप्रथम प्रकाशन भएको “कृष्ण उवाज” शीर्षकको निबन्ध सङ्ग्रह भित्र रहेका निबन्धहरू समग्र विश्लेषण गर्दै घिमिरेले यस निबन्ध सङ्ग्रह भित्र रहेका पच्ध निबन्धहरूले राष्ट्र, राष्ट्रियता, नैतिकता, इज्जत, इमान चुहावट आदिको विरोधमा मिठो

शैली प्रयोग गर्दै समाजलाई यस्ता विकृति र विसङगति प्रति सजक र सर्तक हुन सन्देश दिएको कुरा उल्लेख गर्दछन् । भ्रष्टाचारको दलदलमा फसेको हाम्रो देशको विभिन्न निकायहरूको घमण्डी नेताको स्वभावमा त्यस्तै सरकारी कार्यालयको अव्यवस्था जस्ता समस्या अनि चोरी जालझेल षडयन्त्र इर्ष्याद्वेषपूर्ण खुट्टातान्ने परम्परा, समाजमा रहेको रुढीवादी सोच आदिलाई विषयवस्तु बनाएर राष्ट्रको समाजिक आर्थिक राजनैतिक विसंगतिहरूको राम्रो चित्रण उनका यस निबन्ध संङ्ग्रहमा भएका निबन्धहरूले प्रस्तुत गर्छ भन्ने कुरा घिमिरेको तर्क छ । यसरी निबन्धकारले कुनै कुनै निबन्धमा सामाजिक विकृतिलाई उदाङ्गो बनाउन विभिन्न उपशीर्षक राखेर व्यङ्ग्य प्रस्तुत गरेका छन् । राष्ट्रसेवकहरूको दिनचर्या बेकामे भएर बित्छ तर सेवाग्राहीले सेवा नपाइरहेको अवस्थाको चित्रण निबन्धमा भएको कुरा घिमिरेले बताएका छन् । सम्वादात्मक शैलीमा लेखिएको “कृष्ण उवाज” निबन्ध त्यस्तै अन्तराष्ट्रिय पशु न्याली जस्ता निबन्धले उनको व्यङ्ग्यात्मक शैलीको राम्रो परिचय दिन्छ भन्ने विश्वास घिमिरे दिलाउँछन् ।

प्राङ्गण प्रकाशन पोखराद्धारा वि.सं. २०५१ मा प्रथम पटक प्रकाशित निबन्ध सङ्ग्रह “कस्तो गधा रहेछ” मा विभिन्न समसामयिक सन्दर्भका आठवटा निबन्धहरू रहेका छन् । यस सङ्ग्रहमा मनोवैज्ञानिक सामाजिक र राजनैतिक विश्लेषणका माध्यमबाट आएका निबन्धहरू हुन् भन्ने कुरा घिमिरेले प्रष्ट पारेका छन् । ग्रामीण समाजमा प्रचलित गालीपरक शब्दको शीर्षकबाट यो निबन्ध सङ्ग्रह कै नाम जुराइएको छ । यस सङ्ग्रहमा भएका निबन्धहरूमा उत्तिकै व्यङ्ग्यात्मकता रहेको कुरा घिमिरे बताउँछन् । यसरी विश्व शाक्यको हास्यव्यङ्ग्यात्मक निबन्ध प्रवृत्तिलाई केही निबन्धका सहाराले घिमिरेले समिक्षा गर्ने जमर्को गरेका छन् ।

जस्तै कमाने कसाइ, ज्वाँइको कुकुर जस्ता शीर्षकले मानवीयता हराउदै मान्छेलाई भन्दा पशुलाई बढी महत्व दिएको छ भन्ने कुरा प्रष्ट गरेका छन् ।

साथै राजनितिक दलहरू खुलेपछि पार्टीका नामहरू जे जस्ता पनि हुन सक्ने कुरा अहिलेको सन्दर्भमा उत्तिकै महत्वपूर्ण व्यङ्ग्य रहेको छ । प्रजातान्त्रिक पशुपार्टी जस्ता शीर्षकका निबन्धले मान्छेको कुभावना प्रति व्यङ्ग्य गर्दै त्यस्ता व्यक्ति जो पशुकै हाराहारीमा रहेर देश चलाउदैछन् भन्ने कुरामा खिल्ली उडाएको कुरा व्यक्त गर्दछन् । “भगवानको भक्त र चमत्कार” मा मानिस धन सम्पत्तिका लागि मूर्ति चोर्ने प्रवृत्तिको विषयलाई उदाङ्गो बनाएको छ । यसरी घिमिरे विश्व शाक्यका निबन्धहरूको व्यङ्ग्यको

अत्यन्तै छोटो चिनारी दिदै "नमस्कार विश्व शाक्य जी" "देश खोज्ने रहर" "गुरु गधा र राजनीति", "जँड्याहाको गन्थन" जस्ता निबन्धमा आफैलाई व्यङ्ग्य गर्दै सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने अनियन्त्रित सामाजिक प्रवृत्तिको विरोध गर्दै व्यङ्ग्य प्रस्तुत गरेको कुरा उल्लेख गर्दछन् । देशमा प्रजातन्त्र आएपछि नेताहरूमा आएको परिवर्तनले प्रजातन्त्र ल्याउन लडेका जनता 'स्वतन्त्रता सेनानीको नाउँमा खुल्लापत्र' जस्ता निबन्धबाट झकझकाउन खोज्ने शाक्य आफ्ना लेखले सामाजिक राजनैतिक आर्थिक विसङ्गतिलाई उदाङ्गो जार्दै त्यसको परिवर्तनका लागि संङ्केत गर्दछन् 'धनी कसरी हुने' "लडाकु एण्ड कम्पनि प्रा.लि. वार्ता सहमति र मौनता" घट्ना दुर्घटना जस्ता निबन्धले पनि समाजका अन्धविश्वास, राजनैतिक विसङ्गति, सामाजिक विकृतिलाई व्यङ्ग्य प्रहार गरेका छन् भन्ने कुरा प्रष्टयाँउछन् ।

यसरी विश्व शाक्यलाई इलामे नजरबाट चिनाउने र उनका दुईवटा कृतिको सामान्य परिचय गराउदै शाक्यका अन्य कृतिहरूमा "श्री पशुमहापुराण" र "ठेटनै ठेटना" नामका निबन्ध सङ्ग्रह देखिएका छन् । शाक्यका सबैखाले लेखले सामाजिक विकृति र विसंगतिको भण्डाफोर गर्दै व्यङ्ग्य प्रहार गर्दछ । यसरी पोखरेली व्यङ्ग्यकार शाक्यलाई प्रतिनिधिका रुपमा ग्रहण गर्नुपर्ने कुरा घिमिरे व्यक्त गर्दछन् । स्तरीय भाषा शैलीमा लेखिएका विश्व शाक्यका रचना सबै जसो समसामयिक र वर्तमान युगका विकृति र विसङ्गति बिरुद्ध लक्षित भएको कुरा घिमिरे उल्लेख गर्दछन् । भूपि शेरचन र लक्ष्मी प्रसाद देवकोटासँग अंशतः तुलना गर्दै आफ्नो लेखमा घिमिरे शाक्यको व्यङ्ग्य विशिष्ट भएको पुष्टि गर्दछन् । घिमिरेको यो लेख जूही त्रैमासिक पत्रिकाको अंक ५४ विश्व शाक्य विशेषाङ्क बाट लिएको कुरा घिमिरे बताउँछन् ।

समग्रमा विश्व शाक्यका रचनाहरू धर्म, दर्शन, चिन्तन मनन्सँग सम्बद्ध रहेको अनुवाद र सामयिक चिन्तनसँग सम्बद्ध रचना पनि मानवीय र प्रभावकारी भएकाले शाक्यलाई पोखरेली प्रतिनिधि व्यङ्ग्यकार,पत्रकार र चिन्तनकारका रुपमा लिन सकिन्छ भन्ने कुरा बुद्धि घिमिरेको निष्कर्ष रहेको छ ।

## ५.१८ कवि श्यामकृष्ण श्रेष्ठका कवितामा छन्दप्रयोग र सौन्दर्य चेतना एक समीक्षा

नेपाली साहित्यको फूलबारीमा सुगन्धमय फूल बनेर मगमगाइरहेका स्रष्टाहरूमध्ये श्यामकृष्ण श्रेष्ठ पनि एक हुन् । इलामको प्राकृतिक सुन्दरताले देशैभरका नागरिक- लाई आकर्षित गर्छ । जहाँ घाम, पानी, कुहिरो र हुस्सुको संयोगले एकछिन अगाडिको साथी अलमलिन पुग्छ, चियाका बोटहरूमा छाएको हरियालीले अनि भरिएको जुटको बोरा जस्ता चिया नै चिया भएका डाँडाहरूले मनमोहक बनाउने इलाम यसै प्राकृतिक पृष्ठभूमि भित्र वि.स. १९८९ सालमा इलामकै चोक बजारमा जन्मिएका साहित्यकार श्यामकृष्ण श्रेष्ठ साहित्यिक वातावरण, प्राकृतिक सुरम्यताको नजिक रहेका छन् । त्यसैले श्याम कृष्ण श्रेष्ठ इलामको प्रकृतिलाई हेरेर साहित्य सिर्जना गर्ने साहित्यकार हुन । वि.सं. २००६ साल तिरै कविता लेख्न सुरुगरेका श्रेष्ठले सुरुकै अवस्थामा अनुष्टुप छन्दमा कविता लेख्थे । यसरी श्यामकृष्ण श्रेष्ठको साहित्यिक योग्दान अगाडि वढेको छ । यस लेखमा समीक्षक घिमिरले कवि श्रेष्ठको कवितामा पाइने छन्दात्मकताको अध्ययन गरी पाठक सामु ल्याउने जमर्को गरेका छन् । इलाम मा जन्मिएर विभिन्न पेशामा संलग्न हुदै विभिन्न साहित्यिक पत्रपत्रिकामा आफ्ना कृतिहरूको प्रकाशन गराउँदै आएको देखिन्छ । इलाममा जन्मिएर इलामकै माटोलाई चिनाउने आफूलाई इलामे भनेर चिनाउन गौरव ठान्ने साहित्यकार श्यामकृष्ण श्रेष्ठको सामान्य परिचय प्रस्तुत गरी नेपाली साहित्य सर्जकको चिनारी गराउने र उनका कृतिमा रहेको केही विशेषताहरूलाई समाज सामु ल्याउन समीक्षक घिमिरे उनका कवितामा रहेको छन्द प्रयोगका बारेमा स्रष्टापरक समालोचना गर्दै सिद्धान्तोमुख समालोचना गर्न अग्रसर देखिन्छन् । संस्कृत अध्ययन गरेका घिमिरे छन्दप्रयोगको विश्लेषण गर्न निकै सिपालु रहेको कुरा यस लेखले पनि पुष्टि गर्दछ । नेपाली कवितामा प्रयोग हुने सबै छन्द संस्कृतबाट नै प्राप्त भएकाले संस्कृतको र संस्कत साहित्यको अध्ययन नगर्ने व्यक्तिले छन्दको विषयमा विज्ञ भएर कलम चलाउन सक्दैनन् । यसरी हेर्दा कवि श्यामकृष्ण श्रेष्ठ 'मन' कवितामा प्रयोग भएको छन्दका बारेमा जानकारी दिएर छन्दका कविताको आचरण घिमिरे यस लेखमा उल्लेख गर्दछन् ।

साहित्य स्रष्टाका रुपमा लक्ष्मी प्रसाद देवकोटा, कवि शिरोमणि लेखनाथ पैड्याल त्यस्तै सिद्धिचरण श्रेष्ठबाट प्रभावित भई छन्दोबद्ध कवितातिर उन्मुख भएको कुरा उल्लेख गर्दै कवि श्यामकृष्ण श्रेष्ठले स्रष्टाका रुपमा विभिन्न सम्मान र पुरस्कार प्राप्त गरेको

कुरा प्रस्तुत लेखमा उल्लेख गरिएको छ । घिमिरे सर्जक श्रेष्ठले साहित्यका विभिन्न विधामा कलम चलाएका र सबै विधामा राम्रै दख्खल देखिने भएकाले साथै सामाजिक र सरकारी जागिरेका रुपमा पनि सफल देखिएकाले उनलाई बहुमुखी प्रतिभाका रुपमा लिन सकिने कुरा उल्लेख गर्दछन् । समीक्षक बुद्धि घिमिरे कवि श्रेष्ठका जीवनका सन्दर्भमा होइन, साथै सबै कृतिमा पनि होइन, उनी श्रेष्ठका कविता सङ्ग्रह "मेरो मौन" र "मेरो कवितामा इलाम" मा भएका छन्दात्मक प्रवृत्तिमा सलबलाएका छन् । उनको समीक्षात्मक कलम तिखारिएको छ ।

कवि तथा सर्जक श्यामकृष्ण श्रेष्ठका हालसम्मका कृतिहरूमा मेरो मौन (२०२९) कविता सङ्ग्रह (२) मेरो कवितामा इलाम कविता सङ्ग्रह (२०५३) (३) स्वर्गमा कवि गोष्ठि काविता सङ्ग्रह (२०५९) (४) मेरो जागिरे जीवन (गद्य लेख ) संस्मरणात्मक लेख (५) स्वप्नभङ्ग कथा सङ्ग्रह आदि रहेका छन् । यस मध्ये समीक्षक घिमिरेको समीक्षात्मक कलम भने दुई वटा कविता सङ्ग्रहमा पनि छन्दात्मक कवितामा चलेको पाइन्छ । जूही अंङ्क ६५ श्यामकृष्ण श्रेष्ठ विशेषाङ्कमा प्रकाशित यो लेख घिमिरेले २०६४ मा लेखेका थिए ।

**(१) मेरो मौनः**

यस कविता सङ्ग्रह भित्र जम्मा २० वटा कविताहरू समावेश छन् । यो कविता सङ्ग्रहको समीक्षा गर्ने क्रममा २०६५ सालमा प्रकाशित र उपेन्द्र पागलद्धारा लिखित श्यामकृष्ण श्रेष्ठका समग्र कृतिहरूको अध्ययन भन्ने पुस्तकमा प्रत्येक कविताको शीर्षकलाई सङ्ग्रहबाट विच्छेदित गरी गरिएको छ, भने बुद्धि घिमिरेको यस लेखमा भने सामान्य विश्लेषण गरी यस सङ्गह भित्र पनि छन्दात्मक कविताको मात्र समीक्षा प्रस्तुत गरिएको छ । मेरो मौन कविता सङ्ग्रह भित्रका कविता महाकवि देवकोटाप्रति समर्पित रहेको र देवकोटा कै लय वा छन्दलाई अनुशरण गरिएको कुरा उल्लेख गरिएको छ । उपेन्द्र पागलले भने यो कविता अभिव्यक्तिको शैली ओज गुण सम्पन्न देवकोटाको "पागल" कविताको प्रभाव रहेको बताउँछन् । यस सङ्गह भित्र देवकोटाका लयसँग वा छन्दसँग मिल्दा १२ वटा कविता रहेका छन् । तीनै कवितामा गद्यात्मक, अन्तर्लयात्मक, वर्णमात्रिक वा शास्त्रीय छन्दात्मक गरी तीन किसिमका कविता रहेका छन् । मेरो मौन कविता यस सङ्गहको शीर्षक कविता भएको चर्चा अन्तर्लयात्मक रहेको कुरा र निकै मार्मिक रहेको विभिन्न उदाहरण दिई घिमिरेले पुष्टि गरेका छन् । यस सङ्गहमा शास्त्रीय छन्दमा आठवटा कविता रहेका छन् जस मध्ये शार्दूलविक्रिडित, स्रग्धरा पञ्चमार छन्दमा लेखिएका छन् । यी मध्ये पनि ६ वटा कविता

नेपालीहरूको लोकछन्द शार्दूलविक्रीडित छन्दमा रहेको कुरा घिमिरे उल्लेख गर्दछन् । श्रेष्ठका कवितामा भाव सौन्दर्य गति, यति र गण संङ्केतलाई विचार पुर्‍याई लेखिएको छ । मेरो पान्थ, प्रवासी नेपाली प्रति, गाँउले जीवन, कविते आदि कविता श्रेष्ठका सौन्दर्य चेतनाका दृष्टिले उत्कृष्ट रहेको कुरा घिमिरे उल्लेख गर्दछन् । वार्णिक छन्दमा निकै लामो गणसङ्केत हुने छन्द स्रग्धरा छन्दलाई केही टुक्रामा “मेरो नेपाल” कवितामा समावेश गरेका छन् भने परिचय शीर्षकको कवितामा कविहरूको नाम उल्लेख गरेका छन् । जस्तै महाकवि देवकोटा, मोतीराम, लेखनाथ, भानुभक्त आदि । यस्तै गरी यस कविताको उपशीर्षक राख्दै अन्य कविहरूको नाम पनि उल्लेख गरिएको छ । जसले नेपाली साहित्य र नेपाली भाषामा महत्वपूर्ण र विशिष्ट योगदान पुर्‍याएका छन् । हाल आएर नेपाली कविता विधामा छन्दोबद्ध कविताको अनिकाल पर्दै गएको बेला यसरी छन्दात्मक कविता लेख्नु स्वभाविक रुपमा महत्वपूर्ण कुरा हो । कवि श्रेष्ठको छन्दप्रति लगाव र त्यसको मोहले पाठकलाई रोचक लाग्ने रसास्वादन गराउन सफल रहेको कुरामा समीक्षक घिमिरेको विचार रहेको छ । यस्तै पञ्चचामर छन्दमा लेखिएको “वन्यवृक्ष” कविताले लेखनाथको “तरुण तपसी” सम्झाउने गर्छ । यो छन्दको प्रयोग निकै सोचका साथ गर्नु पर्ने हुन्छ । कवि श्रेष्ठले सहज ढङ्गले प्रयोग गरेकाले उनको छन्द प्रयोग उत्कृष्ट रहेको कुरा घिमिरे उल्लेख गर्दछन् । यो सङ्गह भित्र श्रेष्ठले शान्ति,प्रगति समताभाव मानवतावादी दृष्टिका अत्तिरिक्त रुपकीकरण, उपमान र उपमेयको सामन्जस्य गरेको शान्त, विप्रलम्भ, श्रृङ्गार, करुण रसको प्रयोग गरेका छन् । यसरी यस सङ्ग्रहका कवितालाई विभाजन गर्दा ९ वटा गद्यलयमा ९ वटा शार्दूलविक्रिडीत छन्दमा ३ वटा मात्रा छन्दमा १ वटा पञ्चाचामर छन्दमा र ८ वटा स्रग्धरा गरी जम्मा ३० वटा कविता रहेका छन् । यस सङ्ग्रहमा ४ छन्दको प्रयोग भएको पुष्टि हुन्छ । श्रेष्ठका कवितामा सरल भाषा र वैदर्भी वा पाञ्चाली रीतिको प्रयोग भएको कुरा घिमिरेको निष्कर्ष छ ।

**(२) मेरो कवितामा इलाम**

वि.सं. २०५३ सालमा प्रकाशित कवि श्रेष्ठको यो कविता सङ्ग्रहमा तीन खण्ड रहेका छन् । पहिलो खण्डमा ७,८ वटा ( कुसुम पृष्ठ १५१) कविता “मेरो कवितामा इलाम” शीर्षकमा रहेका छन् भने दोस्रो खण्ड “मदिरा महात्म्य” मा ४० वटा नेपाली गीतिलयका गीत र तेस्रो खण्डमा केही टुक्रा सहित १७ वटा फुटकर कविताहरू रहेको कुरा समीक्षक घिमिरेले यस लेखमा उल्लेख गरेका छन् ।

"मेरो कवितामा इलाम" प्रथम खण्डको कविता यस सङ्ग्रहको शीर्षक बन्नपुगेको यो कविता इलामको विविध पाटालाई चिनाउन सफल छ । यस कवितामा ७८ श्लोक शार्दूविक्रिडीत छन्दमा लेखिएका छन् । घिमिरे यसलाई लघु काव्य भन्न रुचाउँछन् । यस कवितालाई समीक्षक उपेन्द्र पागल पनि आफ्नो समीक्षाको क्रममा खण्डकाव्यको रुपमा रहेको कुरा आफ्नो कृति "श्यामकृष्ण श्रेष्ठका समग्र कृति हरूको अध्ययन" मा उल्लेख गर्दछन् । यो कविता सङ्ग्रह इलामे दाजु भाइ दिदी बहिनीलाई समपर्ण गरिएको र आफ्नै पद्यात्मक चिनारीको भुमिकाबाट सुरुगरेको यस सङ्ग्रहको सम्बन्धमा डा. तारानाथ शर्माको प्रस्थान कवित्व र गणेश बहादुर प्रसाईको कवित्व उदाहरणको गम्भीर र महत्वपूर्ण भूमिकाले सजाइएको छ ।

इलाममा जन्मने जो कोहीलाई श्यामकृष्ण श्रेष्ठको मन मस्तिष्क, आँखा र भावना भैदिए हुन्थ्यो भन्ने आन्तरिक इर्ष्या पक्कै जाग्छ  भन्नेकुरा समीक्षक घिमिरे श्रेष्ठको कविताले पारेको प्रभावका आधारमा यस लेखमा आफ्नो विचार राख्दछन् । प्रकृतिले सजाएको इलाम कविका आँखामा अथवा एउटा भावुकका भावनामा अझ सुन्दर देखिनु असान्दर्भिक होइन । श्यामकृष्ण श्रेष्ठ यस कवितामा आफू एकान्तको चाहाना गर्ने अनि कसैसँग प्रतिष्पर्दा नगरिकन आफ्नै धुनमा इलाम प्रचीनता र नवीनताको (कुसुम पृष्ठ १५१) संगम थलोका रुपमा भावनात्मक अभिव्यक्ति दिने कवि हुन् । लेखनाथ र देवकोटाको समकक्षीका रुपमा कविता प्रवाहित भएको समीक्षक घिमिरेको दृष्टिकोण छ । ग्रामीण परिवेशलाई मनपराउने कवि श्रेष्ठका कविता शहर भन्दा गाउँलाई आधार बनाएर लेखिएको कुरा घिमिरे स्वीकार्दछन । इलाम प्रतिको अघात स्नेह र आफूलाई अनन्तकालसम्म पनि इलामे भनेर चिनाउनु भन्ने अभिप्रायले इलामको सेरोफेरोमा आफूलाई समाहित गरेर आफ्नो परिचय पनि इलामकै भूगोलबाट भएकाले उनको इलाम प्रतिको ममता प्रष्ट रुपमा झल्कन्छ । जन्म भूमिप्रतिको स्नेहलाई शब्दमा अभिव्यक्त गरेर यस कवितालाई अनुभव र आन्तरिक अनुभूतिका तारतम्यले इलाम प्रतिको आत्मीयता प्रष्टिन्छ भन्ने कुरा घिमिरे उल्लेख गर्दछन ।

यसै सङ्ग्रहको दोस्रो खण्ड मा "मदिरा महात्मय" यस खण्डमा प्रयोग भएका कविताका पात्र उमर खैयाम विश्वमित्र आधुनिक मदिरा भक्त महात्माहरू प्रतिबिम्बित गर्ने कविताहरू व्यङ्ग्यात्मक देखिन्छन् । विशेष अध्ययनबाट सिर्जिएको यो कविता उमर खैयामप्रतिकृतज्ञता व्यक्त गरेको कुरा घिमिरेले उल्लेख गरेका छन् ।

तेस्रो खण्डमा “इन्द्र धनुष” भित्र १७ वटा कविता सप्तरंङ्गी इन्द्र धनुषको रङ सम्योजनले देखिने सुन्दरता सप्तदशरङ्गी विरङ्गी रुपलाई अझ सुन्दर रेखामा समृद्ध गरेको देखिन्छ । यस सङ्ग्रहभित्र तिनैवटा खण्डका कविता आन्तरिक आत्मिक अभिव्यक्तिसँग सम्बन्धित छन् भन्ने कुरामा समीक्षक आफू निष्कर्षमा पुग्छन् । यस लेखको उद्देश्य कृति र कविता विश्लेषण नभई यस सङ्ग्रहमा भएका छन्दात्मक कविताको चर्चा मात्र हो भन्ने कुरा यस लेखले व्यक्त गर्दछ । निम्न कविताहरूमा छन्दप्रयोगको सन्दर्भलाई केलाउने काम समीक्षक घिमिरेले गरेका छन् ।

## (क) “मेरो कवितामा इलाम”

यस कविताका बारेमा माथिनै चर्चा भइसकेको छ । ७८ श्लोक भएको यो कविता शार्दूलविक्रिडीत छन्दमा लेखिएको भावुक र सौन्दर्यचेतना, रस, अलङ्कार भावानुभूतिमा पनि अत्यन्त मनोरम रहेको स्वच्छन्दतावादी प्रगतिवादी चेतना र लावण्यमय कविताले राष्ट्र राष्ट्रियतालाई प्रतिपादन गरेको कुरा समीक्षक घिमिरेले उल्लेख गर्दछन् । “जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी” को मन्त्रलाई आत्मसात गर्ने कविताका रुपमा कवि श्यामकृष्ण श्रेष्ठको यो कवितालाई घिमिरेले लिन्छन् । शार्दूलविक्रीडित छन्द जो भानुभक्तीय लयमा लेखिएको श्लोकले इलाम प्रतिको आघात स्नेहलाई घिमिरे यी श्लोकद्धारा पुष्टि गर्दछन्-

मेरो वास इलाम नाम कतिले चिन्छन् इलामे भनि
जो चाहन्छ सदा इलामभरकै समृद्धि या उन्नति ।
इच्छा यति छ बन्धुबान्धवसँगै गर्दैकुरा आपसी
बाँकी जीवन शान्तिपूर्वक बितोस प्यारो इलामै बसी ॥

यसरी इलामका स्नेह इलाम प्रतिको श्रद्धा इलामको र इलामेलीको उन्नति र प्रगतिको चाहाना राख्दै शार्दूलत्रिक्रीडित छन्दका लागि शब्द छनौट र जन्मभूमिप्रतिको स्नेहले यो कविता निकै रोचक बन्न पुगेको छ । कवि लेखनाथको शब्दशैथ्यासँग तुलना गर्दै इलाम एकान्त प्रेमी अतिथि प्रेमी, प्राकृतिक प्रेमी र नैतिक तथा मौलिकतामा रहेको भन्ने तर्क दिएर कविताकै अंश बाट समीक्षक घिमिरे पुष्टि गर्दछन् !

**कविता**

घच्चा ठेलमठेल ता जगतको साँच्चै रुचाउन्न यो
ज्यादै दुस्कर जिन्दगी शहरको देखी खुसाउन्न यो ।
प्यारो काख भनेर आँउछ भने यहाँ जो जो हटाउन्न यो
फोस्रो धाक रवाफदेखी कहिल्यै झुक्दै डराउन्न यो ॥

यसरी नै कवि श्यामकृष्ण श्रेष्ठको छन्दसँग सँगै अलङ्कार प्रयोग पनि उच्च रहेको कुरा घिमिरे (कुसुम पृष्ठ १५३) पुष्टि गर्दछन् इलामको महिमा वर्णन गर्दा देवकोटाको "के नेपाल सानो छ" भन्ने निबन्धसँग दाज्न सकिने कविताका अंशका विश्लेषणमा पाइन्छ भन्ने कुरा घिमिरेले उल्लेख गरेका छन् । राम्रो कुरा सानै भएपनि राम्रै हुने त्यसले एउटा ठूलो समुहलाई राम्रो बनाइ दिन्छ भन्ने प्रसङ्ग गर्दै घिमिरेले यसमा रुपक, उपमा, यमक अनुप्रास जस्ता अलङकार प्रयोग गरेको कुरा उल्लेख गरेका छन् ।

'मेरो कवितामा इलाम' भित्रका सबैजसो श्लोक हरू उदाहरणीय छन् । कविले नवीनता र प्राचीनताको समग्र रुपमा इलामलाई यसरी चिनाएका छन् ।

"ढल्केको छ नवीनता तिर गरी प्राचिनको रक्षण................................"

साच्चै कवितालाई आलोकमय बनाउँदै शार्दूलविक्रीडित छन्दमा सलल बगाएर भावानुभूति प्रकट गर्ने कविका रुपमा श्यामकृष्ण श्रेष्ठ रहेको कुरा घिमिरे उल्लेख गर्दछन् ।

यसरी आठ ठाउँमा व्याख्येय पङति राखी श्लोक र हरफको भाव उल्लेख गर्दै छन्दको र कविताको मूल मर्मलाई पाठक सामु पस्कनेकाम समीक्षक घिमिरेले गरेका छन् । विशेष गरेर छन्दलाई संस्कृत पढेका पण्डितहरूको पेवा भन्नेहरूका लागि यो कविता राम्रै धक्का हो भनेर अस्ताउदै गएको आधुनिक साहित्यमा छन्दको प्रयोग यसरी लामा लामा कविता लामा छन्दको प्रयोग गरेर गद्यमा कलम दौडाउने लेखकहरूलाई राम्रै पाठ हुनसक्छ भन्ने कुरा घिमिरेले उल्लेख गरेका छन् ।

आफू टाढा कतै कामको सिलसिलामा रहेपनि मेरो आत्माचाहिं इलाममै रहन्छ भन्ने प्रसङ्गले इलाम प्रतिको मार्मिक विचार प्रस्तुत भएको पाइन्छ । सरल प्राञ्जल कोमलकान्त पदावलीयुक्त सरल भाषा प्रयोग गर्नमा सिद्धहस्त रहेका उनका अन्य कविताहरू अनुकरणीय रहेको कुरा घिमिरे उल्लेख गर्दछन् ।

उनका पद्यहरूमा सर्वत्र सौन्दर्य चेतना प्रवाहित भएको छ र उनलाई यस युगका प्रतिनिधि छन्दकविका रुपमा स्वीकार्न सकिन्छ भन्ने तर्क घिमिरेले दिएका छन् ।

**(ख) मदिरा महात्म्य**

"मेरो कवितामा इलाम" भित्रको दोस्रो खण्डमा सङ्गहित कविता "मदिरा महात्म्य" रहेको छ । वा उमर खैयामका रुवाईबाट प्रेरणा लिएर लेखिएको लयात्मक कविता हो । देवकोटाका गीति छन्दसँग तालमेल मिलाएर जीवनको विश्लेषण गरिएको र कतै लेखनाथको छन्दात्मक छाप पाइने कुरा प्रस्तुत लेखमा घिमिरेको छ । यस महात्म्यमा ४० चौपाइ संख्या नदिएका र ६ चौपाइ छन् । नदिएका गरि जम्मा ४६ समसामयिक देखिने चैपाइ छन् । यी कवितामा कविको शब्दशैयाको सीप र लयात्मकतालाई उच्च मान्दै निम्न उदाहरण पेश गर्छन्

भक्तिभावको रसमय मदिरा पिए गए कति सन्त कवीर

स्वाभिमानको मदिरा पिउने मानिस नै हो विजयी वीर ॥

यहाँ रुपक र उपमा अलङ्कारलाई आत्मसाथ गरेको लयत्मकताकासाथ मानवीय स्वाभिमान र सम्मानको चर्चा उठाइएको छ । यस्तै अन्य उदाहरण दिदै कवि श्यामकृष्ण श्रेष्ठको यस कवितामा पाईने लय भाव र विचारलाई सरल ढङ्गले यसरी प्रस्तुत गरिएको छ ।

"जगको सुन्दर मदिरालयमा छकछक गदै चल्दछ रेल

हुन्छ हजारौ मद्यपहको यसमा प्रतिफल ठेलमेल ॥ "

यस पद्यमा कवि उपमा, रुपक, उत्प्रेक्षा अलङ्कारले सजाएर आन्तरिक सौन्दर्यबोध गराएको कुरा समीक्षक घिमिरेको दृष्टिकोण रहेको छ । देवकोटाका भिखारी, घाँसी, घँसिया गीत, चारु जस्ता कविताका लयसँग तुलना गर्दै सिद्धिचरणका [B]कविताको समकक्षता प्रदान गर्न सकिन्छ भन्ने कुरामा घिमिरेले आफ्नो विचारलाई दृढ बनाउँछन् ।

मदिरा माहात्म्य दार्शनिक चेत भएको कविता हो । यसमा उल्लेख भएका विषय वस्तुलाई नियाल्दा दिवाकरको विम्ब उपस्थित गरी दिवाकर वा सुर्य अर्थात चेतनाको ढोका

[B]कुसुम पृष्ठ १५५

बन्द भएपछि अनुपम सुर वालाको श्रृङ्गार सुरु हुन्छ । धर्म,अर्थ,लालच,मोह असत्यको अभिषेक भइसकेपछि कुनैपनि व्यक्ति त्यस्ती सुरबालाका अगाडि टिक्न नसक्ने अभिव्यक्ति दिदै मेनकाका अगाडि वसिष्ठ टिकेनन् । ऋषि,महर्षि देखि आजका ठूलाबडा सबैको समताभावको थलो मदिरालय भएको भन्दै यस कवितामा सामाजिक  व्यङ्ग्य पनि प्रतिपादन गरेको पाइन्छ । यस कविताको मूल उद्देश्य आधुनिक युगको विशिष्टता स्थापित गर्नु रहेको कुरा घिमिरेको निष्कर्ष रहेको बुझिन्छ ।

**(ग) "इन्द्र धनुष"**

"मेरो कवितामा इलाम" को तेस्रो खण्डको रुपमा रहेको "इन्द्र धनुष" अन्तर्गत टुक्रा टुक्री शीर्षकमा ६ वटा छन्दोबद्ध कविता ६ श्लोकमा निर्मित छन् । यहाँ भएका कविता मध्ये "आलोक", "गन्तव्य", "म", "शुभकामना" शार्दूलविक्रीडित छन्दमा रचिएका छन्  भने 'एउटा प्रश्न' 'बलि  प्राणीको गुनासो' मा २ स्रग्धरा छन्दमा रचिएका छन् । यहाँ कवि श्रेष्ठ छन्दका हिसाबले लामा गणसङ्केत हुने छन्द खेलाउन सिपालु भएको कुरा कवितामा छन्दको प्रयोगले देखिन्छ । "आलोक" कवि श्रेष्ठको आध्यामिक आलोक र आदर्शको ज्योतिको खोजी गरेको हुँदा यस कवितामा उल्लेख भएको देखिन्छ आर्थिक समानता र समताभावको खोजीमा स्रग्धरा छन्दको प्रयोग भएको छ । यसरी नै स्रग्धरा छन्दकै प्रयोग गरेर पशुबलि दिने प्रथालाई व्यङ्ग्य गरिएको छ । अर्काको ज्यान अर्पण गरेर वा निरीह प्राणीको बलि दिएर मानव आफु शान्ति चाहन्छ, भन्ने कुरालाई कविले स्रग्धरा छन्दको प्रयोगबाट रमणीयता पनि प्रतिपादन भएको कुरा समीक्षक घिमिरे यस लेखमा उल्लेख गर्छन् ।

"गन्तव्य", "म" र "शुभकामना" कविता शार्दूलविक्रीडित छन्दमा लेखिएका एकेश्वरवादी धारणा 'गन्तव्य' , र  'म' शीर्षकमा विद्रोहको गर्जन गरिएको छ भने शुभकामनामा नेपालीको उन्नति र प्रगतिको चाहाना मिठो भाकामा गाइएको छ ।  यस्तै सप्तदशरङ्गी  इन्द्, धनुष मध्ये अन्य ११ वटा कविताहरूमा गद्य छन्दको प्रयोग भएको छ । यी कविताहरू मानवीय जीवनको सार्थकता राष्ट्रप्रेम प्रकृति प्रेमलाई अन्त्यानुप्रास मिलाएर रचिएको छ । यस्तै मात्रिक छन्दको कविता २०१६ भाद्र २९ गते महाकवि लक्ष्मीप्रसाद को अवसानको भावुक समवेदना प्रकट गरेबाट स्रष्टाहरू प्रतिको श्रद्धा र सम्मान कवि श्रेष्ठका कवितामा विषयवस्तु बन्न सक्छन् भन्ने प्रमाण हो । यस कवितामा

रुपक, उपमा, उत्प्रेक्षा आदी  अलङ्कारको प्रयोग गरी देवकोटाको विश्ववादी धारणा सँगै श्रेष्ठ समवेदित भएको कुरा घिमिरे उल्लेख गर्दछन् । अर्को कविता "दुवो र वृक्ष" शीर्षकमा अर्न्तलयात्मक गद्यमय कविताले सामन्तवादको अन्त्य कथात्मक तरिकाले प्रतिपादन गरी हाल पूर्वराजालाई नागार्जुन दरबारमा थन्काएर समाधान निकाल्ने शोषक शासकहरूको प्रतीक उभ्याएर उनीहरूको शोषकीय प्रवृत्ति, दम्भ र अत्याचार एकदिन ढलेर जाने शाश्वत सत्यको प्रकाश पारिएको कुरा व्यक्त गर्छन् । "मातृभूमि" मातृभूमिप्रतिको आफ्नो दायित्व अनि देश भक्तिले ओजपूर्ण बनाएको भुजङ्गप्रयात छन्दमा रचिएको छ । यस कविताले नेपालीको मातृभूमि नेपालप्रति समर्पित हुन प्रत्येक नेपालीलाई अनुप्रणित गर्दछ । भुजङ्गप्रयात छन्दको लयलाई गजलसँग तुलना गरी लय हाली गाउन सकिने यो कविता राष्ट्रवादी भाव र गेयात्मकताले समेत सुन्दर भएको घिमिरेले उल्लेख गरेका छन् । "वर्षा" शीर्षकको कविता गद्यलयात्मक  छ । यसमा वर्षातका यावत गतिविधिलाई साङ्गीतिकता दिएर रुपकीकरण गरेको र पानी नै नयाँ जीनव दाता परोपकारी प्रातीकात्मक व्यक्तिका रुपमा स्थापित गरेको कुरा घिमिरेको विश्लेषणबाट बुझ्न सकिन्छ । "शरद" शीर्षकमा गद्यात्मक अन्तर्लय मिलाई शरदकालीन प्रकृतिको चित्रण गरिएको छ । साथै "प्रेयसी प्रति" स्रग्धरा छन्दमा निर्मित ५ श्लोक भएको श्रृङ्गारको वर्णन गर्दै आन्तरिक भावुकतामा वा युवा सुलभ प्रणय रसको उद्गारलाई घिमिरे मोतीराम भट्टसँग दाँज्न पुग्छन् ।

यसरी प्रवासी नेपालीको उद्गार प्रस्तुत शार्दूलविक्रीडित छन्दमा लेखिएको ३ श्लोकको फुटकर यस  कवितामा प्रवासमा रहेर दुःख जिलो गरेर खाएपनि घरको चाहानाले छटपटाएको आत्माको मार्मिक प्रस्तुतिका रुपमा कविले प्रस्तुत गरेको कुरा घिमिरे बताउँछन् । यस  सत्यको स्वभाव स्रग्धरा छन्दमा लोखिएको २२ श्लोके कविता हो । यस कविताले कवि शिरोमणि लेखनाथ पौड्यालको सत्य सन्देशलाई सम्झाउने गरेको कुरा उल्लेख गरेका छन् । त्यस्तै हाम्रा शीर्षनेताहरू प्रति शार्दूलविक्रीडित छन्दमा लेखिएको २२ श्लोके कविता हो यस कवितामा २०४६ सालको परिवर्तन पछि नेताहरूमा आएको परिर्वतनले राष्ट्रिय समस्या भन्दा आर्थिक रुपमा आएको विचलनलाई र राष्ट्रका जल्दा बल्दा समस्या प्रति कविको चिन्ता रहेको कुरा समीक्षक घिमिरे बताउँछन् । कविले नेताहरूलाई समयमै सचेत हुन आग्रह गरेका छन् । यसरी कविले देशको राजनैतिक बृत्तको विडम्बनापूर्ण अवस्थाको चित्रण गर्दै चिन्ता व्यक्त गरेका छन् । समस्या समाधान गर्न दलहरूबीच आपसी सम्बन्धमा सद्भाव कायम हुनुपर्ने भन्ने आव्हान गरेको कुरा समीक्षक

घिमिरे आजपनि युगले त्यही मागेको छ । तर नेताहरू मुन्टो फर्काएर हिडेको यथार्थलाई ओकल्छन् ।

देवकोटालाई सम्भदा यस खण्डको अन्तिममा रहेको यो गद्यात्मक रचना हो यो रचना भावुक रचना रहेको साथै मानवतावादी दृष्टिका निम्नवर्गका पक्षपाती प्रकृतिका पूजक र स्वच्छन्दतावादी देवकोटाले मानवीय मूल मर्म नेपाल र नेपालीलाई उन्नत बनाउँने तर स्वार्थका निम्ति जोहो नगर्ने प्रकृतिप्रति कवि श्रेष्ठलाई चित्त नबुभ्केको ।

वास्तवमा देवकोटाले देशका लागि धेरै दिए तर परिवारका लागि नत आफ्ना लागि केही जोहो गरे औषधोपचार नपाएर क्यान्सरको सिकार बनेका देवकोटाको यर्थाथलाई प्रस्तुत गरेको उनिप्रति चित्त दुखेको अनुभूतिजन्य अविव्यक्ति कविले दिएको कुरा उल्लेख गरेका छन् ।

कवि श्यामकृष्ण श्रेष्ठको यस कविता सङ्ग्रहको तेस्रो खण्डको इन्द्रधनुष मा छन्दोबद्ध कविता भन्दा गजलयात्मककविताको गुण या बाहुल्यता रहेको र छन्दोबद्ध कवितामा ध्वनि, रस, अलङ्कार, गुण, वृत्ति आदिका दृष्टिले विशिष्ट रहेको कुरा उल्लेख गर्दै यस लेखको उद्देश्य लाई प्रकाश पार्दै समीक्षक घिमिरे छन्दोबद्ध कविताका आधारमा नै कवि श्यामकृष्ण श्रेष्ठका कवितालाई मूलरुपमा हेर्ने र हेरेकोपनि कुरा उल्लेखगरी लेखको अन्त्यमा पुग्छन् ।

कवि श्यामकृष्ण श्रेष्ठको 'स्वर्गमा कवि गोष्ठी' शीर्षकको कविता सङ्ग्रहको समीक्षक घिमिरेले छोटो विवरण प्रस्तुत यस पुस्तकमा गरेका छन् । भने यसको विस्तृत समीक्षात्मक विश्लेषण अभ्यास पत्रिकाको अंङ्क ९ र १० २०६५ मा प्रकाशन भइसकेको छ । यहाँ छोटो चर्चा मात्र गरिएको छ । यो सङ्ग्रहमा वि.सं. २०५९ मा प्रकाशित ३८ वटा कविताहरूको सङ्ग्रह भएको पाइन्छ । यसमा दुई गद्य कविता बाहेक सबै कविताहरू लयात्मक र शास्त्रीय छन्दमा रहेका छन् । जस मध्ये गद्य सहित ७ अन्तर्लयात्मक छन् । भजनपरक विद्युन्माला छन्दमा रचिएको एकल कविता र ३० वटा कवित शार्दूलविक्रीडित, स्रग्धरा, अनुष्टुप, वसन्ततिलका, पञ्चचामर, भुजङ्गप्रयात जस्ता शास्त्रीय छन्दमा लेखिएका छन् । कविताहरूमा गति, यति , लय र गणलाई सचेततापूर्वक प्रयोग गरेका साथै सौर्न्दय चेतनाका दृष्टिले पनि यस सङ्ग्रहका कविता सबल देखिने कुरा व्यक्त गर्दै घिमिरे छुट्टै समीक्षात्मक लेख छपाउने प्रतिबद्धताका साथ यस समालोचन कुसुम बाटै बिदा लिन्छन् ।

स्वर्गमा कवि गोष्ठी कविता सङ्ग्रहको विवेचना प्रकाशित भइसकेको कुरा यहाँ मात्र अवगत गराउन उपयुक्त होला ।

समीक्षक घिमिरेका यस 'समालोचना कुसुम' अतिरिक्त दुई समीक्षात्मक लेख प्रकाशित भएका पाइन्छन् । जसमा एउटा माथिनै चर्चा भइसकेको छ भने अर्को नवीन स्मारिका वि.सं. २०६६ मा घिमिरेले विष्णु नवीनकै बारेमा हाँस्यब्यङ्गयकार विष्णु नवीनको मा ' अप्रकाशित कृति "इलाम एक परिचय मा समीक्षात्मक दृष्टि" भन्ने शीर्षकमा समालोचना गरेका छन्। यसरी घिमिरे इलामे साहित्यकारलाई चिनाउन र कृतिको उपादेयतालाई प्रष्ट पार्न अग्रसर देखिन्छन् । इलामेली साहित्यकार मध्ये हास्यव्यङ्ग्य क्षेत्रमा विशेष रुपमा विद्रोही

कवि भावुक कलाकार तीखो व्यङ्ग्यकारका रुपमा चिनाउने प्रयास घिमिरे गर्छन् । अप्रकाशित इलाम एक परिचय नवीन को खोजमुलक कृति हो यो ६८ पृष्ठको र नवीनको आफ्नो भूमिकका २ पेज गरी ७० पेजमा तयार भएको तर दुर्भाग्य विविध कारणले यस कृतिको प्रकाशन हुन सकेको छैन । यस कृतिमा विभिन्न ३७ शीर्षकमा इलामको परिचय गराइएको कुरा घिमिरेले उल्लेख गरेका छन् ।

वास्तवमा यो कृति साच्चिकै उपयोगी रहेको छ । इलामे भएपछि एकपल्ट हेर्नैपर्ने घिमिरेको समीक्षाबाट थाहा हुन्छ । इलामको विविध विषयको जानकारी दिने यो नवीनको कृति प्रकाशन नभएकाले हाल मूल लेख प्राप्त नभएको कुरा घिमिरे उल्लेख गर्दछन् ।

समग्रमा घिमिरेले यस लेखमा नवीन इलामेली हुन् । उनमा भएको साहित्यिक व्यक्तित्वलाई प्रकाश पार्न विष्णु नवीन जयन्तीमा प्रकाशन भएको नवीन स्मारिकमा उक्त लेख प्रकाशित गराएका हुन । जसको प्रकाशन पञ्कन्याको नवीन साहित्य प्रतिष्ठानले गरेको थियो । यस लेखले नवीन प्रति जिज्ञासु पाठकलाई राम्रै खुराक दिने कुरा स्पष्ट हुन्छ ।

# छैटौँ परिच्छेद

## उपसंहार तथा निष्कर्ष

### समालोचना क्षेत्रमा बुद्धि घिमिरेको योगदान

समालोचना कुसुम नेपाली साहित्यको समालोचना विधा भित्र रहेर केही कृति स्रष्टा र केही सिद्धान्तका बारेमा परिचयात्मक विवेचना र सैद्धान्तिक परिचय दिएर पाठकलाई ठूला पुस्तकका ठेलीबाट केही हलुका बनाइदिने कृति हो । सामान्य पाठकले निकै धेरै कसरत गरेर खोज्नुपर्ने विषयवस्तुलाई समालोचना कुसुमले सङ्गहित गराइदिएकाले सबैले सहज ढङ्गले बुझ्न सक्दछन् । यस कृतिभित्र रहेका सबै लेख समालेचकले पलेटीमारेर एकै समयमा लेखेका होइनन् । विभिन्न समयमा धेरै अध्ययन, खोज र विश्लेषण गरेर लेखेका कुरा विभिन्न पत्रपत्रिकामा अलग अलग समयको प्रकाशनले आफै प्रमाणित गर्दछ । प्रकाशन जुन बेला भएको छ । त्यो बेलाको सन्दर्भ कतिपय लेखकहरूका लागि अहिले असान्दर्भिक बन्न पुग्दो रहेछ समयको काल खण्डमा हुने परिर्वतनलाई आत्मसात गरेर घिमिरेले परिमार्जित गरेर प्रकाशन गरिदिएको भए सुनमा सुगन्ध हुन्थ्यो । जे जस्तो भएपनि नेपाली समालोचना क्षेत्रमा एउटा विशिष्ट कृतिका रुपमा  समालोचना कुसुमलाई लिन सकिन्छ । विभिन्न ओझेलमा परेका साहित्यकारहरूको जीवनको सङ्घर्षलाई मुखरित गर्न घिमिरेको समालोचना कुसुम सक्षम छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

जीवनका विभिन्न मोडहरू पारगर्दै जीवनलाई यथार्थ रुपमा अनुभूत गर्दै नेपाली साहित्यको सिर्जना र समालोचना विधामा कलम चलाउने व्यक्तिका रुपमा स्थापित बुद्धि घिमिरे आफ्नो कलमलाई अझ बढी परिमार्जित र परिपक्व गर्न लागिपरेको कुरा भेटका अवसरमा व्यक्त गर्दछन् । आफू स्रष्टा र समालोचक भए पनि अन्य साहित्य स्रष्टा र समालोचकलाई सम्मान गर्नुपर्छ भन्ने सिद्धान्त उनको रहेको छ । अन्य क्षेत्रमा भने अर्काको खुट्टातान्ने  र आफू अघि बढ्नु धर्म मान्दा रहेछन् । तर साहित्यमा त्यसो गरेमा जसले

त्यसो गर्छ त्यसको साहित्य मर्दो रहेछ वा खुट्टातान्ने नीति साहित्यमा नपच्दोरहेछ । यसको उदारहण कवि शिरोमणिको रथयात्रा, देवकोटाको महिमागान, हाल राष्ट्रकवि माधवप्रसाद घिमिरेको रथयात्राले प्रमाणित गर्दछ । नेपाली साहित्यको इतिहास लामो त छैन, तर यस समयमा जे जति उन्नति भएको छ त्यो निकै भएको हो । एउटा दुखलाग्दो पक्षचाहिँ के हो भने नेपाली साहित्यको भाषात्मक मूल्यभन्दा आर्थिक कारणले नेपालीहरूको आयका हिसाबले चाहाँदा चाहाँदै पनि किनेर पढ्न नसक्ने अवस्थाले केही हदसम्म ठेस पुगेको छ ।

शिक्षित परिवारमा जन्मिएका घिमिरे संस्कृत पढाउने गुरु माधव भण्डारी जस्तै विद्वान हुने इच्छा शक्ति पालेर अध्ययन सुरु गरेका व्यक्ति हुन् । घिमिरे विभिन्न ठाँउमा आफ्नो शैक्षिक व्यक्तित्वलाई प्रकाशित गर्दै विभिन्न हण्डर र ठक्करसँग संघर्ष गर्दै कार्यरुपमा उतारेर अध्ययन कै क्रममा घिमिरेले वृन्दावन, खर्साङ, वनारस जस्ता क्षेत्रमा शैक्षिक उन्नति त गरेका हुन् । यसका अलावा उनले त्यस क्षेत्रको सामाजिक सास्कृतिक सन्दर्भका अनुभव बटुल्ने अवसर प्राप्त गरे । यसले उनको अध्ययनलाई हेर्दा वनारसको बसाइले उनको जीवनको आधार तयार भयो । तेह्र वर्ष वनारस बसाइबाट उनको साहित्यिक, पत्रकार, राजनीतिक, प्राध्यापक जस्ता व्यक्तिको पृष्टभूमि तयार भएको देखिन्छ ।

'समालोचना कुसुम' आवरण सामान्य तर आकर्षक देखिन्छ । जहाँ चित्रात्मक अभिव्यक्ति पाइन्छ । आफ्ना पूर्वजलाई समर्पण गरिएको यो कृतिले पूर्वजको जानकारी नगराए पनि उनीहरूको कारणले पाइला राखेको यथार्थलाई र उनीहरूले आफूलाई लालन पालन गरी हुर्काएको ऋण स्वरुप चुक्ता गर्न श्रद्धा र मर्यादापूर्वक मातापिताको नाम समावेशले सुरुमै एउटा शिक्षा प्रदान गर्दछ । बाबु आमा प्रतिको श्रद्धा र सम्मान आजका मानिसमा भएको यान्त्रिकरणले घट्दै गएको अवस्थामा त्यस्ता सन्तन्तिलाई शिक्षा बन्छ जो जीवीत मातापितालाई श्रद्धा र सम्मानको साटो गाली र बेइज्जती गर्छन् । यसरी यो कृतिमा श्रद्धेय गुरु चूडामणि रेग्मीको आफ्नो भूमिकाबाट सुरु भएको छ । रेग्मीले समालोचक घिमिरेका विविध पक्षको चर्चा गर्दै समालोचना कुसुमका महत्वपूर्ण पक्षको चर्चा गरेका छन् । कृतिका लेखहरूको शीर्षक चिनारी दिदै यस कृतिका लेखहरू स्नातक र स्नातकोत्तर तहका विद्यार्थीलाई उपयोगी र पठनीय हुनेकुरा उल्लेख गर्दै खोज अध्ययन गर्ने प्राध्यापकवर्गका लागि पनि सहयोगी बन्ने कुरा उल्लेख गरी रेग्मीले आफ्नो भूमिका अन्त्य गरेका छन् ।

यसैगरी यस कृतिको तेस्रो प्रसङ्गमा घिमिरेको आफ्नो भनाइ  रहेको छ । जसमा आफ्ना विभिन्न प्रकाशित कृतिहरूको  प्रकाशन मिति र कृतिको नाम उल्लेख गर्दै अन्त्यमा २०५४ सालदेखि २०६२ सम्म 'किसान र मान्छे' र 'समयचक्र' प्रकाशन गराएर आफूले २०५४ सालमै समालोचना  सङ्ग्रह निकाल्ने प्रतिज्ञा गरेको पाइन्छ । त्यसको १० वर्षपछि मात्र निकाल्न सकेकोमा आफ्नो कम्जोरी स्वीकारगर्दै घिमिरेले २०३०।२०३१ सालदेखि विभिन्न पत्रपत्रिकामा प्रकाशित समालोचना लेखहरूलाई सङ्ग्रह गरी प्रकाशन गरेका छन् । यी लेखहरू जुन जुन बेला लेखिएको हो त्यहीबेलाका आँखाहरूले हेरिदिन उनको भूमिकामा अनुरोध गरेका छन् । उनले यसरी यो पुस्तकको रुपमा ल्याइपऱ्याउन जसले जुनजुन भूमिका निर्वाह गऱ्यो उनीहरूलाई धन्यवाद  दिँदै आफ्नो बिट मारेका छन् ।

चौथो प्रसङ्गचाहिँ प्रकाशकले आफ्नो प्रकाशकीयमा आफ्ना विचार राखिदिएको विभिन्न अपठयारा र कठीन परिस्थितिमा पनि प्रकाशनको जिम्मा पूरा गरेको उल्लेख गर्दै प्रकाशक टीका घिमिरे लेखकलाई कविको रुपमा मात्रै नभएर समालेचकको रुपमा प्रस्तुत गर्न पाउदा गौरवान्वित भएको कुरा उल्लेख गरेर आफ्नो प्रकाशकीय अभिव्यक्ति पाठकहरूलाई दिएको पाइन्छ । यसमा कृतिलाई माया ममता गर्न आग्रह गरिएको छ । लेखमा नयाँ कृतिको जन्म होस् भन्ने चाहाना व्यक्त गरेको पनि पाइन्छ  ।

समालोचक बुद्धि घिमिरेको यस समालोचना कुसुमभित्र रहेका १६ वटा समालोचनात्मक लेखबाट घिमिरेलाई समालोचक व्यक्तिको रुपमा परिचित गराउनु नै शोधपत्र को मूल उद्देश्य भएकाले घिमिरे एक सफल समालोचक रहेको कुरा यस भित्रका लेखका अध्ययनबाट पुष्टि हुन्छ । समालोचक घिमिरेले समालोचनात्मक कलम चलाएको ३०।३५ वर्ष भएछ । यस अवधिमा उनको प्राप्ति के अप्राप्ति के भन्ने विषयमा चर्चा गर्नु उपयुक्त देखिन्छ ।

समीक्षक घिमिरेका समीक्षात्मक लेखहरू विशेष गरेर संस्कृत वा पूर्वीय सिद्धान्तका आधारमा निर्माण भएका सामाजिक सिद्धान्तले महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । पहिलो लेखबाट महाकाव्य विकास र नेपाली महाकाव्यको पूर्वीय साहित्यको उपल्लो अवस्था देखिएका सिद्धान्त र मर्यादा समावेश गरी छोटो अवस्थामा माहाकाव्यको चिनारी गराउन सफल देखिन्छन् । नेपाली महाकाव्यको विकास क्रमलाई समावेशगरी घिमिरेले नेपाली महाकाव्योन्मुख रचनाहरूको खासै चर्चा नगरी नेपाली महाकाव्यको विशेष जानकारी दिएर महाकाव्यको बारेमा छोटो जानकारी दिएका छन् । उक्त लेख  महाकाव्यको

आदि इतिहासलाई पूर्वीय र पाश्चात्य साहित्यको अध्ययन गरी विषयवस्तुलाई समावेश गरी लेखिएको छ । यस्तै नेपाली काव्यलाई विभाजन गर्ने क्रममा घिमिरेले भानुभक्त पोखरेलको भनाइलाई समर्थन गरेको देखिन्छ जस्तै (१) फुटकर कविता (२) खण्डकाव्य (३) मध्यकाव्य (४) महाकाव्य यसै विभाजनलाई समर्थन गरी यसै अनुसार समीक्षा गर्न लागिरहेको कुरा प्रष्टिन्छ । यसरी घिमिरेले नेपाली केही आरम्भका महाकाव्यको चिनारी दिई नेपाली महाकाव्यको विकासको छोटो चर्चा गरेका छन् । यसैगरी नेपाली साहित्यको खण्डकाव्य विधाको पृष्ठभूमि परिचय साथै यसको कालक्रमिक रुपमा विकास आदिलाई यस लेखमा समावेश गरी खण्डकाव्यका पूर्वीय सिद्धान्त र नेपाली खण्डकाव्यको अवस्था विभाजित काल अनुसार प्राप्त खण्डकाव्यका बारेमा चर्चा गरी घिमिरेले खण्डकाव्यका आधारभूत तत्वका बारेमा चर्चा गरेका छन् । यसरी पूर्वीय विद्वान्‌हरूको कविता विधाको विभाजन नै नेपाली साहित्यको कविता विधाको विभाजन मान्न सकिन्छ । घिमिरेले नेपाली मैालिक परम्परा कै रुपमा विकास भएको संस्कृत साहित्यको परम्परालाई अनुशरण गरेका छन् । उनले नेपाली खण्डकाव्यको ऐतिहासिक पृष्टभूमिदेखि आधुनिक कालसम्म आइपुग्दा खण्डकाव्य विधामा भएको प्रगतिको चर्चा गरेका छन् । तीनै कालका विशेषतालाई समावेश गरिदिएर खण्डकाव्यका पनि तत्वको वर्गीकरण गरी कवितामा हुने सबै तत्व खण्डकाव्यमा हुन्छन् त्यसका साथै खण्डकाव्य जीवनको एक खण्ड हो । यसरी खण्डकाव्य तथा महाकाव्यको चिनारी गराएर साहित्यअनुरागीलाई मसला प्रदान गर्नु र विद्यार्थीवर्गलाई अध्ययन गर्न सहज र सरल तुल्याउनु नै समीक्षक घिमिरेको प्राप्ति हो । यसले जति दिनुपर्ने हो सबै दिन सकेको छैन । विविध कारणले पुस्तकको मोटाइ पाठकले व्यहोर्ने आर्थिक आदिकारणल होला अन्य विविध कारणले त्यति ठूलो हुन सकेको छैन । विषयवस्तुलाई व्यापक रुपमा विश्लेषण गर्न नसकेको देखिन्छ । यसमा महाकाव्यको उदाहरण सहित प्रष्टपार्न खोजिएको छ । तर ती महाकाव्यानुसार परिचय अत्यन्तै छोटो भएकाले चाहेजति प्राप्त हुन नसक्नु चाहिँ यी दुबै लेखको अप्राप्ति हो ।

यस्तै आगो र पानी समको नवीन प्रयोगवादी खण्डकाव्यको चिनारी दिएर जो कोही पाठकलाई सहज र सरल ढङ्गले बुझ्न सकिने देखिन्छ । कतिपय अवस्थामा कवितात्मक शैलीको व्यञ्जना अर्थलाई परिभाषित गरिदिएर कवितालाई गद्यात्मकतामा लैजान सकिन्छ । पूर्वीय सिद्धान्तलाई भत्काएर नयाँ सिद्धान्तको जग हाल्नु पर्छ भन्ने सम पाश्चात्य शैलीबाट अछुतो रहन सकेका छैनन् । यसै प्रसङ्गमा अध्ययन खोज र विश्लेषणबाट प्राप्त तथ्याङ्कलाई

घिमिरेले  प्रस्तुत गरेका छन् । यो खण्डकाव्य जटिल भएकाले सामान्य पाठकले यसको लाभ उठाउन नसक्ने देखिन्छ समीक्षकले एउटै दृष्टिबाट समीक्षा गरिदिए राम्रो हुने थियो । तर हुनसकेको छैन । यो समीक्षक घिमिरेको  कृतिपरक समीक्षा हो । यसमा विवरणात्मक विषय बढी देखिन्छ । उनी लेखको दृष्टिकोणलाई प्रतिविम्बित गर्न सफल देखिएका छन् ।

संस्कृतकाव्य शास्त्रका बारेमा अत्यन्तै छोटो तरिकाले वा सुत्रात्मक ढङ्गले सिङ्गो वैदिक साहित्यदेखि १९ औँ शतक सम्मको ऐतिहासिक  विकासक्रमलाई प्रष्ट पारिएकाले प्रत्येक पाठककालागि उक्त समालोचना  अत्यन्तै उपयोगी देखिन्छ । विशेषत स्नातक र स्नातकोत्तर तहका छात्रा छात्रका लागि काव्यशास्त्रलाई चिनाउन सक्नु , विभिन्न वाद, साहित्यको परिचय, काव्यका भेद परिचयात्मक समीक्षाले यस लेखको उपादेयता उच्च पारेको छ । यसैगरी पूर्वीय साहित्य शास्त्र भित्र रहेको ध्वनिवादलाई विस्तृत ढङ्गले परिचय गराइएको छ तर यो वाद आफै जटिल भएकाले प्रष्ट बुझाउन झनै जटिल भएकाले घिमिरेले ध्वनिको सबै क्षेत्रका विद्वावान्का परिभाषा र तालिका समेत जस्ताको तस्तै राखिदिएका छन् । यस प्रसङ्गमा बुझ्न कठीन भएकाले यी तालिका राख्न उपयुक्त ठानी राख्ने काम गरिएको छ । यसरी घिमिरेले ध्वनिवादको अन्य वादसँग तुलना गरेर राखिदिएकाले अझ सहज बन्ने प्रयास भएको प्रतीत हुन्छ । नेपाली खण्डकाव्यको विभिन्न कालखण्डमा मौलाएको विभिन्न धाराहरूको पहिचानले खण्डकाव्य विधाको विकासलाई बुझ्न सहज भएको छ ।

पूर्वीय साहित्यमा देखिएका काव्य चिन्तन्का आधारमा घिमिरेको अध्ययन गहन देखिन्छ । धेरै कृति र कृतिकारका विचारलाई समेटी पूर्वीय साहित्यमा देखिएका विभिन्न वादहरू जसमध्ये ध्वनिवादलाई सरल ढङ्गले जटिल विषय वस्तु भएपनि प्रस्तुत गरेको पाइन्छ ध्वनिका विभिन्न प्रसङ्ग र उपशीर्षकमा विभाजित गरी पाठकलाई सकेसम्म छर्लङ्ग पार्ने प्रयासप्रति आभार प्रकट गर्नै पर्छ ।

तरुण तपसीको समीक्षा सामान्य कृति परिचय मात्र छ भने यसको मूलभावलाई मात्र समीक्षक घिमिरेले प्रस्तुत गरेका छन् । लेखनाथको तरुण तपसीमा अलग अलग शीर्षक राखेर विश्लेषण गर्न सकिन्छ । जस्तै प्रकृति चित्रण  दार्शनिक विचार आदि । समीक्षक घिमिरेको आजभन्दा ३२ वर्ष अगाडिको लेख भएकाले त्यो बेला नेपालीमा समीक्षा लेखै अभाव हुन्थ्यो  । त्यो बेलाका आधारलाई स्वीकार्नै पर्छ । यस लेखमा तरुण तपसीको

सामान्य परिचय कृतिपरक र स्रष्टापरक समालोचनाको सिद्धान्तमा स्रष्टापरक कमजोरी देखिन्छ ।

सोमनाथ सिग्देलको परिचयात्मक समीक्षा र आदर्श राघवको परिचय प्राप्त हुने शीर्षकमा सोमनाथको परिचय नभएर उनको प्रवृत्तिको मात्र परिचय गराएर आदर्श राघवको परिचय गराइएको यस लेखले महाकाव्यमा भएका विषयको र यसको प्रभावका बारेमा चर्चा गरिएको उपयुक्त नै छ । जसमा भानुभक्तको रामायणको लोकप्रियता आशा गरिएको तर प्राप्त हुन नसकेको कुरा घिमिरेको निष्कर्ष छ । पूर्वीय सिद्धान्तको कसीमा उत्रँदा आधुनिक आवश्यकतालाई बेवास्ता गरेको उल्लेख गर्नु उपयुक्त छ । यसरीनै विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा रहेको नारी अस्मिता जब नारी प्रयोजनका लागि संघर्ष गर्छन् भने आफ्नो अस्तित्व पुरुषहरूको पचियमा रहने कुराको विद्रोह अनि नारी आफू स्वतन्त्र छ भन्ने आभास दिन कोइरालाका उपन्यास सिद्धान्ततः सफल रहेको कुरा घिमिरेको विवेचना सान्दर्भिक छ । केही यस्ता वाक्यांशहरू प्रयोग गर्नु पर्थ्यो त्यो प्रयोग भने नभएकाले जति उचाइमा यो लेख पुग्नु पर्थ्यो त्यति नपुगेको होकि भन्ने प्रतीत हुन्छ केही उपन्यासका नारी पात्रले बोलेका विषयलाई हुबहु राहिदिएको भए सुनमा सुगन्ध हुन्थ्यो ।

मोदनाथ प्रश्रितको देवसुर सङ्गाम महाकाव्यको परिचयात्मक चिन्तन भनि आफ्ना विचारलाई यस महाकाव्यको उपदेयताका बारेमा  धेरै वर्षअगाडि समीक्षा गरेको भएपनि यो समीक्षा नेपाली तत्कालीन र हालको अवस्थामा परिलक्षित भएकाले देव र असुर सत्ययुगका कथा नभएर शोषित र शोषक वर्गका पहिचान हुन् भन्न  प्रयत्न गरिएको छ । वास्तवमा यस लेखले देवासुर सङ्गाम लाई राम्ररी परिचय दिन सक्षम छ ।

इलामे साहित्यकार विष्णु नवीनको एउटा कथा सङ्ग्रह भित्र रहेको सबै कथालाई परिचय गराउने यो लेख सामान्य परिचयात्मक छ । तर विष्णु नवीनको सिर्जना हरूलाई बढी यौनसँग सम्बन्धित गराएर चर्चा गरिएको छ । अलिक बढीनै यौन मूलक चर्चा भएकाले साच्चै समाजको ठूलो वेथिति पनि भएको लक्ष्य गरिएको छ । उनका कथाहरूलाई समीक्षकले यौनपरक रुपमा चर्चा गर्दै सामाजिक बेथिति हरूलाई उदाङ्याएका छन् । तर एउटा इलामे साहित्यकारको परिचय गराएर इलामको परिचय दिएको भने सकारात्मक कार्य हो । अर्का इलामे सर्जक चिनाउने प्रयास २ कथा सङ्ग्रहमा गरिएको छ । धेरै वर्ष अगाडि साहित्यकार माधव भँडारीलाई काठमाडौमा इलाम प्रगतिशील समाजले ओझेलमा

परेका साहित्यकार भनेर अभिनन्दन गरेको थियो । यसरी इलामे स्रष्टालाई चिनाउनु अर्को स्रष्टाको कर्तव्य हो भन्ने कुरा समीक्षक घिमिरेबाट प्रमाणित भएको छ । कथाकार माधव भँडारीका दुईवटा कथा सङ्ग्रह पार्वती परिणय र क्यालेन्डरका घुम्तीहरू परिचयात्मक प्रस्तुतिका रुपमा रहेका छन् । सबै कथाहरूको विश्लेषणले कथाकारको दृटिकोण समेत घिमिरेले उल्लेख गरिदिएकाले पाठकलाई माधव भँडारीको कथा प्रवृत्ति बुझ्न सजिलो भएको छ ।

नेपाली साहित्यको ऐतिहासिक पृष्ठभूमि विभिन्न वादहरूसँग तुलना गर्दै आधुतिनकता गतिशीलता र यथार्थवादसँग सम्बन्धित चिन्तन् घिमिरेले गरेका छन् । यस समालोचना कुसुम भित्र समीक्षक घिमिरेले आफ्नो छुट्टै दृष्टिकोण साथै विभिन्न विद्वानहरूको भनाइ साथै विभिन्न वादसँग तुलना गर्दै यस शीर्षकमा समीक्षक घिमिरेले आधुनिकतालाई मार्क्सेली आँखाले मात्र चिहाउनु अहिलेको विश्व परिवेशमा नमिल्दा नमिल्दै पनि यो लेख जुन बेला लेखिएको हो त्यो बेला समय सापेक्ष रहेको कुरा प्रतीत हुन्छ ।

हिन्दू संस्कृतिमा प्राचीन गुरुकुल परम्परा शीर्षकको समीक्षात्मक लेख गहिराइमा पुगेर खोजिएको लेख हो । यसलाई खोजपरक समालोचना भन्न अप्ठयारो पर्दैन । यसमा गुरुकुलको परिचय अनि यसको इतिहास र केही उत्कृष्ट गुरुकुल विश्वविद्यालयदेखि सामान्य विद्यालय सम्मको चर्चा भएको यो लेखले पाठकलाई दिन खोजेको कुरा प्रष्टरुपमा दिएको छ । दर्जनौं कृतिहरूको अध्ययन गरी सार झिकेर पाठकलाई पस्कनु सजिलो काम पक्का पनि होइन । यस लेखमा समीक्षक घिमिरे उत्कृष्ट समालोचकका रुपमा देखापर्छन् । यसरी गुरुकुल परम्परालाई आधुनिक बोर्डिङ्गसँग तुलना गर्न मिल्ने कुरा घिमिरेल उल्लेख गरेका छन् । फरकचाहिँ गुरुकुल निःशुल्क हुन्थ्यो भने बोडिङ्ग सःशुल्क हुन्छ ।

यस्तै इलामे आँखाले पोखरेली साहित्यकार विश्व शाक्यलाई हेर्दा पनि चियाका बोटहरूलाई हँसाइरहेको फेवातालको छालले समीक्षक घिमिरेलाई माछापुच्छ्रे र अन्नपूर्णको सयर गराइदिन्छ । विश्व शाक्यका बारेमा जे जति उल्लेखगरेका छन् अन्य कृतिहरूको अध्ययनबाट ज्ञात हुन्छ । पोखरेली साहित्यकार विश्व शाक्य बेजोड हास्यव्यङ्ग्य साहित्यलाई आत्मसात गर्ने व्यक्ति हुन् । हुन त घिमिरेले उनको बहुमुखी प्रतिभाको चर्चा राम्ररी गरेका छन् भने विश्व शाक्यको सामान्य परिचय भने लेखले पुऱ्याएको छ ।

इलामे साहित्यकारको सिर्जना प्रवृत्तिलाई केलाएर समीक्षक घिमिरेले श्यामकृष्ण श्रेष्ठलाई चिनाउने र उनका कवितामा रहेका छन्द प्रयोग उदाहरणसहित प्रस्तुत गरेर स्रष्टा श्यामकृष्ण श्रेष्ठको कवि व्यक्तित्वलाई सम्पूर्ण पाठक साहित्यअनुरागीहरूलाई परिचय गराएका छन् । समय सन्दर्भको कुरा गर्दा आजभोलि छन्दात्मक कवितामा अनिकाल लागेको छ । छन्दात्मक कविको चिनारी पाउनु महत्वपूर्ण कुरा हो । यसै सन्दर्भमा श्यामकृष्ण श्रेष्ठका कवितामा भएको श्लोक परिचय सहित प्रस्तुत गरी प्रष्टाइदिएर घिमिरेले श्यामकृष्ण श्रेष्ठको कवित्व प्रवृत्ति बुझ्न सजिलो बनाइदिएका छन् । यसरी समालोचना कुसुममा भएको १६ वटा लेखका अलावा अरु दुईवटा समीक्षात्मक लेख प्रकाशित भएका छन् । ती लेखहरूमा घिमिरे विष्णु नवीनको इलाम एक परिचय जसको परिचय दिएर नवीनलाई चिनाउने र नवीन खोजकर्ता पनि हुन भन्ने परिचय गराउन सक्षम देखिएका छन् । साथै श्यामकृष्ण श्रेष्ठको स्वर्गमा कवि गोष्ठी कविता सङ्ग्रहका कविताहरूका छुट्टै परिचय र विवेचना गरेका छन् । यसरी समालोचनात्मक कलम अगाडि बढ्दैरहेको जानकारी गराउँदा एउटा साहित्यानुरागीले गौरव गर्नु अत्युक्ति नहोला ।

## निष्कर्ष

वि.सं. २००६ सालमा जन्मेका बुद्धि घिमिरे नेपाली साहित्यको सिर्जना र समालोचना फाँटका सशक्त व्यक्तित्व हुन् । आफ्ना परिवारबाटै शैक्षिक प्रेरणा प्राप्त गरेका घिमिरे आफ्नो अध्ययनकालमा भोगेका तीता मीठा अनुभव राख्दै आफ्ना गुरु माधव भँडारीको अनुशीलनले उनको व्यक्तित्वमा प्रभाव परेको स्वीकार्छन् । आफ्नो अध्ययनकाल देखिनै समीक्षात्मक लेख लेख्न थालेको कुरा समालोचना कुसुम भित्रका लेखबाट थाहा हुन्छ ।

नेपाली समालोचना क्षेत्रमा ०३०।०३१ देखि नै कलम चलाएका बुद्धि घिमिरेको समालोचना कुसुमले प्रकाशन हुने मौका भने वि.सं. २०६४ मा मात्र पायो । यसरी ढिलै भए पनि यस कृतिको प्रभाव विशेष गरी विद्यार्थी वर्गमा पर्ने कुरा प्रष्ट हुन्छ किनकि यस 'समालोचना कुसुम' भित्रका धेरै जसो लेख स्नातक र स्नातकोत्तर तहक लागि उपयोगी छन् ।

यस कृतिको सन्दर्भमा भन्दा शुद्धा शुद्धीमा केही ध्यान नपुगेको भए पनि समग्र मूल्याङ्कनमा शुद्धनै भन्नुपर्ने हुन्छ । यस्तै यस कृति भित्रका लेखहरू विभिन्न समयमा प्रकाशित भइसकेकालाई टपक्कै टिपेर राख्दा समय सन्दर्भ चाहिँ अलिक नमिल्दो देखिँदो

रहेछ । यसरी समीक्षक घिमिरेले आफ्नो जीवनको लामो काल खण्डको अनुभवलाई समेटिएको यो कृति गुणात्मक दृष्टिबाट उच्च रहनुका साथै कलात्मक, शैलीगत दृष्टिमा समेत उच्च रहेको छ । सरल सहज भाषा शैलीले जस्तोसुकै सामान्य पाठकले बुझ्न सक्ने र सम्पूर्ण लेखहरूमा पूर्वीय र पाश्चात्य समालोचना मान्यतालाई सहज र स्वभाविक ढङ्गले प्रयोग गरिएको छ । लेखक कुनै  सिद्धान्त वा प्रणालीको  बन्धनमा बाधिएका छैनन् । यसरी समग्र मूल्याङ्कन गर्दा 'समालोचना कुसुम' घिमिरेको महत्वपूर्ण कृतिका रुपमा रहेको छ । यो नेपाली समालोचना क्षेत्रको एक महत्वपूर्ण कृति हो । समालोचक घिमिरेले यस कृतिलाई कृतिका रुपमा निकाल्न जति मेहनत गरे त्यो भन्दा बढी मेहनत तत् तत् समयमा लेखिएका लेखका लागि सन्दर्भ सामग्री खोज्न र अध्ययन गर्न गरेको देखिन्छ । अत्यन्तै धेरै कृतिहरूको संयोग गरेर मात्र समीक्षा गर्न सकिने यथार्थ समालाचना कुसुमको लेखका अन्त्यमा सन्दर्भ सामग्रीले प्रष्ट पार्छन् ।

# सन्दर्भसामग्रीसूची

प्रस्तुत शोधपत्र तयार पार्दा प्रयोग गरिएका पत्र-पत्रिका तथा पुस्तकको विवरण


(१) खतिवडा सागरप्रसाद - साहित्यकार बुद्धि घिमिरेको जीवनी व्यक्तित्व रकृतित्वको अध्ययन शोधपत्र २०६५, म. र. ब क्याम्पस इलाम ।

(२) अधिकारी हेमाङ्गराज - पूर्वीय समालोचना - सिद्धान्त , साझा प्रकाशन काठमाडौं पाँचौ संस्करण २०५० ।

(३) गैरे ईश्वरीप्रसाद - आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य (सिद्धान्त समालोचना) न्यू हिरा बुक्स इन्टरप्राइजेज कीर्तिपुर नयाँबजार प्रथम संम्सकरण २०६०

(४) सुवेदी राजेन्द्रप्रसाद - नेपाली समालोचनाः परम्परा प्रवृत्ति र भूमिका प्रकाशन वाराणरसी प्रथम संस्करण २०६१ ।

(५) पौडेल विष्णुप्रसाद - संस्कृत काव्यशास्त्र, भूँडीपुराण प्रकाशन प्रथम संस्करण २०५७।

(६) ओझा डा. रामनाथ र गिरी मधुसुधन- पास्चात्य समालोचना सिद्धान्त र नेपाली समालोचना स्टुडेन्स बुक्स पब्लिसर्स एण्ड डिस्टिब्युटर्स , कीर्तिपुर तेस्रो संस्सकरण २०६० ।

(७) पौडेल भूपहरि- शोध र सिर्जना सिद्धान्त विद्यार्थी पुस्तक भण्डार प्रथम २०६० ।

(८) अभ्यास द्वैमासिक पत्रिका अंक ९ र १०, २०६५ ।

(९) नवीन स्मारिका २०६६ -नवीन साहित्य प्रतिष्ठान पञ्चकन्या इलाम ।

(१०) ज्वाला द्वैमासिक अंक २स, २०६६ ।

(११) पागल उपेन्द्र- श्यामकृष्ण श्रेष्ठका समग्र कृतिहरूको अध्ययन जुही प्रकाशन पुस्तकमाला -५० ।

(१२) विश्वशाक्यका हाँस्य ब्यङ्ग्य कृतिहरूको मुल्याङ्कन - जुहि प्रकाशन पुस्तकमाला २५- सम्पादक चुडामणि रेग्मी ।